# निर्देशन

**लेखक**
रेभ. पा. जेफ आदम्स

**भाषा रुपान्तरण**
पाष्टर/अधिवक्ता दिनेशबाबु श्रेष्ठ

**सम्पादक**
श्री महेश यात्री

# निर्देशनः विषय - सूची


| | | |
|---|---|---|
| | परिचय | ३ |
| पाठ १ | पिता : परमेश्वरद्वारा मलाई जीवनको उपहार | ६ |
| पाठ २ | पुत्र : मेरो निम्ति परमेश्वरको वलिदान | २० |
| पाठ ३ | आत्मा : मेरो निम्ति परमेश्वरको उपस्थिति | ३२ |
| पाठ ४ | सत्य : परमेश्वर मसँग बाइबलद्वारा बोल्नुहुन्छ | ४६ |
| पाठ ५ | प्रार्थना : म परमेश्वरसँग कुरा गर्दछु | ५६ |
| पाठ ६ | मार्गदर्शन : मेरो जीवनमा परमेश्वरको निर्देशन पत्ता लगाउनु | ६८ |
| पाठ ७ | आराधना : परमेश्वरको महिमा गर्न मेरो जीवन जिउनु | ७९ |
| पाठ ८ | साक्षी : बप्तिस्मा र प्रभु भोजद्वारा आफ्नो विश्वास घोषणा गर्नु | ८९ |
| पाठ ९ | समुदाय : मेरो स्थानीय मण्डली परिवारको अङ्ग बन्नु | १०१ |
| पाठ १० | जिम्मेवारी : मेरो जीवन सम्बन्धी बाइबलीय दृष्टिकोण | ११४ |
| पाठ ११ | दिनु : मेरो जीवन भित्रबाट बाहिर आउनु | १२७ |
| पाठ १२ | आत्मिक वरदानहरु : परमेश्वरले मलाई को व्यक्ति बनाउनुभएको रहेछ भनी पत्ता लगाउनु | १३९ |
| पाठ १३ | पाप : म भित्रको लडाईं जित्नु | १५९ |
| पाठ १४ | समस्याहरु : परिपक्वताको निम्ति मेरो स्वर्गीय पथ | १७४ |
| पाठ १५ | मानिस : मेरो वरिपरिको द्धन्द्ध समाधान गर्नु | १८६ |
| पाठ १६ | सु – समाचार प्रचार : मेरो विश्वास बताउनु | १९८ |
| पाठ १७ | चेला निर्माण : आफूजस्तै व्यक्ति तयार पार्नु | २०९ |
| पाठ १८ | कुशल समापन : आफैलाई परमेश्वर सामु उभ्याउनु | २१९ |

*दिशानिर्देशनः जीवनको यात्राका लागि अत्यावश्यक तत्त्वहरु*

# परिचय

खीष्टीयन हिँडाइचाहिँ एउटा जीवनभर पक्रिया र एउटा रोमाञ्चक यात्रा हो। प्रभु येशू खीष्टका चेला बन्न चाहने व्यक्तिहरु आफूदेखि के अपेक्षा राखिएको हुन्छ र सबैभन्दा पहिला कस्ता कदमहरु चाल्नुपर्छ भन्ने बारे प्राय: अनिश्चित हुन्छन्। यदि तपाईंले नक्साबिना वा सही निर्देशन नलिई काठमाडौंबाट जोमसोमको यात्रा गर्नुभयो, तपाईंको रोमाञ्चक यात्राका अवसरहरु सीमित भइदिने छन्। यहाँदेखिको अनन्तसम्मको यात्रा पनि असीम रुपमा महत्त्वपूर्ण छ। त्यसकारण, हामी सबैलाई सही निर्देशनको आवश्यकता पर्दछ।

खीष्ट येशूका चेलाका रुपमा बढ्न तथा निर्माण हुनका निम्ति तपाईंलाई अति महत्त्वपूर्ण निर्देशन प्रदान गर्ने हेतुले यो अन्तरक्रियात्मक बाइबल अध्ययन तयार पारिएको हो। यदि तपाईं येशू खीष्टको नयाँ चेला हुनुहुन्छ भने, यो पुस्तक तपाईंको निरन्तर बृद्धि को निम्ति आवश्यक निर्देशन प्राप्त गर्ने एउटा असल थलो हुनेछ। चेला शब्दको अर्थ सिक्ने व्यक्ति भन्ने हुन्छ। त्यसकारण, तपाईंले परमेश्वरको बारेमा सिक्न कहिल्यै छोड्नु हुँदैन। यदि तपाईं परमेश्वरसँगको यात्रामा निकै अघिदेखि हिँडिरहनु भए पनि परमेश्वरसितको सम्बन्धलाई सुदृढ पार्ने तथा पुष्टि गर्ने दुवै दिशानिर्देशन तपाईंले यहींदेखि पाउनुहुनेछ।

## यस अध्ययनलाई प्रयोग गर्ने तरिका

❖ ***प्रार्थना गर्नुहोस्*** - हरेक पाठ अध्ययन गर्नुअगाडि बाइबलको अर्थ बुझ्न र यसलाई दैनिक जीवनमा लागू गर्न सकूँ भनी आफ्नो समझशक्ति र हृदय खोलिदिनको निम्ति परमेश्वरसित केही बेर प्रार्थना गर्नुहोस्। प्रार्थनाको समयको जग स्थापित हुन सकोस् भन्ने हेतुले अठारै ओटा पाठहरुमा दैनिक प्रार्थना क्रियाकलाप राखिएको छ।

❖ ***बाइबललाई आफ्नो अधिकारको श्रोतको रुपमा लिनुहोस्*** - तपाईंले यस पुस्तकमा लगभग धर्मशास्त्र खण्ड वा बाइबलीय पद प्रत्यक्ष रुपमा उद्धृत नगरिएको थाहा पाउनुहुनेछ। तपाईंले दिइएका सन्दर्भहरुलाई बाइबलमा हेर्नुपर्ने हुन्छ। यदि तपाईं बाइबल अध्ययनमा नयाँ हुनुहुन्छ भने, तपाईंलाई बाइबलीय सन्दर्भहरु भेट्न केही समय लागे पनि अथवा उल्लेख गरिएका बाइबलका पुस्तकहरु फेला पार्न विषय – सूचीमा हेर्नु परे पनि निराश नहुनुहोस्। तपाईंले सही निर्देशनसहित बाइबलसित छिट्टै परिचित हुन पाउँदा तपाईं अचम्मित हुनुहुनेछ ! तपाईंले यो पुस्तकमा अथवा अन्य पुस्तकहरुमा पढेका कुरा होइन तर बाइबल आफैं तपाईंको अधिकारको श्रोत बन्नुपर्दछ।

❖ ***प्रत्येक दिन विशेष समय छुट्याउनुहोस्*** - यस पुस्तकलाई दैनिक अध्ययन खण्डमा विभाजन गरिएको छ। एकै पटकमा अति धेरै पढ्ने कोसिस गर्नुको साटो दिइएको खण्डअनुसार चल्नुभएमा तपाईंले अधिक लाभ प्राप्त गर्नुहुनेछ। हरेक मानिसको अध्ययन गर्ने आ – आफ्नै गति हुन्छ, तर हरेक व्यक्तिले प्रत्येक दिनको गृहकार्य २० मिनेटदेखि ३० मिनेटभित्रमा पूरा गर्नुपर्दछ। तपाईंले हरेक हप्तामा पाँच वटा मात्रै गृहकार्य देख्नुहुनेछ। यदि तपाईंलाई बढी समय चाहिएमा हप्तामा बाँकी रहेका दुई दिन गृहकार्यको निम्ति

प्रयोग गर्न सक्नुहुनेछ। वा, बाँकी दुई दिनलाई आफ्नै हिसाबले बाइबल अध्ययन वा तपाईंले अरु दुई दिन पाउनुहुनेछ अथवा तपाईंले ती दिनहरुलाई आफ्नो हिसावले बाइबल अध्ययनमा प्रयोग गर्न सक्नुहुनेछ।

❖ ***आफ्नो यात्रामा छोटो बाटो प्रयोग नगर्नुहोस् - प्रश्नहरुका उत्तरहरु तथा प्रतिक्रियाहरु लेख्नुहोस्*** । यो अति महत्त्वपूर्ण हुन्छ। बाइबलका शब्दहरुसँग तपाईंलाई अन्तरक्रिया गराउनु यस अध्ययनको उद्देश्य हो। वास्तवमा, तपाईंका आफ्ना विचारहरु तथा जबाफहरु लेख्न तपाईंले सदुपयोग गर्नुहुने समयले तपाईंलाई आफूले सिकेका कुरा व्यवहारमा उतार्नमा केन्द्रित हुन जबाफदेही तुल्याउँदछ। यस पुस्तकलाई निजी दैनिकी लेखनको रुपमा लिनुहोस्। यस्तो निजी दैनिकी लेखनलाई अरुले नपढून्। तपाईंले हरेक पाठ अध्ययन गर्ने क्रममा दैनिक लेखनचाहिँ बाइबलका परमेश्वरसित बिताइएको समयको सटिक विवरण बनोस्।

❖ ***अनुत्तरित प्रश्नहरु लेख्नुहोस् र परिपक्व ख्रीष्टीयनहरुदेखि सहायता लिनुहोस्*** - यो पुस्तकको शिर्षक उत्तर होइन तर दिशानिर्देशन हो। यहाँ तपाईंले सबै प्रश्नहरुको उत्तर पाउनुहुने ***छैन***। यस अध्ययनका कतिपय प्रश्नहरु त अझै अन्य प्रश्नहरु उब्जाउनका निम्ति तयार पारिएका हुन्। यदि तपाईं त्यहीं अड्किनुभयो भने प्रश्नहरु लेख्नुहोस् अनि अरुहरुबाट सहायता माग्नुहोस्। उनीहरुसित पनि अन्तिम जबाफ त नहुनसक्छ। यद्यपि, उनीहरुसँगसँगै तपाईं सही दिशानिर्देशनतिर बढ्न सक्नुहुन्छ। तपाईंले यस अध्ययनलाई तपाईंजस्तै ख्रीष्टको अझै साँचो चेला बन्ने हृदय बोकेका विश्वासीहरुको सानो समूहसित प्रयोग गर्न सक्नुहुनेछ। अथवा, तपाईं एक्लैले पनि अध्ययन गर्न सक्नुहुनेछ। परमेश्वरले हामीलाई कहिल्यै पनि एकलकाँटे चेला बनेको चाहनुहुन्न रहेछ भन्ने कुरा तपाईंले छिट्टै जान्नुहुनेछ। तर हामीचाहिँ एकअर्कालाई सहायता र हौसला प्रदान गर्न सक्ने स्थानीय मण्डलीमा उहाँको आत्मिक परिवारको हिस्सा बनेको परमेश्वर चाहनुहुन्छ। तपाईंले यो पुस्तक सिद्धयाउन अगाडि तपाईंका कतिपय प्रश्नहरुका जबाफमा सहायता पुऱ्याउन सक्ने कुनै स्थानीय मण्डली वा अरु विश्वासीहरुको झुण्ड संभवतः भेटिसक्नुभएको हुनेछ।

❖ ***यो अध्ययन तपाईंकै लागि हो*** - तपाईंले यस अध्ययनलाई आफ्नो आवश्यकता, आफ्नो समय – तालिका र आफ्नो क्षमतासित मेल खाने किसिमले चलाउन सक्नुहुनेछ। उदाहरणको लागि, हरेक पाठमा एउटा कण्ठस्थ पद दिइएको छ। त्यस पाठको महत्त्वपूर्ण सारांश नै त्यही पद हो। कतिपय व्यक्तिहरु कण्ठस्थ गर्ने कोसिस गर्नसमेत डराउँछन्। तपाईं पद कण्ठस्थ गर्न समर्थ हुनुभएन भने पनि तपाईं असफल व्यक्तिचाहिँ होइन ; तर, यदि तपाईंले कोसिस गर्नुभयो भने, मैले कति सजिलै पद कण्ठस्थ पार्न सकेछु भनेर तपाईं अचम्मित हुनुहुनेछ। यदि तपाईंले यस पाठलाई सानो झुण्डमा चलाइरहनुभएको छ भने, पारस्पारिक पुनर्बल र एकअर्कासितको अभ्यासले यी पाठ अध्ययनलाई अझै सरल र झनै रमाइलो तुल्याउन सक्छ। सहज रुपमा लिनुहोस् ; तपाईंले यसो गर्न सक्नुहुनेछ। र, यदि तपाईंले यी पाठहरु विश्वासयोग्य ढङ्गमा सिद्धयाउनु हुन्छ भने, तपाईं झनै परिष्कृत, अझै आत्मिक र परिपक्व चेला बन्नुहुनेछ।

## यस अध्ययनबाट लाभान्वित भएको कुरा थाहा पाउने तरिका

तपाईंले यी पाठहरु अन्तर्गतका प्रश्नोत्तर लेख्नुभएअनुसार कसैले पनि तपाईंलाई उत्तीर्ण वा अनुत्तीर्ण श्रेणी दिनेछैनन्। तर तपाईंसित स्पष्ट र मापनयोग्य लक्ष्यहरु नभएसम्म यहाँ भएका पाठहरु पूरा गर्ने तपाईंको यत्न – प्रयत्नको कुनै औचित्य रहँदैन। तपाईंले यो कोर्स समापन गर्नुहुँदाखेरि निम्न बानीहरु तपाईंको जीवनको हिस्सा बन्नुपर्दछ। तपाईंका कतिपय वा सबै बानीहरु पहिल्यै विकास भइसकेका होलान् तर यस अध्ययनले निम्न क्षेत्रहरुमध्ये एक – एक क्षेत्रमा तपाईंलाई बृद्धिका विशेष क्षेत्रहरु पहिचान गर्न सहायता पुऱ्याउनेछ।

- ***परमेश्वरसँग दैनिक समयको निरन्तरता*** - यदि यस अध्ययनको हरेक दिनको अंश अध्ययन गर्नमा तपाईं विश्वासयोग्य र एकनास हुनुभयो भने, तपाईंले हरेक दिन बाइबल अध्ययन र प्रार्थनाद्वारा परमेश्वरसँग अर्थपूर्ण समय बिताउने बानी विकास गर्नुहुनेछ। तपाईंले धर्मशास्त्र खण्ड नियाल्ने र आफ्नो दैनिक जीवनमा धर्मशास्त्रद्वारा सिकाइएको शिक्षा र त्यसका व्यावहारिक औचित्य विश्लेषण गर्ने प्रत्यक्ष ज्ञान हासिल गरिसक्नुभएको हुनेछ। साथै, परमेश्वरसित बिताइएको समयको दैनिकी टिपोट राख्नुको महत्त्वसित पनि तपाईं परिचित हुनुहुनेछ।

- ***ख्रीष्टका अरु चेलाहरुसँगको लाभदायक सम्बन्ध*** - साना झुण्डमा अरु व्यक्तिहरुसित अन्तरक्रिया गरेर अथबा तपाईंका प्रश्नहरुलाई जबाफ दिन र तपाईंलाई सही दिशा औंल्याइदिन सहायता पुऱ्याउन सक्ने अन्य विश्वासी व्यक्तिहरु खोजेर, तपाईंले येशू ख्रीष्टका अन्य चेलाहरुसित पारस्पारिक रुपमा लाभदायक सम्बन्ध विकास गर्नु र सम्बन्ध कायम राख्नुको महत्त्व सिक्नुहुनेछ।

- ***स्थानीय मण्डलीमा प्रभावकारी सहभागिता*** - यस अध्ययनले तपाईंलाई मण्डली परिवारको महत्त्व बुझ्न सहायता गर्नेछ। यदि तपाईंको अहिलेसम्म मण्डली छैन भने, परमेश्वरको उपस्थिति हुने विश्वासीको झुण्ड वा मण्डली पत्ता लगाउने तरिका सिक्नुहुनेछ।

- ***जीवन र सेवकाइमा व्यक्तिगत बृद्धि*** - तपाईंले यस पुस्कतमा दिइएका दिशानिर्देनहरु पालन गरेर बाइबलीय सत्यता लागू गर्न आवश्यक परेका जीवनका क्षेत्रहरु पत्ता लगाउन सिक्नुहुनेछ। तपाईंले यो पाठ सिद्धयाइसकेको बखतमा, तपाईंले आफ्नो जीवनमा परमेश्वरको सत्यतालाई व्यावहारिक रुपमा लागू गरेर व्यक्तिगत बृद्धिका विविध क्षेत्रहरुको सूची बनाउन सक्षम बन्नुहुनेछ। साथै, परमेश्वरले मलाई अद्धितीय रुपमा वरदान दिनुभएको रहेछ भन्ने ज्ञान तपाईंमा बृद्धि भइसकेको हुनेछ। अनि, तपाईंले आफ्ना वरदानहरुलाई आफ्नो मण्डलीमा, आफ्नो समुदायमा साथै अरुहरु बीचका सेवा तथा सेवकाइमा प्रयोग गर्ने तरिकाहरु पनि पत्ता लगाउनुहुनेछ।

दिशानिर्देशन सोध्न कहिल्यै नलजाउनुहोस्। यो पुस्तकचाहिँ उहाँका आज्ञाहरु सिक्दै र तिनलाई पालन गर्दै ख्रीष्ट येशूलाई पछ्याइरहने आजीवन रोमाञ्चक यात्राको एउटा खुड्किलो मात्रै हो। यस जीवनमा तपाईंसित सधैंभरि प्रश्नहरु रहिरहनेछन्। तर परमेश्वरले तपाईंलाई आवश्यक निर्देशनहरु प्रदान गर्ने बाइबल दिनुभएको छ। तपाईंले यस अध्ययनलाई शुरु गर्दैगर्दा, महान् उद्देश्य र अभिप्रायसहित जीवनका पथमा मलाई मार्गनिर्देशन गर्ने विशेष खुड्किलाहरु पत्ता लगाउनेछु भनेर तपाईं उत्साहित बन्नुहोस्।

# पाठ १ पिता : परमेश्वरद्वारा मलाई जीवनको उपहार

***के परमेश्वर साँच्चै नै मेरो स्वर्गीय पिता हुनुहुन्छ त ? के मैले साँच्चै अनन्त जीवन पाएको छु र मेरा पापहरु क्षमा भएका छन भनी जान्न सक्छ ?***

***यस हप्ताको प्रमुख विचार : आफ्ना पापहरु स्वीकार गरी येशू ख्रीष्टलाई पछ्याएर मलाई बिनाशर्त प्रेम गर्नुहुने र मेरा भलाइ मात्रै चाहनुहुने स्वर्गीय पिता मैले पाएको छु ।***

जुन बेला तपाईंले येशू ख्रीष्ट मेरो पापको निम्ति मर्नुभयो र मृत्युबाट बौरी उठ्नुभयो भनी विश्वास गरेर परमेश्वरको अनुग्रह स्वीकार गर्नुहुन्छ, त्यो क्षण नै परमेश्वरका मार्गहरुअनुसार हिँड्न सिक्ने नयाँ जीवनको शुरुआत हो । परमेश्वरको सामु आफ्नो पाप स्वीकार गर्ने र प्रभु येशूको अनुयायी बन्ने निर्णय नै जीवन परिवर्तनको शुरुआत हो ।

येशू ख्रीष्टको चेला बन्नुले परमेश्वरसितको सम्बन्धमा कसरी प्रभाव पार्दोरहेछ भनी बताउनु नै यस पाठको उद्देश्य हो । परमेश्वरले तपाईंलाई दिनुभएको नयाँ जीवनचाहिँ अनन्त जीवन हो । नयाँ जीवनले तपाईंको सोच्ने, जिउने, आफ्ना वरिपरिका परिवेशसित सम्बन्धित हुने हरेक तरिकामा प्रभाव पार्दछ । यस हप्ताको पाठले तपाईंलाई आफ्नो स्वर्गीय पिताको रुपमा परमेश्वरलाई पाउनुको अर्थ बुझ्न सहायता गर्नेछ । तपाईं

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस् ।
- मलाई ख्रीष्ट येशूमा नयाँ जीवन र पाप क्षमाको पूर्ण निश्चयता दिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस् ।

फरिसीहरु येशूका समयका धेरै धार्मिक यहूदीहरुको समूह थिए । धेरैजसो फरिसीहरु आफ्ना आत्मिक कल्याणको निम्ति आफ्नै धर्मकर्ममा भरोसा राख्दथे । अब्राहामको कूलमा यहूदी भएर जन्मनु नै हामी आत्मिक रुपमा सुरक्षित छौं भन्ने उनीहरुको धारणा थियो । येशूले उनीहरुका आत्मिकर धार्मिक अवधारणाहरुलाई खुलमखुला चुनौती दिनुभयो ।

- ***यूहन्ना ८:२५ – ३२ पढ्नुहोस् । येशूले यहाँ उल्लेख गर्नुभएको "पिता को" हुनुहुन्छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***यूहन्ना ८:३३ – ३८ पढ्नुहोस् । पद ३८ मा कति जना "पिता" देख्नुहुन्छ?***

  ..........................................................................................................

  ..........................................................................................................

..............................................................................................................

- *यूहन्ना ८:३९ – ४० पढ्नुहोस् । अब्राहाम हाम्रा बाबु भएका हुनाले हामी सुरक्षित छौं भनी फरिसीहरु सोच्दथे । येशूकाअनुसार के उनीहरु अब्राहामका आत्मिक सन्तान थिए त ?*

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- *यूहन्ना ८:४१ – ४३ पढ्नुहोस् । फरिसीहरुले पनि परमेश्वर हाम्रो पिता हुनुहुन्छ दावी गरे । परमेश्वर तिमीहरुका पिता हुनुहुन्न भनी येशूले फरिसीहरुलाई किन भन्नुभयो ?*

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- *यूहन्ना ८:४४ पढ्नुहोस् । येशूले कसलाई उनीहरुको पिता भन्नुभयो ?*

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

शब्दहरु आदन - प्रदान गर्ने क्रममा येशूले धार्मिक र दार्शनिक विचारको जटिलतालाई चिर्नुभयो र मानव जातिलाई दुई किसिमका आत्मिक परिवारहरुमा वर्गीकरण गर्नुभयो ।

- *१ यूहन्ना ५:११ – १३ पढ्नुहोस् । यी पदहरुमा सम्पूर्ण मानव जातिलाई जीवन हुने र जीवन नहुने गरी दुई समूहमा विभाजन गरिएको पाइन्छ । यी दुई समूहहरु बीच भिन्नता के छ ?*

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- *तपाई आफ्नो धार्मिक वा आत्मिक पृष्ठभूमि के हो भनी वर्णन गर्न चाहनुहुन्छ ?*

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- *म स्वर्ग जान पाउनेछु, मेरा पापहरु क्षमा हुनेछन् अनि अनन्त जीवन पाउनेछु भन्ने आशाले के तपाईले कहिल्यै आफ्नो धर्ममा, व्यक्तिगत आस्था प्रणालीमा, वा सुकर्ममा भरोसा गर्नुभएको थियो ?*

..............................................................................................................

..............................................................................................................

..................................................................................................

- ***येशू ख्रीष्टलाई विश्वास गर्नुभन्दा अगाडि माथि उल्लेखित दुई समूहहरुमध्ये तपाईं कुनचाहिँ समूहमा हुनुहुन्थ्यो ?***

  ..................................................................................................

  ..................................................................................................

  ..................................................................................................

- ***परमेश्वर तपाईंको स्वर्गीय पिता हुनुभएकोले उहाँलाई आज तपाईंले (कार्य र शब्द / वा शव्दद्वारा) धन्यवाद दिन सक्नुहुने विशेष तीन कुराहरु के के हुन् ?***

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- उहाँसितको आफ्नो सम्बन्ध बारे कुनै शङ्का छ भने त्यसलाई हल गर्ने उपाय स्पष्ट रुपमा आजै देखाइदिनुहोस् भनी परमेश्वरसित बिन्तीगर्नुहोस्।

यहाँ यूहन्ना ८ अध्यायमा येशूले फरिसीहरुलाई भन्नुभएका शब्दहरु कठोर थिए ! तर येशूले कठोर शब्दहरु बोल्नुभएको हुनाले हामीले तिनलाई हलुका रुपमा लिनुहुँदैन । ती मानिसहरु आफ्नो धर्ममा ज्यादै समर्पित थिए, तरपनि येशूले तिनीहरुलाई तिमीहरु शैतानको सन्तान हौ भनेर सम्बोधन गर्नुभयो। यो कसरी हुन सक्थ्यो र ? खासमा, समस्या के थियो त? फरिसीहरुको समस्या चाहिँ पाप थियो। र, हामीलाई परमेश्वरदेखि अलग पार्ने समस्या पनि यही नै हो।

- ***रोमी ५:१२ पढ्नुहोस् । मानव जातिमा पाप र मृत्यु कसरी प्रवेश भयो ?***

  ..................................................................................................

  ..................................................................................................

  ..................................................................................................

प्रथम मानव आदमले पाप गर्ने मार्ग रोज्यो र उसको त्यही पापी स्वभाव उसका सन्तानहरुमा सर्दैआयो। आदम परमेश्वरको स्वरुपमा सृष्टि गरिएको थियो भनेर उत्पति १:२७ मा लेखिएको छ। आदमले पाप गरेपछि उसका सन्तानहरु परमेश्वरका स्वरुपमा नभएर आदमकै स्वरुपमा जन्मिए भनेर उत्पति ५:३ मा वर्णन गरिएको छ। मानव जातिका पापमय, पतित स्वभाव पुस्तादेखि पुस्तामा सर्दै जान्छ र हामीलाई प्रेमिलो परमेश्वरसितको सङ्गतिदेखि अलग पार्दछ।

- ***रोमी ३:२३ पढ्नुहोस् । यस पाप समस्यादेखि अछुतो रहने कुनै विकल्पहरु छन् ? कि सबै जना त्यसैमा समाहित छन् ?***

  ..................................................................................................

....................................................................................................................

....................................................................................................................

- ***रोमी ६:२३ पढ्नुहोस् । पापको पक्का प्रतिफल के हो ?***

  ....................................................................................................................

  ....................................................................................................................

  ....................................................................................................................

हामी सबैले जन्मैदेखि मानव जातिको पापी स्वभाव लिएर आएका हुन्छौं । हामी जन्मैले पापी हौं तर पाप गरेको सङ्ख्याले वा विशेष खाले पापको बोझले वा "सही" धर्मको सदस्य नभएकाले हामी पापी भएका होइनौं । कतिपय मानिसहरु धर्म वा असल कर्मद्वारा मानव पाप स्वभावलाई ढाक्न कठोर परिश्रम गर्दछन् । र,अन्यहरुचाहिँ आफूलाई खराब कर्मतिर उन्मुख गराउन पुग्दछन् । हामीले पाप गरेकोले हामी पापी भएका होइनौं; तर हामी पापी भएका हुनाले हामी पाप गर्दछौं ।

फरिसीहरुले कुनै खास पाप कर्म गरेकाले वा सुकर्मको अभाव भएकोले उनीहरु दियाबलसका सन्तान भएका थिएनन्, तर उनीहरुको पाप समस्या निराकरण नभएकोले उनीहरु त्यसो भएका थिए भनी येशूले इंगित गर्नुभयो । के तपाईंले मण्डली नियमित जानु, असल कर्म गर्नु, बाइबल पढ्नु र प्रार्थना गर्नुले मात्रै मेरो पाप समस्या निराकरण हुन नसक्ने रहेछ भनेर बुझ्नुभयो ? पापले मानव जातिलाई आत्मिक रुपमा मरुतुल्य तुल्याउँदछ । अनि, निरविरोध हामी शैतानको परिवार सदस्य बन्न पुग्छौं । बाइबलले आत्मिक मृत्युलाई परमेश्वरदेखि अनन्त विच्छेद हुनुको रुपमा परिभाषित गर्दछ (प्रकाश २०:११ – १५) । परमेश्वरले हामीलाई सही परिवारमा अर्थात उहाँको परिवारमा ल्याउन चाहनुहुन्छ !

- ***एफिसी २:८ – ९ पढ्नुहोस् । पापको डरलाग्दो समस्यादेखि बाँच्ने एउटा मात्रै उपाय के हो ?***

  ....................................................................................................................

  ....................................................................................................................

  ....................................................................................................................

- ***रोमी ११:६ पढ्नुहोस् – अनुग्रह*** भनेको कृपा प्राप्त गर्न अयोग्य व्यक्तिहरुलाई सित्तैमा दिइने परमेश्वरको शक्ति हो । अनुग्रह र असल कार्य कहिल्यै पनि मिसाउन सकिँदैन ।
- ***रोमी १०:१७ पढ्नुहोस्*** – परमेश्वरले भन्नुभएको कुरा सुन्नु र विश्वास गर्नु नै ***विश्वास*** हो ।
- ***२ पत्रुस ३:९ पढ्नुहोस् – पश्चाताप*** शब्दको सामान्य अर्थ परिवर्तन हुनु हो, वा पूरै फर्कनु हो । हामी कोही पनि आशाविहीन भएर मृत्युको मुखमा परेको परमेश्वर चाहनुहुन्न । त्यसकारण, हामी हरेक परिवर्तन भएको परमेश्वर चाहनुहुन्छ भनी यस पदमा उल्लेख गरिएको छ ।
- ***यी सबैलाई एक ठाउँमा राख्दा*** – खीष्टले आफ्नो मृत्यु र पुनरुत्थानद्वारा तपाईंको निम्ति गर्नुभएको कार्यमा तपाईंले ***विश्वास*** गर्न चुन्ने क्रममा पाप क्षमा र अनन्त जीवनको निम्ति परमेश्वको ***अनुग्रहलाई***

स्वीकार गरी तपाईं आफ्नो जीवनमा साँचो परिवर्तन (**पश्चाताप**) प्रति प्रतिवद्ध हुनुभयो।

- ***रोमी ४:५ पढ्नुहोस्*** - तपाईंले अनन्त जीवन ***आर्जन गर्न*** केही ***कार्य गर्ने*** कोसिस बन्द गर्नुभएको

*यदि तपाईं निश्चित हुनुहन्न भने किन अहिले नै येशूलाई विश्वास ग्रहण गर्नुहुन्न त ? रोमी १०:९ – १० पढ्नुहोस्। येशू प्रभु मेरो सट्टा मर्नुभयो र मृतकदेखि पुनरुत्थान हुनुभयो भन्ने कुरामा म विश्वास गर्दछु भनी स्वीकार गर्दै परमेश्वरको सामु म पापी हुँ भनेर मानिलिनुहोस्। आजदेखि मैले प्रभु येशूलाई उहाँको चेलाको रुपमा पछ्याउने निर्णय गरेको छु भनी परमेश्वरलाई भन्नुहोस्। त्यसपछि, सायद तपाईंलाई यस अध्ययनमा सहायता गर्न सक्ने कुनै व्यक्ति वा तपाईंको मण्डलीको अगुवालाई यो निर्णय बताउनुहोस्।*

यदि तपाईंलाई अन्य कुनै परिवारको सदस्य हुन पाए हुन्थ्यो भन्ने लागेमा अहिले नै तपाईं सदस्य बन्न सक्नुहुन्छ ; येशू ख्रीष्टले परमेश्वरको परिवारको सदस्य बन्न तपाईंको निम्ति संभव तुल्याइदिनुभएको छ। यस पाठलाई विश्वासयोग्यपूर्वक समापन गर्ने तपाईंको प्रतिवद्धताले आफ्नो स्वर्गीय पितासितको पूर्ण सम्बन्धको भरपूर

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- उहाँको परिवारमा जन्मनुको तात्पर्य बुझ्न सक्षम बन्न सकूँ भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

पाप समस्या निराकरण गर्ने उपाय बुझ्नु र परमेश्वरको परिवारको सदस्य बन्नु जीवनको सबैभन्दा महत्त्वपूर्ण विषय हो। जब तपाईंले ख्रीष्ट येशूलाई आफ्नो मुक्तिदाता भनी विश्वास गर्ने निर्णय गर्नुभयो, तपाईंले त्यसै बखतमा पाप समस्यालाई सम्बोधन गरिसक्नुभयो।

- ***यूहन्ना १:१२ – १३ पढ्नुहोस् । तपाईं परमेश्वरको परिवार सदस्य कसरी बन्नुभयो ?***

  ........................................................................................................................

  ........................................................................................................................

  ........................................................................................................................

- ***यूहन्ना १:१२*** बाइबलको एउटा महत्त्वपूर्ण खण्ड हो। तल प्रस्तुत तालिकामा तपाईंको नयाँ जीवनमा यस पदको सत्यता यसरी लागू हुन्छ भनी देखाइएको छ :

| | |
|---|---|
| तर जतिले उहाँलाई ग्रहण गरे | योचाहिँ तपाईंले ख्रीष्टलाई मुक्तिदाता र प्रभुका रुपमा ग्रहण गरी उहाँको चेला बन्ने निर्णय गर्नुभएको समय हो। |
| जतिले उहाँको नाउँमाथि विश्वास गरे। | ख्रीष्ट येशू तपाईंको पापको मूल्य चुकाउन मर्नुभयो र तेस्रो दिनमा पुनरुत्थान हुनुभयो भनी विश्वास गर्ने यो नै विश्वासको पाटो हो। |
| ती सबैलाई परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो | यो नै परमेश्वरको परिवारमा छिर्ने तपाईंको प्रवेशद्धार हो। |

| | |
|---|---|
| तिनीहरु रगतद्वारा होइन, शारीरिक क्रियाकलापद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन, | तपाईं शारीरिक जन्म (रगत), शुद्ध इच्छा र प्रयासद्वारा (शरीरको इच्छा) वा कसैले तपाईंलाई चाह गरेर (मानिसको इच्छा) द्वारा परमेश्वरको परिवारमा प्रवेश गर्नुभएको होइन। |
| तर परमेश्वरबाट जन्मिएका हुन्छन्। | तपाईंले आत्मिक जन्मद्वारा परमेश्वरको परिवारमा प्रवेश पाउनुभयो। |

नयाँ जन्मद्वारा , अर्थात परमेश्वरद्वारा जन्मेर मात्रै परमेश्वरको परिवारमा प्रवेश गर्न सकिन्छ भनेर यूहन्ना १:१२ ले स्पष्ट रुपमा बताउँदछ। शारीरिक जन्मद्वारा तपाईं आफ्नो मानवीय परिवारको सदस्य हुनुभएजस्तै नयाँ जन्मले तपाईंलाई परमेश्वरको परिवार सदस्य तुल्याउँदछ।

निकोदेमसचाहिँ अघिल्ला पाठहरुमा उल्लेख गरिएका अति धार्मिक यहूदीहरुमध्येका एक जना यहूदी थिए। यद्यपि, निकोदेमसले येशू ख्रीष्टको विषयमा एकदमै भिन्नै कुरा अनुभूत गरिसकेका थिए। एक राति उनी येशू ख्रीष्टकहाँ सुटुक्कै गए अनि परमेश्वरको परिवार सदस्य हुन मैले के गर्नुपर्छ भनेर उहाँलाई इमान्दारी रुपमा प्रश्न गरे। येशूले पक्कै पनि मलाई अझै सुकर्म गर्नु, गरीबलाई अझ धेरै दान दिनु, वा विशेष धार्मिक विधिविधान पूरा गर्नु भनेर निर्देशन दिनुहुन्छ होला भनी उनले कल्पना गरेको हुनुपर्दछ। तर येशूको जवाफ त आमूल परिवर्तनकारी थियो। कथा यस्तो छ।

- ***यूहन्ना ३:१ - ९ पढ्नुहोस् । येशूले फेरि शारीरिक जन्मको बारेमा कुरा गर्नुभएको होला भनी निकोदेमसले भौतिक अर्थमा सोचे । येशूले कस्तो किसिमको जन्मको कुरा गर्दै हुनुहुन्थ्यो ?***

  ......................................................................................................................

  ......................................................................................................................

  ......................................................................................................................

- ***यूहन्ना ३:३ पढ्नुहोस् । येशूले यहाँ कति प्रकारको जन्म बारे चर्चा गर्नुभएको छ ?***

  ......................................................................................................................

  ......................................................................................................................

  ......................................................................................................................

- येशूले तिमीलाई दुई किसिमका जन्महरु आवश्यक छन् भनी पद ६ मा वर्णन गर्नुभएको छ : शारीरिक जन्म र आत्मिकजन्म।

- ***यूहन्ना ३:१६पढ्नुहोस् । के परमेश्वर तपाईंलाई दोषी ठहऱ्याउन चाहनुहुन्छ वा अनन्त जीवन दिन चाहनुहुन्छ?***

  ......................................................................................................................

  ......................................................................................................................

.....................................................................................................

- ***यूहन्ना ३:१७ – १८ पढ्नुहोस् । येशूलाई विश्वास नगर्नेहरुचाहिँ कहिले दोषका भागिदार भइसकेका हुन्छन् ?***

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

- खीष्ट येशूलाई ग्रहण नगरेकाहरु अघि नै दोषका भागिदार भइसकेका हुन्छन् । भन्नुको अर्थ, यो कुराचाहिँ तपाईंले विशेष पाप गरेकोले होइन तर तपाईंको पाप स्वभावले गर्दा तपाईं परमेश्वरदेखि अलग हुनुभएको छ भन्ने पुष्टि हो ।
- ***यूहन्ना ३:३६ पढ्नुहोस् । मुख्य क्रिया कुन कालमा छ - विचार गर्नुहोस् । के अनन्त जीवन तपाईंले भविष्यमा प्राप्त हुने कुरा हो ? कि तपाईंले अहिले नै अनुभव गर्न सक्ने कुरा हो ?***

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

जब तपाईंले येशू खीष्टमा विश्वास गर्नुहुन्छ, तपाईंले त्यसै बेला शारीरिक जन्मजस्तै गरी नयाँ जन्म अर्थात् शारीरिक जन्मको अनुभव गर्न सक्नुहुन्छ। तपाईंले विश्वास गर्नुबितिकै तपाईं परमेश्वरको परिवारको सदस्य बन्नुहुन्छ र तपाईंले अहिले नै उपभोग गर्न सक्ने वस्तुझैं गरी वर्तमान सम्पतिको रुपमा अनन्त जीवन प्राप्त गर्नुहुन्छ।

- ***तपाईं कहिले र कहाँ भौतिक रुपमा जन्मनुभयो ?***

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

- ***तपाईं आफ्नो भौतिक जन्म बारे निश्चित हुनुहुन्छ, के तपाईं आफ्नो आत्मिक जन्म बारे त्यतिकै निश्चित हुनुहुन्छ त ?***

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

- ***परिवारमा जन्मदा के के फाइदाहरु हुन्छन् ? गाँस,वास र कपासबाहेक अन्य के के फाइदाहरु हुन्छन् ?***

.....................................................................................................

.........................................................................................................................

.........................................................................................................................

- ***परमेश्वरको परिवार सदस्य हुन पाउँदा के के फाइदाहरु हुन्छन् ?***

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

- ***तपाईंको विचारमा परमेश्वरको परिवार सदस्य बन्न जरुरी रहेका पाँच जना साथीभाइहरु वा परिवार सदस्यहरुको सूची बनाउनुहोस् ।***

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

- ***एकछिन रोकिनुहोस् अनि पवित्र आत्माद्वारा ती मानिसहरुलाई उहाँको खाँचो बोध गराइदिनुहोस् साथै त्यस प्रक्रियामा सहजीकरण गर्न मलाई कुनै न कुनै तरिकाले प्रयोग गर्नुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस् ।***
- ***तपाईंले प्रेम गर्नुभएका व्यक्तिहरुकहाँ तपाईंले ख्रीष्टको सन्देश पुऱ्याउन सक्ने माध्यमहरु के के हुन [illegible] ।***

**दैनिक प्रार्थनाको लक्ष्यः**

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- उहाँको परिवारको सदस्य हुनु पाएकोमा परमेश्वरलाई धन्यवाद दिनुहोस्।
- उहाँको परिवारको सदस्य हुनुको नाताले मेरो आफ्नो जीवनशैलीमा कस्तो प्रभाव पार्नुपर्छ देखाइदिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

अहिले तपाईं परमेश्वरको सन्तान भइसक्नुभएको छ। त्यसकारण, तपाईंको जीवन परिवर्तन भएको छ। परमेश्वरसँगको अनन्त सम्बन्धको सुरक्षा र पाप क्षमाको अलावा तपाईंको जीवन व्यावहारिक किसिमले धेरै तरिकाले परिवर्तन भइरहेको हुन्छ।

- ***२ कोरिन्थी ५:१७ पढ्नुहोस् । तपाईं ख्रीष्टमा हुनुहुन्छ भनी प्रमाणित गर्ने तपाईंको जीवनमा अहिले के के परिवर्तनहरु भएका छन् ?***

.........................................................................................................................

.........................................................................................................................

.........................................................................................................................

- ***तपाईंको जीवनदेखि हटेर जानुपर्ने पुराना बानीहरु के के छन् ?***

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

- *तपाई अहिले प्रभु येशू ख्रीष्टको चेला भइसक्नुभएको हुनाले तपाईको जीवनदेखि हटेर जानुपर्ने अन्य पुराना बानीहरु, सोचाइहरु, वा कार्यहरु के के छन् ?*

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

- *सबै कुरा नयाँ भएका छन् भन्नुको वास्तविक अर्थ के हो ? नयाँ मूल्य - मान्यता, नयाँ साथीहरु, नयाँ सोचहरु, वा नयाँ बानीहरु ? तपाईले आफ्नो जीवनमा अघि नै भइसकेका छन् भनी देख्न सक्नुहुने "नयाँ कुराहरुमध्ये" केही नयाँ कुरा के के होलान् ?*

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

- *एफिसी ४:१७ - ३२ पढ्नुहोस् । येशू ख्रीष्टमा तपाईले विश्वास गरेको कारणले कुन - कुन किसिमले तपाईको जीवन फरक वा नयाँ हुनुपर्दछ भनी यस अध्यायले देखाउँदछ ?*

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

तपाईंको स्वर्गीय पिताले तपाईंलाई बिनाशर्त प्रेम गर्नुहुन्छ र तपाईंलाई उत्तम कुरा मात्रै दिन चाहनुहुन्छ। तपाईंको सांसारिक पिता स्वर्गीय पिताको प्रेमको उदाहरण बन्नुपर्दछ। दुःखलाग्दो कुरो, कति जना व्यक्तिले प्रेममय परिवारको उपयुक्त अवस्था पाएका हुँदैनन्। अनि, कपितय व्यक्तिहरुले चाहिँ आफ्ना अभिभावकहरुको बिग्रिएको सम्बन्धको कारण बेस्सरी दुःखकष्ट झेलेका हुन्छन्। तर हरेक व्यक्तिको लागि आशा छ! अहिले तपाईंसित स्वर्गीय पिता हुनुहुन्छ। तपाईंले बुबाद्वारा हमेसा जे चाहनुहुन्थ्यो, उहाँ त्यस्तै र त्योभन्दा बढी हुनुहुन्छ।

- *मत्ती ७:११ पढ्नुहोस् । तपाईंको सांसारिक बुबा असल वा खराब जेसुकै हुनु भए पनि, तपाईंको स्वर्गीय बुबाचाहिँ मानवीय पिताभन्दा महान् हुनुहुन्छ । तपाईंको स्वर्गीय परमेश्वरले प्रदान गर्नुहुने तीन वटा उत्तम कुराहरुको नाम लेख्नुहोस्, जसलाई तपाईंको सांसारिक पिताले कहिल्यै पनि प्रदान गर्न सक्नुहुन्नथ्यो ।*

.......................................................................................................................

.......................................................................................................................

..........................................................................................................................

- ***के तपाईंको बुबाले कहिल्यै म तिमीलाई म प्रेम गर्छु भन्नुभयो ? कहिले र कति पटक ?***

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

- ***के तपाईंको बुबाले तपाईंलाई कहिल्यै अर्थपूर्ण समय दिएर प्रेम देखाउनु भयो ?***

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

- ***यूहन्ना ३:१६ फेरि पढ्नुहोस् । के तपाईंको स्वर्गीय पिताले म तिमीलाई प्रेम गर्छु भन्नुभएको छ ?***

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

- ***यही पदको आधारमा, तपाईंको स्वर्गीय पिताले म तिमीलाई प्रेम गर्छु भनी कसरी प्रेम प्रकट गर्नुभयो ?***

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

- यदि तपाईं प्रेममय परिवारबाट आउनु भएको हो भने, परमेश्वरले उहाँको प्रेमलाई अङ्गिकार गर्नको निम्ति तपाईंलाई तयार पार्ने उद्देश्यले त्यस परिवारलाई प्रयोग गर्नुभयो । तपाईंका आमाबाबुले परमेश्वरमा वा बाइबलमा विश्वास गर्नु भएको थिएन होला, तापनि उहाँहरु तपाईंलाई उहाँकहाँ डोऱ्याउने परमेश्वरको माध्यम बनिनुभयो । ***संभव भए आजै उहाँहरुसित सम्पर्क गर्नुहोस् र परमेश्वरकहाँ डोऱ्याउने प्रेमको निम्ति उहाँहरुलाई धन्यवाद दिनुहोस् ।***

- ***सायद, तपाईं बाबुको उपस्थितिबिना हुर्कनुभयो वा हुर्किरहनुभएको होला । यस कुराले तपाईंलाई कस्तो महसुस गराउँदछ ?***

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

- ***तपाईंले बुबाको रुपमा लिन सक्ने बाबुसमानको कोही व्यक्ति तपाईंको जीवनमा हुनुहुन्छ ?***

..........................................................................................................................

..........................................................................................................................

.................................................................................................................

- ***यदि तपाईंको सांसारिक पिता हुनुहुन्न भने, के तपाईं आफ्नो हृदयको त्यस रिक्त स्थानमा परमेश्वरलाई स्थापित गर्न र आफ्ना ती आवश्यकताहरु पूरा गर्न परमेश्वरलाई मौका दिन इच्छुक हुनुहुन्छ ?***

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- परमेश्वरले मप्रति देखाउनुहुने उहाँको प्रेमका तरिकाहरु बारे स्पष्ट ज्ञान दिनुभएको होस् भनी प्रार्थना गर्नुहोस्।

तपाईंको सांसारिक पिताले जसरी तपाईंलाई वास्ता र तपाईंलाई आवश्यक पर्ने हर थोक बन्दोबस्त गर्नुपर्दछ, त्यसरी नै तपाईंको स्वर्गीय पिताले तपाईंलाई वास्ता गर्नुहुन्छ र तपाईंलाई आवश्यक पर्ने हर थोक बन्दोबस्त गरिदिनुहुन्छ। तपाईंको स्वर्गीय पिताले तपाईंलाई गर्नुहुने वास्ता र प्रेमका केही उदाहरणहरु यहाँ प्रस्तुत गरिएका छन् :

- ***१ पत्रुस ५:७ पढ्नुहोस् । तपाईंको स्वर्गीय पिताले तपाईंलाई वास्ता गर्नुहुन्छ र तपाईंको जीवनका बोझहरु हटाइदिन चाहनुहुन्छ । तपाईंको जीवनको एउटा बोझ के हो, जसलाई अहिले नै तपाईंले प्रार्थनाद्वारा परमेश्वरमा बिसाउन सक्नुहुन्छ ?***

  .................................................................................................................

  .................................................................................................................

  .................................................................................................................

- ***मत्ती ६:५ – १३ पढ्नुहोस् ।*** तपाईंको जीवनको हर थोकको विषयमा उहाँसित कुराकानी गर्न तपाईंको निम्ति परमेश्वर पिता हर समय उपलब्ध हुनुहुन्छ। तपाईंले भन्नुहुने हरेक शब्द उहाँले सुन्नुहुन्छ। पदहरु ९ – १३ लाई प्रायः "प्रभुको प्रार्थना" भन्ने गरिन्छ, जहाँ येशूले हामीलाई प्रार्थना गर्ने तरिका सिकाउनुभएको छ।

| | |
|---|---|
| हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, | परमेश्वरलाई आफ्नो स्वर्गीय पिताको रुपमा स्वीकार्नुहोस्। तर "हाम्रा" पिता भन्नाले तपाईं अब परमेश्वरको परिवार सदस्य हुनुभएको छ। |
| तपाईंको नाउँ पवित्र होस्। | परमेश्वरलाई भन्नुहोस् : तपाईं विशेष हुनुहुन्छ र तपाईंजस्तै अरु कोही छैन। त्यसैले मेरो जीवन तपाईंकै अधीनमा सुम्पदछु। |

| | |
|---|---|
| तपाईंको राज्य आओस्। तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्। | प्रार्थना भनेको तपाईंको इच्छाअनुसारको चीज पाउनु होइन, बरु परमेश्वरले सधैं योजना बनाउनुभएअनुसार दैनिक जीवनमा परमेश्वरको उद्देश्य बुझ्नु र उहाँको इच्छा पूरा भएको देख्नु हो। |
| हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्। | तपाईंको हरेक दिनको आवश्यकताको लागि उहाँमा भरोसा गर्नुहोस्। |
| हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरुलाई क्षमा गरेका छौं। | यदि तपाईंको जीवनमा स्वीकार नगरिएका कुनै पापहरु छन् भने, परमेश्वरको सामु स्वीकार गरेर उहाँसित पाप क्षमादान माग्नुहोस्। त्यसपछि परमेश्वरको नमूना पछ्याउँदै आफूले क्षमा गर्नुपर्ने व्यक्तिहरुलाई पनि क्षमा दिनुहोस्। |
| हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टताबाट छुटाउनुहोस्। | जीवनमा धेरै परीक्षाहरु आउँछन्। सही कुरा छान्न, सही कुरा गर्न र भन्न अनि मेरा वरिपरि भएका दुष्ट्याइँदेखि जोगिन मलाई अगुवाइ गर्नुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्। |
| किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्। आमेन | स्मरण रहोस्ः तपाईंको जीवन परमेश्वरको इच्छामा केन्द्रित हुनुपर्दछ, तपाईंको जीवनको कुनै पनि मूल्यवान थोक तपाईंको सामर्थ्यद्वारा नभएर उहाँको सामर्थ्य प्राप्त हुन्छ, ताकि सारा महिमा तपाईंलाई होइन,परमेश्वरलाई होस्। |

- माथि प्रस्तुत प्रार्थनाचाहिँ प्रार्थनामा हुनपर्ने आधारभूत तत्त्वहरुको नमूना हो। ***त्यही शब्दहरुलाई दोहोऱ्याउनुभन्दा माथि उल्लेखित सात ओटै आधारभूत तत्त्वलाई आफ्नै शब्दहरुमा प्रार्थना गर्नुहोस् ।*** प्रार्थना भनेको केवल परमेश्वरसँग कुराकानी गर्नु हो।
- ***लूका १२:२२ – ३२ पढ्नुहोस् ।*** तपाईंको आफ्नो शारीरिक बाबुले तपाईंसित समय नबिताउनुभएका, वा तपाईंले भोगिरहनुभएको दुःखसुखमा तपाईंलाई चासो नदिनुभएका, वा उपस्थितसमेत नभइदिनुभएका क्षणहरु तपाईंका जीवनमा होलान्। ***के आज तपाईं मेरो स्वर्गीय पिताले मलाई चिन्नुहुन्छ र मेरो जीवनको हर परिस्थितिमा वास्ता गर्नुहुन्छ भन्ने तपाईंलाई लाग्छ ?***

  ..................................................................................................

  ..................................................................................................

  ..................................................................................................

- ***एकै क्षण रोकिनुहोस् अनि स्वर्गीय पितासित आज र भोलिका विषयहरुमा छलफल गर्नुहोस् ।*** मलाई मार्गनिर्देशन गर्नुहोस्, मेरो मुखमा ठीक शब्दहरु राखिदिनुहोस्, सही कार्य गर्न मलाई सहास दिनुहोस् र मेरा आवश्यकताहरु पूरा गरिदिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।
- ***लूका १२ अध्यायअनुसार तपाईंको जीवनमा स्वर्गीय पितालाई साह्रै महत्त्वहीन लाग्ने कुरा केही छन् त ?***

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- ***२ कोरिन्थी १:३ पढ्नुहोस् । जब तपाईंको मन दुखेको हुन्छ, वा ठूलो समस्याको चपेटामा पर्नुभएको हुन्छ, वा तपाईंलाई सान्त्वना वा हौसलाको अति जरुरी परेको हुन्छ, त्यस बेला पूर्ण विश्वासहित को व्यक्तितिर तपाईं नजर लाउन सक्नुहुन्छ ?***

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- ***यदि तपाईंको जीवनमा अहिले गहिरा किसिमका पीडा वा चोटहरु छन् भने, प्रार्थनाको निवेदनसहित स्वर्गीय पिताकहाँ गएर उहाँले मात्रै दिन सक्नुहुने सान्त्वना पाउनुहोस् ।***
- ***याकूब १:१७ पढ्नुहोस् । तपाईंको जीवनका तीन ओटा अति उत्तम थोक लेख्नुहोस् । र, ती उत्तम थोक प्राप्त हुने श्रोत बताउनुहोस् ।***

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- ***हिब्रू १२:५ – ११ पढ्नुहोस्।*** कुनै पनि असल बाबुले झैं स्वर्गीय पिताले पनि तपाईंले पाप गर्नुभएमा तपाईंलाई सुधार्न र विकास गर्नको निम्ति ताडना दिनुहुन्छ। तर उहाँले तपाईंलाई हराएको पापीको रुपमा होइन तर आफ्नै प्रिय सन्तानको रुपमा व्यवहार गर्नुहुन्छ। ***के अहिले तपाईंको जीवनमा कुनै त्यस्तो क्षेत्र छ, जहाँ तपाईंले स्वर्गीय पिताको प्रेमपूर्ण ताडना अनुभव गरिरहनुभएको होला ?***

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- ***यदि छन् भने, परिवर्तन हुन आवश्यक तपाईंको जीवनको पाटोलाई सच्याउन तपाईंले कस्ता किसिमका कदमहरु चाल्नुपर्छ ?***

..............................................................................................................

.......................................................................................................................

.......................................................................................................................

असल सांसारिक पिताहरु पनि जन्मजातै पापी मानिस हुन् । त्यसैले उनीहरुले कहिलेकाहीं आफ्ना छोराछोरीहरुलाई निराश तुल्याउन पुग्छन् । तपाईंको स्वर्गीय पिताले चाहिँ तपाईंलाई कहिल्यै निराश पार्नुहुने छैन। यदि तपाईं सांसारिक पिताबिना नै हुर्कनु भएको व्यक्ति हुनुहुन्छ भने, तपाईंले जे कुरा पाइनँ भन्ने अनुभूत गरिरहनुभएको छ, सोभन्दा बढी तपाईंको स्वर्गीय पिताले दिन सक्नुहुन्छ। तर परमेश्वरले तपाईंलाई निःसर्त प्रेम गर्न, उहाँको सन्तानको रुपमा तपाईंसित कुराकानी गर्न, तपाईंलाई सुरक्षा दिन साथै तपाईंका खाँचाहरु पूरा गरिदिनका निम्ति तपाईंले उहाँलाई मौका दिनुपर्दछ । यसकारण तपाईं यी दैनिकी अध्ययनहरुमा लगातार लागिरहनु अति महत्त्वपूर्ण हुन्छ। केही समय नबित्दैमा तपाईंले आफ्नो स्वर्गीय पितासँग अर्थपूर्ण समय बिताउने बानी विकास गरिसकेको हुनुहुनेछ। उहाँ पनि **तपाईं**सँग समय बिताउन चाहनुहन्छ ! यसले तपाईंको जीवन उत्तम बनाउनेछ।

***नोटहरुः अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु***

.......................................................................................................................

.......................................................................................................................

## पाठ २ पुत्र : मेरो निम्ति परमेश्वरको वलिदान

***ख्रीष्टमा मेरो नयाँ जीवन र परमेश्वरसितको सम्बन्ध अनन्तसम्म रहन्छ भनी कसरी जान्न सक्छु ?***

***कण्ठस्थ पद : २ कोरिन्थी ५:२१***

***यस हप्ताको प्रमुख विचार : ख्रीष्टमा मेरो नयाँ जीवन र परमेश्वरसितको सम्बन्धको सुरक्षा मैले के जानें, मैले के गरें वा मैले के अनुभूति गरें भन्नेमा होइन तर ख्रीष्ट येशूले आफ्नो मृत्यु र पुनरुत्थानद्वारा गर्नुभएको कार्यमा निर्भर हुन्छ ।***

डर, चिन्ता र असुरक्षाले धेरै मानिसलाई दास बनाइरहेको हुन्छ। संसारचाहिँ पूण्य प्राप्ति गर्न वा धर्म कमाउन खुब परिश्रधम गरिरहेका सच्चा धर्मभीरुहरुको धार्मिक क्रियाकलापले भरिएको पाइन्छ । हरेक धर्ममा आध्यात्मिक सफलता बारे आ - आफ्नै धारणाहरु हुन्छन्।

केही धर्महरु **ज्ञान** मार्गमा आधारित हुन्छन् भने अरु धर्महरुचाहिँ **कर्म** वा **अनुभूतिमा** केन्द्रित हुन्छन्। तपाईंको ज्ञान, तपाईंको कार्य र अनुभूति महत्त्वपूर्ण त **हुन्छ**, तथापि तपाईंको जीवन र सुरक्षाचाहिँ तपाईं को **हुनुहुन्छ** भन्ने कुरामा आधारित छ अर्थात तपाईं परमेश्वरको सन्तान हुनुभएकोमा आधारित हुन्छ - यो नै बाइबलको सन्देश हो। इसाई विश्वासचाहिँ व्यक्ति - अस्तित्वमा निर्भर हुन्छ।

पहिलो पाठमाचाहिँ मानिसले आफ्नो पाप मानिलिएर येशू ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाताको रुपमा विश्वास गरेपश्चात आत्मिक जन्मद्वारा ऊ परमेश्वरको परिवार सदस्य बन्छ भन्ने कुरा सिक्नुभयो। यस पाठले चाहिँ तपाईंले के गर्नुहुन्छ वा के गर्नु हुन्न भन्ने विषयमा तपाईंको नयाँ जीवनको सुरक्षा निर्भर रहँदैन तर तपाईंको निम्ति येशू ख्रीष्टले पूरा गरिदिनुभएको कार्यमा नयाँ जीवनको सुरक्षा निर्भर रहन्छ भनी सिकाउँदछ।

### दिन - १ : उहाँको पुत्र येशू ख्रीष्टद्वारा मैले आफ्नो स्वर्गीय पितालाई चिनें

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- यस पाठको अन्तमा प्रभु येशू खष्ट र उहाँले तपाईंसित स्थापना गर्न चाहनुभएको सम्बन्ध बारे गहन रुपमा बुझ्न सकूँ भनी प्रार्थना गर्नुहोस्।

येशूले भन्नुभयो,“परमेश्वर आत्मा हुनुहुन्छ” (यूहन्ना ४:२४)। मोशाले परमेश्वरलाई हेर्न खोजे। तर परमेश्वरले मलाई कसैले हेर्न र बाँच्न सक्दैन भनी मोशालाई बताउनुभयो (प्रस्थान ३३:२०)। तपाईंले देख्न नसक्ने स्वर्गीय पितासँगको सम्बन्धमा तपाईं करी बढ्न सक्नुहुन्छ ?

- ***यूहन्ना १:१८ पढ्नुहोस् । परमेश्वर वास्तवमा यस्तो हुनुहुन्छ भनी कसले “घोषणा गर्दछ”, वर्णन***

*गर्दछ वा चिनाउँदछ ?*

............................................................................................................................................

............................................................................................................................................

............................................................................................................................................

- *यूहन्ना ५:१७ – १८ पढ्नुहोस् । यहूदीहरु येशूसँग किन रिसाए ?*

............................................................................................................................................

............................................................................................................................................

............................................................................................................................................

- *यूहन्ना १४:६ पढ्नुहोस् । पिताकहाँ पुग्ने बाटाहरु कति वटा छन् ?*

............................................................................................................................................

............................................................................................................................................

............................................................................................................................................

- *यूहन्ना १४:७ पढ्नुहोस् । म पितालाई कसरी जान्न सक्छु ?*

............................................................................................................................................

............................................................................................................................................

............................................................................................................................................

- *यूहन्ना १४:८ – ११ पढ्नुहोस् । फिलिपले के अनुरोध गरे ?*

............................................................................................................................................

............................................................................................................................................

............................................................................................................................................

- *येशूले उनलाई के जवाफ दिनुभयो ?*

............................................................................................................................................

............................................................................................................................................

............................................................................................................................................

संभवतः तपाईंले पिता, पुत्र र पवित्र आत्माको सन्र्दभमा “त्रिएक” शब्द सुन्नुभएकै होला । “त्रिएक” शब्द बाइबलमा छैन तर विभिन्न बाइबल संस्करणहरुमा चाहिँ “परमेश्वर” भनी लेखिएको पाइन्छ। यस शब्दले पिता, पुत्र र पवित्र आत्माको रुपमा परमेश्वरको पूर्णतालाई झल्काउँदछ। बाइबलले तीन ईश्वरहरुको अस्तित्त्व बारे बताउँदैन। तर अदृश्य परमेश्वर पुत्र येशूद्वारा प्रकट हुनुभएको छ भने उहाँलाई पवित्र आत्माद्वारा आन्तरिक रुपमा अनुभव गर्न सकिन्छ।

पावलले ख्रीष्ट नै शारीरिक रुपमा परमेश्वरको पूर्णता हुनुहुन्छ भनी बताएका छन् (कलस्सी २:९) । यस

विषयलाई साधारण शब्दहरुमा यसरी भनौं, परमेश्वरले प्रभु येशू ख्रीष्टको रुपमा मानव स्वरुप धारण गरी तपाईंसित आफैलाई प्रकट गर्न चाहनुभएकोले तपाईंले आफ्नो स्वर्गीय पितालाई जान्न सक्नुहुन्छ। प्रभु येशू ख्रीष्ट शतप्रतिशत मानव र शतप्रतिशत परमेश्वर हुनुभएकोले कतिपय मानिसहरुले उहाँलाई "ईश्वर – मानव" भन्ने गरेका छन्।

यहाँ सिक्नै पर्ने एउटा महत्त्वपूर्ण सिद्धान्त छः परमेश्वर ख्रीष्टमा प्रकट हुनुभएकोले अदृश्य परमेश्वरलाई मानव स्वरुपमा देख्न सक्छौं। यदि तपाईं प्रभु येशू ख्रीष्टको साँचो रुपमा चेला हुनुहुन्छ भने, तपाईंको जीवनद्वारा मानिसहरुले परमेश्वरलाई देख्न सक्नुपर्दछ।

- ***तपाईंलाई चिन्ने मानिसहरुले तपाईंको जीवनमा परमेश्वरलाई देख्न सक्ने एउटा तरिका के होला ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***मानिसहरुले तपाईंको जीवनमा परमेश्वरलाई देख्न सकून् भन्ने हेतुले तपाईं परमेश्वरजस्तै देखिँदै जानलाई तपाईंको निम्ति आवश्यक पर्ने अर्को तरिका के हो ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***अब केही समय रोकिनुहोस् अनि उहाँजस्तै देखिँदै जाने उद्देश्यले यस विशेष क्षेत्रमा बढ्नको निम्ति सहायता गर्नुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस् ।***

## दिन - २ यशू ख्रीष्टले मेरो पापको मोल तिर्नुभयो उहाँ अनन्त जीवनको सुरक्षा हुनुहुन्छ ।

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- येशू ख्रीष्ट तपाईंको सट्टामा क्रूसमा मर्नुभई बौरी उठ्नुभएको हुँदा उहाँले गर्नुभएको सम्पूर्ण कार्यको महान् सत्यता बुझ्न मलाई सहायता गर्नुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- येशू ख्रीष्टले मेरो निम्ति जे गर्नुभएको छ त्यसको निम्ति मलाई अझै दृढ व्यक्ति बनाउनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

परमेश्वरको धार्मिकताको मागअनुसार पापको दण्ड चुक्ता गरिनु पर्दछ। परमेश्वरको पवित्रताको मापदण्डमा पुग्न पापद्वारा दुषित मानव स्वभाव शक्तिहीन छ। परमेश्वरको निःशर्तको प्रेमले प्रभु येशूलाई हाम्रो सट्टामा आफै मरिदिएर पापको मूल्य चुकाउन अभिप्रेरित गऱ्यो। तपाईं विश्वासद्धारा "धर्मी ठहरिनुभएको" छ भनी रोमी ५:१ मा उल्लेख गरिएको छ। यसकारण, तपाईंले परमेश्वरमा शान्ति पाउनुभएको छ। ***धर्मीकरण*** कानूनी शब्द हो। यो शब्द क्षमादानमा मात्रै सीमित छैन, यसले अझै व्यापक अर्थ बोकेको छ। क्षमादानचाहिँ पाप

दण्डको पूर्ण कानूनी उपचारमा आधारित हुन्छ।

- ***२ कोरिन्थी ५:१९ - २१ पढ्नुहोस् ।***
- ***ख्रीष्ट हाम्रो निम्ति के बन्नुभयो ?***

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

- ***ख्रीष्ट जे बन्नुभयो, त्यसको प्रतिफल स्वरुप हामी के बन्दछौं ?***

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

तपाईंले गर्नुभएको कुनै असल कार्यले नभएर ख्रीष्ट येशूले आफ्नो मृत्युमा तिर्नुभएको पापको मूल्य र उहाँको पुनरुत्थानले ख्रीष्टमा तपाईं परमेश्वरको धार्मिकता बनिनुभयो। यो शक्तिशाली विचार हो ! धार्मिकताको अर्थ परमेश्वरको उपस्थितिमा ठीक र दोषरहित ठहरिनु भन्ने हुन्छ। परमेश्वरको सामु धार्मिकताको हैंसियत आर्जन गर्न तपाईंले केही पनि कर्म गर्नुपर्दैन। यो त येशू ख्रीष्टले तपाईंको निम्ति गर्नुभएको कार्य हो। परमेश्वरले तपाईंमा धार्मिकता "हस्तान्तरण" गर्नुभएको छ भनी बाइबलमा अर्को कानूनी शब्द प्रयोग गरिएको छ। यसको अर्थ हो - एउटा व्यक्तिको खातामा भएको पैसा अर्को व्यक्तिको खातामा भुक्तानीमार्फत हस्तान्तरण गरिएझैं ख्रीष्टले पूरा गरिदिनुभएको कार्यको कारणले परमेश्वरले तपाईंको खातामा धार्मिकता भुक्तानी गर्नुभएको छ अर्थात धार्मिकता हस्तान्तरण गरिदिनुभएको छ। २ कोरिन्थी ५:२१ मा हामी यसको निष्कर्ष देख्दछौं : येशू क्रूसमा मर्नुहुँदाखेरि तपाईंको पाप आफैमा लिनुभयो; पाप र मृत्युमाथि उहाँको पुनरुत्थान र विजयले तपाईंको खातामा परमेश्वरको धार्मिकता हस्तान्तरण गर्न संभव तुल्याएको छ। अब, तपाईंले गर्नुभएको कुनै कार्यले नभई येशू प्रभुले तपाईंको निम्ति जे गरिदिनुभएको छ सो कुरामा तपाईंले विश्वास गर्नुभएको हुनाले परमेश्वरको सामुन्ने तपाईंले खडा हुने आधिकारिक कानूनी हैंसियत पाउनुभएको छ।

- ***रोमी ४:१ - ३ पढ्नुहोस् । के अब्राहामले कुनै कार्य गरेकाले उनी धर्मी ठहरिएका (वा घोषणा गरिएका) थिए ? उनी कसरी र किन धर्मी ठहरिए त ?***

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

- ***रोमी ४:४ - ५ पढ्नुहोस् । अब्राहामको उदाहरण पछ्याउँदै हामी कसरी धर्मी गनिन सक्छौं ?***

..........................................................................................................

..........................................................................................................

..............................................................................................................................

- ***रोमी ४:१८ – २५ पढ्नुहोस् । आफूलाई पुत्र दिने र धेरै जातिका पिता बनाउने परमेश्‍वरको प्रतिज्ञाप्रति अब्राहामको विश्‍वासको उदाहरण यसमा चर्चा गरिएको छ ।***
- ***रोमी ४:२१ – २२ पढ्नुहोस् । अब्राहाममा धार्मिकता कसरी हस्तान्तरण भयो ?***

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

- ***रोमी ४:२३ – २५ पढ्नुहोस् । आज तपाईंमा धार्मिकता कसरी हस्तान्तरित हुन्छ ?***

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

परमेश्‍वरको सामु उभिने तपाईंको आधिकारिक ***स्थान*** वा हैंसियतचाहिँ धार्मिकता हो । तपाईंले यो हैंसियत कमाउन केही गर्नु परेन, तर परमेश्‍वरले तपाईंको निम्ति गरिदिनुभएको कार्यमा सिर्फ विश्‍वास गरेर तपाईंले यो स्थान कमाउनुभएको हो । अब, तपाईंको जीवनको ***अवस्था*** तपाईंको धार्मिकताको कानूनी ***हैंसियत***सित कसरी मेल खान्छ ? तपाईंले शाही खानदानमा जन्मेका राजा र रानीका कथाहरु पढ्नुभएकै होला, तर कहिलेकाहीं उनीहरुले आफ्नो शाही प्रतिष्ठासित मेल नखाने जीवन जिएको पाइन्छ।

- ***येशू ख्रीष्टले तपाईंको निम्ति प्रदान गर्नुभएको धार्मिकताको वैधानिक हैंसियतसित तपाईंको जीवन बढ्दो क्रममा मेल खाने किसिमले के तपाईं आफ्नो जीवन जिइरहनुभएको छ ?***

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

- ***भन्नै पर्ने वा गर्नै पर्ने उचित वा बाइबलसम्मत कुरा भएकोले तपाईंले यस हप्तामा गर्नु वा भन्नुभएका कुरामध्ये एउटा उदाहरण लेख्नुहोस् ।***

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

- ***तपाईंले यस हप्तामा उचित वा बाइबलसम्मत कुरा भन्न वा गर्न असफल हुनुभएको कुनै एउटा उदाहरण लेख्नुहोस्***

..............................................................................................................................

..............................................................................................................................

.......................................................................................................................

- मेरो धार्मिकताको अनन्त हैंसियतअनुरुप बनिँदै जानलाई मेरो दैनिक अवस्था दिनदिनै बृद्धि हुँदै जाओस् भन्ने उद्देश्यले मलाई जीवन जिउन सिकाउनुभएको होस् भनी परमेश्वरसित प्रार्थना गर्दै बाइबल बन्द गर्नुहोस्।

## दिन - ३: मेरो सुरक्षा मेरो ज्ञान, कर्म वा भावनामा होइन तर मेरो पहिचानमा सुनिश्चित छ

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- म ख्रीष्टमा को हुँ भन्ने आफ्नो पहिचानको ज्ञानमा मलाई बढ्दै जान सहायता गर्नुहोस् भनी परमेश्वर सित बिन्ती गर्नुहोस्।

तपाईंको अनन्त जीवन र पाप क्षमा तपाईंले गर्नुभएका असल कार्यमा (एफिसी २:८, ९) निर्भर रहँदैन तर तपाईंले प्रभु येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रुपमा स्वीकार गरी (यूहन्ना १:१२) परमेश्वरको परिवारमा जन्मनुभएकोमा (यूहन्ना ३:१ – ९) निर्भर रहन्छ भन्ने कुरा तपाईंले बुझिसक्नुभएको छ। यी सबै कुरा त प्रभु येशू ख्रीष्टले आफ्नो मृत्यु र पुनरुत्थानमा हाम्रो निम्ति गरिदिनुभएको कार्यले गर्दा प्राप्त भएका हुन्। त्यसकारण, तपाईंको नयाँ जीवन र परमेश्वरसँगको सम्बन्धको सुरक्षाचाहिँ तपाईंले गर्ने कार्यमा, तपाईंको ज्ञानमा वा तपाईंको भावनामा आधारित हुँदैन तर परमेश्वरले तपाईंलाई जो हुन बनाउनुभएको छ त्यसमा आधारित हुन्छ।

- ***१ कोरिन्थी १५:१० मा पावल प्रेरितले भनेका शब्दहरु पढ्नुहोस् । पावलको पहिचानको आधार के थियो ?***

  .......................................................................................................................

  .......................................................................................................................

  .......................................................................................................................

- ***के उनको यो दृढ भरोसा उनले जानेका ज्ञानमा, उनले गरेका कार्यमा वा उनले अनुभूति गरेका भावनाको कारणले थियो त ?***

  .......................................................................................................................

  .......................................................................................................................

  .......................................................................................................................

- ***पावलको दृढ भरोसा के उनको आफ्नै कार्यको कारणले वा उनले ख्रीष्टमा आफ्नो पहिचान पाएका कारणले थियो ?***

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

- *फेरि यूहन्ना १:१२ पढ्नुहोस् । परमेश्वरद्वारा जन्मेर तपाईं उहाँको सन्तान हुनुभएको छ । के बाइबलमा वा सृष्टिमा कोही व्यक्ति "नजन्मेको" कुनै उदाहरण तपाईंको मनमा आउँछ ?*

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

- *१ पत्रुस १:३ - ५ पढ्नुहोस् । तपाईं जीवित आशाको निम्ति येशू ख्रीष्टको पुनरुत्थानद्वारा नयाँ गरी जन्मनु भएको छ भनी पत्रुसले वर्णन गरेका छन् । यही अनुच्छेदमा तपाईंलाई कसको शक्तिले सम्हाल्दछ ?*

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

- *रोमी ८:१ पढ्नुहोस् । तपाईंले धर्मीकरणको अर्थ बुझ्नुभएको छ । धर्मीकरणको विपरीत शब्दचाहिँ दण्डाज्ञा हो ।*
- *परमेश्वरद्वारा मलाई दण्डाज्ञा हुनेछैन भनी तपाईं निर्धक्क हुन सक्नुहुन्छ ?*

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

- *के यो दृढ भरोसा तपाईंको ज्ञान, तपाईंको भावना वा तपाईंको कर्मको कारणले हो कि ख्रीष्टमा तपाईं हुनुभएकोले गर्दा हो ?*

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

तपाईं आफ्नो आमाबाबुलाई अस्वीकार गर्न सक्नुहुन्छ, उहाँहरुसित रिसाउन सक्नहुन्छ, घरदेखि भाग्न सक्नुहुन्छ र उहाँहरुसित फेरि कहिल्यै नबोल्न सक्नुहुन्छ तर तपाईं कहिल्यै "नजन्मेको" हुनु सक्नुहुन्न। तपाईंले जे गर्नुभए पनि, जे सोच्नुभए पनि, जे अनुभूति गर्नुभए पनि तपाईं सदैव उहाँहरुकै सन्तानको रुपमा रही रहनुहुनेछ। यसले तपाईंलाई स्थान (बालकको रुपमा जन्मेको ) र सम्बन्ध बीच भिन्नता सिकाउँदछ। सम्बन्ध बिग्रेको हुन सक्ला तर उहाँहरुको सन्तान हुनदेखि तपाईं कहिल्यै बञ्चित हुनुहुन्न। तपाईंले एक पटक येशू ख्रीष्टलाई

मुक्तिदाताको रुपमा ग्रहण गर्नुभएपछि तपाईं परमेश्वरको सन्तान हुनदेखि कहिल्यै पनि बञ्चित हुनुहुन्न । तपाईंको परमेश्वरसितको सम्बन्धमा तपाईंलाई सहज र सुरक्षित अनुभव गराउनु यी अध्ययनहरुको उद्देश्य हो जसले गर्दा परमेश्वरले तपाईंलाई जो बनाउनुभएको छ त्यसका सकारात्मक प्रभावहरु तपाईंको जीवनले बढीभन्दा बढी झल्काउँदै जाओस्।

- ***तपाईंले आफ्नो जीवनमा सङ्घर्ष गरिरहनु भएको असुरक्षाको कम्सेकम एउटा क्षेत्र लेख्नुहोस् ।***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***म ख्रीष्टमा को रहेछु भन्ने ज्ञानले यस क्षेत्रमा तपाईंको दृढ भरोसालाई कसरी प्रभाव पार्नुपर्दछ ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***एफिसी १:३ – ६ पढ्नुहोस् । धेरै जना मानिसहरु हाम्रा अभिभावकहरुले वा अन्य महत्त्वपूर्ण व्यक्तिहरुले हामीलाई स्वीकार गर्दैनन् भन्ने भावनाले ग्रसित भइरहेका हुन्छन् ।***
- ***तपाईंको जीवनमा भएका सबैले तपाईंलाई इन्कार गरे तापनि तपाईंले आफ्नो स्वीकारचाहिँ कहाँ पाउनुहुन्छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

## दिन - ४: म शंकादेखि डराउँदिनँ

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- परमेश्वरले मलाई शंकासँग जुध्ने तरिका देखाइदिनु भएको होस् साथै मैले ख्रीष्ट येशूमा आफ्नो नयाँ जीवनको सुरक्षा छ भनी अझै राम्ररी बुझ्न सकौं भनी प्रार्थना गर्नुहोस्।

शङ्काचाहिँ जीवनको भाग हो। हामी शङ्कासित कसरी जुध्छौं भन्ने कुरा महत्त्वपूर्ण हुन्छ।

येशू प्रभु चिहानदेखि बौरी उठ्नु भएपछि चेलाहरुकहाँ देखा पर्नुभयो। त्यसबेला थोमा उपस्थित थिएनन्। त्यसैले थोमाले काँटीका डोबहरुमा आफ्ना औंलाहरु नघुसाएसम्म र उहाँको कोखामा हात नराखेसम्म येशू जीवित हुनुहुन्छ भनी म विश्वास गर्नेछैनँ भनेर शङ्का व्यक्त गरे। जब येशू थोमाकहाँ देखा पर्नुभयो, उहाँले शङ्काको कारण थोमालाई हकार्नुको साटो तिमीले भनेजस्तै आएर हेर र प्रमाणको निम्ति जाँच भनी उनलाई

भन्नुभयो (यूहन्ना २४:२० – २९)।

तपाईंले पनि थोमालेझैं शङ्कालाई सामना गरेर र बाइबलले भनेअनुसार प्रमाण जाँच गरेर शङ्काहरुसित जुध्न सक्नुहुन्छ। जब तपाईंले आफ्ना शङ्काहरुलाई बाइबलले भनेका कुरासित दाँज्नुहुन्छ र बाइबललाई विश्वास गर्न रोज्नुहुन्छ, तपाईंको विश्वास बढ्दै जान्छ र तपाईं झन बलियो हुँदै जानुहुन्छ।

यस सिद्धान्तलाई पापबाट मुक्ति हुने सुरक्षासँग पनि लागू गर्नुहोस्। यदि तपाईंले परमेश्वरका अपेक्षित मापदण्डअनुसार जिउन सक्तिनँ कि भनी शङ्का गर्नुभएको छ र मैले पाएको अनन्त जीवन गुमाउँछु कि भन्ने सोचले पिरोलिनुभएको छ भने, तपाईंले ती शङ्काहरुसित सामना गरेर र तिनलाई बाइबलका सत्यतासँग दाँजेर दृढ भरोसा प्राप्त गर्न सक्नुहुन्छ।

- ***१ यूहन्ना ५:९ – १३ पढ्नुहोस्। के तपाईंले उहाँको पुत्र येशू ख्रीष्टमा अनन्त जीवनको उपाहार स्वीकार गर्नुभएको छ ?***

  ......................................................................................................................................

  ......................................................................................................................................

  ......................................................................................................................................

- ***जब तपाईंको आफ्नो मुक्ति बारे शङ्काहरु खडा हुन्छन्, पद ११ अनुसार तपाईंले आफ्ना भावनाहरु, आफ्ना अवधारणाहरु, कसैका विचारहरु वा बाइबलमा लेखिएका परमेश्वरका वचन कुनचाहिँमा विश्वास गर्नुपर्छ ?***

  ......................................................................................................................................

  ......................................................................................................................................

  ......................................................................................................................................

- ***यदि तपाईंले बाइबलमा लेखिएका परमेश्वरका वचनलाई विश्वास गर्न इन्कार गर्नुभयो भने, पद १० लाई ध्यानपूर्वक नियाल्दाखेरि तपाईंले परमेश्वरको विषयमा साँच्चै के भनिरहनुभएको हुन्छ ?***

  ......................................................................................................................................

  ......................................................................................................................................

- ***पद १२ अनुसार, अनन्त जीवन प्राप्त गर्नुको आधार के हो ?***

  ......................................................................................................................................

  ......................................................................................................................................

- ***पद १३ अनुसार, के तपाईंले मसित अनन्त जीवन छ भनी साँच्चै जान्न सक्नुहुन्छ ?***

  ......................................................................................................................................

  ......................................................................................................................................

  ......................................................................................................................................

- *पद १३ अनुसार, के अनन्त जीवन तपाईंले अहिले नै प्राप्त गर्ने कुरा हो, वा भविष्यमा मात्रै प्राप्त हुने थोक हो ?*

  .......................................................................................................................

  .......................................................................................................................

- *अनन्त भन्नाले के बुझ्नुहुन्छ ?*

  .......................................................................................................................

  .......................................................................................................................

  .......................................................................................................................

- *यदि अनन्त जीवन कुनै बिन्दुमा पुगेर अन्त्य भयो, वा यदि तपाईंले त्यसलाई गुमाउनुभयो भने, के त्यो अनन्त भइरहन सक्ला त ?*

  .......................................................................................................................

  .......................................................................................................................

  .......................................................................................................................

- *यूहन्ना १०:२७ – २९ पढ्नुहोस् । यस अध्यायमा येशू प्रभुले आफ्ना भेडाहरुका निम्ति आफ्नो प्राण अर्पण गर्ने असल गोठालोको दृष्टान्त प्रस्तुत गर्नुभएको छ ।*
- *येशूले यहाँ भन्नुभएअनुसार, यदि उहाँले तपाईंलाई अनन्त जीवन दिनुभएको छ भने, के तपाई कहिल्यै नाश हुने खतरामा हुनुहुन्छ त ?*

  .......................................................................................................................

  .......................................................................................................................

- *के कसैले तपाईंलाई आफ्नो असल गोठालोको छत्रछायादेखि अलग गर्न सक्छ?*

  .......................................................................................................................

  .......................................................................................................................

  .......................................................................................................................

- *फिलिप्पी १:६ पढ्नुहोस् । पावलको दृढ भरोसा फिलिप्पीहरुमा केन्द्रित थियो कि ख्रीष्टमा थियो ?*

  .......................................................................................................................

  .......................................................................................................................

  .......................................................................................................................

- *२ तिमोथी १:१२ पढ्नुहोस् । पावलको सुरक्षाको विषय के हो वा को हो ?*

  .......................................................................................................................

  .......................................................................................................................

- ***यहूदा १:२४ – २५ पढ्नुहोस् । तपाईंलाई लड्नदेखि जोगाउन को सक्षम छ (वा हुनुहुन्छ) ?***

  ........................................................................................................

  ........................................................................................................

## दिन - ५: मलाई परमेश्वरदेखि कुनै कुराले अलग गर्न सक्दैन

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- तपाईंमा मात्रै मेरो आफ्नो पहिचान, दृढ भरोसा, सुरक्षा, स्वीकार र आश्रय प्राप्त गर्ने तरिका मलाई सिकाउनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

धेरै मानिसहरु पहिचान, स्वीकार र दृढ भरोसाको अभावदेखि ग्रसित भइरहेका हुन्छन् । यी दुई पहिला पाठहरुमा विश्वासद्वारा परमेश्वरको अनुग्रहलाई समातेर मैले परमेश्वरको परिवारको सदस्यको रुपमा एउटा सुन्दर नयाँ पहिचान पाएको रहेछु भनी तपाईंले सिक्नुभएको छ। प्रभु येशू ख्रीष्टमा तपाईंलाई अनन्तसम्म ग्रहण गरिइएको छ। र, तपाईंले गर्नुभएको कर्ममा आधारित नभई ख्रीष्टले गर्नुभएको कार्यमा सबै थोक निर्भर हुने भएकाले तपाईंले ख्रीष्टद्वारा जे पाउनुभयो सो तपाईंले कहिल्यै पनि गुमाउन सक्नुहुन्न भन्ने ज्ञानको प्रत्याभूति तपाईंले पाउनुभएको छ। पावलले "यदि परमेश्वर हामीसित हुनुहुन्छ भने कोचाहिँ हाम्रो विरुद्धमा छ र?" (रोमी ८:३१) भन्ने अभिव्यक्ति दिँदै ख्रीष्टमा तपाईंको नयाँ जीवनको लाभ बारेमा निष्कर्ष दिए।

- ***रोमी ८:३५ – ३९ पढ्नुहोस् । यी पदहरुमा पावलले उल्लेख गरेअनुसार तपाईंलाई परमेश्वरको प्रेमदेखि अलग पार्न नसक्ने १७ कुरा लेख्नुहोस्***

  ........................................................................................................

  ........................................................................................................

- ***ती हरेक बारे सोच्नुहोस् अनि ती हरेकको आशय के होला विचार गर्नुहोस् ।***
- ***तपाईंलाई परमेश्वरको प्रेमबाट अलग गर्न नसक्ने त्यस सूचीमा उल्लेख नगरिएका कुनै अन्य कुरा छन् ?***

  ........................................................................................................

  ........................................................................................................

पावल किन यस्तो दृढ भरोसासहित बोल्न सकेका होलान् ? यस विषयमा बाइबलमा उल्लेख गरिएको कुरा नियालौं।

- ***एफिसी १:१२ – १४ पढ्नुहोस् । तपाईंले मुक्तिको लागि येशू ख्रीष्टमा विश्वास गर्नुभएपछि, त्यस प्रतिज्ञाको छापचाहिँ के हो ?***

  ........................................................................................................

.........................................................................................................

- *पद १३ लाई राम्ररी हेर्नुहोस् । के पवित्र आत्माले तपाईंको मुक्तिको निम्ति छाप लगाउनु हुन्छ वा पवित्र आत्मा आफै छाप हुनुहुन्छ ?*

.........................................................................................................

.........................................................................................................

- *के परमेश्वरको पवित्र आत्माको छापदेखि अलग गर्न सक्ने कुनै व्यक्ति वा केही थोक छ?*

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- *एफिसी ४:३० पढ्नुहोस् । पवित्र आत्माको छाप कहिलेसम्म रहन्छ?* (छुटकाराको दिनले येशू प्रभु आफ्नो अनन्तको राज्य स्थापना गर्न पृथ्वीमा फेरि आउनु हुँदाको समयलाई जनाउँदछ।)

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- *तपाईंले व्यक्तिको रुपमा आफ्नो पहिचान र मूल्य कहाँ पाउनुहुन्छ ?*

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- *के तपाईंको दृढ भरोसा तपाईंले गर्नुभएको कर्ममा वा तपाईंको भावनामा निर्भर छ वा ख्रीष्टले तपाईंको निम्ति पूरा गरिदिनुभएको कार्यमा निर्भर छ ?*

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- *तपाईंले ख्रीष्टमा प्राप्त गर्नुभएको नयाँ जीवन गुम्न सक्छ भनी सोच्नुपर्ने बाइबलमा कुनै त्यस्तो विश्वासयोग्य तर्क वा आधार छ ?*

.........................................................................................................

.........................................................................................................

*नोटहरु: अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु*

.........................................................................................................

.........................................................................................................

# पाठ ३ आत्मा : मेरो निम्ति परमेश्वरको उपस्थिति

***परमेश्वरसितको मेरो सम्बन्धचाहिँ मेरा विचार तथा धारणाहरुभन्दा पनि बढी हो भन्ने कुरा म कसरी जान्न सक्छु ?***

**कण्ठस्थ पदः एफिसी ५:१८**

***यस हप्ताको प्रमुख विचार : मैले येशू ख्रीष्टलाई मुक्तिदाता भनी विश्वास गरेको क्षणदेखि ममा र मद्वारा परमेश्वरका उद्देश्यहरु पूरा गर्नका निम्ति परमेश्वरको आत्माले मभित्र वास गर्नुभयो ।***

सर्वशक्तिमान परमेश्वरले आफूलाई पिता, पुत्र र पवित्र आत्मा गरी तीन व्यक्तित्वमा प्रकट गर्नुभएको अवधारणा बुझ्नु गाह्रो छ। तापनि, हरेकको आ – आफ्नै भूमिका र अभिव्यक्तिहरु हुन्छन्। उदाहरणको लागि, तपाईंले आमा, छोरी र श्रीमतीको रुपमा भूमिका निर्वाह गरिरहनुभएको होला, तर तपाईंचाहिँ उही व्यक्ति हुनुहुन्छ। तपाईंले परमेश्वरलाई पिता र पुत्रको रुपमा भेटिसक्नुभएको छ। यस पाठमा चाहिँ तपाईंले परमेश्वरलाई तपाईंभित्र उपस्थित हुनुहुने पवित्र आत्माको रुपमा भेट्नुहुनेछ।

स्वर्गमा सिंहासनमा विराजित हुनुहुने परमेश्वर, वा दुई हजार वर्षअघि मानिसको रुपमा जिई मर्नुहुने प्रभु येशू ख्रीष्टको बारेमा विचार गर्दाखेरि परमेश्वर टाढा हुनुहुन्छ झैं लाग्दछ। तर वास्तवमा परमेश्वर धेरै टाढा हुनुहुन्न ; परमेश्वर पवित्र आत्माद्वारा आफ्ना जनहरुभित्र वास गर्नुहुन्छ।

परमेश्वरले तपाईंलाई मुक्ति र नयाँ जीवनको छापको रुपमा पवित्र आत्मा दिनुभएको छ भन्ने कुरा तपाईंले पाठ दुईमा अध्ययन गरिसक्नुभएको छ। अझ धेरै कुरा सिक्नु बाँकी नै छ। तपाईंले पुराना संस्करणका बाइबलहरु र भजनहरुमा कहिलेकाहीं "पवित्र छाया" शब्दांश चलाएको पाउनुहुन्छ। कसैको आभास वा उपस्थितिलाई सङ्केत गर्न हामी "छाया" शब्द प्रयोग गर्दछौं। परमेश्वरको आत्मा ब्रह्माण्डभरि परिभ्रमण गर्ने आध्यात्मिक शक्ति मात्रै होइन तर हामीमा र हामी वरिपरिको परिवेशमा क्रियाशील परमेश्वर स्वयम्को प्रकटीकरण, उपस्थिति वा व्यक्तित्व हो भनी बुझाउन अनुवादकहरुले त्यस शब्दांशलाई चयन गरेका थिए।

## दिन - १: परमेश्वरको आत्मा हामीमा वास गर्नुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- आज परमेश्वरको आत्मा मभित्र वास गर्नुहुन्छ भन्नुको अर्थ के हो र मभित्रको उहाँको वासले मेरो जीवनमा कस्तो प्रभाव पार्नुपर्दछ सो बारे बुझ्न मलाई सहायता गर्नुहोस् भनी उहाँसित बिन्ती गर्नुहोस्।

***परमेश्वर तपाईंभित्र वास गर्नुहुन्छ*** भनी बाइबलले सिकाउँदछ ; वास गर्नुहुन्छ। विशेष गरी, परमेश्वर पवित्र

आत्माद्वारा तपाईंमा वास गर्नुहुन्छ।

आफ्ना हात, खुट्टा, पाखुरा र गोडा हेर्नुहोस्। आफ्नो हात मुटुमाथि राख्नुहोस्। आफ्नो अनुहार र टाउको छुनुहोस्। तपाईंले जे देख्नुहुन्छ र अनुभव गर्नुहुन्छ त्यो त आत्मालाई वास बस्न दिने बाह्य आवरण मात्रै हो। अहिले तपाईं ख्रीष्टीयन हुनुहुन्छ। परमेश्वर पवित्र आत्माको रुपमा त्यही आवरणभित्र उपस्थित हुनुहुन्छ। परमेश्वर तपाईंमा वास गर्नुहुन्छ;

- ***यूहन्ना १४:१५ - २७ पढ्नुहोस् । येशू प्रभुले आफू क्रूसमा मर्नुपर्ने घडी नजिक आइरेको छ भनी बोध गर्नुभन्दा केही अघि मात्रै यी शब्दहरु बोल्नुभएको थियो । येशूले आफ्ना चेलाहरुलाई कसरी सान्त्वना दिनेछु भनी बताउनुभयो ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***यही अध्यायमा पिता, पुत्र र आत्माको रुपमा परमेश्वर घरिघरि प्रकट भइरहनुभएको कुरा पत्ता लगाउनुहोस् ।***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***येशूले यहाँ बोल्नुभएका शब्दहरु बारे मनन गर्दै केही समय बिताउनुहोस् । अनि, येशूले तपाईंलाई यस अध्यायमा दिनुभएका प्रतिज्ञाहरुको छोटो सूची तयार पार्नुहोस् ।***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***१ यूहन्ना ३:२४ र ४:१३ पढ्नुहोस् । परमेश्वर तपाईंमा हुनुहुन्छ र तपाईं परमेश्वरमा हुनुहुन्छ भन्ने कुरा तपाईंले साँच्चिकै कसरी थाहा पाउनुहुन्छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***१ कोरिन्थी ६:१९ - २० पढ्नुहोस् । परमेश्वरको आत्मा कहाँ हुनुहुन्छ?***

  ..........................................................................................................

  ..........................................................................................................

.............................................................................................................

- ***पावलले तपाईंको शरीरलाई केसँग तुलना गरेका छन् ?***

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

- ***परमेश्वरको आत्मा तपाईंमा कसरी वास गर्न आउनुभयो ?***

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

- ***के तपाईंले गर्नुभएको कुनै कर्मले वा परमेश्वरले गर्नुभएको कुनै कार्यले गर्दा परमेश्वरको आत्मा तपाईंमा वास गर्नुभएको हो ? खासमा के हो ?***

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

- ***परमेश्वरको आत्मा तपाईंमा वास गर्नुहुन्छ भनेर बुझिसकेपछि, १ कोरिन्थी ६:२० अनुसार तपाईंको शरीर र आत्मामा यस बुझाइले कस्तो प्रभाव पार्नुपर्दछ ?***

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

पवित्र आत्मा तपाईंको मुक्तिको छाप, अर्थात तपाईंको अनन्त जीवनको लागि उहाँ परमेश्वरको जमानत हुनुहुन्छ भनी तपाईंलाई अवगत भइसकेको छ। तपाईंले येशू ख्रीष्टलाई प्रभु र मुक्तिदाता भनी विश्वास गरेको क्षणमा नै तपाईंले परमेश्वरको पवित्र आत्मा पाइसक्नुभएको छ भनी एफिसी १:१३ मा लेखिएको छ। वास्तवमा, यदि तपाईंसँग परमेश्वरको पवित्र आत्मा हुनुहुन्न भने, तपाईं साँच्चै ख्रीष्टको हुनुहुन्न भनी रोमी ८:९ ले भन्दछ। तपाईं परमेश्वरको सन्तान हुनुभएको छ भनी पवित्र आत्माले तपाईंको आत्मालाई साक्षी दिनुहुन्छ भनी रोमी ८:१६ मा पावलले उल्लेख गरेका छन्।

- ***पवित्र आत्माद्वारा परमेश्वर तपाईंमा वास गर्नुहुन्छ । यस विषयले तपाईंका सोच – विचारमा कस्तो प्रभाव पार्नुपर्दछ ?***

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

- ***परमेश्वर तपाईंमा वास गर्नुभएको कारणले तपाईंको सोच कसरी परिवर्तन हुनु आवश्यक छ सो बारे एउटा व्यावहारिक उदारण प्रस्तुत गर्नुहोस् ।*** (सायद त्यो तपाईंले त्यागनुपर्ने पुरानो विचार होला अथवा तपाईंले सोच्न पर्ने नयाँ विचार हुनसक्छ।)

    ..........................................................................................................

    ..........................................................................................................

    ..........................................................................................................

- ***परमेश्वर अहिले तपाईंमा वास गर्नुभएको हुँदा उहाँलाई महिमा दिनको निम्ति तपाईंले चाल्न सक्नुहुने कुनै कदमको ठोस उदाहरण प्रस्तुत गर्नुहोस् ।***

    ..........................................................................................................

    ..........................................................................................................

    ..........................................................................................................

- ***परमेश्वर तपाईंमा वास गर्नुभएको हुँदा तपाईंले हटाउनु पर्ने कुनै कार्यको एउटा उदाहरण दिनुहोस् ।***

    ..........................................................................................................

    ..........................................................................................................

    ..........................................................................................................

## दिन - २: परमेश्वरको आत्मा मभित्रको परमेश्वरको शक्ति र उपस्थिति हो

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- तपाईंले सधैं इच्छा गरिरनुभएको साँचो उद्देश्य र अभिप्राय तपाईंको जीवनमा पवित्र आत्माले कसरी प्रदान गर्न सक्नुहुँदो रहेछ सो कुरा प्रकट गरिदिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

केही मानिसहरु दश आज्ञाअनुसार जिउने कोसिस गर्दछन्, वा उनीहरु परमेश्वरको कृपा प्राप्त गर्न अनेक कुरा ***गर्ने*** प्रयास गर्दछन् । मानिसले जतिसुकै कोसिस गरे पनि परमेश्वरको धार्मिकताको मापदण्डअनुसार जिउनु एकदमै असंभव हुन्छ। आफ्नै बलबुताले होइन तर परमेश्वरकै शक्तिद्वारा तपाईंले धार्मिकताको जीवन जिउन सक्नुभएको होस् भन्ने हेतुले पवित्र आत्मा तपाईंमा वास गर्नुहुन्छ।

प्रेरित पावलले आफ्नो बलबुतामा परमेश्वरको सत्यताअनुसार जिउन असमर्थ भएको नैराश्य अनुभूत गरेको थिए । उनी ईश्वरभक्त यहूदीको रुपमा हुर्किएका हुनाले उनले पुरानो नियमको व्यवस्थाअनुसार जिउन हर प्रयास गरे। समस्या परमेश्वरको व्यवस्थामा थिएन, तर पावल आफैभित्र समस्या मौजुद थियो।

- ***रोमी ७:७ - २० पढ्नुहोस् । परमेश्वरले चाहनुभए अनुसार जीवन जिउन पावललाई के कुराले बञ्चित गरिरहेको थियो ?*** विशेष गरी, पद १७ र २० हेर्नुहोस्।

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

- *रोमी ७:२१ – २३ पढ्नुहोस् । पावलले पत्ता लगाएका व्यवस्था अथवा सिद्धान्तचाहिँ के थियो?*

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

- *जब तपाईंले गर्नपर्ने सही काम ठ्याक्कै थाहा पाउनुभयो, तर तपाईंले सो कार्य नगरेर विपरीत कार्य गर्नुभएको जीवनको कुनै विशेष क्षण सोच्नुहोस् ।*

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

- *पावलकाअनुसार तपाईंलाई असल कुरा गर्नदेखि बञ्चित गर्ने समस्या के थियो?*

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

- *रोमी ८:१ – ४ पढ्नुहोस् । पावलले यहाँ पापको व्यवस्था र मृत्यु भनेर सम्बोधन गरेका कुरासित जुध्न उनले के नयाँ व्यवस्था पत्ता लगाएका थिए ?*

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

- *पद ४ अनुसार परमेश्वरले आफ्नो धार्मिकता तपाईंको जीवनमा कसरी पूरा गर्नुहुन्छ ?*

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

- *रोमी ८:५ – ९ पढ्नुहोस् ।* दैहिक वा सांसारिक मन भन्नुको अर्थ तपाईंका आफ्नै इन्द्रियगत र स्वार्थपूर्ण इच्छाद्वारा तपाईंका सोचहरु नियन्त्रित छन् ।
- *तपाईंको विचारमा आत्मिकमन हुनु भनेको के हो ?*

..........................................................................................................................

..........................................................................................................................

........................................................................................................................

- ***के तपाईंले धेरै परिश्रम गरेर, बढी कार्य गरेर, अथवा आफ्नै शक्तिले कोसिस गरेर परमेश्वरलाई खुशी तुल्याउन सक्नुहुन्छ?***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

पापले तपाईंलाई निरन्तर धार्मिकताको जीवन जिउनदेखि बञ्चित गर्दछ। तपाईंले अध्ययन गर्नुभएको यस पाठको निचोड यही हो। गुरुत्वाकर्षणले जहिले पनि हरेक वस्तुलाई पृथ्वीतिर खिचेजस्तै पापको सिद्धान्तले तपाईंलाई जहिले पनि आफैतिर खिच्दछ। तर, ठूलो विमानले गुरुत्व बलमाथि विजय हुन जसरी एरोडाइनामिक्स सिद्धान्तहरु प्रयोग गरेर उड्दछ, तपाईंमा वास गर्नुहुने पवित्र आत्माले पनि त्यसै गरी तपाईंका पाप स्वभावका प्रभावहरुमाथि विजय हुन तपाईंलाई सक्षम तुल्याउनु हुँदछ। भरमग्दुर प्रयास गरेर होइन तर तपाईंलाई विजय र उद्देश्यको जीवन दिनुहुने पवित्र आत्मालाई तपाईंमा र तपाईंद्वारा क्रियाशील हुन दिई उहाँमा भरोसा गरेर तपाईंले विजय पाउन सक्नुहुन्छ।

- ***प्रेरित ४:८, र ३१, प्रेरित ६:३, र ५, प्रेरित ७:५५, प्रेरित ११:२४, प्रेरित १३:९ र ५२ पढ्नुहोस्। ती सबै पदहरुमा पाइने समान कुराचाहिँ के हो?***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

- येशू ख्रीष्टका चेलाहरुले ख्रीष्टमा नयाँ जीवन छ भनी घोषणा गर्न बाहिर निस्के र कतिपयले त ख्रीष्टको साक्षीको खातिर आफ्नो जीवन पनि दिए भनेर प्रेरितको पुस्तकमा वर्णन गरिएको छ। आफ्नो जीवन पनि र केहीले यो कुरा गर्नको लागि आफ्नो जीवन पनि दिए। ***उनीहरुको शक्तिको श्रोतचाहिँ के थियो त ?***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

- ***एफिसी ३:१४ – १९ पढ्नुहोस्। परमेश्वरले तपाईंको भित्री मनुष्यत्वलाई कसरी बलियो तुल्याउनुहुन्छ र उहाँलाई महिमा दिने जीवन जिउन तपाईंलाई कसरी शक्तिशाली तुल्याउनुहुन्छ ?***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

- ***खासगरी, तपाईंको जीवनको कुन क्षेत्र वा क्षेत्रहरुलाई मजबुत बनाइनु आवश्यक छ सो लेख्नुहोस् र***

***पवित्र आत्माको शक्तिद्वारा आफूलाई दह्रिलो बनाइदिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस् ।***

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

## दिन - ३ः परमेश्वरको आत्मा मसित बोल्नुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- तपाईंभित्र वास गर्नुहुने उहाँको आत्माको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस्।
- मसित सञ्चार गर्ने तपाईंको आवाजप्रति मलाई संवेदनशील बनाउनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

कहिलेकाहीं मानिसहरुले आफूभित्रकै आवाज सुनेको कुरा गर्दछन्। कतिपय व्यक्तिहरुले यसलाई विवेक भन्दछन्। परमेश्वरले मानिसलाई विवेक दिनुभएको छ भनी बाइबलले स्पष्ट रुपमा बताउँदछ (रोमी २:१५ – १६)। यद्यपि, तपाईंको विवेक असिद्ध छ र यसले तपाईंलाई असफल तुल्याउन सक्छ (१ तिमोथी ४:२)। खीष्टलाई पछ्याउनेहरुसित भने मानव विवेकभन्दा उत्तम कुरा छ। अर्को शब्दमा, परमेश्वरको आत्मा तपाईं भित्र वास गर्नुहुन्छ र उहाँले परमेश्वरको आवाजको साथ तपाईंसित बोल्नुहुन्छ। परमेश्वरको आत्मा तपाईंसित तपाईंको विवेकद्वारा, धर्मशास्त्रको वचनद्वारा बोल्न सक्नुहुन्छ, वा तपाईंले पूर्ण रुपमा बुझ्न वा वयान गर्न नसक्ने गरी तपाईंको आफ्नै आत्माका गहिराइहरुदेखि पनि उहाँ बोल्न सक्नुहुन्छ।

- ***यूहन्ना १६:७ - ८ पढ्नुहोस् ।*** आत्मा वा सल्लाहकारले गर्नुहुने कार्य बारे येशूले चयन गर्नुभएको शब्दलाई “हकार्नु”, “दोष प्रकट गर्नु”, “विश्वास दिलाउनु”, “देखाउनु” वा “प्रदर्शन गर्नु” शब्दको रुपमा अनुवाद गर्न सकिन्छ।
- ***पवित्र आत्माले तिमीहरुलाई तीन कुराहरुमा विश्वास दिलाउनुहुनेछ भनी येशूले भन्नुभएको छ । ती कुराहरु के के हुन् ?***

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

- ***यस अध्यायको आधारमा, तपाईंलाई तपाईंको पाप समस्या दोष देखाइदिने र येशू खीष्टको आवश्यकता औंल्याइदिने व्यक्ति को हुनुहुन्थ्यो ?***

.......................................................................................................................

.......................................................................................................................

........................................................................................................................

- ***पवित्र आत्माले यो गत हप्ता तपाईंलाई तपाईंको जीवनमा मौजुद केही पाप देखाइदिनुभएको वा सजग गराइदिनुभएको क्षण के तपाई संम्झनुहुन्छ ? त्यो के थियो?***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

- ***एक छिन रोकिनुहोस् अनि मैले त्याग्न पर्ने अन्य कुनै पाप मेरो जीवनमा छ कि भनेर अहिले नै उहाँसित बिन्ती गर्नुहोस् ।***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

- पवित्र आत्माले तपाईंलाई धार्मिकताको बारेमा पनि निश्चयता दिनुहुन्छ भनी यही पदमा उल्लेख गरिएको पाइन्छ। अर्को शब्दमा, उहाँले तपाईंलाई गर्न पर्ने सही थोकहरु बारेमा पनि सतर्क तुल्याउनुहुन्छ।
- ***पवित्र आत्माले तपाईंलाई यो कार्य गर्नु उचित छ भनेर सो कार्य गर्न झक्झक्याउनुभएको कुनै क्षण सम्झन सक्नुहुन्छ ? त्यो कार्य के थियो ?***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

- परमेश्वरको आत्माले तपाईंलाई इन्साफ र पापको परिणामको बारेमा पनि सचेत गराउनुहुन्छ।
- ***परमेश्वरलाई लेखा बुझाउनु पर्ने र त्यसका परिणामहरु भोग्नुपर्ने कुरा मनमा आएकोले तपाई परीक्षित हुँदा पनि पापमा नफँस्ने निर्णय गर्नुभएको कुनै समय संझन सक्नुहुन्छ ? त्यो के थियो ? तपाईंले कसको आवाज सुन्नुभयो ?***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

परमेश्वरको आत्माले तपाईंलाई पाप सम्झना गराइदिनुहुन्छ। तर पाप प्रकटीकरण र पछुतोको भावनात्मक अनुभूति बीच भिन्नता बुझ्नु अति महत्त्वपूर्ण हुन्छ। भावनात्मक पछुतोले तपाईंलाई निराश, आशाविहीन र असहाय अनुभूत गराउन सक्छ र यसले तपाईंमा शक्तिहीन दुर्दशा र लज्जाबोध उत्पन्न गराउँदछ। जब परमेश्वरको आत्माले तपाईंलाई पाप प्रकट गरिदिनुहुन्छ, त्यो प्रकटीकरणचाहिँ तपाईंलाई परमेश्वरतिर खिच्ने

प्रेमपूर्ण उद्देश्यसहितको सधैं एकदमै निर्दिष्ट र स्पष्ट हुन्छ। परमेश्वरको आत्माले तपाईंलाई उहाँकहाँ आउने र पापदेखि पर्किने उद्देश्यले क्षमा र शक्ति माग्न प्रेरणा दिनुहुन्छ।

- ***रोमी ८:२६ पढ्नुहोस् । तपाईंलाई भित्रभित्रै विक्षिप्त तुल्याइरहने कुनै थोकको कारण के तपाईं कहिल्यै भावविह्वल हुनुभएको छ ? के तपाईं त्यस बेला आफ्नो हृदयमा भएका कुरालाई शब्दमा व्यक्त गर्न समेत असमर्थ हुनुभयो ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***त्यस्ता क्षणहरुमा परमेश्वरको आत्माले तपाईंलाई सहायता गर्नुहुन्छ भनी कुन पदमा उल्लेख गरिएको छ ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***के अहिले तपाईंको हृदयमा केही बोझ महसुस भइरहेको छ ? के तपाईंलाई प्रार्थना गर्नसमेत शुरु गर्न नआएर रणभूल्ल भइरहनुभएको छ ? त्यो बोझचाहिँ के हो त?***

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***अहिले एक क्षण रोकिनुहोस् अनि तपाईंलाई प्रार्थनामा अभिव्यक्त गर्न नआउँदासमेत पनि हर समय उहाँलाई थाहा हुन्छ सो कुराको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस् । तपाईंको जीवनमा उहाँको आत्मा राखिदिनुभएको लागि धन्यवाद दिनुहोस् ।***

  यी त तपाईंभित्र वास गर्नुहुने र तपाईंको आत्मासित एकाकार भइसक्नुभएको पवित्र आत्माको रुपमा परमेश्वरले तपाईंसित बोल्नुहुने धेरै किसिमका तरिकाहरुमध्ये केही तरिका मात्रै हुन्। तपाईंको ध्यानलाई आकृष्ट गर्ने अन्य आवाजहरुलाई यो त परमेश्वरको आवाज हो कि भन्ने तपाईंलाई कहिलेकाहीं भ्रम पर्न सक्छ। तर परमेश्वरको आत्माले जहिले पनि सत्य बोल्नुहुन्छ र तपाईंले बाइबलमा भेट्नुभएको सत्यताको खण्डन हुने किसिमले कहिल्यै बोल्नुहुनेछैन।

## दिन - ४: परमेश्वरको आत्माले मलाई झन्झन् ख्रीष्टजस्तै बनाउनुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- मेरो जीवनदेखि तपाईंलाई महिमा होस् भन्ने उद्देश्यले म आत्मिकरुपमा बढ्न चाहनुहुन्छ र मेरो जीवनको हर क्षेत्रमा झन्झन ख्रीष्टजस्तै बन्न चाहन्छु भनी परमेश्वरलाई भन्नुहोस्।

पवित्र आत्माले प्रभु ख्रीष्ट येशूलाई महिमा दिनुहुन्छ भनेर यूहन्ना १६:१४ मा लेखिएको छ। तपाईंको जीवनलाई ख्रीष्टको स्वरुपमा ढाल्दै परमेश्वरलाई महिमा पुऱ्याउनुचाहिँ पवित्र आत्माले गर्नुहुने अति विशिष्ट कार्यहरुमध्ये एउटा कार्य हो। तपाईंको जीवनले अरुहरुलाई जति धेरै ख्रीष्ट झल्काउँदै जान्छ, ख्रीष्टले त्यति नै धेरै महिमा लिनुहुन्छ। तपाईंमा वास गर्नुहुने पवित्र आत्माले तपाईंको जीवनको हर क्षेत्रमा बढ्दै र ख्रीष्टजस्तै बन्दै जानको निम्ति तपाईंलाइ शक्ति दिनुहुन्छ।

- ***गलाती ३:१ – ३ पढ्नुहोस् । विश्वासद्वारा नयाँ जीवन र हामीभित्र वास गर्नुहुने पवित्र आत्माको छाप पाइसकेपछि परमेश्वरसितको हिँडाइमा तपाईं कसरी निरन्तर बढ्दै जानुपर्दछ ?***

  ..........................................................................................................................................

  ..........................................................................................................................................

  ..........................................................................................................................................

- ***गलाती ३५:१६ – १८ पढ्नुहोस् । तपाईंभित्र युद्ध मच्चाइरहने अनि पाप तथा स्वार्थमा चुर्लुम्म डुबाउन तपाईंलाई तानिरहने शारीरिक, सांसारिक अभिलाषाहरुमाथि तपाईंले कसरी विजय पाउन सक्नुहुन्छ ?***

  ..........................................................................................................................................

  ..........................................................................................................................................

  ..........................................................................................................................................

- ***गलाती ५:१९ – २१ पढ्नुहोस्***। यदि तपाईंले यहाँ कुनै शब्द बुझ्नु भएन भने, त्यसलाई बाइबल शब्दकोशमा हेर्नुहोस्।
- यदि तपाईंलाई यो त छोडिए छ भन्ने लागेमा, सूचीमा दिइएको अन्तिम विषयलाई नियालेर हेर्नुहोस्। सूचीवद्ध गरिएका विषयसँग मिल्दोजुल्दो अन्य कुनै विषय भए त्यो यसै अन्तरगत पर्दछ।
- ***शारीरिक अभिलाषाको दर्जा दिन मिल्ने तपाईंको जीवनमा गत महिना घटेको कुनै त्यस्तो घटना बारे के संझन सक्नुहुन्छ ? त्यो के घटना थियो होला ?***

  ..........................................................................................................................................

  ..........................................................................................................................................

  ..........................................................................................................................................

- ***गलाती ५:२२ – २३ पढ्नुहोस्***। यहाँ उल्लेख गरिएका कुनै शब्दहरु बुझ्नु भएन भने, शब्दकोश वा अन्य कुनै सन्दर्भ पुस्तकमा हेर्नुहोस्। यहाँ नौ वटा विशेषताहरु (गुणहरु) सूचीवद्ध गरिएका छन्।
- ***ती गुणहरुमध्ये कुनचाहिँ तपाईंको जीवनमा विकास गर्नुपर्ने देख्नुहुन्छ ?***

  ..........................................................................................................................................

  ..........................................................................................................................................

  ..........................................................................................................................................

- *गलाती ५:२४ – २५ पढ्नुहोस् । यदि तपाईं ख्रीष्टमा हुनुहुन्छ भने, तपाईंलाई नियन्त्रण गर्न खोज्ने सांसारिक तथा शारीरिक अभिलाषाहरु र वासनाहरुलाई के गरिनुपर्दछ ?*

- *तपाईंको जीवनमा शरीरका कार्यहरुलाई कसरी क्रूसमा टाँग्न वा मार्न सक्नुहुन्छ ?*

- *के त्यसो गर्नको निम्ति अथक परिश्रम गरेर बेस्सरी बलबुत्ता लगाए हुन्छ कि पवित्र आत्मामा हिंड्न सिके पुग्छ ?*

- *तपाईंले सामना गरिरहनुभएका शारीरिक अभिलाषा वा कार्यहरुको सूची बनाउनुहोस् ।*

- *तपाईंले मेरो जीवनबाट यी शरीरका अभिलाषाहरुलाई हटाइदिनुभएको र त्यही पुराना शरीरका अभिलाषाहरुले मलाई पापमा फँसाउन खोज्दा मलाई सजग तुल्याइदिनुभएको म चाहन्छु भनेर परमेश्वरलाई भन्नुहोस् । ती परीक्षाहरुमा फँस्दाखेरि भोग्नुपर्ने परिणामहरु पनि मलाई संझना दिलाइदिनुहोस् भनी उहाँसित बिन्ती गर्नुहोस् ।*
- *गलत कार्य गर्ने इच्छालाईभन्दा सही कार्य गर्ने चाहनालाई अझै बलियो बनाइदिनुहोस् भनी प्रार्थना गर्नुहोस् ।*
- *मलाई आत्मामा हिंड्न सिकाउनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस् । हाम्रो अर्को पाठको मुख्य लक्ष्य नै यही हुनेछ ।*

हेर्नुहोस्, गलाती ५:२२ मा उल्लेख गरिएको "फल" शब्द एक वचनमा लेखिएको छ। अर्को शब्दमा, तपाईंको जीवनमा यी नौ वटा गुणहरु त पवित्र आत्माको फल हुन्। यदि तपाईंसँग एउटा गुण छ भने, तपाईंसित कुनै न कुनै मात्रामा सबै गुणहरु भएकै हुन्छन्। यी कुरा आत्म – सुधारको निम्ति तपाईंले गर्नुभएका यत्न – प्रयत्नहरुको परिणाम होइनन्, बरु तपाईंलाई ख्रीष्टजस्तै बनाउँदै लैजाने परमेश्वरको आत्माको फल तपाईंको

जीवनमा क्रियाशील भएकोले त्यसो हुन आएको हो। तपाईं जति धेरै येशू ख्रीष्टको ज्ञान र अनुग्रहमा बढ्दै जानुहुन्छ, यी गुणहरु तपाईंमा त्यति नै बढी बढ्दै जानेछन् र तपाईंको व्यक्तित्वलाई फरक तुल्याउनेछन्। त्यसो भइसकेपछि तपाईंको जीवनमा शरीरका अभिलाषाहरुको नियन्त्रण कम रहनेछ।

***दिन - ५: पवित्र आत्मा मेरो जीवनलाई नियन्त्रण गर्न चाहनुहुन्छ***

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- पवित्र आत्माद्वारा भरपूर तथा नियन्त्रित हुनुको अर्थ आज मलाई प्रकाश पारिदिनुहोस् भनेर परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- परमेश्वरलाई म यस किसिमको जीवन जिउन वा पवित्र आत्माद्वारा नियन्त्रित हुन चाहन्छु भन्नुहोस्।

पवित्र आत्मामा हिँड्नु भन्को के हो? अनि, प्रेरित पुस्तकका पदहरुमा चेलाहरु पवित्र आत्माले भरिएका थिए भनी उल्लेख गर्नुको अर्थ के हो ? यही कुरा तपाईंको जीवनमा कसरी यथार्थ बन्न सक्छ ? यी प्रश्नहरु नै यस अध्ययनको मुख्य विषय हुन्।

- ***एफिसी ५:१८ पढ्नुहोस् । यहाँ लेखिएको कुरा आज्ञा हो कि केवल सल्लाह हो ?***

  ........................................................................................................................

  ........................................................................................................................

- ***जब कोही व्यक्ति अति मदिरा सेवनले लठ्ठ मातेको हुन्छ, त्यस बेला उसको जीवन कसको वा केको नियन्त्रणमा हुन्छ ?***

  ........................................................................................................................

  ........................................................................................................................

  ........................................................................................................................

- ***पवित्र आत्माको भरपूरी हुनुसित यो कुरो कसरी तुलना हुनसक्छ ?***

  ........................................................................................................................

  ........................................................................................................................

तपाईंले बुझिसक्नुभएको छ – पवित्र आत्मा कुनै रहस्यमय शक्तिको श्रोत होइन, तर पवित्र आत्मा त तपाईंको जीवन र तपाईंका वरिपरि भएकाहरुमा परमेश्वरको अलौकिक प्रकटीकरण हो। पवित्र आत्माले भरिनुले अलौकिक ईन्धनले भरिनुको विम्बलाई झल्काउनु हुँदैन, बरु परमेश्वरको आत्मालाई तपाईंको जीवनको हर क्षेत्रमा भरिन दिनु हो। परमेश्वरलाई आफ्नो जीवन पूर्ण रुपमा नियन्त्रण गर्न सुम्पने व्यक्ति नै पवित्र आत्माले भरिएको व्यक्ति हो। बाइबलका अन्य ठाउँहरुमा आत्माले भरपूर हुनुलाई "आत्मामा हिँड्नु" भनेर उल्लेख गरिएको पाइन्छ। खासमा, तपाईंले पवित्र आत्माको भरपूरी टनाटन पाउने कुरा होइन, बरु ***तपाईंचाहिँ*** पवित्र

आत्माद्वारा झन्झन् बढी नियन्त्रित हुँदै जानु हो।

- ***एफिसी ४:३० पढ्नुहोस् । तपाईंले पवित्र आत्मालाई सन्ताप पुऱ्याउन सक्नुहुनेरहेछ सो बारे उदाहरण दिनुहोस्।***

..................................................................................................................................

..................................................................................................................................

- ***१ थेसलोनिकी ५:१९ पढ्नुहोस् । पवित्र आत्मालाई निभाउनु, सन्ताप दिनु, टाढा राख्नुको उदाहरण पेश गर्नुहोस् ।***

..................................................................................................................................

..................................................................................................................................

जब तपाईं आफ्नो जीवनमा पापलाई काम गर्न दिनुहुन्छ, त्यस बेला तपाईं परमेश्वरको आत्माको नियन्त्रणलाई सीमित तुल्याउनुहुन्छ। अघिल्लो पाठमा तपाईंले अध्ययन गर्नुभएझैं जब परमेश्वरले तपाईंलाई उचित कार्य गर्न, पापसित जुध्न, र त्यसका परिणामहरुदेखि जोगिन तपाईंसित पवित्र आत्माद्वारा बोल्नुहुन्छ, त्यस बेला पनि उहाँको कुरा इन्कार गर्नुभएमा तपाईंले आफ्नो जीवनमाथि परमेश्वरको नियन्त्रणलाई सीमित पार्नुहुन्छ।

- ***१ यूहन्ना १:९ पढ्नुहोस् । तपाईंको जीवनमा पवित्र आत्माको भरपूरी हुन र नियन्त्रण रहन दिने तयारी क्रममा शरीरका कार्यहरुचाहिँ तपाईंको जीवन तथा परमेश्वरसितको तपाईंको सम्बन्धलाई तहसनहस तुल्याउने पापहरु हुन् भन्ने कुरामा उहाँसित समहत हुँदै परमेश्वरको सामुन्ने तपाईंले अहिलेसम्म स्वीकार नगर्नुभएका पापहरुको सूची बनाउनुहोस् ।***

..................................................................................................................................

..................................................................................................................................

- ***परमेश्वरले पाप क्षमा गर्नुहुन्छ र सबै अधार्मिकतादेखि उहाँले शुद्ध पार्नुहुन्छ भन्ने उहाँको प्रतिज्ञा दावी गर्दै तपाईंले तयार पार्नुभएको पाप सूचीमाथि ठूलो अक्षरमा १ यूहन्ना १:९ लेख्नुहोस् ।***
- ***१ यूहन्ना ५:१४ – १५ पढ्नुहोस् । तपाईं पवित्र आत्माद्वारा भरपूर हुनु के उहाँको इच्छा हो ? किन?***

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

- ***तपाईं पवित्र आत्माद्वारा भरपूर हुनुपर्छ भनी तपाईंलाई आज्ञा दिने कुन पद योभन्दा अगाडि हेर्नुभयो ?***

..................................................................................................................................

..................................................................................................................................

- अब एक क्षण रोकिनुहोस् अनि पवित्र आत्माले तपाईंलाई भर्न वा सशक्तिकरण गर्न साथै तपाईंको समझ, हृदय, आत्मा र प्राण हरेक क्षेत्रमा नियन्त्रण गर्न परमेश्वरसित बिन्ती गर्नुहोस् । तपाईंले जुन बेला आफ्नो जीवनमाथि पुनः अधीन गर्न खोज्नुहुन्छ त्यस बेला मलाई सजग गराइदिनुहोस् भनेर पनि प्रार्थना गर्नुहोस् ।
- तपाईंले योभन्दा अगाडि कुनचाहिँ पदमा पवित्र आत्माले तपाईंको पाप, धार्मिकता र इन्साफ प्रकट गरिदिनुहुन्छ भनी देख्नुभयो ?

 ..........................................................................................................................

 ..........................................................................................................................

- १ यूहन्ना ५:१४ – १५ आधारमा, मलाई पवित्र आत्माले भरिदिनुहोस् भनी तपाईंले गर्नुभएको प्रार्थना के परमेश्वरले सुन्नुभयो ?

 ..........................................................................................................................

 ..........................................................................................................................

- कलस्सी २:६ पढ्नुहोस् । तपाईंले केही कार्य गरेर अनन्त जीवन कमाउने सोचले के येशू ख्रीष्टलाई प्रभु र मुक्तिदाताको रुपमा ग्रहण गर्नुभयो ? वा परमेश्वरले बाइबल धर्मशास्त्रमा बोल्नुभएको कुरामा विश्वास गरी विश्वासद्वारा परमेश्वरको अनुग्रह स्वीकार गर्नुभयो ?

 ..........................................................................................................................

 ..........................................................................................................................

- माथिका पदहरुअनुसार, तपाईं आत्मामा कसरी हिँड्नुहुन्छ ?

 ..........................................................................................................................

 ..........................................................................................................................

- के आत्माले भरपूर हिँडाइ भावनामा, कार्यमा वा अनुभवमा आधारित हुने कुरा हो ? वा परमेश्वरले बाइबल धर्मशास्त्रमा बोल्नुभएको कुरामा विश्वास गरी विश्वासद्वारा परमेश्वरको अनुग्रह स्वीकार गर्नुमा निर्भर हुने कुरा हो ?

 ..........................................................................................................................

 ..........................................................................................................................

नोटहरु: अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

## पाठ ४ सत्य : परमेश्वर मसँग बाइबलद्वारा बोल्नुहुन्छ

***म परमेश्वरलाई अझै बढी कसरी जान्न सक्छु ?***

***कण्ठस्थ पदः २ तिमोथी ३ःं१६ - १७***

***यस हप्ताको प्रमुख विचार : बाइबल परमेश्वर**द्वारा प्रेरित र **शतप्रतिशत सत्यताको निम्ति मेरो मापदण्ड हो । यही धर्मशास्त्रद्वारा म सबै थोकको मूल्याङ्कन र परमेश्वरसित मेरो सम्बन्धलाई प्रगाढ पार्न सक्छु ।***

परमेश्वरले पिता, पुत्र र पवित्र आत्माको रुपमा आफ्नो जीवन तपाईंको जीवनसित गुथ्नुभएको छ। उहाँलाई अझ राम्ररी चिन्नु यस अध्ययनको मुख्य उद्देश्य हो । तपाईंले मानिसहरुसँग जति धेरै समय विताउनुहुन्छ, कुराकानी गर्नुहुन्छ र उनीहरुले भनेका कुरा ध्यान दिएर सुन्नुहुन्छ, त्यति नै बढी उनीहरुलाई चिन्दैजानुहुन्छ। यदि तपाईं परमेश्वरसित आफ्नो सम्बन्ध विकास गर्न चाहनुहुन्छ भने त्यहाँ पनि यही कुरा लागू हुन्छ। परमेश्वरको आत्मा बाइबलद्वारा तपाईंसँग बोल्नुहुन्छ र तपाईंचाहिँ उहाँसँग प्रार्थनामा बोल्नुहुन्छ। बाइबलको परमेश्वरसित प्रार्थनामा समय बिताउनुचाहिँ येशू ख्रीष्टको चेला हुनुको अति महत्त्वपूर्ण हिस्सा हो । अन्य आवाजहरुलाई परमेश्वरको आत्माको आवाज भनेर भ्रममा पर्न सक्छौं भनी तपाईंले पाठ तीनमा अध्ययन गर्नुभएको छ । यस संभावनालाई न्यूनीकरण गर्न परमेश्वरले आफ्नो सत्यता लिखित रुपमा बाइबलमा दिनुभएको छ, र उहाँको आत्माले कहिल्यै पनि बाइबल विपरीत बोल्नुहुनेछैन भनी तपाईं सुनिश्चित हुन सक्नुहुन्छ।

बाइबलचाहिँ तपाईंको परमेश्वरसितको सम्बन्धको मुटु हो। तपाईंले परमेश्वर सम्बन्धमा जे - जे जान्नुहुन्छ, सो तपाईंले बाइबलमा सिक्नुहुन्छ। जब तपाईंले आफूजस्ता मानिसहरुले जिएका जीवनमा जीवनका आधारभूत सिद्धान्तहरु र सत्यताहरु पत्ता लगाउनुहुन्छ, तब तपाईंले आफ्नै बारेमा पनि बाइबलमा सिक्न पाउनुहुन्छ । तपाईंले परमेश्वरको वचनको अखण्ड सत्यद्वारा जीवनका हरेक थोकलाई लेखाजोखा गर्न सक्नुहुन्छ।

***दिन - १ः बाइबल मेरो निम्ति परमेश्वरको वचन हो***

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- तपाईंले उहाँसित आफ्नो सम्बन्ध निर्माण गर्नुपर्छ भन्ने बारेमा जति धेरै बाइबलद्वारा सिक्दैजानुहुन्छ, तपाईंभित्र परमेश्वरप्रति भक्तिभाव जगाइदिन उहाँसित बिन्ती गर्नुहोस्।

बाइबल एउटा अद्धितीय पुस्तक हो। यो पुस्तक परमेश्वरको ***बारेमा*** लेखिएको पुस्तक मात्रै होइन, योचाहिँ १६०० वर्षको समयावधिमा तीन महादेशहरुमा अद्धितीय व्यक्तित्वहरु, दृष्टिकोणहरु, संस्कृतिहरु र शब्दभण्डार

भएका ४० जनाभन्दा बढी लेखकहरुलाई प्रयोग गरी परमेश्वर***द्वारा*** लेखिएको पुस्तकको रुपमा दावी गरिन्छ। आज तपाईंजस्तै मानिसहरुसित बेजोड,घनिष्ठ सम्बन्ध विकास गराउने उद्देश्यसहित परमेश्वरले आफूले चाहेका शब्दहरु लेखाउन ती लेखकहरुलाई प्रेरणा दिनुभयो।

बाइबल लिनुहोस् अनि एक क्षणसम्म हातैमा लिइरहनुहोस्। अनि, बाइबललाई हेर्नुहोस्। तपाईंले आफ्नो हातमा तपाईंकै निम्ति लेखिएका उही परमेश्वरका वचनहरु समातिरहनुभएको छ। परमेश्वरद्वारा बोलिएका वचनहरुलाई परमेश्वरको वचन, विधि, गवाही, धर्मशास्त्र, अर्ति, व्यवस्था र अन्य – अन्यजस्ता संज्ञा दिनको निम्ति बाइबलमा विभिन्न पर्यायवाची र शब्दावलीहरु प्रयोग गरिएका छन्। यी सबै कुराले तपाईंले आफ्नो हातमा समातिरहनुभएको अनुपम पुस्तक, अर्थात तपाईंको निम्ति लेखिएको परमेश्वरको प्रेम पत्रलाई इंगित गर्दछन्।

- ***२ तिमोथी ३:१६ – ७५ पढ्नुहोस्।*** पावलले प्रेरणा शब्दको निम्ति अक्षरशः "परमेश्वरद्वारा अभिव्यक्त " अर्थ जनाउने ग्रीक शब्द प्रयोग गरेका थिए। ***बाइबल परमेश्वरद्वारा कति अभिव्यक्त वा अभिप्रेरित रहेछ ?***

  ..............................................................................................................

  ..............................................................................................................

- ***हितोपदेश ३०:५ – ६ पढ्नुहोस्। जब तपाईं बाइबल पढ्नुहुन्छ, के तपाईं मूल विषय पत्ता लगाउन, कथा बुझ्न मात्रै केन्द्रित हुनुहुन्छ कि बाइबलमा लेखिएका एक – एक शब्द बुझ्न केन्द्रित हुनुहुन्छ ?***

  ..............................................................................................................

  ..............................................................................................................

- ***मत्ती ५:१७ – १८ पढ्नुहोस्।*** यहाँ येशूले उल्लेख गर्नुभएका ***मात्रा*** वा ***बिन्दु*** हिब्रू वर्णमालाको सबैभन्दा सानो अक्षर र कलमको सबैभन्दा सानो थोप्लो हो। परमेश्वरले बाइबलका हरेक शब्दलाई मात्रै संरक्षण गर्नु हुन्न, तर स्वर्ग र पृथ्वी रहेसम्म त्यहाँ लेखिएका प्रत्येक अक्षरलाई संरक्षण गरेर राख्नुहुन्छ भनेर येशूले भनिरहनुभएको छ।

परमेश्वरले धर्मशास्त्रको हरेक शब्दलाई संरक्षित गर्ने मात्रै प्रतिज्ञा गर्नुभएको छैन, तर पृथ्वीमा एक – एक भाषामा उहाँ आफ्नो सत्यतालाई स्पष्ट र विशुद्ध रुपमा सञ्चार गर्न पनि सक्षम हुनुहुन्छ। समय काल खण्डमा भाषाहरु परिवर्तन हुँदैजान्छन्, र बाइबल अनुवादचाहिँ नित्य क्रममा बढ्दो छ। कतिपय अनुवादचाहिँ अन्य अनुवादभन्दा राम्रा र सही हुन्छन्। सबैभन्दा महत्त्वपूर्ण कुरा, अहिले तपाईंको हातमा बाइबल छ। बाइबल पढ्नुहोस्, अध्ययन गर्नुहोस्, प्रेम गर्नुहोस्, विश्वास गर्नुहोस् अनि सोअनुसार जिउनुहोस्! तपाईं बाइबलीय ज्ञानमा जति बढ्दै जानुहुन्छ, तपाईंले आफू, आफ्नो भाषा र आफ्नो संस्कृतिको निम्ति यो अनुवादचाहिँ उत्तम रहेछ भनेर थाहा पाउन सक्षम हुनुहुनेछ।

- ***भजनसङ्ग्रह १९:७ – ११ पढ्नुहोस्। बाइललाई इंगित गर्न प्रयोग गरिएका विभिन्न पर्यायवाची***

***शब्दहरुलाई हेक्का राख्नुहोस् अनि तपाईंले यस अध्यायमा भेट्नुभए जति उहाँका वचनका विशेषताहरु (गुणहरु) को सूची तयार पार्नुहोस्।***

..............................................................................................................................

..............................................................................................................................

- ***भजनसङ्ग्रह ११९:९७ - १०४ पढ्नुहोस्।*** भजनसङ्ग्रह ११९ का १७६ पदहरुमध्ये तीन पदहरुमा बाहेक अरु सबै पदहरुमा परमेश्वरको वचनलाई कुनै न कुनै तरिकाले उल्लेख गरिएको पाइन्छ। र, बाइबलको यो नै सबैभन्दा लामो अध्याय पनि हो। जब तपाईं यो अध्याय पढ्नुहुन्छ, तब भजन लेखकको परमेश्वर र उहाँको वचनप्रतिको प्रगाढ र प्रेममय सम्बन्धलाई ध्यानपूर्वक नियाल्नुहोस्।
- ***भजन लेखकले परमेश्वरको वचनसितको आफ्नो सम्बन्धद्वारा प्राप्त गरेका पाँच ओटा फाइदाहरु लेख्नुहोस् ।***

..............................................................................................................................

..............................................................................................................................

- ***भजन लेखकले परमेश्वरको वचनसितको आफ्नो सम्बन्धको परिणाम स्वरुप आफ्नो जीवनमा समाहित गरेका पाँच गतिविधिहरु वा प्रवृतिहरुको सूची बनाउनुहोस् ।***

..............................................................................................................................

..............................................................................................................................

- ***तपाईंले आफ्नो जीवनमा ल्याउन खोज्नुभएको कमसेकम एउटा परिवर्तन लेख्नुहोस् अथवा परमेश्वरसितको तपाईंको सम्बन्धलाई बाइबल अध्ययनद्वारा प्रगाढ तुल्याउनको निम्ति कार्य योजना बनाउनुहोस् ।*** उदाहरणको निम्ति, निर्दिष्ट समय र स्थान छुट्याएर हरेक दिन निरन्तर बाइबल अध्ययन गर्ने व्यक्ति बन्न सक्नुहुन्छ।

..............................................................................................................................

..............................................................................................................................

## दिन - २: बाइबलचाहिँ जीवन पथको मेरो ज्योति हो

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- मलाई खीष्ट येशूमा नयाँ जीवन र पाप क्षमाको पूर्ण निश्चयता दिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

बाइबल अध्ययनमा तपाईंले बिताउने समयचाहिँ नितान्त व्यक्तिगत हुनुपर्दछ। र, त्यस समयले परमेश्वरसितको तपाईंको सम्बन्धको विकासमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्दछ। जब मानिसहरुले बाइबल पट्यारलाग्दो अथवा बुझ्न असंभव पुस्तक हो भन्ने गर्दछन्, त्यसको अर्थ उनीहरुको परमेश्वरसित साँचो सम्बन्ध नहुनु हो अर्थात

परमेश्वर आफ्नो वचनद्वारा हामीसित कसरी सञ्चार गर्न चाहनुहुन्छ भन्ने उनीहरुलाई ज्ञानको कमि हुनु हो।

बाइबल अध्ययनको उद्देश्य ज्ञान प्राप्त गर्ने मात्रै हुनुहुँदैन, बरु परमेश्वरसितको तपाईंको हिँडाइलाई अझै घनिष्ठ तुल्याउने र दिन – दिनको जीवनमा आइपर्ने चुनौतीहरु तथा अवसरहरुमा उहाँको सत्यता पत्ता लगाउने हुनुपर्दछ। बाइबल ज्ञानले मात्रै परमेश्वरसितको प्रगाढ सम्बन्धलाई सुनिश्चित पार्दैन। परमेश्वरसित आफ्नो सम्बन्धलाई बढाउँदै लैजानको निम्ति तपाईंले परमेश्वरको आत्मालाई आफ्नो जीवनलाई अधीन गर्न र जीवनका सम्पूर्ण क्षेत्रहरुमा उहाँको सत्यतालाई लागू गर्न दिनुपर्दछ।

- ***भजनसङ्ग्रह ११९:१०५ पढ्नुहोस् । तपाईंको मार्गमा बाइबललाई ज्योति बन्न दिनुपर्छ भन्नुको अर्थ तपाईंको विचारमा के हो सो बारे वर्णन गर्नुहोस् ।***

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***तपाईंले गर्नैपर्ने निर्णय बारे एउटा निर्दिष्ट उदाहरण प्रस्तुत गर्नुहोस् र त्यसपछि सही निर्णय गर्नको लागि बाइबलबाट मलाई प्रकाश दिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस् ।*** यदि आफूलाई आवश्यक परेको उज्यालो पाउन बाइबलमा कहाँ जानुपर्छ भनेर तपाईंलाई थाहा छैन भने,सहायताको निम्ति अझै परिपक्व विश्वासीलाई अनुरोध गर्नुहोस्।

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***हिब्रू ४:१२ पढ्नुहोस् ।*** तपाईंले पढिरहनुभएको बाइबल संस्करणमा छिटो र शक्तिशाली शब्दहरु लेखिएका हुनसक्छन्। छिटो शब्दको अर्थ जीवित हुन्छ। तपाईंले नङ् काट्दाखेरि नङ्मुनिको कोमल भागलाई पनि असर पर्न सक्छ किनकि त्यो जीवित भाग हो। बाइबल शक्तिशाली र जीवित दुवै हो ! बाइबलमा अभिलेखीकरण गरिएका कथा र सिद्धान्तहरु शताब्दियौं अगाडि लेखिएका थिए। यद्यपि, विगतका मानिसहरुका जीवनमा झैं यही सत्यता वर्तमान मानिसहरुका जीवनमा त्यतिकै व्यावहारिक भइरहेको सन्दर्भमा बाइबलका कथा र सिद्धान्तहरु आज पनि जीवन्त छन्।
- ***रोमी १५:४ पढ्नुहोस् । गत महिना बाइबलबाट तपाईंले पाउनुभएको ढाडस वा आशा कसरी प्राप्त गर्नुभयो सो बारे एउटा खाँटी उदाहरण दिनुहोस् ।***

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***१ कोरिन्थी १०:१ – ११ पढ्नुहोस् ।*** परमेश्वरको सत्यता आज पनि हाम्रो हितको निम्ति जीवन्त छ भन्ने कुरा देखाउन पुरानो नियममा उल्लेखित हिब्रूहरुको मिश्रदेखिको प्रस्थानलाई उदाहरण स्वरुप प्रयोग गरेका छन्। ***यो हप्तामा पालन गर्नुपर्ने उदाहरणको रुपमा वा कुनै कुरा छाड्नपर्ने चेतावनीको रुपमा वा तपाईंलाई मार्गनिर्देशन गर्ने सत्यताको रुपमा तपाईंले प्रयोग गर्नुहुने एउटा निर्दिष्ट बाइबल खण्ड***

***लेख्नुहोस् ।*** सायद, आज तपाईंले यस पाठमा अध्ययन गरिरहनुभएको खण्ड पनि हुनसक्छ।

## दिन - ३: परमेश्वरको आत्माले मलाई बाइबल सिकाउनुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- मेरो जीवनलाई परिवर्तन गर्ने कुरा बाइबलदेखि आज मलाई सिकाउनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

जो कोहीले पनि बाइबललाई साहित्यको रुपमा पढ्न सक्छन् र धेरैले त्यसो पनि गर्छन्। यद्यपि, यदि मानव ज्ञानले मात्रै बुझ्न नसक्ने प्रगाढ सम्बन्ध परमेश्वरसित विकास गर्ने तपाईंको लक्ष्य हो भने, तपाईंले आत्मिक आयामलाई विचार गर्नैपर्दछ। तपाईंभित्र वास गर्नुहुने परमेश्वरको आत्माले तपाईंलाई परमेश्वरको सत्यतामा डोर्‍याउनुहुन्छ।

- ***यूहन्ना १४ः६ र १६ः१३ – १५ पढ्नुहोस् ।*** बाइबल ईश्वरीय प्रकाश भएको हुनाले परमेश्वरले तपाईंलाई उहाँको वचनको सही ज्ञानतिर मार्गनिर्देशन गर्नुहुनेछ। तपाईं ख्रीष्ट अनुयायी हुनुभएकोले तपाईंभित्र वास गर्नुहुने पवित्र आत्माद्वारा परमेश्वरले तपाईंलाई मार्गनिर्देशन गर्नुहुन्छ।
- ***१ कोरिन्थी २ः६ – ९ पढ्नुहोस् । पावलले यी पदहरुमा तुलना गरेका दुई प्रकारका बुद्धिहरु के के हुन् ?***

  ....................................................................................................................................

  ....................................................................................................................................
- ***१ कोरिन्थी २ः१० – १२ पढ्नुहोस् ।*** परमेश्वरको आत्माले तपाईंलाई परमेश्वरको बुद्धि साथै तपाईंले आफ्नै ज्ञानमा बुझ्न नसक्ने परमेश्वरका गहिरा कुराहरु सिकाउनुहुन्छ भनी पावलले बताएका छन्।
- ***१ कोरिन्थी २ः१३ पढ्नुहोस् ।*** पवित्र आत्माले तपाईंलाई आत्मिक कुरासित आत्मिक कुराको तुलना गरेर (वा बोध गराइदिएर) परमेश्वरको सत्यता सिकाउनुहुन्छ। अर्को शब्दमा भन्नुपर्दा, परमेश्वरको आत्माले बाइबलको एक ठाउँमा उल्लेखित आत्मिक सत्यतालाई बाइबलकै अर्को ठाउँमा उल्लेखित आत्मिक सत्यतासित तुलना गरेर आत्माले पवित्र आत्माद्वारा नियन्त्रित मानिसलाई परमेश्वरको सत्यता सिकाउनुहुन्छ।
- ***१ कोरिन्थी २ः१४ पढ्नुहोस्।*** ख्रीष्टमा नयाँ जीवन नपाएका स्वाभाविक मानिसहरुले धर्मशास्त्रको आत्मिक गहनता बुझ्न सक्दैनन्। बाइबल धर्मशास्त्रलाई जसले पनि सतही रुपमा पढ्न सक्छन् तर परमेश्वरको सत्यताचाहिँ आत्मिक रुपले जाँचिएका हुन्छन् वा परमेश्वरका छोराछोरीले मात्रै बुझ्न सक्दछन्। परमेश्वरलाई नचिनेका मानिसहरुको समझदेखि उहाँको सत्यता छुपाइएको छ। परमेश्वरको आत्माको सहायताद्वारा मात्रै उहाँको सत्यता पूर्ण रुपमा बुझ्न सकिन्छ।

- ***१ कोरिन्थी २:१५ – १६ पढ्नुहोस् ।*** पवित्र आत्माद्वारा नियन्त्रित मानिस बाइबलको सत्यता मूल्याङ्कन गर्न, बुझ्न र जाँच्न सक्षम हुन्छ किनकि उसले धर्मशास्त्रद्वारा र पवित्र आत्माको मार्गनिर्देशनबाट ख्रीष्टको मन जान्दछ।

हामीभित्र वास गर्नुहुने पवित्र आत्माद्वारा जो विश्वासीसित पनि परमेश्वरको वचनको गहन सत्यतामा पुग्ने पहुंच हुन्छ। यद्यपि, पवित्र आत्माले तपाईंलाई परमेश्वरको सत्यता सिकाउन आन्तरिक आवाज र शक्तिलाई प्रयोग गर्नुको साथै अन्य माध्यमहरु पनि प्रयोग गर्नुहुन्छ।

- ***प्रेरित ८:२६ – ३१ पढ्नुहोस्।*** पवित्र आत्माले इथोपियन नपुंसकले पढिरहेको धर्मशास्त्र उसैलाई बुझाउनको निम्ति फिलिपलाई प्रयोग गर्नुभयो। परमेश्वरको आत्माले कहिलेकाहीं तपाईंको जीवनमा पनि अरु विश्वासीहरुलाई यसरी नै प्रयोग गर्नुहुन्छ।

- ***एफिसी ४:११ – १६ पढ्नुहोस्।*** याद गनुहोस् – परमेश्वरले विश्वासीहरुलाई परमेश्वरको सत्यतामा निर्माण गर्नको निम्ति मण्डलीलाई पास्टर तथा शिक्षकहरु दिनुभएको हुन्छ। धेरै पटक ती पास्टर तथा शिक्षकहरुले आफ्ना लेखहरु, टिपोटहरु, वा पवित्र आत्माले आफूलाई सिकाउनुभएअनुसार परमेश्वरको वचनद्वारा जीवन अनुभवहरु खार्दै आफूले सिकेका पाठहरु सञ्चार गर्न अन्य माध्यमहरुद्वारा हामी बीच सेवकाइ गर्दछन्।

- ***पवित्र आत्मा बाहेक तपाईंलाई बाइबल सिकाउन सहायता पुऱ्याउनको निम्ति परमेश्वरले तपाईंको जीवनमा अरु को को व्यक्तिहरु राखिदिनुभएको छ ?***

  ..............................................................................................................................

  ..............................................................................................................................

- ***तपाईंलाई सिकाउने अरु व्यक्तिहरुका यत्न - प्रयत्नहरुबाट अझ धेरै लाभाविन्त हुनको निम्ति तपाईंले चाल्नुहुने कमसेकम एउटा कदम लेख्नुहोस् ।***

  ..............................................................................................................................

  ..............................................................................................................................

## दिन - ४: बाइबल मेरो पूर्ण अख्तियारको श्रोत हो

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- तपाईंको अकाट्य सत्यको अधीनमा ल्याइनुपर्ने मेरा जीवनका कुनै पनि क्षेत्रहरु प्रकट गरिदनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

बाइबल परमेश्वरको वचन भएको हुनाले तपाईंले निर्णय गर्दा र आफ्नो जीवन जिउँदा बाइबललाई नै आफ्नो

पूर्ण अख्तियार मानेर तपाईं बाइबलमा नै अडिग रहनुहोस्। तपाईंका आफ्ना धारणा तथा विचारलाई समर्थन गर्ने कुरा बाइबलमा खोज्नुभन्दा पनि परमेश्वरको सत्यताले नै तपाईंका धारणाहरु स्थापित हुन सहायता गरेको हुनुपर्दछ। आफ्नो भावना वा मानव स्वभावमा आधारित भएर निर्णय गर्नुभन्दा पनि तपाईंले परमेश्वरका सत्यताका सिद्धान्तहरुको आधारमा निर्णय गर्नुपर्दछ। बाइबलचाहिँ परमेश्वरले तपाईंलाई दिनुभएको अकाट्य सत्यता हो,जसद्वारा तपाईंले आफ्ना परिस्थितिहरु,भावनाहरु, अनुभवहरु र विचारहरुलाई मूल्याङ्कन गर्न सक्नुहुन्छ।

- ***मत्ती १७:१ - ५ पढ्नुहोस्***। येशू प्रभु अकास्मात आफ्नो प्रतापको पूर्ण महिमामा प्रकट हुन परिवर्तन हुनुभएको हुँदा यस अध्यायमा येशूको जीवन र सेवकाइको उत्कर्षपूर्ण क्षणको वर्णन गरिएको पाइन्छ। उहाँका अति नजीकका तीन जना चेलाहरु पत्रुस, याकूब र यूहन्ना उहाँसँगै थिए। र, उनीहरुले त्यस अद्भूत अनुभवलाई कहिल्यै बिर्सेनन्।
- ***२ पत्रुस १:१६ - १८ पढ्नुहोस्***। पत्रुसले येशूसँग डाँडामा बिताएको त्यो अनुभवलाई वर्षौंपछि लेखेका छन्। ***आफ्नो आँखा बन्द गर्नुहोस् अनि येशूलाई उहाँको पूर्ण वैभवमा देखेको र पिता परमेश्वरको आवाजलाई सुनेको कल्पना गर्नुहोस् ।***
- ***२ पत्रुस १:१९ पढ्नुहोस् ।*** आफ्नो आँखाले देखेका र कानले सुनेका साक्षीभन्दा पनि अझै बढी ढुक्क हुनुपर्छ भनी पत्रुसले केलाई ठानेका थिए ?

  ......................................................................................................................

  ......................................................................................................................
- ***२ पत्रुस १:२० - २१ पढ्नुहोस्***। पत्रुसले जुन अगमवाणीको विषयमा चर्चा गरेका हुन् त्यो धर्मशास्त्र हो। यो परमेश्वरको वचनलाई इंगित गर्ने अर्को तरिका हो। तपाईंले अघिल्लो पाठमा बाइबलचाहिँ परमेश्वरको प्रेरणाद्वारा लेखिएको हो भनी सिक्नुभएको कुरालाई यस खण्डले पनि पुष्टि गर्दछ। बाइबलचाहिँ परमेश्वरको आत्माद्वारा नियन्त्रित व्यक्तिहरु माध्यम भएर परमेश्वरको आत्माले बोल्नुभएको उपज भएको हुनाले बाइबल पूर्ण अख्तियारवाला पुस्तक हो।
- ***मत्ती ७:२९ पढ्नुहोस् ।*** जब येशूले शिक्षा दिई सक्नुभयो, उहाँले जुन अख्तियारसहित बोल्नुभयो सो देखेर मानिसहरु छक्क परे। उहाँले परमेश्वरको वचन बोल्नुहुन्थ्यो।
- ***जब तपाईं बोल्नुहुन्छ के मानिसहरुले साँच्चै सुन्छन् त ?***

  ......................................................................................................................

  ......................................................................................................................

  ......................................................................................................................
- ***परमेश्वरको वचनको अख्तियारलाई अरुहरुसित सञ्चार गर्दाखेरि कसरी समाहित गर्न सक्नुहुन्छ ?***

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

- ***तपाईंले आफ्नै जीवनमा लागू गर्न सिक्नु भएको एउटा बाइबलीय सत्यता लेख्नुहोस् ताकि परमेश्वरले तपाईंलाई कुनै व्यक्तिलाई सो कुरा बताउने मौका दिनु हुँदाखेरि बाँड्न सक्नुभएको होस् ।***

.................................................................................................................

.................................................................................................................

- ***यूहन्ना १७:१७ पढ्नुहोस् ।*** येशूले पितासँग प्रार्थना गर्दाखेरि परमेश्वरको वचन सत्य छ भनी घोषणा गर्नुभयो। बाइबल साँचो मात्रै होइनन्र बाइबल त परमेश्वरको अकाट्य सत्यता हो।
- ***१ यूहन्ना १:१ – २ र १:१४ पढ्नुहोस्।*** येशू खीष्ट आफै जीवित वचन हुनुहुन्छ। बाइबलचाहिँ परमेश्वरको लिखित वचन हो। बाइबल जीवित र परमेश्वरको लिखित वचन दुवै भएकोले जीवनको हर क्षेत्रमा तपाईंलाई निर्देशन दिने परमेश्वरको पूर्ण र अकाट्य अख्तियार बाइबलले प्रतिनिधित्व गर्दछ।
- ***बाइबलको पूर्ण सत्यतादेखि तपाईंको जीवनको असुरक्षा, डर, शंका वा प्रश्नका कुन क्षेत्रहरु लाभान्वित हुन सक्छन् र बाइबलीय सत्यतालाई ती क्षेत्रहरुमा कसरी लागू गर्न सक्नुहुन्छ ?***

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

## दिन - ५: बाइबल परमेश्वरसँगको मेरो दैनिक सम्पर्क - माध्यम हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- बाइबलद्वारा तपाईंसित दैनिक समय बिताउनमा नियमित बन्नको लागि मलाई सामर्थ्य र अनुशासन दिनुहोस् भनी परमेश्वरसित भनी प्रार्थना गर्नुहोस्।

परमेश्वरसित सम्बन्ध प्रगाढ पार्नका निम्ति बाइबलमा बिताइने दैनिक समयबाहेक अन्य कुराको महत्त्व धेरै कम हुनसक्छ। तपाईंले परमेश्वरसितको सम्बन्धलाई बाइबलले कति मजबुत पार्दोरहेछ भन्ने कुरा थाहा भइसकेपछि, तपाईं आनन्द र उत्साहसाथ परमेश्वरको वचन अध्ययन गर्नुहुन्छ।

- ***२ तिमोथी २:१५ पढ्नुहोस्।*** बाइबल बुझ्न अध्ययन चाहिन्छ। र, बाइबल अध्ययन गर्नको निम्ति ठीक र बेठीक दुवै तरिकाहरु छन्। तपाईंको वर्तमान बाइबल अध्ययनको ज्ञान जस्तोसुकै भए पनि आफ्नो बाइबल अध्ययन ज्ञानमा बढ्नु र सुधार गर्नुचाहिँ जीवनभरिकै अविरल यात्रा हो। तपाईंमा बढ्दै जाने आकांक्षा हुनु साथै परमेश्वरको वचनमा दैनिक समय बिताउनको निम्ति आफैलाई अनुशासित गर्ने तत्परता

हुनु नै परमेश्वरले तपाईंदेखि चाहनुभएको एक मात्र कुरा हो।

तपाईं यस कोर्सद्वारा जति अगाढि बढ्दै जानुहुन्छ, तपाईंले त्यति नै बाइबल अध्ययनका उत्तम अभ्यासहरु बसालिरहनुभएको हुन्छ। तपाईंले दिनदिनै बाइबल अध्ययनमा अर्थपूर्ण समय बिताउने बानीको विकास गरिरहनुभएको हुन्छ। यस्तो बानी बसाल्न केही हप्ता मात्रै लाग्दछ। तपाईंले यो अध्ययन सिद्ध्याउनुभएको समयमा तपाईंमा आजीवन अनुशासनको जग स्थापित भइसकेको हुनेछ। र, यहाँ दिइएका अन्तरक्रियात्मक प्रश्नहरुको उत्तर साँच्चि नै लेख्दाखेरि परमेश्वरले बाइबल अध्ययन र प्रार्थनाको प्रतिक्रियामा तपाईंसित बोल्नुभएका कुरालाई दैनिक रुपमा लेख्ने वा टिपोट गर्ने अपूर्व सुन्दर अभ्यासको जग बसालिरहनुभएको हुन्छ।

- ***२ तिमोथी ३:१४ – १५ पढ्नुहोस् ।*** तिमोथीको जीवनमा झैं वचन सुनाइ र विश्वास गराइबाट तपाईंले पापदेखि मुक्ति पाउनुभयो।
- ***पवित्र आत्माको अलावा, तिमोथीको बाइबलीय जग स्थापित हुनुमा कस्ता मानवीय प्रभावहरुले महत्त्वपूर्ण भूमिका खेलेका थिए होलान् भनी तपाईं कल्पना गर्न सक्नुहुन्छ ?***

  ......................................................................................................................

  ......................................................................................................................
- ***१ पत्रुस २:१ – ३ पढ्नुहोस् ।*** नवजात शिशु लगभग क्षणक्षणमा भोकाइरहेको देखिन्छ। परमेश्वरले नवजात शिशुमा आमाको दुध खाएर स्वभाविक बृद्धि हुनको निम्ति दुधको तृष्णा हालिदिनुभएको हुन्छ। तपाईं धेरै वर्षदेखि येशूलाई पछ्याइरहनुभएको भए तापनि आफ्नो आत्मिक यात्रामा बढ्न सकूँ भन्ने उद्देश्यले तपाईंभित्र पनि परमेश्वरको वचनप्रति नवजात शिशुमा झैं तृष्णा हुनुपर्दछ भनेर पत्रुसले भनेका छन्। यदि तपाईंमा आत्मिक तृष्णा छैन भने, परमेश्वरसितको तपाईंको सम्बन्धको स्वास्थ्य बारेमा पद ३ मा पत्रुसले प्रश्न गरेका छन्।
- ***रोकिनुहोस् र परमेश्वरको वचनप्रति तपाईंमा तिर्खा छ कि छैन इमान्दारीसाथ मूल्याङ्कन गर्नुहोस् ।*** हरेक व्यक्ति आत्मिक सुखापनका मौसमहरु भएर गुज्रन्छ तर आत्माले भरपूर व्यक्तिले चाहिँ बाइबल अध्ययनमा बिताइएको समयमा सन्तुष्टि, आनन्द र शान्ति अनुभव गर्नुपर्दछ। यदि तपाईंले बाइबल अध्ययनमा आनन्द र उद्देश्य खट्किरहेको पाउनुहुन्छ भने, निम्न संभावित कारणहरु पो हुन् कि भनेर विचार गर्नुहोस् :
  - ○ के तपाईंले साँच्चै परमेश्वरलाई चिन्नुभएको छ? यदि तपाईं आफ्नो पापदेखि फर्की खीष्ट येशूले क्रूसमा पूरा गर्नुभएको कार्यमा विश्वासद्वारा अघिल्ला पाठहरुमा छलफल गरिएझैं तपाईंले नयाँ जीवनको अनुभव गरिरहनुभएको छैन भने, तपाईंलाई बाइबल धर्मशास्त्र सिकाउनको निम्ति तपाईंको जीवनमा परमेश्वरले राखिदिनुभएका कुनै व्यक्तिसित तुरुन्तै समस्या बताइहाल्नुहोस्।
  - ○ सायद, तपाईं साँचो रुपमा खीष्टको अनुयायी हुनुहोला, तर तपाईंको जीवनमा परमेश्वरसितको

सङ्गतिमा समस्या खडा गरिरहने कुनै पाप वा पापहरु होलान् । यदि अवस्था त्यस्तै हो भने, तपाईं पवित्र आत्माको भरपूरीमा दिनदिनै जिइरहनु भएको छैन । परमेश्वरको सामु आफ्नो पाप स्वीकार गर्नुहोस्, उहाँको पाप क्षमादान र शुद्धयाइँको प्रतिज्ञा दावी गर्नुहोस् अनि आत्मिक यात्रा पुनःसुचारु गर्न पवित्र आत्मा सम्बन्धी पाठ तीनमा दिइएका निर्देशन पालन गर्नुहोस् ।

○ अरु कारणहरु पनि हुन सक्छन् । यदि माथि उल्लेखित परिस्थितिहरुमध्ये कुनै पनि परिस्थिति तपाईंको हकमा लागू भएको आभास हुँदैन भने, बाइबलद्वारा परमेश्वरसित आफ्नो सम्बन्ध विकास गर्ने तरिका पत्ता लगाउन अरु कोही व्यक्तिबाट सहायता लिनुहोस् ।

- ***यूहन्ना १५:१ - १० पढ्नुहोस् ।*** यस अध्यायमा "रहनु" भन्ने शब्द धेरै पटक दोहोरिएको पाइन्छ । ***तपाईंलाई ख्रीष्टमा "रहनु" को अर्थ के हो जस्तो लाग्छ?***

  ..................................................................................................................................

  ..................................................................................................................................

- यूहन्ना १५:७ मा दुई थरिको "रहनु" उल्लेख गरिएको छ । ***ख्रीष्टमा "रहनु" को अलावा प्रार्थनाको जबाफ प्राप्त गर्ने जीवनको निम्ति आवश्यक अर्को थरिको "रहनु" के हो ?***

  ..................................................................................................................................

  ..................................................................................................................................

- पद ५ अनुसार, ख्रीष्टबिना तपाईंले केही पनि गर्न सक्नुहुन्न । ***के तपाईं यस कुरामा साँच्चै विश्वास गर्नुहुन्छ?***

  ..................................................................................................................................

  ..................................................................................................................................

- ***तपाईंले अहिले आफ्नो जीवनमा खेपिरहनुभएका दुई वा तीन वटा अति ठूला चुनौतीहरु के के हुन् ?***

  ..................................................................................................................................

  ..................................................................................................................................

- ***तपाईंले यस कार्यमा, यस गतिविधिमा वा यस चुनौतीमा आफूसितै ख्रीष्टलाई समावेश गर्न गइरहनु भएका वा गर्न लाग्नुभएका कम्तिमा दुई ओटा निर्दिष्ट तरिकाहरु लेख्नुहोस् ।***

  ..................................................................................................................................

  ..................................................................................................................................

  ..................................................................................................................................

***नोटहरु: अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु***

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

## पाठ ५ प्रार्थना : म परमेश्वरसँग कुरा गर्दछु

***मेरो प्रार्थना यस्तो हुनुपर्छ भनी मैले कसरी जान्न सक्छु ?***

***कण्ठस्थ पदः एफिसी ६:१८***

***यस हप्ताको प्रमुख विचार : प्रार्थनाचाहिँ परमेश्वरसितको मेरो प्रत्यक्ष सञ्चार सेवा हो ।***

लूका ११:१ मा लेखिएअनुसार येशूको एकजना चेलाले उहाँलाई भेटेर भन्दछ, “प्रभु, हामीलाई प्रार्थना गर्न सिकाउनुहोस्” । प्रभु येशूले “तौरतरिका” को लामो सूची प्रस्तुत गर्नुभएन तर स्वर्गीय पितासँगको बातचितको नमूना देखाउनुभयो। प्रार्थना भनेको परमेश्वरसँग कुराकानी गर्नु हो। शिशुले बोलेरै बोल्न सिकेझैं तपाईंले पनि प्रार्थना गरेरै प्रार्थना गर्न सिक्नुहुन्छ।

बोल्न सिक्दै गरेको सानो नानीको कुराकानी सामान्य प्रकृतिको हुन्छ भने जीवनका आधारभूत आवश्यकताहरुमा केन्द्रित रहन्छ। उसले “मलाई भोक लाग्यो। मलाई निद्रा लाग्यो। मलाई यो चाहिन्छ। त्यो चाहिन्छ” जस्ता सामान्य वाक्यहरु बोल्दछ। प्रार्थना गर्न सिक्नु भनेको पनि त्यस्तै हो। तपाईंले आधारभूत तहदेखि प्रार्थना शुरु गर्नुहुन्छ, अनि त्यसपछि परिपक्वता हासिल गर्दै जाँदा तपाईंले परमेश्वरसितको कुराकानीको गहिराइमा कुनै सीमा पाउनुहुनेछैन!

यस पाठमा तपाईंले बाइबलीय प्रार्थनाका केही आधारभूत तत्त्वहरु सिक्नुहुनेछ । तर तपाईंको लक्ष्यचाहिँ परमेश्वरसित बातचित गर्ने अनुशासन र बानीको विकास गर्नेमा केन्द्रित हुनुपर्दछ तर प्रार्थनाका विशेष तौरतरिकाहरु सम्बन्धी विज्ञ बन्नुमा होइन । परमेश्वर तपाईंसित बाइबलद्वारा जसरी बोल्नुहुन्छ, तपाईं पनि उहाँसित प्रार्थनामा त्यसरी नै बोल्नुहुन्छ।

### दिन - १: प्रार्थनाचाहिँ परमेश्वरसितको मेरो बाचचितको तरिका हो

दैनिक प्रार्थनाको लक्ष्यः

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- प्रार्थनाका सिद्धान्तहरु अझै राम्ररी बुझ्न मलाई ज्ञान दिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

बाइबलका एकदमै परिचित अध्यायहरुमध्ये एउटा अध्यायचाहिँ तपाईंले पाठ एकमा अध्ययन गरिसक्नुभएको छ। त्यस अध्यायलाई प्रायः “प्रभुको प्रार्थना” भन्ने गरिन्छ। धेरैजसो मानिसहरुले यही सुन्दर प्रार्थनाका शनैशनै शब्दहरु प्रार्थना गर्न रुचाउँछन्। येशूले शब्द – शब्द गरी प्रार्थना गर्न पर्ने प्रार्थनाको ढाँचा प्रस्तुत गर्नुभन्दा पनि आफ्ना चेलाहरुलाई प्रार्थनाको नमूना प्रदान गर्नु नै उहाँको खास आशय थियो। प्रथमतः, प्रार्थना सम्बन्धी येशूले केही सामान्य प्रतिक्रियाहरु मात्रै जनाउनुभयो।

- ***मत्ती ६:५ – ६ पढ्नुहोस् ।*** सामूहिक रुपमा वा अरुहरुसँग मिलेर प्रार्थना गर्नु गलत कुरा होइन। तर परमेश्वरसित बातचित गर्नुभन्दा पनि अरु मानिसलाई सुनाउन र देखाउन गरिने ढोङ्गी प्रार्थनाचाहिँ गलत हो। परमेश्वरसित प्रार्थनामा व्यक्तिगत, एकान्त समय बिताउनुको महत्त्व येशूले सिकाउनुभएको छ।
- ***बाइबल पढ्दै र प्रार्थना गर्दै परमेश्वरसितको तपाईंको दैनिक कायम समय कहिले हो ? र, त्यस समयमा तपाईं खास के के गर्नुहुन्छ ?*** यदि तपाईंलाई अहिलेसम्म पनि आफू र आफ्नो समय तालिकाको निम्ति कामयापी हुने दैनिक सयम छुट्याउन गाह्रो भइरहेको छ भने, हप्तामा पाँच दिनमात्रै विश्वासयोग्यपूर्वक यी पाठहरु पूरा गर्नुभएमा यसले बाइबल अध्ययन र प्रार्थनाको असल आदत विकास गर्न तपाईंको जीवनमा सहयोग पुऱ्याउनेछ।

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

- ***परमेश्वरसित नियमित भेट्न के तपाईंसित ठाउँ छ ? कहाँ?*** परमेश्वरसित भेट्ने थलो तपाईंको घर पनि हुनसक्छ, जहाँ तपाईं एक्लै रहन सक्नुहुन्छ, वा तपाईंले कफी घर वा पुस्तकालयको कुनाजस्ता ठाउँ पनि पत्ता लगाउन सक्नुहुन्छ।

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

- ***मत्ती ६:७ पढ्नुहोस् । येशूले यो पदमा के चेतावनी के चेताउनी दिँदै हुनुहुन्छ ?***

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

- ***मत्ती ६:८ पढ्नुहोस् । परमेश्वरलाई थाहै नभएको तपाईंले प्रार्थनामा मात्रै उहाँलाई बताउन सक्नुहुने कुनै त्यस्तो कुरा छ त ? परमेश्वरसित कुराकानी गर्दा "अशोभनीय" हुने कुनै कुराको विषयमा के तपाईं सोच्न सक्नुहुन्छ ?***

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

- ***मत्ती ६:९ पढ्नुहोस् ।*** तपाईंसँग स्वर्गीय पिता हुनुहुन्छ, उहाँले तपाईंलाई प्रेम गर्नुहुन्छ र तपाईंसँग कुरा गर्न र तपाईंलाई उहाँसँग कुरा गरेको चाहनुहुन्छ।
- ***पद ९ मा पिता शब्दभन्दा ठीक अगाडि के शब्द छ ?*** ..................................

- प्रार्थना नितान्त व्यक्तिगत भए तापनि परमेश्वर **हाम्रा** पिता हुनुहुन्छ। यसमा प्रार्थनाको पारिवारिक पक्ष रहेको देखिन्छ।
- ***यो हप्तामा कसैलाई प्रार्थनाको विषय बताउन सकूँ भनेर प्रार्थनाको विषय लेख्नुहोस् र सो व्यक्तिसित कुनै प्रार्थनाको विषय छ भने उसको निम्ति पनि प्रार्थना गरिदिनुहोस् ।*** यसरी प्रार्थनाको विषय लेख्नुभयो भने, तपाईंले भविष्यमा अरुहरुलाई परमेश्वरले कहिले र कसरी यी प्रार्थनाहरुको जबाफ दिनुभयो भन्ने बारेमा बताउन सक्नुहुन्छ।

  ..............................................................................................................

  ..............................................................................................................

- ***पद ९ ले परमेश्वरको नामको बारेमा के भन्दछ ?***

  ..............................................................................................................

  ..............................................................................................................

- यस विचारलाई परमेश्वरको नाम पवित्र छ, विशेष छ, धन्यको छ जस्ता विविध सम्बोधनद्वारा अभिव्यक्त गर्न सकिन्छ।
- ***परमेश्वरको नाउँ तपाईंको जीवनमा विशेष बन्न सक्ने कुराहरु के के हुन् ?***

  ..............................................................................................................

  ..............................................................................................................

- खीष्टियन भएको हैंसियतले तपाईंले खीष्टको नाउँ बोकिरहनुभएको हुन्छ। खीष्टीयन भनेको खीष्टको अनुयायी वा चेला (प्रशिक्षार्थी) हो। ***यो हप्ता मेरो जीवनमा तपाईंको नाउँलाई यसरी विशेष तुल्याउन चाहन्छु भनी परमेश्वरसित अहिले नै बिन्ती गर्न एउटा निर्दिष्ट तरिका लेख्नुहोस् ।*** उदाहरणको लागि, यदि तपाईंले बद्ख्वाइँ खेपिरहनुभएको वा बेमेलको आरोप भोगिरहनुभएको छ भने, आफूलाई शान्तिकर्ताको रुपमा परिवर्तन गरिदिन खीष्टलाई मौका दिएर तपाईंले खीष्टको नाममा महिमा ल्याउनुहुनेछ।

  ..............................................................................................................

  ..............................................................................................................

  ..............................................................................................................

- ***मत्ती ६:१० पढ्नुहोस् । यस पदमा होसियारीपूर्वक र प्रार्थनासहित मनन गर्नुहोस् । अनि, त्यसपछि प्रार्थनाचाहिँ तपाईंले के चाहनुहुन्छ भन्ने कुरामा केन्द्रित हुनुपर्दछ कि परमेश्वरको इच्छा के छ भन्ने विषयमा केन्द्रित हुनुपर्दछ सो विषयमा व्याख्या गर्नुहोस् ।***

  ..............................................................................................................

  ..............................................................................................................

  ..............................................................................................................

प्रार्थनाचाहिँ तपाईंले यस पृथ्वीमा स्वर्गीय पिताको इच्छालाई आफ्नो जीवनका मुद्दाहरुसित सम्बन्धित गराउने माध्यम हो। अर्को शब्दमा, जीवनका चुनौतीहरु, समस्याहरु र अवसरहरु सामना गर्न प्रार्थनासहित तपाईंले मेरो निम्ति परमेश्वरको मन के रहेछ भनी थाहा पाउन धर्मशास्त्रमा खोजी गर्नुपर्दछ। प्रार्थना भनेको परमेश्वरलाई प्रभावित तुल्याउने वा उहाँको कृपा पाउने वा आफूलाई मन परेको कार्य गराउन उहाँलाई राजी पार्ने कुरा होइन। यो बुझाइचाहिँ प्रभावकारी प्रार्थनाको निम्ति अति महत्त्वपूर्ण हुन्छ। तपाईंले प्रार्थनाको बाँकी नमूना भोलि हेर्नुहुनेछ।

## दिन - २ः प्रार्थनाचाहिँ मेरो भोजनझैं जतिकै आवश्यक हुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- तपाईंको जीवनका महत्त्वपूर्ण मुद्दाहरु बारे आजै उहाँसित कुराकानी गर्नुहोस्।

मत्ती ६ अध्यायमा उल्लेखित यस प्रार्थना नमूनाका अन्य विविध पक्षहरुमा तपाईंले ध्यान दिनुपर्दछ।

- ***मत्ती ६ः११ पढ्नुहोस् । दैनिक भोजनको*** अवधारणाले आज तपाईंको आफ्नो जीवन जिउन आवश्यक पर्ने भोजनलाई चित्रण गर्दछ। यस अवधारणाले मलाई यस्तो चाहिन्छ भनी तपाईंले ***चाहनुभएको*** वा ***सोच्नुभएको*** कुरामा होइन तर तपाईंलाई के ***चाहिन्छ*** भन्ने कुरामा जोड दिँदछ।
- ***फिलिप्पी ४ः१९ पढ्नुहोस् ।*** तपाईंको दैनिक भोजनको निम्ति परमेश्वरसित प्रार्थना गर्न दिइएको निमन्त्रणाचाहिँ तपाईंको भौतिक आवश्यकताहरुसम्म मात्रै सीमित छैन तर हर किसिमका आवश्यकताहरुका निम्ति पनि हो। ***तपाईंका भौतिक आवश्यकताहरु बाहेक तपाईंको जीवनमा विद्यमान अन्य खालका केही आवश्यकताहरुको सूची बनाउनुहोस ।***

  ........................................................................................................................

  ........................................................................................................................

  ........................................................................................................................

- ***मत्ती ६ः१२ पढ्नुहोस् ।*** अधर्म, ऋण र पापजस्ता केही शब्दहरु पाप सम्बन्धी उल्लेख गर्न बाइबलमा प्रयोग गरिएका शब्द हुन्। तपाईंले गर्नुभएका कुनै खास पापहरु छन् भने सो बारेमा परमेश्वरसित क्षमा माग्न र अरुहरुलाई पनि क्षमा दिन येशूले तपाईंलाई सिकाउनु हुँदछ।

- ***मत्ती ६ः१४ – १५ पढ्नुहोस् ।*** येशू प्रभुले प्रार्थनाको नमूना दिइसक्नुभएपछि फेरि उहाँले क्षमालाई खुब महत्त्व दिनुभएको हुनाले क्षमादानको अवधारणा अति महत्त्वपूर्ण छ।

- ***एफिसी ४ः३२ र कलस्सी ३ः१३ पढ्नुहोस्।*** यी पदहरुमा पनि प्रेरित पावलले पनि यही कुरालाई जोड दिएका छन्।

- ***तपाईंले अहिलेसम्म क्षमा नदिनुभएको कुनै व्यक्ति तपाईंको जीवनमा छ ?***

  .....................................................................................................

  .....................................................................................................

  .....................................................................................................

- ***तपाईंले त्यस व्यक्तिलाई वा ती व्यक्तिहरुलाई किन क्षमा दिनुभएको छैन ?***

  .....................................................................................................

  .....................................................................................................

  .....................................................................................................

- ***तपाईंले क्षमा नदिनुभएको कोही व्यक्ति विरुद्धको चित्त दुखाइ वा तीक्तता नै तपाईंले आफूलाई दोषी महसुस गरिरहनुभएको र कहिलेकाहीं मेरो प्रार्थनाको सुनुवाइ पनि नभएझैं लागिरहेको के कारण हुन सक्तैन र ?***

  .....................................................................................................

  .....................................................................................................

  .....................................................................................................

- ***यदि तपाईंले क्षमा नदिनुभएको कोही व्यक्ति तपाईंको जीवनमा छ भने, तपाईंले पालना गर्नै पर्ने बाइबलीय आधारचाहिँ के हो ?***

  .....................................................................................................

  .....................................................................................................

  .....................................................................................................

- ***मत्ती ६:१३ पढ्नुहोस् ।*** यस प्रार्थनालाई व्यक्त गर्ने अर्को तरिका भनेको मलाई परीक्षामा पर्नदेखि जोगाउनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नु हो।

- ***याकूब ४:१ - ४ पढ्नुहोस्।*** यी पदहरुमा परीक्षालाई तपाईंको विश्वासको जाँच भनी विशेष किसिमको परीक्षाको बारेमा उल्लेख गरिएको पाइन्छ। यस किमिसको जाँचले तपाईंलाई बलियो बनाउँदछ।

- ***याकूब १:१२ - २५ पढ्नुहोस् ।*** यहाँ चर्चा गरिएको परीक्षाको किसिमचाहिँ तपाईंलाई पापतिर खिच्ने तपाईंको पापमय स्वभावसित सम्बन्धित छ। यो परीक्षाचाहिँ परमेश्वरबाट नभएर शारीरिक अभिलाषाबाट आउने परीक्षा हो।

येशू प्रभुले तपाईंलाई सही कुरा छनोट गर्ने र जीवनका अनेक थरिका परीक्षाहरुको फन्दातिर खिच्ने व्यक्तिगत अभिलाषादेखि जोगिने शक्तिको निम्ति प्रार्थना गर्न सिकाउनुभएको छ। अर्को शब्दमा, मेरो पापी स्वभावद्वारा नियन्त्रित हुनुभन्दा परमेश्वरको आत्माले मलाई नियन्त्रण र मार्गनिर्देशन गर्नुभएको होस् भनी प्रार्थना गर्नुहोस्।

परीक्षित हुनु पाप होइनन्र जब शारीरिक अभिलाषालाई आफूमाथि नियन्त्रण गर्न दिईकन तपाईं परीक्षाको शिकार बन्नु हुन्छ, तब त्यो पाप हुन्छ।

यो परमेश्वरको संसार र उहाँकै राज्य हो, तर तपाईंको होइन। तपाईंले परमेश्वरलाई आफ्ना अभिलाषाहरुको सेवक बन्ने अपेक्षा गर्नुको साटो उहाँलाई खुशी तुल्याउने जीवन जिउनुपर्दछ। हिजो तपाईंले प्रार्थनामा परमेश्वरलाई तपाईंको आफ्नो इच्छाअनुसार अह्रनखटन गर्न होइन तर उहाँको उद्देश्य पत्ता लगाउने कुरा सिक्नुभयो।

- ***तपाईंलाई निराश तुल्याइरहने विशेष परीक्षा के हो ?*** यसको समाधानचाहिँ अझै बलबुताले कोसिस गर्नु वा अझै धेरै इच्छाशक्ति बढाउनु होइन, बरु म परीक्षामा नपरुँ र पाप नगरुँ भनी प्रार्थना गर्नु हो। त्यसकारण पद १३ मा भनिएअनुसार, शक्तिचाहिँ परमेश्वरको हो, तपाईंको होइन। अनि, तपाईंलाई परीक्षामाथि विजय दिनुचाहिँ परमेश्वरको महिमा हो।

  ..................................................................................................

  ..................................................................................................

  ..................................................................................................

- ***मैले सूचीबद्ध गरेको परीक्षामा पर्नदेखि म जोगिन सकूँ तर मेरो जीवनको परिवर्तनद्वारा तपाईंको नाउँलाई महिमित तुल्याउन र धार्मिकतामा जीवन जिउन शक्ति पाउन सकूँ भनी अहिले नै परमेश्वरसित बिन्ती गर्नुहोस् ।*** प्रार्थनाको विषय लेख्दाखेरि मिति पनि लेख्नुहोस् ताकि परमेश्वरले तपाईंलाई दिनुहुने विजयको निम्ति उहाँलाई धन्यवाद दिन सक्नुभएको होस्।

  ..................................................................................................

  ..................................................................................................

  ..................................................................................................

## दिन - ३ः मेरो प्रार्थना पूर्ण संचार बन्नुपर्दछ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- मलाई प्रार्थनाका नयाँ आयामहरु सिकाइदिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

तपाईंले प्रार्थना र बाइबलीय ज्ञानमा जति अनुभव बटुल्दै जानुहुन्छ, तपाईं प्रार्थनाका आधारभूत तत्त्वहरुको ज्ञानमा त्यति नै बढ्दै जानुहुन्छ।

- ***एफिसी ६ः१८ पढ्नुहोस् । यस पदमा "सबै" भनेका के के हुन् ?***

  ..................................................................................................

  ..................................................................................................

.....................................................................................................

- सब किसिमको प्रार्थना गर्नको निम्ति,तपाईंले प्रार्थनाका विभिन्न प्रकारहरु बुझ्नु जरुरी हुन्छ। प्रार्थना भनेको एउटा सामान्य शब्द हो। प्रार्थनाले हामीले परमेश्वरसित कुराकानी गर्ने विविध तरिकाहरुलाई इंगित गर्न सक्छ।
- **अर्जीबिन्ती** प्रार्थना भन्नाले विशेष प्रकारको बिन्तीलाई बुझिन्छ, । यसलाई एफिसी ६:१८ मा उल्लेख गरिएको छ। प्रार्थना गर्दाखेरि निर्दिष्ट हुनुहोस् अर्थात प्रार्थनाको विषय किटान गर्नुहोस्। तपाईंले यसरी प्रार्थना गर्नुभयो भने परमेश्वरले तपाईंको प्रार्थना कहिले र कसरी सुन्नुहुन्छ भन्ने विषयमा कुनै दोधार रहनेछैन।
- **अन्तरबिन्ती** प्रार्थना भनेको अरुहरुको लागि गरिने विशेष बिन्ती हो। पावलले सबै सन्तहरु वा विश्वासीहरुका निम्ति प्रार्थना गर भनी यहाँ उल्लेख गरेका बिन्ती हो।
    - ***रोमी ८:२६ – २७ र ८:३४ पढ्नुहोस्।*** पवित्र आत्मा र येशू ख्रीष्टले तपाईंको निम्ति गर्नुभएको अन्तरबिन्ती प्रार्थनाले तपाईंलाई पनि अरुहरुको निम्ति अन्तरबिन्ती प्रार्थना गर्न उत्साह दिनुपर्दछ।
    - ***१ तिमोथी २:१ पढ्नुहोस्।*** परमेश्वरले अरुहरुका निम्ति तपाईंले प्रार्थना वा अन्तरबिन्ती गरेको चाहनुहुन्छ भन्ने यो पनि अर्को सङ्केत हो।
- **धन्यवाद – ज्ञापन** प्रार्थनाचाहिँ १ तिमोथी २:१ मा उल्लेख गरिएको प्रार्थनाको अर्को आधारभूत तत्त्व हो। यस प्रार्थनामा परमेश्वरप्रतिको हाम्रो साँचो धन्यवाद समेटिएको हुनुपर्दछ।
    - ***कलस्सी ४:२ पढ्नुहोस्।*** प्रार्थनामा धन्यवादको विषय हुनुपर्ने यस पदमा पुष्टि गरिएको छ।
    - ***हिब्रू १३:१५ पढ्नुहोस्।*** धन्यवाद – ज्ञापन बाहेक परमेश्वरसितको तपाईंको कुराकानीमा प्रशंसाको आधारभूत तत्त्व पनि समेट्न यस पदमा जोड दिइएको छ।

- **प्रशंसा** भनेको परमेश्वरका गुण वा विशेषताहरु वयान गर्न उहाँप्रति चढाइएको मौखिक अभिव्यक्ति हो। प्रार्थना भनेको तपाईंले परमेश्वरसित मलाई यो कुरा चाहियो भनेको र मलाई यो कुरा जुटाइदिनुहोस् भनी बिन्ती गरेको भन्दा धेरै फरक कुरा हो। माथि उल्लेख गरिएका प्रार्थनाका आधारभूत चार तत्त्वहरु प्रयोग गर्न गर्न सिक्नुहोस्।

- प्रशंसा : परमेश्वरको प्रशंसा गर्न सकूँ भनेर उहाँका कम्तिमा तीन ओटा गुणहरु लेख्नुहोस्। उहाँ जे वा जो हुनुहुन्छ,उहाँको बखान गर्नुहोस्। भजनसङ्ग्रहको पुस्तकमा प्रशंसाका धेरै उदाहरणहरु समेटिएका छन्।

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

- ***धन्यवाद – ज्ञापन : कम्तिमा दुई ओटा धन्यवादका विषयहरु लेख्नुहोस्, जसका निम्ति तपाईं***

***परमेश्वरप्रति धन्यवादी हुनुहुन्छ*** । उहाँले के ***गर्नुभयो*** सो कुराको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस् ।

..................................................................................................................

..................................................................................................................

- ***अर्जबिन्ती : तपाईंले आउँदो हप्ताको निम्ति परमेश्वरसित बिन्ती गरिरहनुभएको कम्तिमा कुनै दुई ओटा विशेष प्रार्थना विषयहरु मितिसहित लेख्नुहोस्।***

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

- ***अन्तरबिन्ती : अरुहरुको निम्ति प्रार्थना गर्न कम्तिमा दुई ओटा विशेष विषयहरु मितिसहित लेख्नुहोस् ।***

..................................................................................................................

..................................................................................................................

प्रार्थनाका यी आधारभूत तत्त्वहरुलाई प्रार्थनाको जाँचसूची वा सूत्रका रुपमा लिइनु हुँदैन । र, यी तत्त्वहरुले प्रार्थना सिलसिलाबद्ध यस्तै हुनुपर्छ वा प्राथमिकता क्रममा यसरी राख्नुपर्छ भनेर जनाउँदैनन् । एउटा असल प्रार्थनाको जीवनले समुचित सन्तुलन झल्काउँदछ। परमेश्वरसितको यस सुन्दर कुराकानीमा तपाईं जति प्रगाढ रुपमा बढ्दै जानुहुन्छ, तपाईंले प्रार्थनाका अरु विशेषताहरु साथै सिद्धान्तहरु पनि जान्नुहुनेछ।

## दिन - ४ः मेरो प्रार्थना निरन्तर संचार बन्नुपर्दछ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- मेरो प्रार्थनाको जीवनमा पहिलाभन्दा झनै निरन्तर लागिरहने बन्न मलाई शक्ति दिनुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

मूलतः प्रार्थना भनेकै परमेश्वरसँग कुराकानी गर्नु नै हो। तर प्रार्थना त कुनै क्रियाकलाप वा तपाईं बेलाबेलामा संलग्न हुने थोकभन्दा पनि फरक कुरा हो । प्रार्थनाचाहिँ चेतन अवस्था बन्नुपर्दछ, जीवन शैली बन्नुपर्दछ, तपाईंलाई प्रेम गर्नुहुने परमेश्वरप्रति अटुट लगाव बन्नुपर्दछ।

- ***एफिसी ६:१८ पढ्नुहोस् । तपाईंले कहिले प्रार्थना गर्नुपर्छ ?***

..................................................................................................................

..................................................................................................................

- ***१ थेसलोनिकी ५:१७ पढ्नुहोस् । तपाईंले कति पटक प्रार्थना गर्नुपर्छ ?***

..................................................................................................................

..............................................................................................................................

के तपाईं कहिल्यै घनिष्ठ मित्र वा आफन्तसित लामो यात्रामा निस्कनुभएको छ र सम्पर्क हुन नसकेर वा रिसाएको नभई त्यस बेला भन्न पर्ने कुरा सबै सिधिएकोले मात्रै के तपाईंहरु दुवै जना चुपचाप बस्नुभएको अनुभव छ त ? तपाईंहरु बीचको संचार कहिल्यै बन्द भएन किनकि तपाईंहरु दुवै जनालाई मैले बोलेमा ऊ मेरो कुरा सुन्न त्यहाँ तयार छ भन्ने थाहा थियो। निरन्तर प्रार्थना गर्नु भनेको पनि यस्तै हो अर्थात परमेश्वरसित तपाईंको हरदम खुला सञ्चार रहन्छ। निरन्तर प्रार्थना गर्नुको आशयचाहिँ घुँडा टेकेर, उभिएर, भुइँमा लमतन्न परेर, हिँड्दै, गाडी हाँक्दै,आदिजस्ता तपाईंको शारीरिक अवस्थितिसित परमेश्वरसितको सञ्चारको सम्बन्ध हुँदैन भन्ने पनि हो।

- ***एफिसी ६:१८ फेरि पढ्नुहोस् । लगातार प्रार्थना गरिरहनु वा खुरुन्धार प्रार्थनामा लागिरहनु भन्नाले के बुझिन्छ ?***

..............................................................................................................................

..............................................................................................................................

तपाईंले जुन विषयमा प्रार्थना गरिरहनुभएको हुन्छ सो विषयमा परमेश्वरको इच्छा यही रहेछ भनी तपाईंलाई दृढ भरोसा नभएसम्म त्यस विषयमा निरन्तर प्रार्थना गरिरहनुहोस्। कहिलेकाहीं परमेश्वरले तपाईंको प्रार्थनाको उत्तर दिन रोक्नुहुन्छ, किनकि त्यो उत्तर दिन आवश्यक छैन वा तपाईंको निम्ति हानिकारक पनि हुनसक्छ भन्ने कुरा उहाँ जान्नुहुन्छ। कुनै बखतमा प्रार्थनाको उत्तर तुरुन्तै मिलेको वा तपाईंले सोचेजस्तो जबाफ नआएको देख्नुहोला। भन्नैपर्दा, तपाईंका स्वीकार नगरिएका पापहरु लगायत कतिपय अवरोधहरु तपाईंको प्रार्थनामा तगारो बनेका हुनसक्छन्। परमेश्वरसित मलाई थाहा नभएका कुनै पापहरु र गलत मनोवृतिहरु (सोचाइका ढाँचाहरु) छन् भने देखाइदिनुहोस् भनेर प्रार्थना गर्नुहोस्।

तपाईंलाई परमेश्वरले प्रार्थनाको उत्तर यसरी दिँदैछु भनी उहाँले प्रकाश दिनुभई तपाईंको हृदयमा चैन नआएसम्म सम्बन्धित विषयमा तपाईंले निरन्तर प्रार्थना गरिरहनुपर्ने समय आउनेछ। उदाहरणको लागि, पुरानो नियमका विश्वासका पुरुष तथा स्त्रीहरुले आफ्नो मृत्युपर्यन्त भए पनि परमेश्वरले प्रार्थनाको जबाफ दिनुहुनेछ भनी निश्चयता नपाएसम्म उनीहरु प्रार्थनामा अटुट लागिरहेका बारेमा हिब्रू ११:१३ मा उल्लेख गरिएको छ।

- ***तल दिइएका पदहरु पढ्नुहोस् अनि तपाईंका प्रार्थनाका उत्तरहरु नमिल्नुको संभावित कारण ती पदहरुको छेउमा लेख्नुहोस् :***
    - ***भजनसङ्ग्रह ६६:१८*** ....................................................................................
    - ***मत्ती ६:१४ - १५*** ....................................................................................
    - ***१ पत्रुस ३:७*** ....................................................................................
    - ***याकूब ४:२*** ....................................................................................

- ○ ***याकूब४ः३*** .....................................................................................
- ○ ***हितोपदेश २८ः९*** ..................................................................................

- ***उक्त सूचीलाई राम्ररी नियाल्दै तपाईंको जीवनको प्रभावकारी प्रार्थनामा उत्पन्न हुने कुनै विशेष बाधाहरुको सूची बनाउनुहोस् ।***

  ..........................................................................................................

  ..........................................................................................................

- ***तपाईं यस सम्बन्धमा के गर्नुहुन्छ?***

  ..........................................................................................................

  ..........................................................................................................

सबै असल सञ्चारको निम्ति एकाग्रता र प्रयत्न जरुरी रहेझैं प्रार्थनाको निम्ति पनि ती कुरा जरुरी हुन्छन्। प्रार्थनामा तपाईंले परमेश्वरसितको सम्बन्धलाई प्रगाढ बनाउनुहुन्छ अनि जीवनका मुद्दाहरु बारेमा उहाँको मन बुझ्न सक्नुहुन्छ।

- ***कलस्सी ४ः२ पढ्नुहोस् । प्रार्थना सम्बन्धी सतर्क हुने जुन विचार एफिसी ६ः१८ मा पाइन्छ, सोही विचार पत्ता कलस्सी ४ः२ मा पनि लगाउनुहोस् ।***

  ..........................................................................................................

  ..........................................................................................................

- ***मर्कूस १४ः३८ पढ्नुहोस् ।***

प्रार्थनामा होशियारी रहनु भनेको नै सधैं सतर्क वा जागा रहनु हो। येशूले मर्कूस १४ मा चेताउनी दिनुभएझैं धेरैजसो मानिसहरुले दिमाग कति सजिलै बहकिँदो रहेछ भनेर पत्ता लगाएका छन्। प्रार्थनामा जागा भइरहने एउटा प्रभावकारी तरिका भनेकै प्रार्थनाको दैनिकी तयार पार्नु हो। तपाईंले अघिदेखि नै यस कार्यपुस्तिकामा प्रार्थनाका विषयहरु र बाइबल सम्बन्धी कुराहरु लेख्दै आइरहनुभएको छ।

तपाईं जति यस कोर्स अध्ययन गर्दै जानुहुन्छ, प्रार्थना र बाइबल अध्ययनद्वारा परमेश्वरसित तपाईंले गर्नुभएको सञ्चार समावेश गर्न दैनिकी लेखनको शुरुआत गर्नु असल विचार हो। तपाईंले एउटा साधारण डायरी किनेर दिनदिनका प्रार्थनाका निर्दिष्ट विषयहरु र बाइबलबाट सिकेका महत्त्वपूर्ण शिक्षालाई डायरीमा लेख्न सक्नुहुन्छ। जब परमेश्वरले तपाईंको प्रार्थना सुन्नुहुन्छ, तपाईंले त्यस विषयमा सबैभन्दा पहिला प्रार्थना गर्न शुरु गर्नुभएको मितिको छेवैमा दैनिकी लेखनको किनार वा छुट्टै स्तम्भमा प्रार्थनको उत्तर जनाउन सक्नुहुन्छ। यदि तपाईंसँग प्रश्नहरु छन् भने, अझै अनुभवी व विश्वासीसँग परामर्श लिन सक्नुहुनेछ। तपाईंले यो कोर्स समापन नगरेसम्म र छुट्टै दैनिक लेखन थालनी नगरेसम्म तपाईंले यसै कार्यपुस्तिकालाई आफ्नो दैनिकी लेखन तुल्याउन सक्नुहुन्छ।

## दिन - ५: प्रार्थनाचाहिँ मेरो परमेश्वरसितको बढ्दो सम्बन्धको मुटु हो

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- परमेश्वरसितको आफ्नो सम्बन्धलाई प्रगाढा पार्न सकूँ भनी आजै प्रार्थना गर्नुहोस्।

जब तपाईंले आफ्नो जीवनमा परमेश्वरले प्रार्थनाको जबाफ दिनुभएको देख्नुहुन्छ, तपाईं आफ्नो विश्वासमा बढ्दै जानुहुन्छ र उहाँसितको तपाईंको हिँडाइ दिनदिनै वास्तविक र मूल्यवान बन्दैजानेछ। प्रार्थनाचाहिँ क्रियाकलापभन्दा ज्यादा कुरा हो, मनको अवस्थितिभन्दा त झनै बढी हो। प्रार्थना त परमेश्वरसितको तपाईंको सम्बन्धको मूल तत्त्व हो।

- ***१ तिमोथी २:५ पढ्नुहोस् । तपाईंलाई परमेश्वरसित जोड्ने एकमात्र व्यक्ति को हुनुहुन्छ ?*** येशू ख्रीष्ट स्वयम् स्वर्गको तपाईंको पूजाहारी हुनुभएकोले तपाईंलाई आफ्नो प्रार्थनाको निम्ति पार्थिव पूजाहारी, व्यक्ति वा मध्यस्थर्ताको जरुरी छैन।

  ..........................................................................................................

  ..........................................................................................................

- ***हिब्रू ४:१५ र हिब्रू १०:१९ - २३ पढ्नुहोस् । तपाईंले प्रार्थनामा प्राप्त गर्न सक्नुहुने दृढ भरोसा बारेमा व्याख्या गर्नुहोस् साथै त्यसको कारण पनि लेख्नुहोस् ।***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***१ यूहन्ना ५:१४ - १५ पढ्नुहोस् ।*** तपाईंले परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्नुहुँदाखेरि यस पदले पनि तपाईंलाई प्रार्थनामा दृढ भरोसा प्रदान गर्दछ। ***तपाईंले यही दृढ भरोसहित प्रार्थना गर्न सकूँ भन्ने उद्देश्यले तपाईंको विचारमा परमेश्वरको इच्छा कहाँ प्राप्त गर्न सक्नुहुन्छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***फिलिप्पी ४:६ - ७ पढ्नुहोस् । अहिले तपाईंको जीवनमा भएको सबै भन्दा ठूलो चिन्ता वा सरोकार के छ सो लेख्नुहोस् । यस अध्यायअनुसार तपाईं त्यस चिन्तालाई कसरी हल गर्न सक्नुहुन्छ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***१ थेसलोनिकी ५:१८ पढ्नुहोस् ।*** जीवनका अनेकन आशिषहरुका निम्ति परमेश्वरलाई धन्यवाद दिनु

सायद तपाईंलाई गाह्रो हुँदैन होला । तर तपाईंले तत्कालै आशिषहरु नदेख्नु भए पनि सबै परिस्थितिहरुमा परमेश्वरलाई धन्यवाद दिनु पर्ने क्षणहरु पनि आउँदछन्।

- ***अहिले तपाईंको जीवनमा सबैभन्दा चुनौतीपूर्ण परिस्थिति के छ? यस पदले तपाईंलाई के गर्न निर्देशन दिएको छ ? जे गर्न भनिएको छ, अहिले नै गर्नुहोस् ।***

.........................................................................................................................

.........................................................................................................................

तपाईंले जसरी आफ्नो प्रार्थना पूर्ण हुनुपर्ने रहेछ भनेर सिक्नुभयो, तपाईंको प्रार्थनामा पनि त्यसरी नै परमेश्वर पिता, पुत्र र पवित्र आत्मासँगको तपाईंको पूर्ण सम्बन्ध समावेश हुँदछ।

- ***१ यूहन्ना १४:१३ - १४, १५:१५ र १६:२३ - २४ पढ्नुहोस् ।***
- ***तपाईंको प्रार्थना कोप्रति सिधै निर्देशित वा कोप्रति सम्बोधन गरिएको हुनुपर्दछ ?***

.........................................................................................................................

.........................................................................................................................

- ***कसको नाममा तपाईं माग्नुहुन्छ?***

.........................................................................................................................

धेरै मानिसहरुले "येशू ख्रीष्टको नाममा प्रार्थना गर्दछु, आमेन" भनेर प्रार्थना टुङ्ग्याउने गर्दछन् । त्यसो भन्नु राम्रै कुरा हो, तर यो वाक्यांश प्रार्थनाको उत्तर सुनिश्चित गर्न आवश्यक वाक्यांशचाहिँ होइन । हामीले त्यस्तो वाक्यांश चाहे प्रयोग गरौं वा नगरौं तर "येशूको नाममा" भनी प्रार्थना गर्दा परमेश्वरले येशू ख्रीष्टको मृत्यु,दफन र पुनरुत्थानको आधारमा हाम्रो प्रार्थना सुन्नुहुन्छ भन्ने कुरा बुझ्नुपर्दछ।

- ***एफिसी २:१८ र ६:१८ पढ्नुहोस् ।***
- ***यहूदा १:२० पढ्नुहोस् ।***

आत्मामा प्रार्थना गर्नु भनेको चाहिँ तपाईंको आफ्नो स्वार्थपूर्ण इच्छा विपरीत प्रार्थना गर्नु हो । प्रार्थनाचाहिँ विशुद्ध रुपमा परमेश्वरसँगको आत्मिक सम्बन्ध हुनुपर्दछ । तपाईंभित्र वास गर्नुहुने परमेश्वरको आत्माले तपाईंलाई तपाईंको स्वर्गीय पितासित प्रत्यक्ष पहुँच स्थापित गरिदिनुहुन्छ। तपाईं उहाँको पुत्र येशू ख्रीष्टको नाउँमा परमेश्वरको सामु उपस्थित हुने भएकोले पिताको उपस्थितिमा निर्भयपूर्वक आउनुहोस् । तपाईंले पिताका इच्छाअनुसार माग्नुपर्ने रहेछ भनेर उहाँको वचन, अर्थात बाइबलद्वारा थाहा पाउनुभएको हुनाले तपाईंले सकेसम्म उहाँको इच्छाअनुसारका चीजहरु माग्नुपर्छ। यसकारण, परमेश्वरले आफ्नै तरिकाले आफ्नै समयमा मेरो प्रार्थनाको उत्तर दिनुहुनेछ भनी तपाईंमा दृढ भरोसा हुनेछ।

***नोटहरु: अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु***

.........................................................................................................................

.........................................................................................................................

# पाठ ६ मार्गदर्शन : मेरो जीवनमा परमेश्वरको निर्देशन पत्ता लगाउनु

**परमेश्वरले मलाई कसरी मार्गनिर्देशन गर्नुहुन्छ ?**

***कण्ठस्थ पदः एफिसी ५:१७***

***यस हप्ताको प्रमुख विचार : परमेश्वरले मलाई उहाँको वचन बाइबल, उहाँको आत्माको साक्षी र स्थानीय मण्डलीद्वारा मार्गनिर्देशन गर्नुहुन्छ ।***

येशू ख्रीष्टका प्रायः प्रत्येक अनुयायीले परमेश्वरको मार्गनिर्देशन कसरी पत्ता लगाउने भन्ने प्रश्नमा सङ्घर्ष गरेका हुन्छन्, सङ्घर्ष गरिरहेका हुन्छन् र सङ्घर्ष गर्नेछन्। जीवनचाहिँ दैनिक रुपमा धेरै थरिका निर्णयहरुले भरिएको हुन्छ। ती निर्णयहरु कतिपय सामान्य खालका हुन्छन् र कतिपयचाहिँ अति महत्त्वपूर्ण खालका हुन्छन्। साँचो विश्वासीले जीवनको कुनै पनि परिस्थितिमा कसरी सही निर्णय गर्न सक्तछ ?

परमेश्वरले मलाई कसरी मार्गनिर्देशन गर्नुहुँदोरहेछ भनी बुझ्नको निम्ति हरेक व्यक्तिले जिउनुपर्ने जीवनको बारेमा तपाईं लगायत हरेक विश्वासीको निम्ति बाइबलले स्पष्ट मार्गनिर्देशन प्रदान गर्दछ भन्ने कुरा आत्मबोध गर्न थाल्नु तपाईंको निम्ति उपयोगी हुन्छ। समय, स्थान, वा संस्कृति जे - जे भए पनि परमेश्वरले हामी हरेकबाट केही न केही कुराको अपेक्षा राख्नुहुन्छ। परमेश्वरसित हरेक विश्वासीको निम्ति निर्दिष्ट र अद्धितीय योजना हुन्छ र उहाँले तपाईंको जीवनको हर घटनामा उत्तम निर्णय गर्न तपाईंलाई मार्गनिर्देशन गर्नुहुन्छ। यस पाठमा परमेश्वरले तपाईंलाई कसरी मार्गनिर्देशन गर्नुहुन्छ सो बारेमा थाहा पाउनुहुनेछ र उहाँले तपाईंलाई उहाँको अगुवाइअनुसार चल्न सहायता पुर्‍याउनको निम्ति उपलब्ध गरिदिनुहुने श्रोतहरु पत्ता लगाउनुहुनेछ। परमेश्वरले तपाईंलाई को बनेको चाहनुहुन्छ त्यो व्यक्ति बन्नमा ध्यान दिनु तपाईंको पाटो हो अनि त्यसपछि तपाईंको जीवनमा उहाँको अद्धितीय योजना पूरा गर्न परमेश्वरले जीवनको हर क्षेत्रमा क्रमिक रुपमा मार्गनिर्देशन गर्दै जानुहुनेछ।

## दिन - १: बाइबलमा मेरो निम्ति परमेश्वरको इच्छा प्रकट गरिएको छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- आज तपाईंले बाइबलमा पत्ता लगाउनुभएको सत्यतालाई आफ्नो निजी बनाउन र व्यवहारमा उतार्न म सक्षम हुन सकूँ भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

परमेश्वरले कुनै पनि परिस्थितिमा जे चाहनुहुन्छ, जे उद्देश्य स्थापित गर्नुभएको छ, जे रोज्नुभएको छ, वा जे राजी गर्नुभएको छ सो उहाँको चाहना मुताबिक हुनु नै उहाँको इच्छा हो। येशूले यूहन्ना ५:३० मा आफ्नो इच्छा

होइन, तर पिताको इच्छा पूरा गर्न आएको हुँ भनेर घोषणा गर्नुभयो। उहाँले त्यही प्रतिवद्धता यूहन्ना ६:३८ मा साथै अन्य अवसरहरुमा पनि दोहोऱ्याउनुभयो। परमेश्वरको इच्छाप्रति हाम्रो पनि त्यस्तै प्रतिवद्धता हो। तपाईंले प्रभुको प्रार्थनामा पनि "हे पिता, तपाईंको इच्छा स्वर्गमा जस्तो छ, यस पृथ्वीमा पनि पूरा होस्" भनी प्रार्थना गर्न सिक्नुभयो।

- ***एफिसी ५:१७ पढ्नुहोस्।*** तपाईंले आफ्नो जीवनमा परमेश्वरको इच्छा बुझ्नुपर्छ। यदि परमेश्वरले आफ्नो इच्छा तपाईंले बुझेको चाहनुहुन्छ भने, तब उहाँको इच्छा प्राप्त गर्न सकिने र बुझ्न सकिने खालको हुनुपर्दछ।
- ***१ कोरिन्थी २:११ – १६ पढ्नुहोस्। तपाईंले*** पाठ चारमा परमेश्वरको ज्ञान र संसारको ज्ञानको अन्तर हेर्नुभयो। पावलले हामीसित खीष्टको मन छ भनी घोषणा गर्दै पद १६ मा आफ्नो तर्क टुङ्ग्याउँछन्। त्यही शब्दको अर्थ उद्देश्य वा इच्छा भन्ने हुनसक्छ। परमेश्वरको इच्छा प्रकट गर्ने प्राथमिक श्रोतचाहिँ उहाँको आफ्नै वचन बाइबल हो।

बाइबलमा परमेश्वरको इच्छाका सुस्पष्ट घोषणाहरु समाहित भएका छन्। तपाईंले आफ्नो जीवनमा परमेश्वरको इच्छा खोज्दै र स्वर्गमाझैं उहाँको इच्छा यस पृथ्वीमा साकार होस् भनी प्रार्थना गर्दै उहाँको इच्छा जान्नु र खीष्टको उदाहरण पछ्याउनु तपाईंको जिम्मेवारी हो।

- ***यी अध्यायहरु पढ्नुहोस् र हरेकमा परमेश्वरको इच्छा के रहेछ सो वर्णन गर्नुहोस्।***
- ***रोमी १२:१ – २ पढ्नुहोस्।***

  ........................................................................................................................

- ***१ थेसलोनिकी ४:३ – ७ पढ्नुहोस्।***

  ........................................................................................................................

- ***१ थेसलोनिकी ५:१८ पढ्नुहोस्।***

  ........................................................................................................................

- ***१ पत्रुस २:१३ – १५ पढ्नुहोस्।***

  ........................................................................................................................

- ***माथि उल्लेख गरिएका पदहरुका आधारमा तपाईंको जीवनको कुन क्षेत्र वा क्षेत्रहरु परमेश्वरको इच्छासित तालमेल खाइरहेका छैनन्?***

  ........................................................................................................................

  ........................................................................................................................

  ........................................................................................................................

- ***तपाईंको आफ्नो जीवनमा परमेश्वरको इच्छा खोज्न कस्ता किसिमका ठोस कदमहरु चाल्नुहुन्छ?*** यदि तपाईं निश्चित हुनुहुन्न भने, मद्दत माग्नुहोस्।

..............................................................................................................

..............................................................................................................

- ***यूहन्ना ७:१७ पढ्नुहोस् ।*** जब तपाईं परमेश्वरको इच्छा रोज्नुहुन्छ वा पूरा गर्न चाहनुहुन्छ, यसको परिणामचाहिँ तपाईं परमेश्वरको सत्यतामा बढ्दै जानुहुन्छ।

जब तपाईं प्रार्थनासहित र परमेश्वरको आत्माको अधीनमा भएर बाइबलमा परमेश्वरको इच्छा तलाश गर्नुहुन्छ, तपाईंले उहाँको इच्छा बाइबल धर्मशास्त्रमा पत्ता लगाउनुहुनेछ। तपाईं आगामी कदम बारे वा सही निर्णय गर्ने बारे अनिश्चित हुनु भए पनि बाइबलमा स्पष्ट रुपमा प्रकट गरिएझैं तपाईं परमेश्वरको इच्छामुताबिक जिएर उहाँको इच्छा पत्ता लगाउन शुरुआत गर्न सक्नुहुन्छ। आगामी कदम चाल्ने बारेमा परमेश्वरको निर्दिष्ट मार्गनिर्देशन बारे तपाईंले स्पष्ट निश्चयता नपाएसम्म परमेश्वरको इच्छा बारेमा बाइबलमा स्पष्टसँग सिकाइएको कुरा तपाईंको निम्ति प्रयाप्त छ।

## दिन - २: मेरो निम्ति परमेश्वरको योजना अद्धितीय छ

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- परमेश्वरले तपाईंलाई जो हुन सृष्टि गर्नुभएको हो सो बारे अझै पूर्ण ज्ञान पाउन सकूँ भनी उहाँसित बिन्ती गर्नुहोस्।

बाइबलमा उल्लेखित परमेश्वरको इच्छा बारेका अधिकांश अभिव्यक्तिहरु येशू प्रभुलाई पछ्याउने सबै व्यक्तिहरुलाई समान रुपमा लागू हुन्छन्। परमेश्वरले ***तपाईंको*** बारेमा व्यक्तिगत रुपमा सरोकार राख्नुहुन्छ, र ***तपाईंको*** जीवनको निम्ति उहाँको विशेष योजना छ अनि ***तपाईंलाई*** सोहीअनुसार नै दान – वरदानले सुसज्जित पार्नुभएको छ भनी थाहा पाउनु महत्त्वपूर्ण हुन्छ।

- ***यूहन्ना १:४० – ४२ पढ्नुहोस्।*** येशूले सिमोनको नाउँलाई पत्रुस भनी भन्नुभयो, जसको अर्थ चट्टान हुन्छ। येशूसित पत्रुको जीवनको निम्ति उद्देश्य थियो र उनी भविष्यमा के बन्नेछन् भन्ने कुरा येशूले देख्नुभयो।
- ***यूहन्ना १:४८ पढ्नुहोस्।*** येशूले नथानियललाई देख्नुभयो र उनलाई येशूको बारेमा ज्ञान हुनुअघि नै उनको निम्ति येशूसित योजना थियो।
- ***प्रेरित २६:१३ – २० पढ्नुहोस् ।*** पावलले खीष्टलाई यसरी चिनें भनी बताएका साक्षीअनुसार उनले आफ्नो जीवनमा परमेश्वरको विशेष उद्देश्य बारे वर्णन गरेका छन्।

पत्रुस, नथानियल र पावलको जीवनमा परमेश्वरको विशेष योजना भएजस्तै तपाईंको जीवनमा पनि उहाँको सुन्दर योजना छ। परमेश्वरको योजना तपाईंले हर पाइला यसरी चाल्नुपर्छ भनी सविस्तार विवरण भएको एकदमै जटिल योजना होइन,बरु तपाईंसित भएका दान – वरदानहरु, प्रतिभाहरु, क्षमताहरु, रुचिहरु, पृष्ठभूमि र व्यक्तित्व अटाउने विशाल उद्देश्य हो। परमेश्वरले तपाईंलाई जो व्यक्ति हुन बनाउनुभयो, ***तपाई*** अद्धितीय

रुपमा त्यही व्यक्ति बन्नुचाहिँ तपाईंको निम्ति परमेश्वरको योजना हो । उहाँले आफ्नो योजना तपाईंदेखि लुकाउनु हुँदैन, बरु उहाँले तपाईंको निम्ति इच्छा गर्नुभएको सारा पूर्णता प्राप्त गर्नको निम्ति तपाईंलाई उहाँको सत्यता र पवित्र आत्माको निर्देशनमा चल्न आह्वान गर्नुहुँदछ।

- ***यर्मिया १०:२३ पढ्नुहोस् ।*** यर्मिया मार्गनिर्देशन चाहन्थे तर उनलाई आफैमा मार्गनिर्देशन पाउन सक्तिनँ भन्ने कुरा थाहा थियो।
- ***हितोपदेश ३: ५ – ६ पढ्नुहोस् । यी पदहरुमा परमेश्वरले हामीलाई सही मार्गमा डोऱ्याउन आवश्यक तीन ओटा मापदण्डहरु के के हुन् ?***

  ..........................................................................................................................................

  ..........................................................................................................................................

- ***यदि तपाईंमा यी तीन मापदण्डहरुमध्ये एउटा खट्किरहेको छ भने, यस परिस्थितिलाई सच्याउन तपाईंले के के कदमहरु चाल्न सक्नुहुन्छ ?***

  ..........................................................................................................................................

  ..........................................................................................................................................

तपाईंका सबै मार्गमा, चालचलनमा, व्यवहारमा वा जीवनका क्षेत्रहरुमा परमेश्वरलाई स्थान दिन वा स्वीकार गर्न हितोपदेश ३:६ ले तपाईंलाई निर्देशन दिँदछ। प्रतिज्ञाप्राप्त परिणामचाहिँ परमेश्वरले तपाईंको ***मार्गलाई*** निर्देशित गर्नुहुन्छ, यहाँ प्रयोग गरिएको मार्ग शब्दचाहिँ हिब्रूबाट अनुवाद गरिएको हो, जसको अर्थ मानिसहरु हिँडिरहेको पुरानो, खुब प्रचलित मार्ग भन्ने हुन्छ। सिधा भन्नुपर्दा, यात्रु दलको निरन्तर आवतजावतद्वारा बनिएको बाटो हो। तपाईं आफ्नो जीवन परमेश्वरमा समर्पण गर्न नडराउनुहोस्, किनभने उहाँले तपाईंलाई स्पष्ट मार्गहरुमा डोऱ्याउनुहुनेछ, जुन मार्गहरुमा तपाईंभन्दा अगाडि अरु व्यक्तिहरु पनि हिँडिसकेका छन् र तपाईंको निम्ति पनि त्यो मार्ग अति नै उपयुक्त छ।

- ***जीवनका विशेष कुनचाहिँ क्षेत्रहरुमा तपाईंले परमेश्वरको मार्गनिर्देशनलाई विचार नै गर्नुभएको छैन ?*** उदाहरणको लागि, के तपाईं कुनै क्षेत्रमा असाध्यै अभ्यस्त भइसक्नुभएको छ, जसलाई परमेश्वरको निरीक्षण र नियन्त्रणमा ल्याउनुपर्छ भनेर तपाईंको मनमा कहिल्यै सोच आएन ? यदि तपाईं अनिश्चित हुनुहुन्छ भने, परमेश्वरलाई मेरो जीवनका कुनै क्षेत्रहरु प्रकाश पारिदिनुहोस् ताकि म तपाईंलाई त्यस क्षेत्रमा स्थान दिन सकूँ भनी प्रार्थना गर्नुहोस्।

  ..........................................................................................................................................

  ..........................................................................................................................................

- येशू ख्रीष्टको साँचो चेलाले आफ्ना सबै व्यक्तिगत योजनाहरु परमेश्वरमा समर्पण गर्दछ। ***आफ्ना योजनाहरुमा आशिष दिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुभन्दा बरु तपाईंका योजना र उद्देश्यअनुसार***

***मलाई मार्गनिर्देशन गर्नुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस् । आज यही विषयलाई आफ्नो प्रार्थनाको लक्ष्य बनाउनुहोस् ।***

- ***फिलिप्पी २:१३ पढ्नुहोस्***। परमेश्वरले आफ्नो इच्छा **पूरा गर्न** मात्रै तपाईंमा काम गर्नुहुन्न तर तपाईंको इच्छामा उहाँको इच्छा पूरा भएको पनि उहाँ चाहनुहुन्छ !

जब तपाईं हितोपदेश ३:५ – ६ को निर्देशन पालना गर्नुहुन्छ, अनि आफ्नो जीवन उहाँलाई नियन्त्रण गर्न दिनुहुन्छ, परमेश्वरले तपाईंका मार्गलाई निर्देशित गर्नुहुँदाखेरि आफ्नो जीवनमा परमेश्वरको मार्गनिर्देशन पालना गर्नको निम्ति जग बसालिरहनुभएको हुन्छ।

## दिन - ३: परमेश्वरले मलाई तीन ओटा मुख्य श्रोतहरुद्वारा मार्गनिर्देशन गर्नुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- परमेश्वरले मलाई मार्गनिर्देशन गर्नको निम्ति दिनुभएका श्रोतहरुलाई पूर्ण रुपमा उपयोग गर्न सकूँ भनी प्रार्थना गर्नुहोस्।

समुद्री जहाज चालकले नक्सामा म कहाँनेर छु भनी निर्धारण गर्न दुई वा त्यो भन्दा बढी परिचित र सुनिश्चित अवस्थाहरु प्रयोग गर्दछ। परमेश्वरको इच्छा पत्ता लगाउनु पनि त्यस्तै कुरा हो। तपाईंले जे गर्न चाहनुभएको हुन्छ सो कुरा परमेश्वरको निर्देशनमुताबिक थाहा छ – छैन भनी थाहा नहुँदा वा अब के गरुँ भनेर तपाईं अन्योल हुँदा तपाईंका निम्ति तीन किसिमका विश्वासयोग्य श्रोतहरुहरु उपलब्ध छन्। ती श्रोतहरु हुन् : बाइबल, परमेश्वरको आत्मा र मण्डली। परमेश्वरले तपाईंलाई मार्गनिर्देशन गर्न यी तीन मुख्य श्रोतहरु कसरी प्रयोग गर्नुहुँदोरहेछ भनी यस पाठद्वारा हेर्नेछौं।

- ***२ तिमोथी ३:१५ – १७*** पढ्नुहोस्। परमेश्वरले तपाईंलाई धर्मशास्त्रद्वारा मुक्तिमा जसरी डोर्‍याउनुभयो, उहाँले तिमोथीलाई मुक्तिमा डोर्‍याउन धर्मशास्त्र त्यसरी नै प्रयोग गर्नुभयो भन्ने कुरा पद १५ मा देख्नुहुन्छ। तपाईंले उहाँमा विश्वास गर्नुभएको क्षण ***पश्चात*** पनि तपाईंलाई मार्गनिर्देन गर्न परमेश्वरले निरन्तर बाइबल प्रयोग गरिरहनुहुनेछ।
- ***पद १७ अनुसार परमेश्वरले तपाईंको जीवनमा धर्मशास्त्रद्वारा हासिल गर्न खोज्नुभएको अन्तिम उद्देश्य के हो ?*** आफ्नै शब्दमा व्यक्त गर्नुहोस्। (बाइबलमा पापरहित, खोटरहित भाव जनाउन कहिल्यै पनि “सिद्ध” शब्द प्रयोग गरिएका छैन, बरु परमेश्वरका उद्देश्यहरुका निम्ति सुसज्जित परिपक्वताको अवधारणा अभिव्यक्त गर्न प्रयोग गरिएको पाइन्छ।)

  .........................................................................................................................

  .........................................................................................................................

- ***पद १६ अनुसार तपाईंको जीवनमा बाइबलका चार लाभदायक कार्यहरु के के हुन् ?***

...........................................................................................................................

...........................................................................................................................

- ***तपाईंको आफ्नो विचारअनुसार माथि उल्लेखित चार कार्यहरुको एउटा - एउटा उदाहरणसहित तिनले भन्न खोजेको कुरा वर्णन गर्नुहोस् ।*** (उदाहरणार्थः सिद्धान्तको सामान्य अर्थ शिक्षा हुन्छ)

...........................................................................................................................

...........................................................................................................................

...........................................................................................................................

- ***बाइबलमा उल्लेखित यी चार कार्यहरुमध्ये एउटामा परमेश्वरले तपाईंलाई कसरी मार्गनिर्देशन गरिरहनुभएको छ सो बारे एउटा उदाहरण दिनुहोस् वा चार क्षेत्रहरुमध्ये एउटा क्षेत्रको आवश्यकताको सूची बनाउनुहोस् । तपाईंले यो हप्ता बाइबल अध्ययन गर्दाखेरि उहाँको मार्गनिर्देशन प्राप्त गर्न तपाईंले यसैको लागि प्रार्थना गर्नुहोस् ।***

...........................................................................................................................

...........................................................................................................................

- ***तपाईंले बाइबल पढ्नुहुँदा परमेश्वरले तपाईंलाई मार्गनिर्देशन गर्नुहुन्छ***। स्मरण रहोस्, जब तपाईं अरुहरुले बाइबलबाट सिकाएको र प्रचार गरेको सुन्नुहुन्छ,जब बाइबल बारे लेखिएका पुस्तकहरु पढ्नुहुन्छ, वा बाइबल बारेमा अरुहरुसित बेलाबखत छलफल गर्नुहुन्छ, त्यति बेला पनि परमेश्वर तपाईंसित बाइबलद्वारा बोल्न सक्नुहुन्छ।
- ***गलाती ५:१६ - २६ पढ्नुहोस्***। आत्मामा हिंड्न दिइएको विशेष महत्त्व अनि शरीरका कार्यहरु र पवित्र आत्माको फल बीचको भिन्नता विचार गर्नुहोस्।
- ***गलाती ५:१८ पढ्नुहोस्***। कतिपय मानिसहरु नियमहरु, निषेधहरुको आफ्नो जीवन जिएर र असल कार्य गर्ने प्रयत्नहरु गरेर परमेश्वरलाई खुशी तुल्याउन कोसिस गर्दछन् । व्यवस्थाको अधीनमा जिइएको जीवनले हृदयभित्र कुइच्छाहरुलाई मात्रै उक्साउँदछ भन्ने पावलको भनाइ हो । हरेक विश्वासी लगायत तपाईंभित्र वास गर्नुहुने परमेश्वरको आत्माद्वारा डोरिनु तपाईंको उद्देश्य बन्नुपर्दछ (एफिसी ३:१६) जसले गर्दा जब्बरदस्त मानव प्रयत्न (तपाईंले कपडा लगाएझैं गरी तपाईंले पहिरन खोज्नुभएको स्व – धार्मिकता) को उपजको रुपमा **होइन** तर भित्रैदेखि स्वाभाविक रुपमा परमेश्वरको धार्मिकताको प्रवाह होस् ।
- ***रोमी ८:१४ - १६ पढ्नुहोस्***। पवित्र आत्माद्वारा डोऱ्याइनु बारेमा फेरि टिप्पणी हेर्नुहोस्। पद १६ अनुसार, तपाईंभित्र वास गर्नुहुने परमेश्वरको आत्मा तपाईंको आत्मालाई निश्चयता दिन, तपाईंको आत्मासित सहमत हुन, वा साक्षी दिन कसरी सक्षम हुनुहुँदोरहेछ सो कुराप्रति विशेष ध्यान दिनुहोस् । तपाईंले पाठ तीनमा अध्ययन गर्नुभएको अन्तर आवाज उहाँ नै हुनुहुन्छ। तपाईंले अरु परिपक्व विश्वासीहरुबाट प्राप्त गर्नुभएका सल्लाह सम्बन्धी वा विशेष परिस्थितिहरुमा तपाईंको मार्गनिर्देशन सुनिश्चित गरिदन कहिलेकाहीं पवित्र

आत्माले साक्षी दिन सक्नुहुन्छ।

- ***जब तपाई आफूभित्र वास गर्नुहुने पवित्र आत्माको साक्षी ठहर गर्न सिक्नुहुन्छ, परमेश्वरले तपाईलाई मार्गनिर्देशन गर्नुहुन्छ।*** तपाईंको हृदयमा आन्तरिक साक्षी उत्पन्न गर्नको निम्ति पवित्र आत्माले कहिलेकाहीं परिस्थितिहरु वा अरुहरुका भनाइहरुलाई पनि प्रयोग गर्नुहुन्छ भन्ने कुरा मनमा राख्नुहोस्। यो विशुद्ध रहस्यमय चीज होइन, बरु यो त पूर्ण रुपमा अलौकिक कार्य हो। कारण, यो पवित्र आत्माको कार्य हो।
- ***एफिसी ४ः११ – १६ पढ्नुहोस्।*** हरेक सदस्यलाई भड्केर जानदेखि रोक्न र आत्मिक परिपक्वतातिर हरेक सदस्यलाई डोऱ्याउन खीष्टको देहले कसरी कार्य गर्दोरहेछ सो बारे यस खण्डमा वर्णन गरिएको छ।
- ***परमेश्वरले तपाईंलाई मण्डलीद्वारा मार्गनिर्देशन गर्नुहुन्छ ।*** खीष्टको देहको दायरा व्यापक छ भन्ने कुरा मनमा राख्नुहोस्। त्यसैले जीवनको सङ्कटपूर्ण घडीमा परमेश्वरले बिलकुलै भिन्न पृष्ठभूमिका जुनै पनि सेवकलाई तपाईंसित सञ्चार गर्नको निम्ति प्रयोग गर्न सक्नुहुन्छ।
- ***तपाईले यस किसिमको पारस्पारिक मजबुतीकरण, सुरक्षा र मार्गनिर्देशन पाउन सक्नुहुने के तपाईंको कुनै गृह मण्डली वा स्थानीय मण्डली छ ?***

  ..........................................................................................................................................

  ..........................................................................................................................................

- ***के तपाई मण्डली उपस्थितिमा निरन्तर हुनुहुन्छ ? यदि छैन भने, यो हप्ता स्थानीय मण्डलीमा सहभागी हुन प्रतिवद्ध हुनुहोस् ।***

  ..........................................................................................................................................

  ..........................................................................................................................................

तपाईंले जसरी बाइबल अध्ययन र प्रार्थनामा दैनिक समय बिताउने अनुशासन सिक्नुहुन्छ, तपाईं त्यसरी नै आफ्नो मण्डली उपस्थितिमा पनि निरन्तर हुनुपर्छ। कारण, तपाईंको आत्मिक हिंडाइमा तपाईंलाई मार्गनिर्देशन गर्न परमेश्वरले प्रयोग गर्नुहुने अर्को श्रोत भनेको मण्डली हो। कुनै पनि मण्डली सिद्ध हुँदैन तर तपाईंले बाइबल सिकाउनमा महत्त्व दिने वरदान पाएका पाष्टर तथा शिक्षकहरु भएका कुनै मण्डली खोज्नुपर्ने हुन्छ र जहाँ पवित्र आत्माले तपाईंको आत्मालाई साक्षी दिनुहुन्छ तपाईं त्यहीं ठाउँमा हुनुपर्दछ।

जब बाइबल, पवित्र आत्माको अन्तर साक्षी र मण्डली यी कुरा उपलब्ध हुन्छन्, तपाईंले आफ्नो जीवनमा परमेश्वरको मार्गनिर्देशन अझै राम्ररी जान्न सक्नुहुनेछ।

## दिन - ४ः मेरो निम्ति परमेश्वरको योजना गर्नुभन्दा बनिनु हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- परमेश्वरलाई बनिनु पर्ने मेरा जीवनका क्षेत्रहरु देखाइदिनुहोस् साथै म तपाईंको इच्छाअनुसारको व्यक्ति पनि बन्न सकूँ भनी प्रार्थना गर्नुहोस्।

हरेक व्यक्तिले सही कार्य गर्न, सही निर्णय गर्न, र सही मार्ग अवलम्बन गर्न चाहन्छन्। परमेश्वरले तपाईंलाई जीवनका पथमा डोऱ्याउनको निम्ति तीन किसिका श्रोतहरु वा साक्षीहरु प्रयोग गर्नुहुन्छ भनी तपाईंले भर्खरै अध्ययन गर्नुभयो। तपाईंले सही कार्य ***गरेर*** तपाईं जो व्यक्ति बन्न पर्ने हो खासमा त्यो व्यक्ति बन्नु हुनेछैन। तर, परमेश्वरले तपाईंलाई जो व्यक्ति हुन बनाउनुभयो सो व्यक्ति ठ्याक्क ***बन्नु*** भएमा तपाईंले ढिलो चाँडो सही कुरा गर्ने व्यक्ति बन्नुहुनेछ। यसैले तपाईं के गर्ने होला, कहाँ जाने होला, वा के भन्ने होला भनेर यी समयहरुमा अन्योल हुनुहुन्छ भने, तपाईं जो व्यक्ति ***हुनुपर्ने*** हो त्यही व्यक्ति हुँ भनी निश्चित हुनुमा केन्द्रित हुनुहोस्। बाँकी त आफ्नै समयमा भइहाल्नेछ।

- ***कलस्सी १:२५ – २८ पढ्नुहोस् ।*** पावलको सेवकाइको लक्षित अन्तिम परिणाम पद २८ मा हेर्नुहोस्। त्यस पदअनुसार हरेक व्यक्तिलाई ख्रीष्टमा सिद्ध, परिपक्व, पूर्ण वा सुसज्जित पार्नु रहेको छ। यही परिपक्वता येशू ख्रीष्टको हरेक चेलाको लक्ष्य बन्नुपर्दछ।
- ***कलस्सी २:६ – ८ पढ्नुहोस्।*** तपाईंले प्रभु येशूलाई कसरी गर्नुभयो सो कुरा तपाईंलाई थाहा छ, होइन र ? अनन्त जीवन पाउन योग्यको कार्य तपाईंले केही पनि गर्नु परेन; तपाईंले त उहाँको वचनमा विश्वास गरेर परमेश्वरको अनुग्रहद्वारा अनन्त जीवन ग्रहण गर्नुभयो। तसर्थ, बढी आत्मिक मानिस बनिन वा परमेश्वर वा मानिसद्वारा वाहवाही पाउन कुनै कार्य गर्ने प्रयास गरेर होइन तर परमेश्वरले तपाईंलाई जे बनेको चाहनुहुन्छ सो बनेर तपाईं उहाँसित हिँड्नुपर्दछ।
- ***कलस्सी २:८ पढ्नुहोस् ।*** परमेश्वरको नजरमा सही हुनको निम्ति तपाईंले यसो गर्नुपर्दछ भनी तपाईंलाई आफ्ना विचारहरु बताउन सधैँ कोसिस गर्ने मानिसहरु हुन्छन्। यदि उनीहरुले दिएका विचारहरु तपाईंले बाइबलमा पाउनुभएको सत्यताअनुसार रहेनछन् भने, त्यस्ता विचारदेखि होसियार हुनुहोस् !
- ***कोही शुभचिन्तक मित्रले तपाईंलाई परमेश्वर वा अरुहरुबाट ग्रहणयोग्य हुन यसो गर्नुपर्छ भनी सम्झाउँदै बाइबलमा नभएको कुराद्वारा तपाईंलाई विश्वस्त पार्न खोजेको क्षण के तपाईं वर्णन गर्न सक्नुहुन्छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***तपाईंले के गर्नुभयो वा तपाईंले के गर्नुपर्दथ्यो ?*** तपाईंले बाइबलमा स्पष्ट रुपमा नदेखेसम्म, पवित्र आत्माको भित्री साक्षी महसुस नगरेसम्म र तपाईंले आदर गर्ने कोही परिपक्व विश्वासीबाट निश्चयता नपाएसम्म झ्वाट्टै विश्वास नगर्नुहोस्।

  ..........................................................................................................

  ..........................................................................................................

- ***कलस्सी २:९ – १२ पढ्नुहोस्।*** तपाईं ख्रीष्टमा परिपूर्ण वा पूर्ण हुनुहुन्छ भन्ने पद १० को भनाइलाई विशेष ध्यान दिनुहोस्।
- ***के तपाईं कहिल्यै हिनताबोधद्वारा पीडित हुनुभएको छ ? निश्चित हुनुहोस् । तपाईंले कसरी आफूलाई अपर्याप्त वा अपूर्ण महसुस गर्नुभएको छ?*** ......................................................................................

  ......................................................................................................................
- ***कलस्सी २:१० आधारित तपाईंले कस्तो नयाँ प्रवृति र विचार अप्नाउनुपर्ला ?***

  ......................................................................................................................

  ......................................................................................................................
- ***कलस्सी ३:१ पढ्नुहोस् । यस पदअनुसार, तपाईंको वर्तमान अवस्थाको अस्तित्व के हो ?***

  ......................................................................................................................

  ......................................................................................................................
- ***कलस्सी ३:२ – १७ पढ्नुहोस्।*** पद १ मा तपाईंको ***अस्तित्वको*** बारेमा उल्लेख गरिएको छ, त्यसपछिका पदहरुमा तपाईं जे हुनुहुन्छ त्यसको फलस्वरुप तपाईंले कस्तो जीवन जिउनु पर्ने हो सो बारेमा मार्गनिर्देशन दिइएको छ। तपाईंले केही बन्नको निम्ति केही गरिरहनु पर्दैन। तपाईं आफै केही ***हो*** अनि, यसैले तपाईंले जीवनमा गर्नुहुने कार्यपद्दतिले तपाईं को हो भन्न कुरा ऐनामाभैं भल्काउनुपर्दछ।
- ***तपाईं ख्रीष्टमा पहिलेदेखि जे हुनुहुन्छ त्यसैमुताबिक तपाईंको जीवनलाई समायोजन गर्न बाइबलले निर्देशन दिने कम्तिमा सात तरिकाहरु यस अध्यायको आधारमा लेख्नुहोस् ।***

  ......................................................................................................................

  ......................................................................................................................
- ***तपाईंले यस अध्यायमा जे देख्नुभयो सो आधारमा यो हप्ता आफ्नो जीवनमा कुनचाहिँ एउटा परिवर्तनको निम्ति परमेश्वरसित बिन्ती गर्नुहुन्छ ?***

  ......................................................................................................................

यदि तपाईं परमेश्वरले दिनुभएको दिशानिर्देशन बारे अन्योल हुनुहुन्छ भने, परमेश्वरले तपाईंलाई जे हुन बनाउनुभयो त्यही व्यक्ति बन्नमा सधैं ध्यान दिनुहोस्। र, त्यही कुरा तपाईंको दैनिक जीवनमा पनि भल्किएको होस्।

## दिन - ५: परमेश्वरले मलाई एक पटकमा एक पाइला डोऱ्याउनुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- परमेश्वरको आत्माको निर्देशनअनुसार अभै राम्ररी चल्न सिकाउनुहोस् भनी प्रार्थना गर्नुहोस्।

परमेश्वरले बाइबल, पवित्र आत्माको साक्षी र मण्डलीको परामर्श, शिक्षा र उत्साहको मिश्रणद्वारा तपाईंलाई

अगुवाइ गर्नुहुन्छ। कहिलेकाहीं तपाईं चिन्तित बन्न पुग्नुहुन्छ र भविष्यमा आउने कुरा अहिले नै देख्न चाहनुहुन्छ होला तर परमेश्वरले तपाईंलाई प्रायःगरी एक पटकमा एक कदममात्रै डोऱ्याउन चाहनुहुन्छ। परमेश्वरले इस्राएलीहरुलाई मिश्रदेखि छुटकारा गर्नुभएपछि उनीहरुलाई अझै छोटो, अझै खुला बाटो भएर डोऱ्याउनुभएन। त्यसो गरेमा उनीहरुले युद्ध देख्नेछन्, भयभीत हुनेछन्, र मिश्रतिरै फर्कने छन् भन्ने कुरा परमेश्वर जान्नुहुन्थ्यो। कहिलेकाहीं, परमेश्वरले तपाईंलाई एक पटकमा एक कदममात्रै डोऱ्याउनुहुन्छ किनभने तपाईं भयभीत भई उहाँदेखि तर्केर जानुहुनेछ भन्ने कुरा उहाँ पहिल्यै जान्नुहुन्छ। तर अर्को कदममा के गर्ने होला भनेर तपाईंलाई अझै केही थाहा नभए पनि तपाईं के गर्नुहुन्छ ?

- ***प्रेरित १६ः१ – ७ पढ्नुहोस्***। पावलले आफ्ना अघिल्ला यात्राहरुमा स्थापना भएका मण्डलीहरुलाई भेट्न जाने योजना बनाएका थिए (प्रेरित १५ः३६)। पावल र सिलासले ती मण्डलीहरुलाई भेट्न यात्रा तय गरे। उनीहरुले त्यही सिलसिलामा तिमोथीलाई भेटे अनि त्यसपछि आफूहरुसितै समावेश हुन आग्रह गरे। परमेश्वरको आत्माले उनीहरुलाई आफ्नो योजनाअनुसार अगाडि बढ्न रोक्नुभएको घटना यस खण्डमा दुई पटक देख्दछौं। पावल पवित्र आत्माको निर्देशनप्रति एकमै सचेत भएकाले उनी आफ्नो योजनाअनुसार जब्बरजस्ती अगाडि बढ्न प्रयास गरेनन्।
- के तपाईंले “केही गराउन खोज्नु” र तपाईंको जीवनमा परमेश्वरको आत्माको अगुवाइप्रति संवेदनशील हुनुको भिन्नता बुझ्नुभयो?
- ***परमेश्वरको आत्माले निषेध गर्दैहुनुहुन्छ भन्ने तपाईंलाई आत्मामा अनुभूति भइरहेकोले आफ्ना योजनाहरु रद्द गर्नुभएको जीवनको कुनै क्षण वर्णन गर्नुहोस् ।***

  ..........................................................................................................................
- ***तपाईंको आफ्नै बलबुताले कुनै कार्य गर्नु वा गराउनुभएको कुनै क्षण बारे वर्णन गर्नुहोस् । त्यसको परिणाम के भयो ?***

  ..........................................................................................................................
- ***प्रेरित १६ः८ – १० पढ्नुहोस् ।*** जब परमेश्वरको आत्माले पावलका योजनाहरुलाई स्थगित गराउनुभयो, उनले आफ्ना मिशनरी टोलीलाई ट्रोआसको शहरतिर लगे र अर्को कदमको निम्ति स्पष्ट मार्गनिर्देशन नहुन्जेल परमेश्वरमा ***पर्खिबसे***। परमेश्वरले पावललाई विशेष प्रकाश, अर्थात दर्शन दिनुभई युरोपमा अवस्थित म्यासेडोनिया (हाल ग्रीस) मा ख्रीष्टको सुसमाचार लैजान निर्देशन दिनुभयो। इतिहासका अति महत्त्वपूर्ण घटनाहरुमध्ये यो एउटा घटना हो। यहींद्वारा सुसमाचार यूरोप, उत्तर तथा दक्षिण अमेरिका, अफ्रिका र सुदूर पूर्वतिर फैलिँदै गयो। अर्को कदममा बढ्ने दृढ निश्चयता प्राप्त नगरुन्जेल पावल कुरेर बसे। तपाईंलाई पनि विशेष प्रकाश दिइएको छ अर्थात बाइबल। जब तपाईंलाई अब के गर्ने भनेर थाहा हुँदैन, सायद त्यो समय चुपचाप बस्ने र अगाडि बढ्ने कदम देखाइदिन परमेश्वरको बाटो कुर्नुपर्ने हुनसक्छ। उहाँले बाइबललाई, पवित्र आत्मको साक्षीलाई, मण्डलीका अरु विश्वासीहरुका परामर्शलाई वा तीनै

श्रोतहरुको मिश्रणलाई प्रयोग गर्नुहुन्छ।

- पावल म्यासेडोनिया पुगेपछि अब त्यहाँ के गर्ने भन्ने उनलाई थाहा थिएन। त्यहाँ स्वागत गर्ने जमात थिएन। नदीको किनारमा शनिबार प्रार्थना गर्न भेला हुने केही यहूदी स्त्रीहरु मात्रै थिए। केही समयमै दुष्ट आत्माले गाँजेको स्त्रीसित जम्काभेट हुनेछ, झण्डै – झण्डै शहर उल्टाउने विद्रोह हुनेछ, जेल जानुपर्नेछ, र भूकम्पदेखि बाँच्नेछु भनेर पावललाई थाहा थिएन ! तर ख्रीष्टको सन्देशले जरा हाल्नेछ र फिलिप्पीमा मण्डली शुरुवात हुनेछ भन्ने कुरा पनि उनलाई थाहा थिएन। पछि, उनले त्यही मण्डलीलाई फिलिप्पीको पत्र लेखे। मण्डलीलाई पावलले एउटा पत्र लेखेको छ। एक पटकमा एउटा कदम नै जिउनको निम्ति उत्तम मार्ग हो।

जीवनमा यस्ता परिस्थितिहरु घट्न पुग्छन् जसमा तपाईंको नियन्त्रण हुँदैन र तपाईंले त्यो परिस्थिति निम्त्याउनुभएको पनि हुँदैन। यस्ता अवस्थाहरुमा तपाईं के गर्नुहुन्छ?

***२ कोरिन्थी १२:७ – १० पढ्नुहोस्।*** पावलको शरीरमा रहेको छेस्को के थियो कसैलाई पनि यकी थाहा छैन तर पावललाई त्यसको ठूलो सरोकार थियो। उनले त्यो हटोस् भनेर परमेश्वरसित तीन पटक बिन्ती गरे तर परमेश्वरलाई त्यसको महत्त्व थाहा भएकोले पावलको दुखाइप्रतिको बिन्ती नसुनी छेस्को राखी दिइराख्नुभयो। ***पावलले त्यस छेस्कोबाट सिकेको मुख्य पाठ के थियो ?***

..........................................................................................................................

..........................................................................................................................

- पावलको त्यस परिस्थितिमाथि केही नियन्त्रण थिएन र परमेश्वरले पनि त्यसलाई नहटाउने निर्णय गर्नुभयो। तर परमेश्वरले पावललाई त्यो अप्रिय परिस्थिति सामना गर्न दिनुभएको हुनाले प्रार्थनामा परमेश्वरको ज्ञान थाहा पाउन पावल सक्षम भए। शरीरिक अवस्थालाई शिथिल बनाएर परमेश्वरले पावललाई आन्तरिक रुपमा मजबुत पार्दैहुनुहुन्थ्यो।
- ***तपाईंले बारम्बार प्रार्थना गर्नुभयो तर पनि प्रार्थनाको सुनुवाइ भएन र के गर्ने होला भनेर तपाईं अन्योल हुनुभएको कुनै त्यस्तो केही कुरा तपाईंको जीवनमा छ ?*** सायद, त्यस्तो घटना विगतको हुनसक्ला वा तपाईंले अहिले नै भोगिरहनुभएको अवस्था पनि हुनसक्छ।

..........................................................................................................................

..........................................................................................................................

- ***तपाईं पावलको उदाहरणलाई कसरी अनुशरण गर्न सक्नुहुन्छ र तपाईंले भर्खरै उल्लेख गर्नुभएको परिस्थितिमा परमेश्वरको उद्देश्य कसरी थाहा पाउन सक्नुहुन्छ ?***

..........................................................................................................................

..........................................................................................................................

***नोटहरुः अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु***

..........................................................................................................................

## पाठ ७ आराधना : परमेश्वरको महिमा गर्न मेरो जीवन जिउनु

***परमेश्वरले मलाई गर्नुभएको निःशर्त प्रेमप्रति मैले कस्तो प्रत्युत्तर दिनुपर्ला ?***

***कण्ठस्थ पदः यूहन्ना ४:२३***

***यस हप्ताको प्रमुख विचार : परमेश्वर मात्रै महिमा र प्रंशसाको योग्य हुनुभएकोले म उहाँलाई आत्मा र सत्यतामा आराधना गर्नेछु ।***

सोह्रौं शताब्दीको मध्यतिरको कुरा हो, बेलायती इसाईहरुले विश्वासीहरुलाई सत्यतामा स्थापित गर्ने लक्ष्यले प्रश्न – उत्तर अध्ययन – माला तयार पारेका थिए। पहिलो प्रश्न हुन्थ्यो, "मानिसको अन्तिम लक्ष्य के हो?" उत्तर हुन्थ्यो, "मानिसको अन्तिम लक्ष्य भनेको परमेश्वरलाई महिमा दिनु र उहाँसित सधैंभरि आनन्दित भइरहनु हो।" यस पाठमा मानव जातिको महान् दायित्व र महान् आशिषलाई अन्वेषण गरिनेछ : जुनचाहिँ आराधना हो।

आराधना शब्द पुरानो अंग्रेजीका "वर्थ" र "शिप" शब्दहरुको मिश्रणबाट आएको हो। अर्को शब्दमा, आराधनाले कोही व्यक्ति वा कुनै चीजको महत्त्व वा योग्यताको बखान गर्दछ। परमेश्वर जो हुनुहुन्छ, उहाँलाई सारा महत्त्व, प्रशंसा, श्रद्धा, आदर, सम्मान र महिमा पूर्ण रुपले दिनु नै बाइबलीय आराधना हो।

जब कसैले परमेश्वरलाई पूरा हृदयले आराधना गर्दैन, त्यसको अर्थ ऊभित्र परमेश्वरको अतुलनीय विशिष्टता र उहाँको अनुपम व्यक्तित्वको ज्ञान र पारख गर्ने क्षमता नहुनु हो। यो पाठचाहिँ परमेश्वरको अनन्त योग्यताको गहन ज्ञानमा तपाईंलाई डोऱ्याउनको निम्ति हो।

### दिन - १: आराधनाचाहिँ परमेश्वरप्रतिको मेरो पारख हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- तपाईं जो हुनुहुन्छ त्यसको कारण तपाईं मेरो निम्ति अनमोल हुनुहुन्छ भनी परमेश्वरलाई बताउँदै आजै प्रार्थनामा समय बिताउनुहोस्।

तपाईंले जे वा जसलाई आराधना गर्नुहुन्छ त्यो नै तपाईंको मूल्य – मान्यताको प्रतिविम्ब हो। केही मानिसहरु फिल्म स्टार, खेलाडी, नायक वा नायिकलाई खुब श्रद्धा गर्ने भएकाले उनीहरु पनि श्रद्धा – पात्रजस्तै बन्छन्। कोही व्यक्तिहरुचाहिँ भावी पेशा वा सम्पतिलाई पुज्छन्। तपाईंको जीवनमा अन्य कुनै थोकलाई भन्दा परमेश्वरलाई उच्चत्तम महत्त्व दिनुचाहिँ उहाँलाई आराधना गर्नु हो।

- ***१ कोरिन्थी १६:२९ र भजनसङ्ग्रह २९:१ – २ पढ्नुहोस्।*** परमेश्वरलाई उहाँको नाउँ सुहाउँदो महिमा दिनु भनेको उहाँको नाउँलाई उच्चत्तम महत्त्व दिनु हो। तपाईंको नाउँले तपाईंको जीवन प्रतिविम्बित गर्दछ,

त्यसैले मानिसहरुले कहिलेकाहीं भन्ने गर्छन्, "मैले मेरो नाउँलाई जोगाउनु परेको छ" वा " म आफैले मेरो नाउँ कमाउनु परेको छ।"

- ***प्रकाश ४:१० - ११ पढ्नुहोस्***। यस अध्यायले आराधना र परमेश्‍वरको मूल्य तथा योग्यताको घोषणा कार्य बीच सम्बन्ध स्थापित गर्दछ

फिल्म स्टार, खेल जगतका नायक, वा भावी पेशालाई पुज्नु भन्ने भनाइलाई कतिपय व्यक्तिले हलुका रुपमा लिएको देखिन्छ। तपाईंले जो व्यक्ति वा वस्तुलाई पुज्नुहुन्छ तपाईंले त्यसैअनुसार आफ्ना मूल्य – मान्यताहरुको सार पनि कोरिरहनुभएको हुन्छ भन्दा कठोर लाग्न सक्छ। जे भए तापनि, यस विषयमा बाइबल बडो पष्ट छ।

- ***भजनसङ्ग्रह ११५:१ - ८ पढ्नुहोस् । पद ८ अनुसार, मूर्ति बनाउने र पुज्ने मानिसहरु के हुँदा रहेछन् ?***

  ..................................................................................................................

  ..................................................................................................................

- ***एफिसी ५:५ र कलस्सी ३:५ पढ्नुहोस् । तपाईंलाई लाग्ला मूर्ति पूजाको आधुनिक जमानामा कुनै स्थान छैन तर यी पदहरुमा मूर्ति पूजालाई कसरी परिभाषित गरिएको छ ? र, मूर्ति पूजा यस वर्तमान युगमा कुन किसिमले प्रकट हुनेरहेछ ?***

  ..................................................................................................................

  ..................................................................................................................

- रक स्टार वा ब्यान्डलाई पुज्ने कुनै जवान मानिस स्वर र साङ्गीतिक प्रतिभाको सन्दर्भमा उनीहरुजस्तो बन्नैपर्छ भन्ने जरुरी छैन। यद्यपि, यस्ता जवान मानिसहरुले ती रक स्टार वा ब्याण्डको झैं सोचविचार वा मूल्य – मान्यता विकास गर्न र झल्काउन थाल्दछन्। भजनसङ्ग्रह ११५:८ ले देखाउन खोजेको सटिक आशय यही हो।
- ***रोमी १:१६ - २५ पढ्नुहोस्***। यदि तपाईं परमेश्‍वरलाई आराधना गर्नुहुन्न भन्ने, तपाईंले कुनै वस्तु वा व्यक्तिलाई पुज्न पुग्नुहुन्छ र त्यसको परिणामचाहिँ असाध्यै भयावह हुनेछ भनी यस अध्यायमा प्रस्तुत गरिएको छ।
- ***के तपाईंलाई परमेश्‍वरभन्दा पनि अझै महत्त्वपूर्ण लाग्ने तपाईंको जीवनमा कोही व्यक्ति वा कुनै वस्तु छ ?*** तपाईंले झट्टै जबाफ दिनुअघि प्रार्थनासहित सोचविचार गर्नुहोस् जसले गर्दा तपाईंको जबाफले शब्दहरुभन्दा बढी कुरा झल्काओस्।

  ..................................................................................................................

  ..................................................................................................................

- ***कहिलेकाहीं मानिसहरु तपाईंकहाँ चाप्लुसीपूर्ण शब्दहरु बोल्दै आउँछन् तर उनीहरुलाई केही कुरा चाहिएकाले मात्रै मकहाँ आएका हुन् भन्ने कुरा तपाईं बुझ्नुहुन्छ । के तपाईं पनि परमेश्‍वरसित त्यस्तै व्यवहार गर्नुहुन्छ ? । के तपाईंको आराधना ओठेभक्ति मात्रै हो ?***

..................................................................................................

..................................................................................................

- ***यदि आराधनाले कुनै थोकलाई महत्त्व दिइरहेको छ भने, तपाईंले आफ्नो जीवनका निम्न क्षेत्रहरुलाई विचार गर्नुहोस् अनि ती कुराबाट परमेश्वरप्रतिको आफ्नो आराधनालाई कसरी प्रगाढ पार्न सक्नुहुन्छ सो बारे लेख्नुहोस् :***
  - ○ ***तपाईंको समय : अहिले तपाईंले आफ्नो समयलाई जसरी प्रयोग गरिरहनुभएको छ, त्यस तरिकाले परमेश्वरलाई कसरी महत्त्व तथा महिमा दिइरहेको छ त ?*** (उदाहरणको लागि, परमेश्वरलाई अझै राम्ररी चिन्न सकूँ भनेर के तपाईंले बाइबल अध्ययनमा समय बिताइरहनुभएको छ ?)

..................................................................................................

..................................................................................................

  - ○ ***तपाईंको रुपैया – पैसा : तपाईंले आफूसित भएका रुपैंया – पैसालाई जसरी चलाइरहनुभएको छ, त्यस तरिकाले तपाईंले परमेश्वरलाई उच्चत्तम महत्त्व दिइरहनुभएको छ भनी कसरी प्रतिविम्बित गर्दछ ?***

..................................................................................................

..................................................................................................

  - ○ ***तपाईंका प्रतिभा, सीप र क्षमता : परमेश्वरले तपाईंलाई दिनुभएका ती वरदानहरुलाई जसरी प्रयोग गरिरहनुभएको छ, त्यस तरिकाले तपाईंको निम्ति परमेश्वर उच्चत्तम महत्त्वको व्यक्ति हुनुहुन्छ भनी कसरी प्रदर्शन भइरहेको छ ?***

..................................................................................................

..................................................................................................

## दिन - २ : म परमेश्वरलाई आत्मा र सत्यमा आराधना गर्दछु

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- उहाँलाई आत्मा र सत्यतामा आराधना गर्नु भनेको के हो सो प्रकाश पारिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

साँचो आराधनाले शब्दहरु र कार्यहरुलाई माथ गर्दछ; व्यक्त गर्दछ; यो प्राण र आत्माको गहिराइदेखि बगेर निस्कँदछ। परमेश्वरको यथार्थ अस्तित्वसितको प्रत्यक्ष भेट हो – आराधना।

- ***भजनसङ्ग्रह २२:१ – १४ पढ्नुहोस्।*** आराधना शब्द बाइबलमा पहिलो पटक यहाँ उल्लेख भएको देखिन्छ। र, यहाँ आराधनालाई अब्राहामको जीवन परिवर्तनको कारक – तत्त्वको रुपमा प्रस्तुत गरिएको

छ। यस कहानीले अब्राहामको आराधनाको यथार्थ – स्वरुप र परमेश्वरसितको ३५ वर्षीय यात्रामा उनले परमेश्वरसितको आफ्नो सम्बन्धमा दिइएका महत्त्वलाई कसरी प्रदर्शन गर्दछ ?

- ***यूहन्ना ४:२१ – २४ पढ्नुहोस् ।*** येशूले सामरी स्त्रीलाई आराधना मानिसले ***कहाँ*** गर्दछ भन्ने कुराभन्दा पनि उसले ***कसरी*** आराधना गर्दछ भन्ने कुराचाहिँ मूल विषय हो भनी बताउनुहुन्छ। ***येशूले भन्नुभएअनुसार आराधनाको निम्ति के के दुई ओटा गुणहरु तपाईंसित हुनुपर्दछ ?***

  ..................................................................................................................................

  ..................................................................................................................................

परमेश्वरलाई आत्मामा आराधना गर्नु भनेको कुनै गतिविधि, बाह्य प्रदर्शन वा शारीरिक मुद्राभन्दा परको कुरा हो। पुरानो नियममा आराधना भन्नुबितिकै आराधना गरिने वस्तु वा व्यक्तिको सामु दण्डवत गर्ने र लम्पसार पर्ने भाव झल्काउँदथ्यो। येशूले ***आत्मामा*** परमेश्वरलाई आराधना गर्नुपर्दछ भनी नयाँ दिनको बारेमा बोल्नुभयो। आत्मामा गरिने आराधनाचाहिँ परमेश्वरसित साक्षात्कार हुँदा आराधकको भित्री अस्तित्वदेखि बग्दछ। येशूले भन्नुभएको नयाँ दिन आइपुगेको छ, त्यसकारण परमेश्वर जो हुनुहुन्छ उहाँलाई चिनेर विनम्र भावमा तपाईंले आफ्नो आत्मामा दण्डवत गर्नुपर्दछ।

- ***रोमी ११:३३ – ३६ पढ्नुहोस् ।*** यो नै पावलको आत्माद्वारा बगेर निस्केको आराधनाको एउटा सुन्दर नमूना हो। ***निम्न प्रश्नहरुको जबाफ दिन पद ३६ मा ध्यान दिनुहोस् :***
  - ○ सबै कुरा परमेश्वर***बाट***का हुन्। ***यो कुरा त परमेश्वरबाटकै हो भनी तपाईंले आफ्नो जीवनमा ठम्याउन पर्ने कम्सेकम एउटा कुरा यो हप्तामा लेख्नुहोस्।*** सायद, गजबकै घटना घट्यो होला, र पनि तपाईंले यो परमेश्वरबाटकै हो भनी अझैसम्म मानिलिनु भएन होला। सायद, कतिपय कठिन जाँचको घडी पनि परमेश्वरबाटै आएको हुन सक्छ। जस्तोसुकै अवस्था आइ परे पनि, परमेश्वरलाई आत्माको गहिराइदेखि भक्तिपूर्ण आराधना चढाउनुहोस्।

    ..................................................................................................................................

    ..................................................................................................................................
  - ○ सबै कुरा परमेश्वर***द्वाराका*** हुन्। ***तपाईंले यो हप्ता जुन थोक उपलब्धि स्वरुप आफ्नो जीवनमा प्राप्त गर्नुभएकोले तपाई खुशी हुनुहुन्छ सो कुरा लेख्नुहोस् ।*** । तपाईंले त्यो कुरा परमेश्वरको अनुग्रह र शक्तिद्वारा हासिल गर्नुभयो।

    ..................................................................................................................................

    ..................................................................................................................................
  - ○ मेरो जीवनमा सबै थोक गर्न तपाईंले मद्वारा कार्य गर्नुभएकोमा तपाईं मेरो लागि साह्रै महत्त्वपूर्ण हुन्छ भनी अहिले नै परमेश्वरलाई भन्नुहोस्।
  - ○ सबै थोक परमेश्वरकै निम्ति हुन्। तपाईंले सधैं उहाँलाई मानी नलिए पनि वा कृतज्ञ नभए पनि,

परमेश्वरले सबै थोकलाई आफ्ना उद्देश्यहरु पूरा गर्न प्रयोग गर्नुहुन्छ। उहाँलाई आत्मामा आराधना गर्नुले तपाईंमा जे छ र तपाईंले गर्नुहुन्छ ती सबै उहाँको चरणमा अर्पण गर्नुपर्छ भन्ने विनम्र स्वीकृति समेट्दछ। भएर गर्ने भनी नम्रतामा मानिलिने कुरा आउँछ। ***अहिले नै उहाँलाई आत्मामा आराधना गर्न सकूँ भनी तपाईं कस्तो समाधान निकाल्दै हुनुहुन्छ ?***

..................................................................................................................................

..................................................................................................................................

○ माथि उल्लेखित सबै थोकको निचोडअनुसार ***सबै थोकमा परमेश्वरले मात्रै महिमा लिनुहुन्छ***। जब तपाईंले उद्देश्यसहित आफ्नो आत्माको गहिराइदेखि उहाँलाई त्यो महिमा दिनुहुन्छ, त्यस बेला तपाईंले परमेश्वरलाई आत्मामा आराधना गरिरहनुभएको हुन्छ।

बाइबलीय सत्यता र येशू ख्रीष्ट (जो सत्य हुनुहुन्छ) को व्यक्तित्व अनुरुप हुने आराधना नै परमेश्वरलाई सत्यतामा आराधना गर्नु हो (यूहन्ना १४:६), तर तपाईंको आफ्नो व्यक्तिगत भावना, इच्छा, विचार र रुचिअनुरुपको आराधनाचाहिँ सत्यताको आराधना होइन। सत्यतामा गरिने आराधनाचाहिँ वास्तविक हुन्छ। त्यसैले यस्तो आराधना परमेश्वरले चाहनुभएका सत्य, असली आराधकहरुदेखि आविर्भाव हुँदछ (यूहन्ना ४:२३)।

○ ***मत्ती १५:८ पढ्नुहोस्***। यशैया अगमवक्ताले सत्यतामा आराधना नगर्नेहरुका विषयमा बोलेका सन्देशलाई येशूले उद्धृत गर्नुभयो।

○ ***कलस्सी १:१६ – २० पढ्नुहोस् । येशू ख्रीष्ट को हुनुहुन्छ र उहाँले के गर्नुभयो भन्ने आधारमा, येशू तपाईंको आराधनाको योग्य हुनुहुन्छ भन्ने कुरा झल्काउन यस अध्यायबाट कम्तिमा पाँच ओटा बुँदाहरु लेख्नुहोस् ।***

..................................................................................................................................

..................................................................................................................................

○ ***भजनसङ्ग्रह ७३:२४ – २६ पढ्नुहोस् । परमेश्वर सत्यतामा आराधना गरिन योग्य हुनुहुन्छ भन्ने कम्तिमा तीन कारणहरु यस अध्यायबाट लेख्नुहोस् ।***

..................................................................................................................................

..................................................................................................................................

○ ***१ कोरिन्थी १०:३१ पढ्नुहोस्***। यस पदअनुसार आराधना भनेको कुनै कार्य, मण्डली सेवकाइ, वा छुट्याइएको विशेष समय मात्रै नभएर बरु तपाईंको जीवनमा हमेसा हरेक कुरामा झल्किनुपर्ने तपाईंको आत्माको प्रवृति हो।

## दिन - ३: आराधना मेरो जीवन र प्रार्थनाको केन्द्रबिन्दु हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- आराधनापूर्ण प्रार्थनामा उहाँको उपस्थितिभित्र सिधै प्रवेश गर्नेखि तपाईंलाई रोक्ने कुनै व्यक्तिगत अवरोधहरुमाथि विजय हुन मलाई सिकाउनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

परमेश्वरलाई आत्मा र सत्यतामा आराधना गर्नुचाहिँ मेरो प्रार्थना, मेरो भित्री अस्तित्व र मैले जीवन जिउने तरिकाको केन्द्रबिन्दु रहेछ भनेर अहिले तपाईंले महसुस गरिरहेको हुनुपर्दछ। कतिपय मानिसहरुको बाइबलीय ज्ञान, आफ्नो मण्डली वा परमेश्वरको सेवा गर्न उनीहरुले गरेका क्रियाकलापसित सम्बन्ध हुन्छ तर उनीहरुको परमेश्वरसितको सम्बन्धमा चाहिँ गहिराइको अभाव हुन्छ । आराधना भनेको त परमेश्वरसितको साँचो सम्बन्धको केन्द्रबिन्दु हो। ***तपाईंका*** आफ्ना आवश्यकताहरुमा होइन तर परमेश्वर स्वयम्‌मा तपाईंको हृदयको अटुट संलग्नताचाहिँ आराधना हो। आराधनाले तपाईंको प्रार्थना र जीवनको हरेक प्रत्युत्तरलाई ढाकेको हुनुपर्दछ। पुरानो नियमका धेरै भजनसङ्ग्रहहश्र आराधनापूर्ण प्रार्थनाका लिखित उदाहरणहरु हुन् । इस्राएलका राजा दाउदले झण्डैझण्डै आधाभन्दा बढी भजनसङ्ग्रह लेखेका थिए। यद्यपि, अरु लेखकहरुले पनि आराधनामय प्रार्थनाको शक्ति पत्ता लगाएका थिए, र उनीहरुको आराधनालाई पनि भजनसङ्ग्रहको पुस्तकमा समावेश गरिएको छ।

- ***भजनसङ्ग्रह ९५ पढ्नुहोस् ।***
- ***धर्मशास्त्रलाई नै उद्धृत गर्दै प्रार्थना गर्नुचाहिँ परमेश्वरलाई आराधना गर्ने सिकाइको महान् तरिका हो र अविरल प्रेरणाको श्रोत पनि हो । आफूलाई भजन लेखकको स्थानमा राखेर भजनसङ्ग्रह ९५ मा लेखिएअनुसार प्रार्थना गर्नुहोस् ।***

उदाहरणको लागि, शुरुका दुई पदहरुमा तपाईंले यसरी प्रार्थना गर्न सक्नुहुन्छः “प्रभु, म आनन्दको गीत गाउँदै तपाईंको सामुन्ने आउँछु, मेरो मुक्तिको चट्टानको निम्ति आनन्दले गाउँछु। म धन्यवासहित तपाईंको उपस्थितिमा आउँदछु : म आनन्दले यी भजनहरु चर्को स्वरले कराउँछु।”

जब तपाईं के गर्ने होला भनेर अलमल पर्नुहुन्छ, तब परमेश्वरको आराधना गर्नुहोस् ! जस्तोसुकै परिस्थिति आए पनि, तपाईं आराधनामा परमेश्वरतिर फर्कनुहुन्छ भने तपाईंले कहिले बाटो बिराउन सक्नुहुन्न । यसो गर्नुको अर्थ, मेरो निम्ति अन्य कुनै थोकभन्दा परमेश्वर नै बढी महत्त्वपूर्ण हुनुहुन्छ भनी तपाईंले पुष्टि गरिरहनुभएको हुन्छ, साथै तपाईंले सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन्, र सबै थोकमा उहाँकै महिमा हुनुपर्छ भन्ने कुरा स्वीकार गर्नुभएको हुन्छ।

- ***२ शमूएल १२:१५ – २० पढ्नुहोस् । दाउदले आफ्नो शिशु पुत्र बित्दा के गरे ?***

  ..........................................................................................

  ..........................................................................................

- ***अय्यूब १:१३ – २० पढ्नुहोस् । जब अय्यूबले आफ्ना सबै छोराछोरीहरु मारिए भनेर खबर सुने,***

*त्यस बेला उनले के गरे?*

.....................................................................................................................

.....................................................................................................................

- ***के तपाईं आफ्नो जीवनमा घटेको निकै ठूलो कुनै घटना लेख्न सक्नुहुन्छ, जुब बेला तपाईंलाई परमेश्वरको आराधना गर्नुपर्छ थाहा थिएन वा उहाँलाई आराधना गर्न मन लागेन ?*** त्यो घटनाचाहिँ तपाईंमाथि आइपरेको गहिरो दुःख, पीडा, वा वियोग हुनसक्छ। वा, त्यो कुनै सुन्दर घटना हुनसक्छ, त्यसैले परमेश्वरलाई महिमा नदिई त्यसको श्रेय आफै लिन चाहनुभयो।

.....................................................................................................................

.....................................................................................................................

- ***तपाईंले भर्खरै लेख्नुभएको घटनालाई एकछिन सोच्नुहोस्, र यदि त्यस बखतमा त्यो घटना पीडादायी वा अप्रिय लागेको थियो भने, परमेश्वरले त्यसलाई भलाइमा परिणत गर्न प्रयोग गर्नुभएको कम्तिमा एउटा तरिका वर्णन गर्नुहोस् ।*** तपाईंले ***त्यस बखतमा*** परमेश्वरको आराधना गर्नुभएन वा गर्न सक्नुभएन भने पनि ***अहिले नै*** परमेश्वरको आराधना गरेर आफ्नो जीवनमा चङ्गाइ ल्याउन सक्नुहुन्छ।

.....................................................................................................................

.....................................................................................................................

## दिन - ४: सम्पूर्ण विश्वासीहरुको सामूहिक भजनमा आराधना मेरो हिस्सा हो

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- आराधनाचाहिँ परमेश्वरका समस्त परिवारमा मलाई बाँध्ने डोरी हो भनी मलाई अझै प्रकाश पारिदिनुहोस् भनेर परमेश्वरसित बिन्ती गर्नुहोस्।

तपाईंले आराधनाद्वारा जीवनचाहिँ आफूमा होइन, तर परमेश्वरमा अनि तपाईंका उद्देश्यहरु आफैमा होइन, तर उहाँका उद्देश्यहरुमा केन्द्रित हुनेरहेछ भनी थाहा पाउनुहुनेछ। जब तपाईंले परमेश्वरको महानता र उहाँको सृष्टिको झलक पाउनुहुन्छ, त्यस बेला परमेश्वरले मलाई एक्लै हुन सृष्टि गर्नुभएको होइन रहेछ भनी तपाईंले बोध गर्नुहुनेछ। तपाईं परमेश्वरको परिवारको एउटा हिस्सा हुनुहुन्छ र आराधनाचाहिँ उहाँको परिवारमा सहभागी हुने महत्त्वपूर्ण तरिका हो।

बाइबलमा भएका आराधनाका धेरैजसो भजनसंग्रहहरु नितान्त व्यक्तिगत हुन्। यद्यपि, तिनलाई लिपिवद्ध गरिए, संगीत हालिए, र आजसम्म पनि यी भजनसङ्ग्रहहरु यहूदी र खीष्टीय आराधनाको हिस्सा बनिरहेका छन्। आराधना व्यक्तिगत हृदयबाट शुरु हुँदछ, तर परमेश्वरलाई आत्मा र सत्यतामा पुज्ने साँचो आराधकहरुचाहिँ जहिले पनि अरुहरुसितको साझा आराधनादेखि उत्पन्न हुने सहक्रियामा रमाउने गरेका छन्।

तल दिइएका पदहरुले एज्राद्वारा नेतृत्व गरिएको यरुशलेममा पुनर्जागरणको समय बारे वर्णन गर्दछन् साथै विश्वासीहरुको संयुक्त आराधनाको उदाहरण पनि प्रस्तुत गर्दछन्।

- ***नेहेम्याह ८:१ पढ्नुहोस् । मानिसहरु एकै ठाउँमा भेला हुँदाखेरिका विशेषताहरु के के थिए ?***

 ..........................................................................................................

 ..........................................................................................................

- ***तपाईंको जीवनमा यस कुरालाई लागू गर्ने क्रममा अरु विश्वासीहरुसित आराधाना गर्दा तपाईंमा कस्तो किसिमको मनोवृति (सोच) हुनुपर्दछ ?***

 ..........................................................................................................

 ..........................................................................................................

- ***नेहेम्याह ८:२ - ७ पढ्नुहोस् । धर्मशास्त्र पढाइ वा अध्ययनप्रति मानिसहरुको सोच कस्तो थियो ?***

 ..........................................................................................................

 ..........................................................................................................

- ***अरुहरुसित आराधना गरिरहनुभएको बखतमा तपाईंले बाइबलमा आफ्नो एकाग्रता बढाउन सक्नुहुने कम्तिमा दुई ओटा तरिकाहरु लेख्नुहोस् ।***

 ..........................................................................................................

 ..........................................................................................................

प्रकाशको पुस्तकले परमेश्वरको राज्य पूर्ण रुपमा सम्पन्न हुने दिनको अपेक्षा गर्दछ। जब तपाईं तलका दिइएका पदहरु हेर्नुहुन्छ, विश्वासीहरुसित मिलेर आराधना गर्दाको शक्ति अवलोकन गर्नुहोस्।

- ***प्रकाश ४:९ - ११ पढ्नुहोस्***
- ***प्रकाश ५:८ - १४ पढ्नुहोस्***
- ***प्रकाश ७:९ - १२ पढ्नुहोस्***
- ***प्रकाश १५:३ - ४ पढ्नुहोस्***
- माथि उल्लेखित खण्डहरुमा आराधना गर्ने कतिपय व्यक्ति स्वर्गदूहरु हुन् । यद्यपि, एक दिन पृथ्वीमा भएका सबै जातिहरुका प्रतिनिधिहरुले परमेश्वरको आराधना गर्नेछन् भनी यी धर्मशास्त्रीय खण्डहरुमा स्पष्ट पारिएका छन्।
- ***मजस्तै नदेखिने, मजस्तै व्यवहार नगर्ने, वा मजस्तै नझल्कने मानिसहरुप्रतिको पूर्वाग्राह वा साँघुरो सोचदेखि म मुक्त छु भनी के तपाईं इमान्दारीपूर्वक भन्न सक्नुहुन्छ ?***

 ..........................................................................................................

- ***के तपाईंको व्यक्तिगत कुराकानी वा ठट्यौलीले आफूभन्दा भिन्न व्यवहार गर्ने वा देखिने व्यक्तिहरुप्रतिको पूर्वाग्रहदेखि तपाईं मुक्त हुनुहुन्छ भन्ने कुरा देखाउँदछ त ? यदि देखाउँदैन भने, यस***

*परिस्थितिलाई समाधान गर्न तपाईंले कस्तो किसिमका कदमहरु चाल्नुपर्ला ?*

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

- *सबै जाति, सबै भाषा र सबै संस्कृतिका व्यक्तिहरुले आराधना गरेको दृश्यले तपाईंको आफ्नो मण्डलीप्रति, आफ्नो छिमेकीप्रति, आफ्नो कार्यक्षेत्रप्रति, आफ्ना मित्र र परिवारप्रतिको सोचमा पार्ने प्रभाव पार्ने सम्बन्धमा कम्तिमा एउटा व्यावहारिक तरिका लेख्नुहोस् ।*

.................................................................................................................................

.................................................................................................................................

इतिहास केलाउँदा र संस्कृतिपिच्छे हेर्दा, परमेश्वरका जनहरुले अनगन्ती शैली, परम्परा र अभ्यासमा आराधना गरेका देखिन्छन्। यो नै परमेश्वरले तपाईंलाई आफ्नो अद्धितीय व्यक्तित्व र पृष्ठभूमिअनुसार उहाँको आराधना गर्न तपाईंलाई दिनुभएको अद्भूत स्वतन्त्रता हो। जब तपाईंको आराधना बाइबलीय सत्यताका परिधिहरुभित्र हुन्छ र तपाईंको आत्मा परमेश्वरको आत्मासित एकाकार भई प्रस्फुटन हुन्छ, तब परमेश्वर महिमित बन्नुहुन्छ।

## दिन - ५ः आराधना मेरो प्रार्थना, प्रशंसा र व्यक्तित्वको सुन्दर मिलन हो

*दैनिक प्रार्थनाको लक्ष्यः*

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- परमेश्वरसितको आफ्नो सम्बन्धलाई आराधनाको नवीन आयामको शुरुआत बनाउन सकूँ भनी प्रार्थना गर्नुहोस्।

आराधनाचाहिँ आराधकको अन्तर हृदयबाट बगेर निस्कँदछ। आराधनामा प्रार्थना, प्रशंसा र धन्यवाद – ज्ञापन समेटिएका हुन्छन्। र, आराधना विविध सांस्कृतिक र व्यक्तिगत सुवासहरुको पनि समिश्रण हो ! आराधनालाई माथि उल्लेखित सबै र अझै बढी तत्त्वहरु समेट्ने छाताको रुपमा लिंदा सायद अझै बढी उपयोगी हुन सक्ला।

- *याकूब ४:८ पढ्नुहोस् । जब तपाईं परमेश्वरको नजीक आउनुहुन्छ त्यस बेला के हुन्छ ?*

.................................................................................................................................

.................................................................................................................................

- *भजनसङ्ग्रह १०० पढ्नुहोस् । हामी परमेश्वरको नजीक जानुपर्ने कम्तिमा तीन ओटा तरिकाहरु लेख्नुहोस् ।*

.................................................................................................................................

.................................................................................................................................

- *माथि उल्लेखित तीनै तरिकाहरुमा तपाईं परमेश्वरकहाँ कसरी जानुहुन्छ सो बारे एउटा व्यावहारिक*

***उदाहरण दिनुहोस् ।***

..........................................................................................................

आराधना विषयमा अध्ययन गर्दैगर्दा बाइबलका कतिपय खण्डहरुमा तपाईंले प्रशंसा शब्द पनि भेट्नुभएको छ। हामीले प्रयोग गर्ने ***प्रशंसा*** शब्दचाहिँ ल्याटिन भाषाबाट आएको हो। यसको सम्बन्ध मूल्य वा महत्त्वसित गाँसिएको पाइन्छ। खासमा, प्रशंसा र आराधना निकट रुपमा सम्बन्धित शब्दहरु हुन्। र, कहिलेकाहीं यी शब्दहरुलाई एउटाको स्थानमा अर्को शब्दलाई पनि प्रयोग गरिन्छ। आराधनाको हकमा चर्चा गर्दा, प्रशंसाचाहिँ गीत - संगीत, शब्दहरु, हावभाव र हृदय - भावद्वारा व्यक्त गर्न सकिन्छ। प्रशंसा आत्मा र सत्यतामा गरिने कार्य भएको हुनाले प्रशंसा यस्तै हुनुपर्छ भनी त्यस विषयमा कुनै पनि निर्धारित खाका वा शैली नभएको कुरा परमेश्वरको सामु सबै जातिका मानिसहरुको अपार भीडको तस्बिरले पुनः स्मरण गराउँदछ।

- ***भजनसङ्ग्रह १५० पढ्नुहोस् । यो अध्यायअनुसार, परमेश्वरलाई महिमा दिन अयोग्य कुनै बाजागाजाहरु, कुनै सांगीतिक शैलीहरु, वा कुनै किसिमका व्यक्तिहरु छन् त ?***

  ..........................................................................................................

- ***आराधना तथा स्तुति – प्रशंसा सम्बन्धी भिन्न रुचि वा शैलीहरु भएका अरु विश्वासीहरुको उपस्थितिमा हुँदाखेरि तपाईंको सोच के हुनुपर्दछ ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***भजनसङ्ग्रह १४५ पढ्नुहोस् ।*** भजन लेखक दाउदले परमेश्वरलाई प्रशंसा गर्नुपर्ने धेरै कारणहरु प्रस्तुत गरेकाछन्। ***तपाईंले व्यक्तिगत रुपमा अनुभव गर्नुभएअनुसार परमेवरको प्रशंसा गर्नुपर्ने कम्तिमा दुई कारणहरु लेख्नुहोस् ।***

  ..........................................................................................................

  ..........................................................................................................

- दाउदले परमेश्वरको भलाइ र महानता बारेमा यही भजनमा विविध प्रतिक्रिया जनाएका छन्। ***परमेश्वरको भलाइ र महानताप्रति प्रतिक्रिया जनाउन यो हप्ता तपाईंले आफ्नो जीवनमा गर्नुहुने कम्तिमा दुई कार्यहरु लेख्नुहोस् ।***

  ..........................................................................................................

तपाईं परमेश्वरसितको हिँडाइमा जति बढ्दै जानुहुन्छ, आराधनामा पनि त्यही अनुरुपमा बढ्दै जानुहुनेछ। तपाईंको आफ्नो व्यक्तिगत, उपासनापूर्ण जीवन र आफ्नो स्थानीय मण्डली दुवैमा परमेश्वरको आराधनालाई निरन्तर रुपमा प्रगाढ पार्दै जानको निम्ति यसलाई प्रार्थनाको मुद्दा बनाउनुहोस्।

***नोटहरुः अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु***

..........................................................................................................

## पाठ ८ साक्षी : बप्तिस्मा र प्रभु भोजद्वारा आफ्नो विश्वास घोषणा गर्नु

***ख्रीष्टमा मजस्तै विश्वास भएका अरु विश्वासीहरुसित म कसरी सम्बद्ध हुनुपर्दछ ?***

***कण्ठस्थ पदः मत्ती १०:३२***

***यस हप्ताको प्रमुख विचार : येशू ख्रीष्टले स्थानीय मण्डलीलाई पालन गर्नको निम्ति सिकाउनुभएका दुई अभ्यासहरुमा संलग्न भएर ख्रीष्टमा मेरो विश्वास छ भनी साक्षी दिन्छु : बप्तिष्मा र प्रभु भोज ।***

ख्रीष्टमा विश्वास गर्नु भनेको कुनै व्यक्तिको आफ्नै स्वतन्त्र इच्छाको निर्णय हो, तर ख्रीष्टीयन विश्वासचाहिँ कहिले पनि एक्लो भएर जिउनको निम्ति होइन। हिब्रू १०:२५ मा ख्रीष्टका विश्वासीहरुसँग भेला हुन नछोड भनी शिक्षा दिइएको छ। अरुहरु विश्वासीहरुलाई साक्षी दिनको निम्ति परमेश्वरले तपाईंलाई दुई ओटा अर्थपूर्ण र प्रभावशाली विधिहरु दिनुभएको छ, ती हुन् : बप्तिस्मा र प्रभु भोज। बप्तिस्मा भनेको नयाँ विश्वासीहरुलाई परमेश्वरको परिवारमा समाविष्ट गर्नु हो र प्रभु भोजचाहिँ मण्डलीमा एकता कायम राख्न पालन गरिने विधि हो।

केही ख्रीष्टीयन सम्प्रादायहरुले यी दुई अभ्यासहरु लगायत अन्य विधिहरुलाई सम्बोधन गर्न पवित्र – विधि नामक शब्द प्रयोग गर्दछन्। पवित्र – विधि शब्द बाइबलीय होइन। यस शब्दले निश्चित कार्य गरिएमा मानिसले परमेश्वरको कृपा प्राप्त गर्दछ भन्ने भाव झल्काउँदछ। विविध विधिहरु प्रचलनमा छन्, जसलाई सामान्यतया पवित्र - विधि भन्ने गरिन्छ। ती विधिहरुमध्ये बप्तिष्मा र प्रभु भोज मात्रै बाइबलमा उल्लेख भएको पाइन्छ। यी दुई विधिहरु परमेश्वरको कृपा प्राप्त गर्नलाई होइन तर मसिही जीवनको साक्षी प्रस्तुत गरिनका निम्ति हुन्। र, यी दुवै विधिमा विश्वासी एक्लो होइन तर परमेश्वरको परिवारको रुपमा समाविशष्ट हुँदछ।

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको वचनको सत्यता ग्रहण गर्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- बप्तिस्मा अर्थ नयाँ किसिमले बुझ्न सकूँ भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

**अङ्ग्रेजीमा प्रयोग गरिने *ब्याप्टिजम*** शब्दचाहिँ डुबाउनु वा चुर्लुम्म हुनु अर्थ लाग्ने ग्रीक शब्दबाट आएको हो। तपाईंले पाठ एकमा नयाँ वा आत्मिक जन्मद्वारा शारीरिक जन्मको पाप समस्यामाथि विजय पाइनेरहेछ भन्ने कुरा अघि नै अध्ययन गरिसक्नुभयो। त्यस बेला बप्तिस्माको बारेमा छलफल गरिएको थिएन। कारण, पापको छुटकाराचाहिँ बप्तिष्मा वा अन्य कुनै धर्मकर्म वा मानव यत्न – प्रयत्नद्वारा प्राप्त नभएर ख्रीष्टमा गरिएको विश्वासले अनुग्रहद्वारा (एफिसी २:८, ९) मात्रै मिल्दछ भनी धर्मशास्त्रमा स्पष्ट छ। यस पाठमा चाहिँ तपाईंले शारीरिक र आत्मिकजन्म भएझैं शारीरिक र आत्मिक बप्तिस्मा पनि हुन्छ भन्ने कुरा सिक्नुहुनेछ। परमेश्वरको

आत्माले तपाईंलाईं आत्मिक रुपमा खीष्टको देहमा बप्तिष्मा दिनुहुन्छ वा चुर्लुम्म डुबाउनुहुन्छ। तर पानीमा लिइने बप्तिष्माचाहिँ खीष्टसितै एउटै भएको छु भन्ने अदृश्य कार्यको बाहय साक्षी हो।

- ***१ कोरिन्थी १२:१२ – १३ पढ्नुहोस् ।*** पावलले खीष्टको देह एउटै भए पनि मण्डलीभित्र सदस्यहरुको विविधता र उनीहरुका आत्मिक वरदानहरु बारे उल्लेख गरेका छन्। ***यहाँ उल्लेख गरिएको बप्तिस्मा आत्मिक कार्य हो कि शारीरिक कार्य हो?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***पद १३ अनुसार, तपाईंले ख्रीष्ट येशूलाई आफ्नो मुक्तिदाताको रुपमा विश्वास गर्नुभएको बेलामा उहाँको देहमा तपाईंलाई बप्तिष्मा दिने (चुर्लुम्म डुबाउने) को हुनुहुन्थ्यो ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***एफिसी ४:१ – ७ पढ्नुहोस् । १ कोरिन्थी १२:१३ अनुसार परमेश्वरको आत्माले तपाईंलाई ख्रीष्टमा बप्तिष्मा दिनुहुन्छ भनी लेखिएको कुरालाई मनन गर्दा, तपाईंको विचारमा एफिसीको उक्त खण्डमा उल्लेख गरिएको बप्तिष्माले शारीरिक वा आत्मिकबप्तिष्मालाई झल्काउँदछ ? आफ्ना विचारहरु लेख्नुहोस् ।***

  ..........................................................................................................

  ..........................................................................................................

- ***यूहन्ना १:२९ – ३४ पढ्नुहोस् । यस अध्यायमा उल्लेख गरिएका दुई प्रकारका बप्तिष्माहरु के के हुन्?***

  ..........................................................................................................

  ..........................................................................................................

यूहन्नाले लिएका बप्तिष्मा साँच्चै भन्नुपर्दा “खीष्टीयन” बप्तिष्मा थिएन। कारण, त्यस बेला खीष्ट मर्नुभई बौरी उठ्नुभएको थिएन। तर त्यो बप्तिष्मा त मसिहाको तयारीको लागि पापदेखि परमेश्वरतर्फ पर्किने पश्चातापको मात्रै प्रतीक थियो (प्रेरित १९:४)। त्यस बप्तिष्माले आउनेवाला आत्मिक बप्तिष्माको सङ्केत गर्दथ्यो। आज, मण्डलीमा दिइने पानीको बप्तिष्माले चाहिँ ***आइसकेको*** आत्मिक बप्तिष्माको सङ्केत गर्दछ।

- ***रोमी ६:१ – ७ पढ्नुहोस् ।*** बप्तिष्माले तपाईं खीष्टसँगै मर्नुभयो, गाडिनुभयो र पुनरुत्थान हुनुभयो भन्ने तपाईंको पहिचान झल्काउँदछ।
- कतिपय मण्डलीहरुले बप्तिष्मा लिने व्यक्तिलाई छिर्काउद्वारा वा पानी खन्याएर पानीको बप्तिष्मा दिने गर्दछन्। अरु मण्डलीहरुले चाहिँ बप्तिष्मा लिने व्यक्तिलाई पानीमा चुर्लुम्म डुबाउँदछन् र उसलाई पानीदेखि बाहिर निकाल्दछन्। ***पावलले रोमी ६ अध्यायमा सिकाएअनुसार बप्तिष्माको उत्तम प्रतीकचाहिँ कुन होला ?***

  ..........................................................................................................

.....................................................................................................................

बाइबलमा अदृश्य धारणाहरुलाई दृश्य तरिकाले झल्काइएको पाइन्छ। विवाहचाहिँ तपाईंका वरिपरि सम्पन्न भएका मानिसहरुका विवाहद्वारा स्पष्ट तुल्याइएको एउटा अदृश्य अवधारणा हो। मण्डली, अर्थात ख्रीष्टको देहचाहिँ युगौंदेखिको हरेक जातिको समिश्रणबाट ख्रीष्टलाई पछ्याउने विश्वासीहरुको समूहबाट निर्माण भएको हुन्छ। यद्यपि, ख्रीष्टको देह विश्वभरि अनगन्ती स्थानी मण्डलीहरुद्वारा दृश्यमान, मूर्त बन्दछ।

परमेश्वरको आत्माले नै तपाईंलाईं अरु विश्वासीहरुसित एक बनाई ख्रीष्टको देहमामा बप्तिष्मा दिनुहुन्छ। जब तपाईंले ख्रीष्टमा नयाँ जीवन पाएको साक्षी स्वरुप स्थानीय मण्डलीमा बप्तिष्मा लिनुहुन्छ, ख्रीष्टको अदृश्य देह तपाईंको निम्ति वास्तविक र मूर्त बन्दछ।

- ***यदि परमेश्वरको आत्माले नै तपाईंलाईं ख्रीष्टसित एक हुनको निम्ति ख्रीष्टको देहमामा बप्तिष्मा दिनुहुन्छ भने, तपाईंले पाप क्षमादान र अनन्त जीवनको निश्चयता पाइसकेपछि ख्रीष्टसितको तपाईंको सम्बन्ध कति घनिष्ठ हुनुपर्दोरहेछ ?***

  .....................................................................................................................

  .....................................................................................................................

- ***यदि तपाईंले स्थानीय मण्डलीद्वारा बप्तिष्मा लिनुहुन्छ, त्यस बेला ख्रीष्टसितको आफ्नो सम्बन्ध बारे कल्पना गरेर हेर्दा मण्डलीसित तपाईंको सम्बन्ध कस्तो किसिमको हुनुदपर्दछ ?***

  .....................................................................................................................

  .....................................................................................................................

## दिन - २ः बप्तिष्माचाहिँ आत्मिक परिपक्वतातर्फ मेरो पहिलो खुट्किला हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- आत्मा बढ्दै जानको निम्ति ध्यान दिन पर्ने कुनै अधूरा क्षेत्रहरु मेरा जीवनमा छन् भने देखाइदिनुहोस् भनेर परमेश्वरसित प्रार्थना गर्नुहोस्।

ख्रीष्टको देहमा तपाईंको बप्तिष्माको महत्त्व स्थापित भइसकेपछि स्थानीय मण्डलीमा पानीको बप्तिस्मा लिनुको खासै औचित्य छैन भनी सोच्नुचाहिँ भूल हुन्छ। यसमा पाठमा आत्मिक बप्तिष्माको प्रतीक स्वरुप पानीको बप्तिष्माको महत्त्वमा ध्यान दिइनेछ।

- ***मत्ती ३ः१३ – १५ पढ्नुहोस् । येशू प्रभुको सेवकाइको पहिलो सार्वजनिक कार्य थियो?***

  .....................................................................................................................

  .....................................................................................................................

- ***येशू ख्रीष्टको चेलाको रुपमा परमेश्वरको सेवामा तपाईंलाई आफ्नो पहिलो सार्वजनिक सेवकाइ कार्य***

*के हुनुपर्दछ जस्तो लाग्दछ ?*

.................................................................................................................

.................................................................................................................

- *मत्ती ३ अध्यायमा, यूहन्नाले बप्तिष्मा दिन अप्ठ्यारो मान्दामान्दै पनि किन येशूले बप्तिष्मा लिन्छु भनेर जोड गर्नुभयो?*

.................................................................................................................

.................................................................................................................

- *मत्ती ३:१६ – १७ पढ्नुहोस् । यस अध्यायले देखाएअनुसार येशूले छिर्काउ, पानी खन्याइ बप्तिष्मा लिनुभयो, कि पानीमा चुर्लुम्म डुबेर बप्तिष्मा लिनुयो?*

.................................................................................................................

.................................................................................................................

- *के तपाईं यी पदहरुमा पिता, पुत्र र पवित्र आत्मालाई पहिचान गर्न सक्नुहुन्छ ?*

.................................................................................................................

.................................................................................................................

यूहन्नाको बप्तिष्माचाहिँ मानिसहरुलाई पापदेखि फर्केर परमेश्वरमा आउन आह्वान गर्ने पश्चातापको प्रतीकको रुपमा थियो भन्ने कुरा तपाईंले हिजो सिक्नुभयो। यी सबै धार्मिकता पूरा गर्न मैले बप्तिष्मा लिनुपर्छ भनी येशूले बताउनुभयो। अर्को शब्दमा भन्नुपर्दा, उहाँले बप्तिष्मा लिनुभयो किनकि त्यसो गर्नुचाहिँ गर्नु सही कार्य थियो। येशूमा पापबाट फर्कनुपर्ने कुनै पाप थिएन तर सबैतिरका मानिसहरुले पापबाट छुटकारा पाऊन् र परमेश्वरमा फर्कन सम्भव होस् भन्ने हेतुले उहाँले आफ्नो सेवकाइ यसरी शुरुआत गर्दैहुनुहुन्थ्यो।

- *प्रेरित ८:२६ – ४० पढ्नुहोस् ।*
- *इथोपियाको नपुंसकले ख्रीष्टको चेला भइसकेपछि सबैभन्दा पहिला के गर्न चाहन्थ्यो ?*

.................................................................................................................

.................................................................................................................

- *इथोपियाको नपुंसकले ख्रीष्टको चेला हुनुभन्दा पहिला बप्तिष्मा लियो कि पछि ?*

.................................................................................................................

.................................................................................................................

- *पद ३८ – ३९लाई राम्ररी नियाल्नुहोस् । यी पदहरुअनुसार, फिलिपले नपुंसकलाई छिर्काउ, पानी खन्याइ वा डुब्की कस्तो बप्तिष्मा दिए ?*

............................................................................................................................

............................................................................................................................

- *मत्ती २८ः१८ – २० पढ्नुहोस् ।*
- *पद १९ अनुसार, सबै जातिहरु (सिधा अर्थमा, विभिन्न जात – जातिहरु) लाई जानु र सिकाउनु (सिधा अर्थमा, चेला बनाउनु हो) बाहेक येशूका चेलाहरुले विश्वास गरेका व्यक्तिहरुलाई के गर्न पर्दथ्यो ?*

............................................................................................................................

............................................................................................................................

- *यदि विश्वासीहरुलाई ख्रीष्टको देहमा बप्तिष्मा दिने व्यक्ति परमेश्वरको आत्मा हुनुहुन्छ भने, पद १९ मा ख्रीष्टका अनुयायीहरुलाई दिइएको यो आज्ञा आत्मिक बप्तिष्मासित सम्बन्धित छ ? वा आत्मिक बप्तिष्मा झल्काउने पानीको बप्तिष्मा हो ?*

............................................................................................................................

............................................................................................................................

............................................................................................................................

- *येशूले बप्तिष्मा दिने यूहन्नालाई अहिले यसरी नै बप्तिष्मा लिएर सबै धार्मिकता पूरा हुनुपर्छ भनी मत्ती ३ः १५ मा दिनुभएको जबाफ र विश्वासीहरुको बप्तिष्माचाहिँ येशूले मत्ती २८ः१८ – २० मा दिनुभएको आज्ञाको एउटा पाटो हो भनी मनन गर्दाखेरि तपाईंले किन बप्तिष्मा लिनुपर्दोरहेछ ?*

............................................................................................................................

............................................................................................................................

............................................................................................................................

## दिन - ३ः बप्तिष्माचाहिँ मेरो रुपान्तरित जीवनको साक्षी हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- बप्तिष्माचाहिँ ख्रीष्टमा मेरो नयाँ जीवनको शक्तिशाली साक्षी कसरी रहेछ सो बुझ्न मलाई सहायता गर्नुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

बप्तिष्माले मानिसलाई परिवर्तन गर्दैन; बप्तिष्मा त ख्रीष्टको अनुयायी बनेर जीवन परिवर्तन भएको तथ्यको साक्षी हो। येशूसँगै क्रूसमा टाँगिएको डाँकुले मेरो पाप क्षमा गरिदिनुहोस् भनी येशूलाई बिन्ती गऱ्यो, र येशूले उसलाई तिमी आज नै मसित स्वर्गलोकमा हुनेछौ भन्नुभयो। त्यस डाँकुले बप्तिष्मा लिने मौका नहुनुले पानीको बप्तिष्माको साङ्केतिक प्रकृतिलाई पुष्टि गर्दछ। बप्तिष्मा लिन नपाएका शिशुहरु वा डुब्की बप्तिष्मा

लिनदेखि बञ्चित भएका मानिसहरुको उदाहरणहरु नयाँ नियममा पाइँदैन। पानीको बप्तिष्माले परिवर्तन भएको जीवनको प्रमाण दिँदछ।

- ***प्रेरित ९:१ - १८ पढ्नुहोस् ।*** पद १८ लाई राम्ररी नियाल्नुहोस्। ***शावल (पावल) ले येशू ख्रीष्टलाई ग्रहण गरेर विश्वासी भइसकेपछि सबैभन्दा पहिला उनले गरेका कार्य के हो ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***प्रेरित १६:१९ - ३४ पढ्नुहोस् ।*** विशेष गरी पद ३३ राम्ररी नियाल्नुहोस्। ***फिलिप्पी जेलको हाकिम र उनका परिवारले आफ्ना पापदेखि उद्धार पाउन येशूलाई ग्रहण गरिसकेपछि सबैभन्दा पहिला उनीहरुले गरेका कार्य के हो ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***प्रेरित १९:१ - ५ पढ्नुहोस्।*** पावलले एफिससमा केही विश्वासीहरु भेट्दछन्, तर उनीहरुमा केही कुरा खट्किरहेको उनी अनुभूत गर्दछन्। उनले ती विश्वासीहरुलाई पवित्र आत्माको विषयमा सोधे, तर उनीहरुले बप्तिष्मा लिइसकेको भए तापनि पावलले केको विषयमा सोध्दैछन् भन्ने कुराप्रति उनीहरु अनभिज्ञ थिए।
- ***पद तीन अनुसार उनीहरुले कुन प्रकारको पानीको बप्तिष्माको अनुभव गरेका थिए ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***त्यसो हो भने, उनीहरु येशू ख्रीष्टका चेलाहरु (अनुयायी) भएका थिएनन्, तर कसका चेला थिए त ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

  ..........................................................................................................................

- उनीहरुलाई पवित्र आत्मा को हुनुहुन्छ भन्ने बारे केही पनि ज्ञान नभएकोले, यिनीहरुले पवित्र आत्माद्वारा ख्रीष्टमा बप्तिष्मा पाएका रहेछन् भनी पावल सही टुङ्गोमा पुगे। अनि, पावलले उनीहरुलाई ख्रीष्टमा आफ्नो विश्वास स्थापित गर्न आग्रह गरे। र, त्यसपछि उनीहरुले त्यसै गरे।
- ***पद ५ अनुसार, यी मानिसहरुले अर्कै किसिमले बप्तिष्मा लिइसके पनि ख्रीष्टमा विश्वास गरेपछि उनीहरुले गरेका पहिलो कार्य के हो ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

ती चेलाहरु मसिहाको प्रतीक्षामा यूहन्नाको बप्तिष्मा लिएर पुरानो नियमको व्यवस्थाअनुसार जिइरहेका थिए,

तर उनीहरुलाई मसिहा आइसक्नुभएको छ भन्ने ज्ञान थिएन। तलका दिइएका पदहरुमा ती चेलाहरुले ख्रीष्टले दिनुभएको नयाँ नियमलाई स्वीकार गर्ने सङ्घारमा कसरी प्रमाण दिए भन्ने कुरा वर्णन गरिएको छ। अन्य भाषामा बोल्ने विशेष वरदानचाहिँ परमेश्वरको आत्माद्वारा दिइएको प्रमाणको सङ्केत थियो, र त्यस बेलाका इतिहासमा पनि हरेक विश्वासीले पाउनै पर्ने मानकको रुपमा स्थापित गरिएको थिएन।

- ***के तपाईंले ख्रीष्टको देहमा परमेश्वरको आत्माले बप्तिष्मा दिनुभएको छ? कहिले?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***के तपाईंले पानीको बप्तिष्मा लिनुभयो?*** ..............................................................
- ***तपाईंले बप्तिष्मा ख्रीष्टलाई ग्रहण गर्नुअघि कि पछि लिनभयो ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***के तपाईंले पानीको बप्तिष्मा आफ्नो पाप र पुरानो स्वभावको निम्ति मरेको र ख्रीष्टको पुनरुत्थानको शक्तिले मृत्युदेखि बौरी उठीको नयाँ जीवनको सङ्केतको रुपमा पानीमा डुबेर बप्तिष्मा लिनुभएको हो ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***यदि तपाईंले अहिलेसम्म पानीमा चुर्लुम्म डुबेर बप्तिष्मा लिई आत्मिक परिपक्वतातर्फ पहिलो कदम चाल्न आज्ञा पालन गर्नुभएको छैन भने, कहिले बप्तिष्मा लिने निर्णय गर्नुभएको छ? मिति मिलाएर आफू सङ्गति जाने मण्डलीको कोही अगुवासित कुराकानी गर्नुहोस् ।*** यदि तपाईं अहिलेसम्म बाइबल स्पष्ट रुपमा नसिकाउने र विश्वासीहरुलाई आत्मिक रुपमा बढ्न हौसला नदिने मण्डली गइरहनुभएको छ भने, कोही अझै परिपक्व विश्वासी (हुनसक्छ, यही कोर्समा तपाईंलाई सहयोग गर्ने व्यक्ति) सँग कुराकानी गरेर मण्डली परिवार खोज्नुहोस्।

  ..........................................................................................................

  ..........................................................................................................

- ***यदि तपाईंले ख्रीष्टमा विश्वास गर्नु पहिले नै बप्तिष्मा लिनुभएको हो वा ख्रीष्टमा तपाईंको नयाँ, रुपान्तरित जीवनको पूर्ण तस्बिर नझल्काउने तरिकाले बप्तिष्मा नलिनुभएको हो भने, प्रेरित १९ अनुसार तपाईंले बप्तिष्मा दिने यूहन्नाका चेलाहरुका उदाहरण कसरी अनुशरण गर्न सक्नुहुन्छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

परमेश्वरले तपाईंलाई येशू ख्रीष्टको साक्षी बनेको चाहनुहुन्छ भन्ने कुरामा कुनै दुई मत छैन। तपाईंको बप्तिष्मा

भनेको ख्रीष्टमा तपाईंको विश्वास सार्वजनिक रुपमा घोषणा गर्ने जीवनको एक पटकको अवसर हो। तपाईंले ख्रीष्टमा विश्वास गरेकोले तपाईंको आफ्नो जीवन रुपान्तरित भएको घोषणा गर्ने क्रममा आफ्नो जीवनको विशेष दिनमा परिवार जन र साथीभाइहरुलाई सहभागी निमन्त्रणा दिने अवसर हो – बप्तिष्मा।

## दिन - ४ः प्रभु भोजचाहिँ ख्रीष्टसितको मेरो घनिष्ठ सम्बन्धको तस्बिर हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- परमेश्वरसित सधैं सङ्गति कायम गरिरहने तरिका मलाई देखाइदिनुहोस् भनी उहाँसित प्रार्थना गर्नुहोस्।

येशू ख्रीष्टले आफ्ना बाह्र जना चेलाहरुसँग खानुभएको अन्तिम भोजचाहिँ अत्यन्तै महत्त्वपूर्ण क्षण थियो। हरेक यहूदीको लागि निस्तार चाडले अर्थ राख्दछ, तर त्यस अवसरमा क्रूसमा टाँगिनलाई छिट्टै यहूदीहरुको हातमा सुम्पिइन गइरहेको छु भनी बुझी येशूले त्यस परम्परागत निस्तार भोजमा नयाँ आयाम थप्नुभयो। हामीले बप्तिष्माको बारे अध्ययन गरेजस्तै प्रभु भोज पनि परमेश्वरको कृपा पाउन गरिने पवित्र विधि होइन, तर ख्रीष्टले तपाईंको निम्ति गर्नुभएको कार्यको स्मरण वा संझना गर्न गरिने विधि हो। पावलले यस अभ्यासलाई प्रभुको मेच वा प्रभु भोज भनी कोरिन्थीहरुलाई लेखेको पत्रमा उल्लेख गरेका छन्, तर यसलाई प्रायः गरी प्रभु भोज भन्ने गरिन्छ, किनकि यसले ख्रीष्ट र मण्डलीका अरु विश्वासीहरुसितको एकता झल्काउँदछ।

- ***लूका २२ः७ - २० पढ्नुहोस् ।***
- ***पद १९ मा रोटीले के को प्रतिनिधित्व गर्दछ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***जब तपाईं प्रभु भोजको सेवामा रोटीमा सहभागी हुनुहुन्छ, त्यस बेला यस पदअनुसार तपाईंले के गरिरहनुभएको हुन्छ ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

येशूले "यो मेरो शरीर हो ... यो मेरो रगत हो" भन्नु भएअनुसार कतिपय मण्डलीहरुले रोटी र दाख रस प्रभु येशूको देह र रगत हो भनेर सिकाउने गर्दछन्। यस खालको सिधा व्याख्याले कप (पद २०) मा राखिने दाख रसलाई ख्रीष्टको रगत भनी दावा गर्न सक्छ। तपाईंले उहाँको संझनामा गर्नुपर्ने यो विधिले यो चलनचाहिँ तपाईंलाई जीवन दिन तपाईंको निम्ति ख्रीष्ट मर्नुभएको संझना गर्न गरिने प्रतीक हो भन्ने कुरा झल्काउँदछ।

- ***यूहन्ना ६ः५१ पढ्नुहोस् । येशूले यहाँले उल्लेख गर्नुभएको प्रसङ्गअनुसार, तपाईंको विचारमा प्रभु भोजको रोटीको प्रतीकलाई उहाँले कुन अर्थमा लिनुभएको होला ?***

  ..........................................................................................................................

..............................................................................................................................

- *लूका २२:२० मा कपले के कुरालाई संकेत गर्दछ ?*

..............................................................................................................................

..............................................................................................................................

- *हिब्रू ९:११ - २२ पढ्नुहोस् । पुरानो नियम अन्तरगत बलिदानको रुपमा चढाइने पशुको रगतमा के पापदेखि छुटकारा गर्ने शक्ति हुन्थ्यो त ?*

..............................................................................................................................

..............................................................................................................................

- *नयाँ नियम (नियम शब्दको अर्थ प्रतिज्ञा, करार वा सम्झौता भन्ने हुन्छ) मा कस्को रगतद्वारा पापदेखि छुटकारा पाइन्छ भनी बताइको छ ?*

..............................................................................................................................

..............................................................................................................................

- रोटी खानु र कचौरादेखि पिउनुलाई निरन्तरता दिनुको परिणामचाहिँ परमेश्‍वरसित तपाईंको सङ्गतिलाई ताजा र अटुट राख्नु हो। त्यसकारण, प्रभुको मेच अर्थात प्रभु भोजमा सहभागी हुन दिइएको बोलावटचाहिँ एउटा सुन्दर यादगार हो।
- *१ यूहन्ना १:१ - ४ पढ्नुहोस् । के परमेश्‍वरले तपाईंलाई उहाँसँग सङ्गति गरेको चाहनुहुन्छ?*

..............................................................................................................................

..............................................................................................................................

- *पद ४ अनुसार, उहाँसितको तपाईंको सङ्गतिले कस्तो किसिमको भावना झल्काउनुपर्दछ ?*

..............................................................................................................................

..............................................................................................................................

- *१ यूहन्ना १:५ - ७पढ्नुहोस् । तपाईंको जीवनमा ख्रीष्टको रगतले के गर्दछ ?*

..............................................................................................................................

..............................................................................................................................

- *१ यूहन्ना १:८ - १० पढ्नुहोस् । तपाईं आफ्नो मण्डलीमा प्रभु भोजमा सहभागी हुँदै गर्दाखेरि परमेश्‍वरको आत्माले तपाईंलाई स्वीकार नगरिएका कुनै पापहरुको झल्को दिनुहुन्छ भने, पद ९ अनुसार तपाईंले के गर्नुपर्दछ ?* (पाप स्वीकार गर्नु भनेको मानिलिनु, साँचो मान्नु हो)।

..............................................................................................................................

..............................................................................................................................

## दिन - ५: प्रभु भोजचाहिँ मेरो आत्मिकपरिवारको निम्ति निरन्तर साक्षी हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- आफ्नो मण्डली परिवारसँग सुमधुर सम्बन्ध हुनुको महत्त्व बारे बुझ्न सकूँ भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

हाम्रा प्रभुले दिनुभएका आज्ञाअनुसार शताब्दीयौंदेखि ख्रीष्टिय मण्डलीहरुमा प्रभु भोज सञ्चालन गरिंदैआएको छ। प्रभु भोज चाहिँ तपाईं एक्लैले सञ्चालन गर्ने कार्य होइन, यो त मण्डलीका अरु विश्वासीहरुसँग एकतामा रहेर गरिने कार्य हो।

- ***१ यूहन्ना १:१ – ४ पढ्नुहोस् । तपाईंले अघिल्लो दिन अध्ययन गर्नुभएको पाठअनुसार परमेश्वरसितको सङ्गतिको आनन्द आफैं एक्लै लिनुपर्दछ कि अरु विश्वासीहरुसित पनि सङ्गतिको आनन्द लिनुपर्दछ ?***

  ....................................................................................................................

  ....................................................................................................................

- ***१ कोरिन्थी ११:२३ – २६ पढ्नुहोस्।*** येशूले दिनुभएका निर्देशनहरुलाई पावलले अन्तिम भोजबाट सारांशमा प्रस्तुत गरेका छन्।
- ***पद २४ र २५ दुवै पदहरुमा दोहोरिएको विचार के हो?***

  ....................................................................................................................

  ....................................................................................................................

  ....................................................................................................................

- ***पद २६ अनुसार, ख्रीष्टले तपाईंको निम्ति बलिदान स्वरुप अर्पण गर्नुभएको शरीर र रगतद्वारा तपाईंले पाउनुभएको मुक्तिलाई सम्झनुको अलावा, तपाईं जब – जब प्रभु भोजमा सहभागी हुनुहुन्छ त्यस बेला कस्ता प्रतिक्रियाहरु वा अभिव्यक्तिहरु दिइरहनुभएको हुन्छ ?***

  ....................................................................................................................

  ....................................................................................................................

  ....................................................................................................................

- ***१ कोरिन्थी ११:१९ – २२ पढ्नुहोस्।*** पावलले कोरिन्थीको मण्डलीमा विद्यमान समस्यालाई सच्याउने कार्य गरिरहेका हुन्छन्। उनीहरुले प्रभु भोजलाई साँच्चिकै भव्य भोजको रुपमा प्रयोग गर्दथे। प्रभु भोजले मण्डलीमा एकता र चङ्गाइलाई बढावा दिनुको साटो फुट उत्पन्न गराइरहेको थियो।

स्थानीय मण्डलीमा एकताको आत्मा कायम गरिराख्नु प्रभु भोजका महत्त्वपूर्ण उद्देश्यहरुमध्ये एउटा उद्देश्य हो। जब मानिसहरु एक ठाउँमा भेला हुने गर्दछन्, त्यहाँ अवश्य नै द्वन्द्व र असमझदारी उत्पन्न भइहाल्छ। प्रभु भोजको उद्देश्य भनेको हामी सबैले येशू ख्रीष्टको एउटै शरीर र रगतबाट मुक्ति पाएका हौं भनी सम्झना

गर्नु, परमेश्वरको उपस्थितिमा आफ्ना पापहरु स्वीकार गर्नु, र मण्डलीमा एकतापूर्ण सङ्गति कायम गरिराख्ने उद्देश्यले विश्वासीहरु बीच कुनै समस्याहरु भए समाधान गर्नु हो।

- ***१ कोरिन्थी ११:२७ – २९ पढ्नुहोस्।*** प्रभुको मेचमा हामीले पाप स्वीकार नगरी सहभागी हुँदा, मनमा तितो राखेर प्रभु भोज लिँदा, र अरुहरुसितको आफ्नो बिग्रेको सम्बन्ध नमिलाई प्रभु भोजमा सहभागी हुँदा परमेश्वरले तपाईंलाई त्यसको लेखा लिनुहुन्छ भनी पावलले स्पष्ट बताएका छन्। ***१ कोरिन्थी ११:२८ र १ यूहन्ना १:९ अनुसार, प्रभु भोजमा सहभागी हुनुअघि तपाईंले के गर्नुपर्दछ ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***१ कोरिन्थी ११:३० पढ्नुहोस्।*** कोरिन्थी मण्डलीका विश्वासीहरुले आफ्ना पापहरु हल नगरी साथै ख्रीष्टको देहमा भएका अरु सदस्यहरुसितको द्धन्द्धलाई समाधान नगरी प्रभु भोजलाई अनादर गरेका हुनाले उनीहरु बिरामी भए, अनि यहाँसम्म कि कति जना त मरे भनेर पनि पावलले वर्णन गरेका छन्।
- ***१ कोरिन्थी ११:३१ पढ्नुहोस् ।*** यहाँ भन्न खोजिएको मूल कुराचाहिँ यदि तपाईंले पापका समस्याहरु हल गर्नु पर्ने खाँचो महसुस गर्दैहुनुहुन्छ भने, त्यसका परिणामहरु बारे तपाईंले चिन्ता लिइराख्नु पर्दैन।
- ***पद २६ मा फेरि हेर्नुहोस् । प्रभु भोज सञ्चाल गर्नको निम्ति के निर्दिष्ट समय स्थापित गरिएको छ त ? यो पदअनुसार तपाईंले कति पटक प्रभु भोज मनाउनुपर्ने रहेछ ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***तपाईंको मण्डलीले प्रभु भोज कहिले र कति पटक सञ्चालन गर्दछ ?*** (यदि तपाईंलाई थाहा छैन भने कोही सदस्यलाई सोध्नुहोस्)।

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***तपाईंले बाइबलमा जे कुरा भर्खरै अध्ययन गर्नुभयो सो आधारमा, यो अति महत्त्वपूर्ण प्रभु भोजको निम्ति आफैलाई तयार पार्न तपाईंले के गर्नुपर्दोरहेछ ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

***नोटहरुः अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

# पाठ ९ समुदाय : मेरो स्थानीय मण्डली परिवारको अङ्ग बन्नु

***किन म मण्डलीको अङ्ग बन्न चाहनु ?***

***कण्ठस्थ पदः प्रेरित २०:२८***

***यस हप्ताको प्रमुख विचार : स्थानीय मण्डली मेरो आत्मिकपरिवार हो, जहाँ परमेश्वर मेरो जीवनमा उहाँको आफ्नो कार्य पूरा गर्न र अरुहरुको सेवाको निम्ति मलाई प्रयोग गर्न समर्थ हुनुहुन्छ ।***

सही विकास र सुरक्षाको लागि हरेक बालकलाई परिवारको आवश्यकता पर्दछ। यही कारणले येशू ख्रीष्टको हरेक चेला वा विश्वासीलाई पनि मण्डली परिवारको आवश्यकता पर्दछ। हाम्रा परिवारहरु जसरी भिन्न – भिन्न आकार र प्रकृतिका हुन्छन्, त्यसरी नै मण्डली पनि कल्पनीय रुपमा विभिन्न आकार र प्रकृतिका हुन्छन्। एउटा असल मण्डली अनुभवचाहिँ प्रेमिलो, स्याहार – सुसार गर्ने बलियो परिवारको सदस्य बन्नुजतिकै लाभदायक हुन्छ। धेरै मानिसहरुले आफ्ना प्राकृतिक परिवारप्रति जति घनिष्ठ हुनुपर्ने हो त्योभन्दा पनि बढी उनीहरु कुनै न कुनै तरिकाले मण्डली परिवारप्रति घनिष्ठ भएको महसुस गर्दछन्।

येशू ख्रीष्टको अनुयायी भएको हैंसियतमा हामी आफ्नो आफ्नो व्यक्तिगत परिवारभन्दा पनि अझै ठूलो परिवारको सदस्य भएका हुन्छौं। तपाईं विगत २००० वर्षदेखि येशूका अन्य चेलाहरुसँग जोडिन पुग्नुभएको हुन्छ। धेरै ख्रीष्टियनहरुले विश्वासमा अति महत्त्वपूर्ण योगदान गरेका छन् र अन्य ख्रीष्टियनहरुले ख्रीष्टको निम्ति आफ्नो जीवन अर्पण गरेका छन् । परमेश्वरले हरेक विश्वासीलाई अद्धितीय वरदान, पृष्ठभूमि र व्यक्तित्वहरु दिनुभएको छ। परमेश्वरको आत्माको शक्तिमा अरुहरुसँगसँगै मिलेर तपाईंले अनन्त परिवर्तन ल्याउन सक्नुहुन्छ। मण्डलीलाई तपाईंको जति आवश्यक पर्दछ, तपाईंलाई मण्डलीको पनि त्यतिकै आवश्यक

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- मलाई मण्डली सम्बन्धी र मण्डलीमा आफ्नो स्थान बुझ्न अझै स्पष्ट ज्ञान दिनुहोस् भनी परमेश्वर सित बिन्ती गर्नुहोस्।

मण्डली भन्नुबितिक्कै विभिन्न किसिमका कल्पनाहरु उत्पन्न हुन्छन्,जस्तै : भवन, सम्प्रदाय, वा मानिसहरुको समूह। नयाँ नियममा मण्डली भनी अनुवाद गरिएको शब्दचाहिँ ग्रीकको ***एक्लेसिया*** शब्दबाट आएको हो। एक्लेसिया शब्दले हामीलाई धार्मिक – सङ्घजस्तो भाव बुझाउँदछ। पहिलो शताब्दीमा यस शब्दको खासै विशेष धार्मिक भावार्थ थिएन, तर सरकारी कर्मचारीहरुद्वारा नागरिकहरुको भेलालाई सम्बोधन गर्न ग्रीकमा प्रयोग गरिन्थ्यो । पुरानो नियमबाट ग्रीकमा अनुवाद गर्दा यस शब्दले इस्रायलको समुदाय वा भेलालाई जनाउँदथ्यो। मत्ती १६:१८ मा आफ्ना अनुयायीहरुको हकमा यस शब्दलाई प्रयोग गर्ने पहिलो व्यक्ति येशू

हुनुहुन्थ्यो।

नयाँ नियममा मण्डली शब्दलाई दुई प्रकारले प्रयोग गरिएको पाइन्छ। पहिलो, यस शब्दले पहिलो शताब्दीदेखिका खीष्टका अनुयायीहरु लगायत आफ्नो राज्य स्थापना गर्न खीष्टको दोस्रो आगमन नभएसम्मका खीष्टका अनुयायीहरु सबैको भेलालाई इंगित गर्न सक्छ। यद्यपि,अधिकांश उदाहरणहरुअनुसार, मण्डली शब्दलाई येशू खीष्टका चेलाहरुको स्थानीय समूह वा भेलालाई जनाउन प्रयोग गरिएको पाइन्छ। यस शब्दलाई भवनलाई सङ्केत गर्न वा वर्तमान युगमा सम्प्रादाय अर्थ लाग्ने भावमा कहिल्यै प्रयोग गरिएको पाइँदैन।

- ***एफिसी ५ः२५ पढ्नुहोस् । मण्डलीप्रति ख्रीष्टको धारणा के हो ?***

  ......................................................................................................

  ......................................................................................................

- ***एफिसी ५ः२६ – २७ पढ्नुहोस् । येशू ख्रीष्टले आफ्नो मण्डलीमा हासिल गर्न चाहनुभएका कम्तिमा दुई कुराको नाम लेख्नुहोस् ।***

  ......................................................................................................

  ......................................................................................................

- ***पद २६ अनुसार, जब मण्डलीमा समस्या वा आवश्यकता उत्पन्न हुन्छन्, ख्रीष्टले आफ्नो मण्डलीलाई कसरी पवित्रीकरण (अलग पार्नुहुन्छ, विशेष बनाउनुहुन्छ ) गर्नुहुन्छ ?***

  ......................................................................................................

  ......................................................................................................

  ......................................................................................................

- ***तपाईंको विचारमा विशेष प्रयोजनको निम्ति अलग पारिने कार्य स्थानीय मण्डलीमा कसरी सम्पन्न हुन्छ ?***

  ......................................................................................................

  ......................................................................................................

  ......................................................................................................

- ***एफिसी ५ः२८ – ३० पढ्नुहोस् । पद २९ अनुसार, ख्रीष्टले आफ्नो मण्डलीको निम्ति गर्नुहुने दुई ओटा कुरा के के हुन् ?***

  ......................................................................................................

  ......................................................................................................

  ......................................................................................................

- ***प्रेरित २०ः२८ पढ्नुहोस् । परमेश्वरले मण्डलीको निम्ति कस्तो मूल्य तिर्नुभयो?***

  ......................................................................................................

..............................................................................................................

..............................................................................................................

- ***परमेश्वरले मण्डलीलाई दिनुभएको महत्त्वको विषयमा यी पदहरुले तपाईलाई के बताउँछन् ?***

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

नयाँ नियमले स्थानीय मण्डलीको संरचना बारेमा न्यून निर्देशन दिएको छ; परिस्थिति र आवश्यकताअनुसार नयाँ नियमको संरचना क्रमशः विकसित हुँदै गइरहेको देखिन्छ। पहिलो शताब्दीका विश्वासीहरु प्रायः घर – घरमा भेट्ने गर्दथे। जब विश्वासीहरुको समूह निर्माण हुँदैगयो, अगुवाहरुलाई ***एल्डरको*** संज्ञा दिइयो। ***पास्टर*** (गोठालोका रुपमा हेरचाह गर्ने व्यक्ति) र ***विशप*** (प्रशासक वा सुपरिवेक्षक) यी दुई शब्दहरु एल्डरको पर्यायवाचीको रुपमा प्रयोग गरिने शब्दहरु हुन्। मण्डलीका सदस्यहरुको हेरचाह गर्ने क्षेत्रमा एल्डरलाई सहायता गर्नको निम्ति ***डिकनहरु*** (सेवकहरु) पछि थपिएका हुन् (प्रेरित ६:१ – ६)। यही दुई प्रकारका मण्डली अगुवाहरु मात्रै नयाँ नियममा उल्लेख गरिएका छन्। पावलले यिनीहरुका योग्यता बारे १ तिमोथी ३:१ – १३ र तीतस १:५ – ९ मा प्रस्तुत गरेका छन्।

मण्डली संरचना सम्बन्धी विस्तृत जानकारीको कमि हुनुको अर्थ सरोकारको कमि हुनु होइन। बरु, विविध संस्कृतिहरु, परिस्थितिहरु, र युगहरुअनुसार स्थानीय मण्डलीहरु अनुकूलित हुन सकून् भन्ने उद्देश्यले स्थानीय मण्डलीलाई अधिक लचकता प्रदान गर्ने परमेश्वरको ज्ञानको प्रदर्शन हो। आज तपाईंले विचार गर्नुभएका यी बाइबलीय अध्यायहरुले परमेश्वरले मण्डलीलाई कति महत्त्व दिनुहुँदोरहेछ भन्ने कुरा प्रकाश पारेका छन्।

## दिन - २: मण्डली मेरो आत्मिकपरिवार हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- मण्डलीमा मेरो आफ्नो महत्त्वपूर्ण स्थान छ भनी मण्डलीलाई आत्मिक परिवारको रुपमा बुझ्न मलाई सहायता गर्नुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

ख्रीष्टको देहको रुपमा मण्डलीको स्वर्गीय प्रकृतिले गर्दा, मण्डली संस्थाभन्दा बढी हो; मण्डली जीवित प्राणी हो। मण्डलीको बारेमा चित्रण गर्न बाइबलमा विविध उपमाहरु प्रयोग गरिएका छन्। सायद, परिवारचाहिँ ती उपमाहरुमध्ये सबैभन्दा निकटतम भाव झल्काउने उपमा हो। यस पाठमा मण्डलीको अद्धितीय प्रकृति झल्काउन प्रयोग गरिएका प्रमुख अवधारणाहरु बारे अध्ययन गरिनेछ।

- ***एफिसी १:१५ – २३ पढ्नुहोस्। मण्डलीको शीर को हुनुहुन्छ? (पद २२)***

..........................................................................................................

..........................................................................................................

- ***पद २३ मा मण्डलीको विषयमा कसरी वर्णन गरिएको छ ?***

..........................................................................................................

..........................................................................................................

- ***१ कोरिन्थी १२:२७ पढ्नुहोस् । मण्डली कस्तो हुनुपर्दछ भनी यहाँ बताइएको छ ?***

..........................................................................................................

..........................................................................................................

- मण्डली ख्रीष्टको देह ***हो*** भन्ने भनाइले शक्तिशाली वाक्य उत्पन्न गर्दछ। मण्डलीका सदस्यहरुको मानवीय स्वभावको कारणले हरेक मण्डलीमा समय – समयमा समस्याहरु र द्धन्द्धहरु उत्पन्न हुन्छन् भन्ने कुरा तपाईंले अपेक्षा गर्न सक्नुहुन्छ।
- ***संस्थाको रुपमा मण्डली विरुद्ध आलोचक हुनु भनेको कोप्रति आलोचक हुनु हो ?***

..........................................................................................................

..........................................................................................................

- ***१ कोरिन्थी ३:१६ – १७ पढ्नुहोस् ।*** यहाँ मण्डलीलाई मन्दिर वा पवित्र स्थानको रुपमा चित्रण गरिएको छ। जब ख्रीष्टका अनुयायीहरुले आफूलाई आफ्नो स्वार्थपूर्ण इच्छाहरुद्वारा नियन्त्रित हुन दिन्छन्, त्यस बेला त्यस्ता मानिसहरुले कहिलेकाहीं मण्डलीलाई हानी गर्ने कुरा गर्दछन् र बोल्छन्। मण्डली विरुद्धका कुनै पनि गतिविधिलाई परमेश्वरले साह्रै गम्भीरतापूर्वक लिनुहुन्छ भन्ने बारेमा पद १७ मा चेतावनी दिइएको पाइन्छ।
- ***१ कोरिन्थी २:११ – १२ पढ्नुहोस् । के तपाईंले पद १८ मा परमेश्वरलाई पिता, पुत्र र पवित्र आत्माको रुपमा देख्न सक्नुहुन्छ ?***

..........................................................................................................

..........................................................................................................

- ***पद २० – २२ अनुसार मन्दिरको प्रमुख कुने ढुङ्गोको रुपमा कसको बारेमा वर्णन गरिएको हो ?***

..........................................................................................................

..........................................................................................................

- प्रेरितहरु र अगमवक्ताले हामीलाई नयाँ नियम दिनुको साथै आजको दिनसम्म हामीले पछ्याउँदै आइरहेको शिक्षा र अभ्यासको ढाँचा पनि प्रदान गरे। ***प्रेरितहरु र अगमवक्ताहरुले मन्दिरको कुन चाहिँ भाग झल्काउँछन् ?***

..........................................................................................................

..........................................................................................................

- ***पद २२ अनुसार, यस मन्दिरमा को वास गर्नुहुन्छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***मन्दिरको अलावा, पद १९ मा अर्को कुनचाहिँ प्रतीक प्रयोग गरिएको छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***गलाती ६:१० पढ्नुहोस्।*** परिवार (घराना) को विम्बले ख्रीष्टको देहको प्रतिनिधित्व गर्दछ।
- ***हिब्रू १०:२५ पढ्नुहोस्।*** अरु विश्वासीहरुसँग सङ्गति गर्नको निम्ति एक ठाउँमा भेला हुने वा जम्मा हुने कुरामा बाइबलले तपाईंलाई विश्वासयोग्य बन्न शिक्षा दिएको छ। स्वस्थ परिवार सम्बन्धको निम्ति संचार र सँगसँगै समय बिताउने कार्य अति महत्त्वपूर्ण हुन्छ।
- ***परमेश्वरको परिवारसित एक ठाउँमा भेला हुने आफ्नो विश्वसनीयता कसरी झल्काउनुहुन्छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***के तपाईंको विश्वनीयतामा सुधार हुनसक्छ ? यदि हुन्छ भने, विश्वसनीयता सुधारको निम्ति कस्तो कदम चाल्नुहुन्छ?***

  ..........................................................................................................

  ..........................................................................................................

यदि तपाईंको स्थायी मण्डली परिवार छैन भने, वा तपाईंको अहिलेको मण्डलीले आफूमा रहेको गम्भीर बाइबलीय मुद्दाहरुलाई सम्बोधन गर्न चाहँदैन भने, तपाईं आफ्नो निम्ति सही मण्डली पत्ता लगाउन कसरी अघि बढ्न सक्नुहुन्छ? तपाईंले उपभोक्तावादी मानसिकता बोकेर मण्डली खोज्नुहुँदैन, बरु येशू ख्रीष्टको समर्पित चेलाको रुपमा मण्डली खोज्नुपर्दछ। मण्डलीचाहिँ सेवा पाउने ठाउँ होइन, बरु अरुहरुको सेवा गर्ने ठाउँ हो। यहाँ केही अधारभूत सुझावहरु प्रस्तुत गरिएका छन् :

- ○ प्रार्थना गर्नुहोस् अनि त्यो मण्डली बाइबलको शिक्षाअनुसार छ कि छैन, र त्यो मण्डली परमेश्वरले तपाईंको लागि तोक्नुभएको हो कि होइन सो बारे परमेश्वरको आत्माको आन्तरिक आवाज सुन्नुहोस्।
- ○ त्यस्तो मण्डली खोज्नुहोस्, जहाँ विश्वासीहरुलाई बाइबलीय शिक्षा सिकाउन एकदमै जोड दिन्छ, धर्मी जीवन जिउँदछ, परिवारको रुपमा एक अर्कालाई सेवा गर्दछ, अनि तपाईं बस्नुभएको क्षेत्र र संसारमा रहेका मानिसहरुलाई येशू ख्रीष्टको सुसमाचार सुनाउँदछ।
- ○ धर्मी जीवन जिउनको निम्ति व्यवस्थाहरु, नियमहरु र रोकतोकहरुको सूची प्रस्तुत गर्ने खालका मण्डलीहरुदेखि अलग हुनुहोस्। परमेश्वरको अनुग्रहमा र पवित्र आत्माको शक्तिमा यसरी जीवन

जिउनुपर्छ भनेर सिकाउनुको साटो यस्ता मण्डलीहरुले परमेश्वरले तपाईंलाई जो व्यक्ति बन्न सृष्टि गर्नुभयो सो व्यक्ति ***बन्नमा*** जोड दिनुको साटो परमेश्वरको कृपा पाउन मानिसले ***यसो - उसो*** गर्नु आवश्यक पर्छ भनी जोड दिँदछन् ।

- बाइबलीय शिक्षाहरु राम्रो सिकाउने मण्डलीहरुमा पनि व्यक्तित्व, अवसर, पहुँच, आवश्यक सेवाहरुका उपलब्धता, आदि फरक – फरक हुन्छन् । तपाईंले चाहेका सबै कुराहरु त नपाउन सक्नुहुन्छ, तर परमेश्वरले तपाईंको निम्ति राखिदिनुभएको मण्डलीचाहिँ पाउन ***सक्नुहुन्छ***। तपाईंले मण्डलीका जुन – जुन क्षेत्रहरुमा प्रगति देख्न चाहनुहुन्छ, ती हरेक क्षेत्रमा मण्डलीलाई निर्माण हुँदै जानमा सायद तपाईंद्वारा टेवा पुगोस् भन्ने परमेश्वरले सोच्नुभएको हुनसक्छ ।
- स्मरण रहोस्, कुनै पनि मण्डली दुर्बलतारहित हुँदैन तर तपाईं जसरी अगाडि बढ्न चाहनुहुन्छ त्यस्तै गरी परिवर्तन हुँदै जाने र बाइबलीय शिक्षालाई अझै गहिराइमा बुझ्दै जाने इच्छा भएका मण्डलीहरु खोज्नुहोस् ।

आफ्नो स्थानीय मण्डलीलाई परिवारको रुपमा लिन सिक्नुहोस् । कतिपय परिवारहरु विशेष खालका हुन्छन्, त कतिपयचाहिँ बिग्रिएका हुन्छन् ।अति राम्रा परिवारहरुलाई पनि सही किसिमले सञ्चालित हुनको निम्ति समर्पणता, पारस्पारिक जबाफदेहिता, उद्देश्यपूर्ण संचार र द्धन्द्ध समाधानको जरुरी पर्दछ । कुनै पनि मण्डली दुर्बलतारहित हुँदैन, किनभने मण्डलीका सबै सदस्यहरु मानव हुन्, तर आफ्ना जनहरु स्थानीय मण्डली परिवारमा एक ठाउँमा भेला (सङ्गति) भएका हून् भन्ने परमेश्वरको उद्देश्य हो । शारीरिक परिवारमा मिलेर बसेझैं दुःख – पीडा र असमझदारी हुँदा पनि मण्डली जीवनमा अरुहरुसित मिलेर जिउन सिक्नुहुन्छ भने बाइबलीय सत्यताले तपाईंलाई अझै प्रगाढ र अझै बलियो रुपमा बढ्दै जान सुसज्जित पार्दछ । बाइबलीय सत्यताअनुसार जिउनको निम्ति परमेश्वरको आत्मासित सहकार्य गर्न आजै निर्णय गर्नुहोस् अनि आफ्नो मण्डली परिवारलाई हरसंभव उत्तम परिवार बनाउनुहोस् ।

## दिन - ३ः मण्डली मेरो विकास र सुरक्षाको निम्ति हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस् ।
- परमेश्वरसित मलाई किन मण्डलीको आवश्यकता परेको हो मात्रै होइन, तर मण्डलीलाई किन मेरो आवश्यकता परेको हो सो प्रकाश पारिदिनुहोस् भनी प्रार्थना गर्नुहोस् ।

मण्डली उपस्थिति करबलपूर्ण जिम्मेवारी होइन । मण्डली त परिवार हो, ख्रीष्टको देह हो, पवित्र आराधना स्थल हो । त्यहाँ परमेश्वरको आत्मा येशू ख्रीष्टको चेलामा वास गर्नुहुन्छ र विश्वासीहरुको समुदायमा राज्य गर्नुहुन्छ । मण्डलीमा हरेक विश्वासीले शिक्षा, सार्थकता र सुरक्षा पाउँदछ । आत्मिक परिपक्वता र जीवनगत उद्देश्यको चाहनाले विश्वासीहरुलाई स्थानीय मण्डलीमा सक्रिय सदस्य बन्न जागृत गर्नुपर्दछ ।

- ***एफिसी ४:११ - १२ पढ्नुहोस् ।*** पद ११ मा नयाँ नियमका अगुवाहरु बारे वर्णन गरिएको छ, र पद १२ माचाहिँ खीष्टको देहमा कार्यान्वयन गरिनुपर्ने तीन ओटा कार्यहरुको सूची प्रस्तुत गरिएको छ।
- परमेश्वरले तपाईंलाई स्थानीय मण्डलीमा सिद्ध (परिपक्व) बनाउन चाहनुहुन्छ। ***तपाईं स्थानीय मण्डलीमा आत्मिक परिपक्वतामा बढ्न सक्नुहुने कुनै एउटा व्यावहारिक कदम के होला?***

..........................................................................................................

..........................................................................................................

- परमेश्वरले तपाईंलाई सेवाको कार्यमा सहभागी भएको चाहनुहुन्छ। ***आफ्नो स्थानीय मण्डलीमा सेवा गर्नको निम्ति तपाईंले सहायता पुऱ्याउन सक्ने कुनै एउटा व्यावहारिक कदम के होला?***

..........................................................................................................

..........................................................................................................

- तपाईंले अरुहरुलाई शिक्षा (निर्माण हुन वा सशक्त बन्न) दिन सहायता गरेको परमेश्वर चाहनुहुन्छ। ***आफ्नो स्थानीय मण्डलीका अरुहरुलाई निर्माण हुनमा तपाईंले सहयाता पुऱ्याउन सक्ने एउटा व्यावहारिक कदम के हो ?***

..........................................................................................................

..........................................................................................................

- ***एफिसी ४:३ पढ्नुहोस् । खीष्टको देहमा सम्पन्न हुने आधारभूत कार्यहरुको अन्तिम लक्ष्य के हो ?***

..........................................................................................................

..........................................................................................................

- ***एफिसी ४:१४ पढ्नुहोस् । उचित किसिमले सञ्चालित वा क्रियाशील मण्डलीले के विरुद्धमा सुरक्षा प्रदान गर्दछ ?***

..........................................................................................................

..........................................................................................................

- ***एफिसी ४:१५ पढ्नुहोस्।*** परमेश्वरले स्थानीय मण्डलीमा तपाईं र अरुहरुलाई खीष्टको स्वरुपमा निर्माण हुँदै जानको निम्ति बढेको र परिपक्व बनेको चाहनुहुन्छ। ***यस पदका अनुसार, तपाईं निर्माण हुँदै र परिपक्व बन्दै जानको निम्ति तपाईंलाई के आवश्यक पर्छ ?***

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

- ***एफिसी ४:१६ पढ्नुहोस् ।*** मण्डलीचाहिँ एउटा शरीरजस्तै हो, जसमा हरेक अङ्ग सामान्यजस्यपूर्ण, सहभागीमूलक प्रयत्नमा एकापसमा ठ्याक्क – ठ्याक्क मिले रहेका हुन्छन्। शरीरको हरेक हड्डी, जोर्नी,

भाग र सदस्यको आ – आफ्नो योगदान हुन्छ भन्ने कुरा पावलको अभिप्राय हो।

- ***यदि मण्डलीमा तपाईंलाई मौका दिइएमा तपाईंले आफ्नो मण्डलीमा योगदान पुऱ्याउन प्रयोग गर्न सक्नुहुने कम्तिमा कुनै दुई ओटा क्षमता वा प्रतिभा लेख्नुहोस् ।***

    ..........................................................................................................................

    ..........................................................................................................................

- ***स्थानीय मण्डलीको सेवकाइ वा सेवामा सहभागी हुने मौका पाउन सकूँ भनी प्रार्थना गर्नुहोस् ।*** यदि अरुहरु पनि तपाईंसँगसँगै यो कोर्स अध्ययन गरिरहेका छन् भने, तपाईं पनि उनीहरु संलग्न भइरहेको कुनै न कुनै सेवाकाइमा संलग्न हुन सक्नुहुन्छ।
- ***यदि तपाईं कुनै सेवकाइमा पहिलेदेखि सहभागी भइरहनुभएको छ भने, परमेश्वरले तपाईंलाई अझ प्रभावकारी बन्ने मार्ग देखाइदिनुभएको होस् वा तपाईंलाई सेवाका अन्य क्षेत्रहरु देखाइदिनुभएको होस् भनी प्रार्थना गर्नुहोस् ।***
- यो पद (एफिसी ४:१६) अनुसार, परमेश्वरले ख्रीष्टको देहलाई आफै परिष्कृत (निर्माण हुने) हुने क्षमता दिनुभएको छ। ***यही पदअनुसार, मण्डलीमा यस निर्माण प्रक्रियाले कस्तो विशेषता झल्काउनुपर्दछ ?***

    ..........................................................................................................................

    ..........................................................................................................................

**प्रमुख बुँदा**ः पावलका निर्देशनअनुसार, ख्रीष्टको देह निर्माणमा प्रेम अति महत्त्वपूर्ण हुन्छ । जब तपाईंले मण्डलीमा केही गर्न सहायता प्रदान गर्नुहुन्छ, र कतिपय कारणले प्रदान गरिएको सहायता झट्टै स्वीकार हुँदैन, त्यस बेला तपाईंले ***प्रेममा*** धैर्यपूर्वक पर्खनु नै तपाईंको सही प्रतिक्रिया हुनेछ। तपाईंले पुऱ्याउन चाहनुभएको योगदानको निम्ति मण्डली तुरुन्तै तयारी नहुनसक्छ, वा तपाईं आफै कतिपय अवस्थामा तयार नहुनुभएको हुनसक्छ।। तर परमेश्वरले तपाईंलाई ठीक ठाउँमा ठीक समयमा ठीक प्रकारले सेवा गर्ने स्थान ***दिनुहुनेछ ।***

तपाईं जति धेरै स्थानीय मण्डलीमा सहभागी हुनुहुन्छ, तपाईं त्यति नै धेरै ं ख्रीष्टमा बढ्ने मौका पाउनुहुनेछ। ख्रीष्टमा दाजुभाइ तथा दिदीबहिनीहरुसँग मिलेर सेवा गर्नाले तपाईंलाई जीवनभरि रहिरहने प्रगाढ सम्बन्ध र दह्रिलो मित्रता विकास प्रबल संभाव्यता मिल्नेछ।

## दिन - ४ः मण्डलीले मेरा वरदानहरू र क्षमताहरूका निम्ति विशेष शक्तिपुञ्ज प्रदान गर्दछ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- परमेश्वरले तपाईंको निम्ति स्थानीय मण्डलीमा दिनुभएको विशेष स्थान र तपाईंका वरदानहरु प्रकट गरिदिन उहाँसित प्रार्थना गर्नुहोस्।

जब दुई वा त्योभन्दा बढी अङ्गहरुको समग्र प्रभाव छुट्टाछुट्टै अङ्गहरुको योगभन्दा अझै मजबुत हुन्छ, त्यस बेला शक्तिपुञ्ज उत्पन्न हुन्छ। जब येशू ख्रीष्टका एक - एक विश्वासीहरु ख्रीष्टको देहमा एक ठाउँमा भेला हुन्छन्, परमेश्वरको आत्माले हरेक विश्वासीका वरदानहरु, प्रतिभाहरु, दक्षताहरु र क्षमताहरुलाई अलौकिक रुपमा सङ्गठित गर्नुहुन्छ र सामान्य मानव सीमाभन्दा बढी परिणाम अभिबृद्धि गर्नुहुन्छ।

- ***१ कोरिन्थी १२:१४ - २० पढ्नुहोस्।*** तपाईंका व्यक्तित्व र वरदानहरु जस्तोसुकै भए पनि ख्रीष्टको देहमा तपाईंको स्थान हुन्छ।
- ***१ कोरिन्थी १२:२१ पढ्नुहोस् । यस पदअनुसार, तपाईंलाई किन स्थानीय मण्डली चाहिन्छ?***

  ..........................................................................................................................

  ..........................................................................................................................
- ***१ कोरिन्थी १२:२२ - २४ पढ्नुहोस् । के ख्रीष्टको देहमा कुनै सदस्यभन्दा अर्को सदस्य बढी महत्त्वपूर्ण वा कम महत्त्वपूर्ण हुन्छ ?***

  ..........................................................................................................................

  ..........................................................................................................................
- ***१ कोरिन्थी १२:२५ - २७ पढ्नुहोस् ।*** मण्डलीमा एकता प्रवर्द्धन गर्नु कत्ति महत्त्वपूर्ण हुन्छ भन्ने विषयमा यो अर्को यादगार हो। एउटै परिवारका सदस्यहरु भएपछि, तपाईंले अरुहरुलाई पनि इमान्दारीसाथ वास्ता गर्नुपर्छ र उनीहरुले पनि तपाईंलाई वास्ता गर्नुपर्दछ।
- ***तपाईंको मण्डलीमा कसले दुःख पाइरहेको छ वा पीडा भोगिरहेको छ ? त्यो व्यक्तिले आफ्नो प्रियजन गुमाएको हुनसक्छ, वा डरलाग्दो रोगसित लडाइँ गरिरहेको हुनसक्छ, वा जागिर गुमाएको हुनसक्छ । त्यस व्यक्तिलाई आज नै उत्साहको छोटो पत्र लेख्नुहोस् र म तपाईंको निम्ति प्रार्थना गरिरहेको छु भन्नुहोस् । नत्र ऊसित फोनमा कुराकानी गर्नुहोस्, वा संभव भएमा व्यक्तिगत रुपमा भेटेर कुराकानी गर्नुहोस् ।***

  ..........................................................................................................................

  ..........................................................................................................................
- ***तपाईंको मण्डलीमा हालसालै कसले सम्मान पाएको छ वा ठूलो खुशी प्राप्त गरेको छ ? त्यो व्यक्ति भर्खरै विवाह बन्धनमा गाँसिएको हुनसक्छ, जागिरमा पदोन्नति भएको हुनसक्छ, वा प्रतिस्पर्धामा विजेता बनेको हुनसक्छ वा कुनै सम्मानद्वारा सम्मानित भएको हुनसक्छ । उसलाई छोटो पत्र लेख्नुहोस्, वा फोन गर्नुहोस् वा व्यक्तिगत रुपमा भेटेर बधाई दिनुहोस् ।***

  ..........................................................................................................................

........................................................................................................

........................................................................................................

- ***रोमी १२:४ – ६ पढ्नुहोस्।*** यस अध्यायमा पनि ख्रीष्टको देह विभिन्न वरदानहरु भएका धेरै जना सदस्यहरुले बनिएको हुन्छ भनी सिकाउँदछ। ***पद ६ अनुसार, ती विभिन्न वरदानहरुको श्रोत चाहिँ के हो?***

........................................................................................................

........................................................................................................

## दिन - ५: परमेश्वरले मेरो मण्डलीका अरु विश्वासीहरुलाई मलाई सेवा पुऱ्याउन प्रयोग गर्नुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- मेरो सेवा गर्न परमेश्वरले अरु विश्वासीहरुलाई कसरी प्रयोग गर्न चाहनुहुँदोरहेछ र मैले अरुहरुको सेवा कसरी गरेको उहाँ इच्छा गर्नुहुँदोरहेछ सो बारे म संवेदनशील हुन सकूँ भनी प्रार्थना गर्नुहोस्।

हरेक टुक्रा आन्तरिक रुपमा जोडिएझैं मण्डलीका सदस्यहरु एकापसमा मजबुत रुपमा जोडिनुका निम्ति हुन्। रोमी १२:५ र एफिसी ४:२५ दुवै खण्डहरुले हामी एक अर्काका अङ्ग हौं भनी सिकाउँदछन्। सैद्धान्तिक रुपमा भन्दा पनि, येशू ख्रीष्टको देहका सदस्यहरुका रुपमा स्थानीय मण्डलीमा हामीले एकआपसमा सम्बन्ध राख्नुपर्ने धेरै ओटा व्यावहारिक तरिकाहरु नयाँ नियममा उल्लेख गरिएका छन्।

परमेश्वरको परिवारमा हामीले एकआपसमा कसरी सम्बन्ध राख्नुपर्दछ भन्ने विषयमा २१ ओटा उदाहरणहरु तल प्रस्तुत गरिएका छन्।

- ***धर्मशास्त्रका खण्डहरु पढ्नुहोस् अनि "एक अर्कालाई" वा "एकअर्कासित" वा "एकअर्काको" वा "एकअर्काको निम्ति" भनी उल्लेख गरिएका शब्दांशहरुमध्ये सात ओटा लिनुहोस् । र, आफ्नो स्थानीय मण्डलीमा "एक अर्कालाई" वा "एकअर्कासित" वा "एकअर्काको" वा "एकअर्काको निम्ति" शब्दांशहरुलाई कसरी कार्यान्वयन गर्ने योजना बनाउनुहुन्छ सो बारे हरेक शब्दांशको छेउमा लेख्नुहोस् ।***
- *रोमी १२:१०* – एक अर्कालाई प्रेम गर र एक अर्कालाई आदर गर।

........................................................................................................

........................................................................................................

- ***रोमी १४:१३*** – एक अर्कालाई इन्साफ नगर।

........................................................................................................

........................................................................................................

- ***रोमी १४:१९*** – एक अर्काको आत्मिक उन्नति गर।

.........................................................................................................................................

.........................................................................................................................................

- ***रोमी १५:५*** – एक अर्कासित एकै चित्तको होओ।

.........................................................................................................................................

.........................................................................................................................................

- ***रोमी १५:७*** – एक अर्कालाई स्वागत (ग्रहण) गर।

.........................................................................................................................................

.........................................................................................................................................

- ***रोमी १५:१४*** – एक अर्कालाई शिक्षा देऊ

.........................................................................................................................................

.........................................................................................................................................

- ***रोमी १६:१६*** – एक अर्कालाई अभिवादन गर।

.........................................................................................................................................

.........................................................................................................................................

- ***१ कोरिन्थी १२:२५*** – एक अर्कालाई वास्ता गर।

.........................................................................................................................................

.........................................................................................................................................

- ***गलाती ५:१३*** – एक अर्काको सेवा गर।

.........................................................................................................................................

.........................................................................................................................................

- ***गलाती ६:२*** – एक अर्काको भार उठाओ।

.........................................................................................................................................

.........................................................................................................................................

- ***एफिसी ४:२*** – एक अर्कालाई सहने गर।

.........................................................................................................................................

.........................................................................................................................................

- ***एफिसी ४:३२*** – एक अर्कालाई क्षमा गर।

.........................................................................................................................................

..........................................................................................................................

- ***एफिसी ५:२१*** – एक अर्काको अधीनतामा बस।

..........................................................................................................................

..........................................................................................................................

- ***१ थेसलोनिकी ४:९*** – एक अर्कालाई प्रेम गर।

..........................................................................................................................

..........................................................................................................................

- १ ***थेसलोनिकी ४:१८*** – एक अर्कालाई सान्त्वना देओ।

..........................................................................................................................

..........................................................................................................................

- ***हिब्रू ३:३*** – एक अर्कालाई उत्साह देओ।

..........................................................................................................................

..........................................................................................................................

- ***याकूब ४:११*** – एक अर्काको खराबी नबोल।

..........................................................................................................................

..........................................................................................................................

- ***याकूब ५:१६*** – एक अर्काको लागि प्रार्थना गर।

..........................................................................................................................

..........................................................................................................................

- ***१ पत्रुस ४:९*** – एक अर्कालाई अतिथि सत्कार गर।

..........................................................................................................................

..........................................................................................................................

- ***१ पत्रुस ४:१०*** – एक अर्काको सेवा गर।

..........................................................................................................................

..........................................................................................................................

- ***१ यूहन्ना १:७*** – एक अर्कासित सङ्गति गर।

..........................................................................................................................

..........................................................................................................................

जब हामी मण्डली परिवारको समुदायमा यी “एक अर्कालाई” वा “एकअर्कासित” वा “एकअर्काको” वा “एकअर्काको निम्ति” भन्ने शब्दांशहरु जीवनमा लागू गर्दछौं, त्यस बेलाचाहिँ परमेश्वरले चाहनुभए अनुरुप

मण्डली सञ्चालित हुनेछ । ठूलो होस्, वा सानो होस्, असल होस् वा खराब होस्, हाम्रा सबै मानवीय कमजोरीहरुको बाबजुद पनि स्थानीय मण्डलीचाहिँ हाम्रो गुरुत्वाकर्षणको केन्द्रबिन्दु, हाम्रो सेवा र सेवकाइको आधार, र हाम्रा जीवनमा उहाँको कार्य पूरा गर्न परमेश्वर सबल हुनुहुने स्थान बन्नुपर्दछ।

***नोटहरुः अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु***

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

# पाठ १० जिम्मेवारी : मेरो जीवन सम्बन्धी बाइबलीय दृष्टिकोण

***ख्रीष्टमा मेरो विश्वासले मेरो पहिचान र मेरो जिवाइमा कस्तो प्रभाव पार्नुपर्दछ ?***

***कण्ठस्थ पदः लूका १६:१० – ११***

***यस हप्ताको प्रमुख विचार : म जे हुँ र मसित जे जति छन् ती सबै परमेश्वरबाट कै उपहार हुन् । उहाँले मलाई निःशर्त प्रेम गर्नुहुन्छ, मलाई हरेक थोक दिनुहुन्छ अनि यी श्रोतहरु उत्तरदायीपूर्वक सम्हाल्न मलाई जबाफदेही बनाउनुहुन्छ ।***

प्रेरित पत्रुसले आफ्नो दोश्रो पत्रको अन्ततिर यस्तै प्रश्न सोध्दछन् (२ पत्रुस ३:८ – १३) । अहिले हामीले चिनेको सबै थोक विनाश हुनुको साथसाथै नयाँ स्वर्ग र नयाँ पृथ्वी सृष्टि हुने ख्रीष्टको दोश्रो आगमनको बारेमा पत्रुसले वर्णन गरेका छन्। हामीले मरीमरी परिश्रम गरेर थुपारेका भौतिक थोकहरु विलिन भएर जानेछन् र अनन्त प्रकृतिका थोकहरु मात्रै रहनेछन् भनी विचार गरी हामी कस्तो मानिस बन्नुपर्ने हो सो बारे प्रश्न गर्न पत्रुसलाई यही अनन्त दृष्टिकोणले अभिप्रेरित गरेको छ।

वर्तमान सभ्यता तथा विकासले धेरै मानिसहरुलाई चुर्लुम्म डुबाउने भौतिकवाद, उपभोक्तावाद र आफू – केन्द्रित स्वार्थका प्रबल आकर्षक वस्तुहरु प्रदान गरिरहेको छ। परमेश्वरले तपाईंलाईं उहाँको वचनको अनन्त सत्यता आधारित अनन्त महत्त्वको जीवन प्रदान गर्नुहुन्छ। र, मानिसहरुका जीवनमा तपाईंले गर्नुभएको लगानी अनन्तसम्म रहनेछ।

## दिन - १: परमेश्वरले मलाई सुम्पनुभएका श्रोतहरूप्रति मलाई जिम्मेवार तुल्याउनुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- तपाईंको जीवनमा चाहिने हरेक कुरा प्रबन्ध गरिदिनुभएको लागि परमेश्वरलाई धन्यवाद दिनुहोस्।
- तपाईं जे हुनुहुन्छ र तपाईंसित जे – जे छ ती सबैप्रति कसरी जबाफदेही हुनुपर्ने हो सो बारेमा मार्गनिर्देशन पाउन परमेश्वरसित बिन्ती गर्नुहोस्।

तपाईं जे हुनुहुन्छ र तपाईंसित जे जति छन् ती सबै परमेश्वरबाट कै उपहार हुन्। उहाँले तपाईंलाई निःशर्त प्रेम गर्नुहुन्छ र हरेक थोक दिनुहुन्छ। यस बाइबलीय सत्यताको ज्ञानले परमेश्वरले तपाईंको निगरानीमा सुम्पनुभएका ती श्रोतहरुलाई परिचालन गर्न त्यही अनुरुपको उत्तरदायित्वलाई प्राथमिकता दिन्छ

- ***याकूब १:१७ र भजनसङ्ग्रह २४:१ पढ्नुहोस् । तपाईंको जीवनमा परमेश्वरदेखि प्राप्त नभएको कुनै***

***असल थोक बाँकी छ त ?*** ........................................................................................

- ***यस संसारमा परमेश्वरको स्वामित्वमा नरहेको कुनै व्यक्ति वा कुनै थोक छ त ?***

  .......................................................................................................................

  .......................................................................................................................

- ***व्यवस्था ८:१ - १८ पढ्नुहोस् । यदि तपाईं भविष्यको निम्ति सम्पति थुपार्न गर्न रातदिन खट्नु भए पनि, तपाईंलाई त्यो धन - दौलथ आर्जन गर्ने सामर्थ्य दिने व्यक्तिचाहिँ को हुनुहुन्छ ?***

  .......................................................................................................................

  .......................................................................................................................

- ***लूका १६:१० - १२ पढ्नुहोस् ।*** यदि तपाईं रुपैंया – पैसा तथा सम्पति बाहेक जीवनमा सत्य धन कमाउने अपेक्षा राख्नुहुन्छ भने, तपाईंले सबैभन्दा पहिले आफूसित भएको आर्थिक कुरोलाई चलाउनमा विश्वासयोग्य हुने क्षमता देखाउनुपर्छ भनी येशूले भन्नुभएको छ (रुपैंया – पैसालाई अरामिक भाषामा ***म्यामन*** भनिन्छ)।
- ***१ कोरिन्थी ४:१ पढ्नुहोस्।*** बाइबलमा रहेका परमेश्वरका रहस्यहरु बाहेक अन्य के कुरा साँचो धनको रुपमा हुन सक्ला? परमेश्वर तपाईंलाईं ती सत्यताहरुप्रति विश्वासयोग्य भण्डारे वा कुशल परिचालक भएको चाहनुहुन्छ। यदि तपाईं आफूसत भएका भौतिक श्रोतहरु परिचालन गर्न विश्वासयोग्य हुनुभएन भने, परमेश्वरका रहस्यहरु परिचालन गर्न तपाईंले किन अपेक्षा राख्ने र ?
- ***१ तिमोथी ५:८ पढ्नुहोस् ।*** परमेश्वरले तपाईंलाई आफ्नो परिवारको निम्ति बन्दोबस्त गर्न उत्तरदायी बनाउनुहुन्छ र जसले त्यसो गर्दैन उसलाई परमेश्वरले अविश्वासीहरुभन्दा (बाइबल इन्कार गर्नेहरु) भन्दा पनि खराब मान्नुहुनेछ।
- ***२ थेसलोनिकी ३:७ - १२ पढ्नुहोस्।*** व्यक्तिगत उत्तरदायित्वको सन्दर्भमा पावलको साक्षी खोटरहित थियो। साँच्चि नै आवश्यकतामा परेका मानिसहरुलाई सहायता गर्ने विषयमा बाइबलले खुब जोड दिएको छ। ***पद १० अनुसार, अल्छे वा काम गर्न नमान्ने व्यक्तिप्रति तपाईंको जिम्मेवारी के हुन्छ ?***

  .......................................................................................................................

  .......................................................................................................................

- ***आफूसँग भएका श्रोतहरुलाई व्यवस्थापन वा परिचालन गर्ने क्षमता कसरी झल्काउनुहुन्छ ? के तपाईंको आर्थिक जीवन नियन्त्रणमा छ ? नियन्त्रण बाहिर छ ? वा बीचमा छ ?***

  .......................................................................................................................

  .......................................................................................................................

- ***यदि तपाईंलाई यस क्षेत्रमा कठिन महसुस भइरहेको छ भने, समयमै तिरातारो गर्न र ऋणलाई नियन्त्रणमा राख्ने कुरामा कटिबद्ध (विश्वासयोग्य) बन्न सकूँ भनी प्रार्थना विषयका रुपमा कम्तिमा दुई वटा लक्ष्यहरु निर्धारण गर्नुहोस् ।*** यदि तपाईंको स्थिति एकदमै नाजुक छ भने, आफ्नो मण्डलीका

अगुवाहरुको परामर्श लिनुहोस्।

.......................................................................................................

.......................................................................................................

- सायद, तपाईं आफ्नो रुपैंया – पैसाको क्षेत्रमा उत्तरदायी हुनुहुन्छ होला। तपाईंको समय पनि रुपैंया – पैसा र सम्पति जत्तिकै मूल्यवान चीज हो।
- ***यदि तपाईं आफ्नो समयको उत्तरदायी व्यवस्थापक हुनुहुन्न भने, यस समस्यालाई सम्बोधन गर्नको निम्ति तपाईंले चाल्नुहुने प्रथम कदम लेख्नुहोस् । प्रथमतः, सबैभन्दा उत्तम कदम त परामर्श लिनु नै हो ।***

.......................................................................................................

.......................................................................................................

## दिन - २ः परमेश्वरलाई मलाई मालिक होइन, प्रबन्धक बनाउन चाहनुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- यदि तपाईंले अहिलेसम्म परमेश्वरको अधीनमा नल्याउनुभएका जीवनका कुनै क्षेत्र छन् र आजै तिनलाई परमेश्वरको चरणमा ल्याउनको निम्ति परमेश्वरसित बिन्ती गर्नुहोस्।

हिजो सिकिएको सत्यता अध्ययनको निरन्तरता नै आजको अध्ययन हो। परमेश्वर नै तपाईं र तपाईंसित भएका सम्पूर्ण श्रोतहरु लगायत सबै थोकको मालिक हुनुहुन्छ। धेरै मानिसहरु आफ्नै निम्ति परिश्रम गर्दछन्, सङ्घर्ष गर्दछन् र त्याग गर्दछन्। यस अध्ययन शीर्षकको उद्देश्य ख्रीष्टीयनले सम्पति राख्नु वा कमाउनु गलत हो भनी इंगित गर्नु होइन, बरु सबै थोकहरुमा परमेश्वरको सर्वोच्च हैकम साथै तपाईंलाई सुम्पिएका सबै श्रोतहरुप्रति विश्वासयोग्य भण्डारे हुन परमेश्वरले राख्नुभएको अपेक्षा बोध गराउनु मात्रै हो।

- ***भजनसङ्ग्रह ८९ः११ पढ्नुहोस् । पहिलेदेखि नै परमेश्वरको स्वामित्वभन्दा बाहिर कुनै व्यक्ति वा कुनै चीज छ ?***

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

- ***१ कोरिन्थी ६ः२० र प्रेरित २०ः२८ पढ्नुहोस् । तपाईं कसको हुनुहुन्छ र किन ?***

.......................................................................................................

.......................................................................................................

- ***लूका २०ः१३ – १५ पढ्नुहोस्*** । यहाँ, दुई जना दाजुभाइमध्ये कसले चाहिँ उत्तराधिकार पाउला भनेर

विभाजित भएको देखिन्छ। उत्तराधिकारको स्वामित्व मूल विषय नभएको हुनाले येशूले पक्ष लिन इन्कार गर्नुभयो।

- ***येशूले १५ पदमा सावधान गराउन खोज्नुभएको खतरा के हो ?***

.....................................................................................................

.....................................................................................................

- ***येशूले १५ पदमा सिकाउन खोज्नुभएको आधारभूत सत्य के हो ?***

.....................................................................................................

.....................................................................................................

- धेरैजसो मानिसहरु आफ्नो स्वामित्वमा रहेका थोकहरुमा सार्थकता, व्यक्तिगत गरिमा, वा सन्तुष्टि प्राप्त गर्न प्रयास गर्दछन्। मानिसहरु आफ्नो व्यक्तिगत छविलाई उचो पार्ने भावनात्मक खाँचोलाई सन्तुष्ट पार्ने उद्देश्यले भौतिक वस्तुहरु प्राप्त गर्न नराम्ररी ऋणमा डुब्न पुग्छन्।
- ***के तपाईं आफ्नो स्वामित्वमा रहेका चीज वा आफूसित भएका सम्पतिमा जीवनको अर्थ र सन्तुष्टि खोज्ने परीक्षामा सङ्घर्ष गर्दैहुनुहुन्छ ?***

.....................................................................................................

.....................................................................................................

- ***यदि तपाईंसित कहिल्यै पनि शानदार घर र एकदमै नयाँ कार नभए पनि, के तपाईंले जीवनमा सन्तुष्टि र उद्देश्य पाउन सक्नुहोला ? किन ? किन होइन?***

.....................................................................................................

.....................................................................................................

- ***तपाईंले माथि दिनुभएको उत्तरले तपाईंका मूल्य – मान्यतालाई कसरी प्रतिबिम्बित गर्दछ ? र, ती मूल्य – मान्यता येशूको शिक्षाअनुरुप कसरी हुन सक्छन् ?***

.....................................................................................................

.....................................................................................................

- परमेश्वर तपाईं लगायत सबै थोकको मालिक हुनुहुन्छ। त्यसकारण, तपाईंको जीवन सम्पतिको मालिक वा अधिकारी बन्नको लागि होइन। स्वामित्वको मुद्दा त संसारको सृष्टि भएकै क्षणदेखि समाधान भइसकेको छ। तपाईंको कसको हुनुहुन्छ भन्ने कुरा पहिचान गर्नु नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो।
- ***लूका १२:१६ – २० पढ्नुहोस् ।*** आफ्नो जीवनलाई धन थुपारेको – थुपारेकै गर्नमा तल्लीन यस मानिसको बारेमा येशूले के भन्नुभयो ?

.....................................................................................................

.....................................................................................................

- ***उसको मृत्युको घडीमा के उसका सम्पतिहरु उसका निम्ति कुनै मूल्यका हुन्थे त ?***

  ...................................................................................................................................

  ...................................................................................................................................

- ***लूका १२:२१ पढ्नुहोस्। होशियारीसाथ हेर्नुहोस् । यस मानिसको समस्या ऊ आफू भौतिक रुपमा धनी भएको कारणले थियो, वा ऊ परमेश्वरमा धनी नभएको कारणले थियो, सो विषयमा वर्णन गर्नुहोस् ।***

  ...................................................................................................................................

  ...................................................................................................................................

- ***लूका १२:२२ – ३३ पढ्नुहोस्***। यही सन्दर्भमा, येशूले चेलाहरुलाई के खाउँला र के लाउँला भनी चिन्ता नगर भन्नुभयो। यस कुराले जीवनचाहिँ खाना (मासु) वा लगाउने लूगा (वस्त्र) भन्दा पनि मूल्यवान छ भन्ने पुनः स्मरण गराउँदछ।

क्षति वा नोक्सानको डरले चिन्ता उत्पन्न गराउँदछ। येशूले आफ्ना चेलाहरुलाई चिन्ता नगर भन्नुभयो र परमेश्वरले तिमीहरुलाई जे चाहिन्छ सो पूरा गरिदिनुहुनेछ भनी प्रतिज्ञा पनि दिनुभयो। समस्याचाहिँ स्वामित्व कि व्यवस्थापन भन्नेमा हो। यदि तपाईं र तपाईंसित भएका सबै थोक परमेश्वरकै हुन् भने, आफूसिच भएका श्रोतहरुबमे व्यवस्थापन गर्नु र आफ्नो क्षमताले भ्याएसम्म तिनको हेरचाह गर्नुचाहिँ तपाईंको जिम्मेवारी हो। यदि श्रोतहरु हराएका छन्, नाश भएका छन् भने, बीमा भर्ने कामचाहिँ परमेश्वरको हो किनकि सबै कुरा उहाँकै हुन्। उहाँले नै कहिले,कहाँ सट्टा भर्ना गर्ने वा यदि सट्टा भर्ना गर्न परेमा जस्ता निर्णय गर्नुहुन्छ।

- ***तपाईंको सबैभन्दा बहुमूल्य भौतिक सम्पति के हो?***

  ...................................................................................................................................

  ...................................................................................................................................

- ***यदि तपाईंले त्यस बहुमूल्य सम्पति गुमाउनु भएमा जीवन कस्तो बन्ला ?***

  ...................................................................................................................................

  ...................................................................................................................................

- ***त्यस बहुमूल्य सम्पति गुमाउनुभएमा त्यसले परमेश्वरसितको तपाईंको हिँडाइमा कस्तो प्रभाव पार्ला ?***
  यदि त्यस सम्पतिको क्षतिले परमेश्वरसितको तपाईंको हिँडाइमा प्रभाव पार्दछ भने, वास्तवमा जुन कुरो तपाईंको थिएन तर तपाईंले स्वामित्व लिने तपाईंले कोसिस गरिरहनुभएको छ भन्ने यो एउटा लक्षण हुनसक्छ।

  ...................................................................................................................................

  ...................................................................................................................................

- ***अय्यूब १:१३ – ३२ पढ्नुहोस् । अय्यूबले आफ्ना छोराछोरी र सारा सम्पति गुमाउनु परे पनि के त्यसले परमेश्वरप्रतिको उनको समर्पणमा प्रभाव पार्‍यो त ?***

..............................................................................................................

..............................................................................................................

- *अय्यूबको उदाहरणबाट तपाईंले के सिक्न सक्नुहुन्छ सो बारे आफ्नै शब्दमा व्याख्या गर्नुहोस् ।*

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- *के तपाईंले परमेश्वर नै सबै थोकको मालिक हुनुहुन्छ भनी स्वीकार गर्दै अहिले नै परमेश्वरलाई सुम्पी हाल्नुपर्ने कोही व्यक्ति वा केही चीज तपाईंको जीवनमा छ ?*

..............................................................................................................

..............................................................................................................

## दिन - ३ः परमेश्वरले मलाई उपभोक्ता होइन, लगानीकर्ता बनाउन चाहनुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- भौतिकवाद वा उपभोक्तावादले तपाईंमाथि जमाएको हुनसक्ने अधिकारप्रति संवेदनशील हुन र त्यसदेखि विजय हुने उपाय पत्ता लगाउन प्रार्थना गर्नुहोस्।

भौतिकवादको प्रलोभन बडो शक्तिशाली हुन्छ र यसले मानिसहरुलाई गम्भीर ऋणमा चुर्लुम्म डुबाउन पुग्दछ। कतिपय व्यक्तिहरुले उत्तरदायी भएर ऋण नियन्त्रण गर्न सक्छन्। यद्यपि, उनीहरुको जीवन लक्ष्यचाहिँ अझै पनि अनियन्त्रित उपभोक्तावादी सोचमा अल्झिरहने र किन्नको लागि किन्ने प्रवृतिमा तल्लीन भइरहेकै हुन्छ। परमेश्वरले आफ्ना सन्तानहरुमा फरक र गहन जीवन लक्ष्य भएको चाहनुहुन्छ।

- *हितोपदेश २२ः७ पढ्नुहोस् । अत्यधिक ऋणको समस्या के हो ?*

..............................................................................................................

..............................................................................................................

- *कलस्सी ३ः५ र एफिसी ५ः५ पढ्नुहोस् । पावलले लोभ (अरुहरुका पैसा र सम्पतिको डाहा गर्नु) लाई कसरी परिभाषित गरेका छन् ?*

..............................................................................................................

..............................................................................................................

- *१ तिमोथी ६ः१० पढ्नुहोस् । सबै खराबको जरा के हो?* (सङ्केत : पैसा चाहिँ होइन !)

..............................................................................................................

..............................................................................................................

- ***हितोपदेश २३:४ – ५ पढ्नुहोस् । बाइबलमा धनी हुनुलाई कहीं कतै पनि निषेध गरिएको छैन, तर धनी बन्ने एकोहोरो लक्ष्यमा भौतिकवादी सोच पाल्नुचाहिँ समस्या हो । समस्या के हो त ?***

  ..............................................................................................................

  ..............................................................................................................

- ***हितोपदेश २८:२० र २२ पढ्नुहोस् । छिट्टै – धनी – हुने योजनाहरु र साँचो भैं लाग्ने अवसरहरु बारे परमेश्वरको दृष्टिकोण के हुन्छ ?***

  ..............................................................................................................

  ..............................................................................................................

- ***मर्कूस १०:२३ – २५ पढ्नुहोस्।*** धनी मानिसहरुलाई परमेश्वरको राज्यमा प्रवेश गर्नु गाह्रो हुन्छ भनी येशूले भन्नुभयो। ***तपाईंको विचारअनुसार के उनीहरु धनी भएकै कारणले उनीहरुलाई परमेश्वरको राज्यमा प्रवेश गर्न गाह्रो हुने हो ? वा यो विषय उनीहरुको एकोहोरो भौतिकवादी लक्ष्यसित सम्बन्धित छ ?*** विशेष गरी पद २४ हेर्नुहोस्।

  ..............................................................................................................

  ..............................................................................................................

भौतिकवाद र उपभोक्तावादले जहिले पनि तपाईंको जीवनको नियन्त्रण गर्ने सन्दर्भमा परमेश्वरको आत्मासँग होडबाजी गरिरहेको हुन्छ। धनी हुनु र राम्रा – राम्रा थोकहरु हुनु पाप होइन। जब तपाईंलाई परमेश्वरसितको आफ्नो सम्बन्धभन्दा धन तथा सम्पतिहरु महत्त्वपूर्ण बन्न थाल्छन्, त्यस बेलाचाहिँ धन – सम्पति आत्मिक समस्या बन्दछ । परमेश्वरले जहिले पनि तपाईंलाई आफ्ना अभिलाषाहरुमा, साथीभाइको लहलहैमा, र व्यापारिक विज्ञापन आकर्षणहरुमा फँसेर तपाईंसित भएका श्रोतहरुलाई उडाउनुभन्दा पनि ***लगानी गर्नुमा*** तपाईंको जीवन केन्द्रित गरेको चाहनुहुन्छ।

- ***मत्ती २५:१४ – २९ पढ्नुहोस्।*** यस दृष्टान्तमा यात्रामा निस्कन लागेको र आफ्ना नोकरहरुलाई फरक – फरक मात्रामा पैसा (सिक्का) जिम्मा दिएको मानिसको बारेमा येशू प्रभुले वर्णन गर्नुभएको छ । नोकरहरुले ती पैसालाई सुरक्षित रुपमा राखून् भन्ने मात्रै होइन, तर उनीहरुले पाएका ती श्रोतहरुलाई लगानी गरेर अझ धेरै मुनाफा आर्जन गरुन् भन्ने आशय राखिएको थियो। परमेश्वरले तपाईंलाई दिनुभएका श्रोतहरुलाई मुनाफाको निम्ति लगानी गर्न तपाईंलाई सिकाउनुचाहिँ यस दृष्टान्तको मुख्य शिक्षा हो । परमेश्वरले तपाईंलाई जे दिनुहुन्छ, त्यसलाई बृद्धि गर्दै लैजानको निम्ति तपाईंले उहाँमा भरोसा गरेको परमेश्वर चाहनुहुन्छ।
- ***मत्ती ६:१९ – २१ पढ्नुहोस् । तपाईंको लगानीको लक्ष्य अनन्त हुनुपर्दछ कि सांसारिक हुनुपर्दछ ? तपाईंको लगानीको जोडले तपाईंको हृदयमा कस्तो प्रभाव पार्दछ ?***

  ..............................................................................................................

..........................................................................................................

- ***पैसाबाहेक, तपाईंले अरुहरुका जीवनमा कसरी अनन्त लगानी गर्न सक्नुहुन्छ सो बारे तीन ओटा तरिकाहरु लेख्नुहोस् ।***

..........................................................................................................

..........................................................................................................

- ***तपाईंले माथि उल्लेख गर्नुभएका तीन ओटा तरिकाहरुमध्ये कम्तिमा एउटा तरिकामा कहिले र कसरी अरुहरुका जीवनमा अनन्त रुपले लगानी गर्न शुरुआत गर्नुहुन्छ ?***

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

## दिन - ४ः परमेश्वरले मलाई चिन्ता गर्ने (वा गनगने) होइन तर विजेता बनाउन चाहनुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- मेरो जीवनमा भएको जस्तोसुकै चिन्ता पनि आजै तपाईंमा बिसाउन चाहन्छु भनी परमेश्वरलाई भन्नुहोस्।

हामीले भौतिकवादी सोच र चिन्ता बीच सम्बन्ध रहेको हेरेका छौं। बाइबलीय कदम चाल्न कुनै व्यक्तिलाई अभिप्रेरित गर्ने यथार्थमूलक चासोचाहिँ सकारात्मक कुरा हो। चिन्ताका कैदी बन्ने अधिकांश मानिसहरु अन्ततः आफ्ना रुपैंया – पैसा, धन – सम्पति र नियन्त्रणबाहिरको परिस्थितिको कैदी बन्ने लक्षण हो। परमेश्वरले आफ्ना छोराछोरीका निम्ति उत्तम कुरा साँचेर राख्नुभएको हुन्छ।

- ***मत्ती ६ः२४ पढ्नुहोस्।*** तपाईंले भौतिक कुरालाई बढी महत्त्व दिनुभएकोले परमेश्वरलाई आफ्नो जीवनमा उपयुक्त स्थानदेखि बञ्चित गरेको कुरा तपाईंले सिक्नुभएको छ भनी यस पदले पुष्टि गर्दछ। पैसा र परमेश्वर दुवैको एकै पटकमा सेवा गर्नु असम्भव छ भनी येशूले सिधै भन्नुभयो। जीवनको त एउटा मात्रै लक्ष्य हुन सक्दछ।
- ***मत्ती ६ः२५ – ३२ पढ्नुहोस् । चिन्ताद्वारा (विचार गरिहेर्दा) तपाईंको जीवनमा उपलब्धि हासिल हुन सक्ने केही सकारात्मक कुरा पाइन्छ ?***

..........................................................................................................

..........................................................................................................

- ***तपाईंले जुन कुरामा चिन्ता लिनुभइरहेको छ, त्यस विषयमा परमेश्वरलाई जानकारी नहुने कुनै थोक***

***छन् त ?***

.................................................................................................................................

.................................................................................................................................

- ***मत्ती ६:३३ पढ्नुहोस् । जब तपाईंको ध्यान अनन्तका कुरामा हुन्छ, तब परमेश्वरले तपाईंलाई कस्तो प्रतिज्ञा दिनुहुन्छ ?***

.................................................................................................................................

.................................................................................................................................

- ***मत्ती ६:३४ पढ्नुहोस्।*** हाम्रो नियन्त्रण बाहिरको भविष्यको कुनै पनि थोकमा हामीले चिन्ता गर्नु हुँदैन भन्ने कुरा नै येशूले यहाँ दिनुभएको निष्कर्ष हो। जब तपाईंको लक्ष्य अनन्त हुन्छ, हरेक दिनले एक दिनमा एक पटक आफ्नो फिक्री आफै गर्दछ।

- ***फिलिप्पी ४:६ पढ्नुहोस् ।*** तपाईंले भर्खरै अध्ययन गर्नुभएको येशू प्रभुको निष्कर्षलाई पावलले पनि झल्काएका छन्। उनले फिलिप्पीहरुलाई कुनै पनि कुरामा चिन्ता नगर्न भनेका छन्।
- ***के तपाई कुनै विषयमा गम्भीर चिन्तामा हुनुहुन्छ? यदि छ भने, त्यो के हो?***

.................................................................................................................................

.................................................................................................................................

- ***के त्यो चिन्ता तपाईंले नियन्त्रण गर्न सक्ने खालको छ ? के तपाईंले त्यसलाई सम्बोधन वा सुधार गर्न सक्नुहुन्छ?***

.................................................................................................................................

.................................................................................................................................

- ***कुनै विषयमा चिन्ता गरेर त्यसमा सुधार आउला वा परिस्थिति सप्रेला ?***

.................................................................................................................................

.................................................................................................................................

- ***फिलिप्पी ४:६ अनुसार, तपाईंले अहिले नै यस चिन्तालाई के गर्न पर्दछ ?***

.................................................................................................................................

.................................................................................................................................

- ***फिलिप्पी ४:७ पढ्नुहोस् । जब तपाई आफ्ना फिक्री र चिन्ताहरुलाई परमेश्वरकहाँ प्रार्थनामा ल्याउनुहुन्छ, उहाँले तपाईंको निम्ति के प्रतिज्ञा गर्नुभएको छ?***

.................................................................................................................................

.................................................................................................................................

- माथिका पदहरुअनुसार, स्मरण रहोस् – परमेश्वरले तपाईंका भावनात्मक ***(हृदय)*** र मानसिक ***(मन)*** क्षेत्रहरुलाई ***सुरक्षा राख्ने*** प्रतिज्ञा गर्नुभएको छ।

- ***फिलिप्पी ४:८ – ९ पढ्नुहोस् । तपाईंले यस्तो विजयी, चिन्तारहित मानसिक र भावनात्मक अवस्था कसरी कायम गर्न सक्नुहुन्छ ? निर्दिष्ट रुपमा भन्नुहोस् ।***

..................................................................................................................................

..................................................................................................................................

- ***के तपाई अझै चिन्ता गर्दै हुनुहुन्छ? यदि हो भने, तपाईंको जीवनको लक्ष्य के रहेछ भनी यसले बताउँदछ ?***

..................................................................................................................................

..................................................................................................................................

- ***फिलिप्पी ४:११ – १३ र ४:१९ पढ्नुहोस्।*** तपाईंसँग जे छ त्यसैमा सन्तुष्टि हुन सिक्नुपर्छ भन्ने सिद्धान्त नै यस अध्यायको एउटा महान् सिद्धान्त हो। यदि परमेश्वरले तपाईंका सबै आवश्यकताहरु पूरा गर्ने प्रतिज्ञा गर्नुभएको छ भने (मत्ती ६:३३ र फिलिप्पी ४:१९), तपाईंको जिम्मेवारीचाहिँ तपाईंलाई उहाँले जे – जे पूरा गरिदिनुहुन्छ सो कुरामा सन्तुष्ट हुन सिक्नु हो (पावलले यहाँ ***सिक्नु*** शब्द प्रयोग गरेका छन् किनभने यो कुरा आफै आउने कुरा होइन)।

- ***१ तिमोथी ६:६ – ११ पढ्नुहोस्।*** यस अध्यायमा सन्तुष्टिको सिद्धान्त अनि सांसारिक र अनन्तको जीवनको लक्ष्यको बीचको भिन्नता अवलोकन गर्नुहोस्। तपाईंसित जे खाने कुरा र जे लाउने कुरा छ त्यसैमा तपाईं सन्तुष्ट हुन सिक्न पर्ने कुराले (पद ८) तपाईंका दैनिक आवश्यकताहरुको प्रतिनिधित्व गर्दछ (प्रभुको प्रार्थनाबाट साभार गरिएको हाम्रा दैनिक भोजन )।

- ***तपाईंका आफ्ना दैनिक आवश्यकताहरु र तपाईंका चाहनाहरु बीच भिन्नता वर्णन गर्नुहोस् ।***

..................................................................................................................................

..................................................................................................................................

- ***पैसा प्रशस्त कमाउन सकिएन भनेर त्यसमा चिन्ता गरी तपाईंलाई परमेश्वरले दिनुभएको शक्तिलाई के तपाईंले खर्च गर्नुपर्दछ ? वा परमेश्वरले तपाईंलाई जे – जे प्रबन्ध गरिदिनुहुन्छ त्यसैमा सन्तुष्ट हुन र आफ्नो जीवन – शैलीलाई त्यसैअनुरुप समायोजन गर्न सिक्नुपर्दछ ?*** वास्तवमा, यदि तपाईंले बाइबलीय सत्यता अनि परमेश्वर र आफ्ना घरपरिवारका सदस्यहरुसितको आफ्नो सम्बन्धलाई अवमूल्यन नगरी प्रयाप्त पैसा कमाउने अवसर पाउनुभएमा, कमाउने अवसर लिनुहोस् ! तर म यो चाहन्छु वा मलाई यो आवश्यक छ भनी चिन्ता गर्नुको साटो तपाईंसित जे छ त्यसैमा समायोजित हुनुहोस् र सन्तुष्ट बन्न सिक्नुहोस्।

- ***भजनसङ्ग्रह २३:१ पढ्नुहोस् ।*** यस चिरपरिचित भजनसङ्ग्रहको पहिलो पद बारेमा सायद तपाईंले कहिल्यै विचार गर्नुभएको थिएन होला। यदि प्रभु तपाईंको गोठालो हुनुहुन्छ भने, यदि तपाईंले आफ्नो

जीवनका फिक्रीहरु उहाँमा सुम्पनुभएको छ भने, तपाईंलाई कुनै कुराको अभाव (खाँचो) हुनेछैन भनी भजन लेखकले भनेका छन्।

- ***के तपाई भजनसङ्ग्रह २३:१ को सत्यतामा विश्वास गर्न अहिले नै तयार हुनुहुन्छ? त्यसो हो भने विश्वास गर्न तयार छु भनी परमेश्वरलाई भन्नुहोस् ।***

  ..............................................................................................................................

  ..............................................................................................................................

## दिन - ५: परमेश्वरले मलाई लिने होइन, दिने बनाउन चाहनुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्य:***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- दिने व्यक्ति हुनुको अर्थ के हो भनी परमेश्वरलाई सोध्नुहोस् र दिने कार्यलाई व्यवहारमामा उतार्न सकिने केही व्यावहारिक तरिकाहरु मलाई देखाइदिनुहोस् भनी उहाँलाई प्रार्थना गर्नुहोस्।

प्रायः भन्ने गरिन्छ, जीवनमा दुई किसिमका मानिसहरु हुन्छन्: दिने र लिने। **लिने स्वभावको व्यक्तिले नदिने मात्र होइन, उसले त अरुहरुको समय, शक्ति, सहायता र श्रोतहरुलाई त्यसको सट्टामा केही पनि फिर्ता नगर्ने गरी प्रयोग गरिदिन्छ**। यस्ता मानिसहरु आफूले त दिनुपर्दैन भन्ने सोच राख्ने भएकाले आफ्ना मानिसक, भावनात्मक वा आर्थिक आवश्यकताहरुप्रति प्रायः बढी चासो दिने हुन्छन्, जसले गर्दा उनीहरुमा लिने मात्रै आदत विकास भएको हुन्छ।

परमेश्वर त दाता परमेश्वर हुनुहुन्छ। उहाँले हामीलाई यति धेरै प्रेम गर्नुभएको हुनाले परमेश्वरले आफ्नो एक मात्रै पुत्र हाम्रो सट्टामा क्रूसमा मर्न दिनुभयो (यूहन्ना ३:१६)। ख्रीष्टको अनुयायी भएको नाताले तपाईंको जीवन उद्देश्य दिन – प्रतिदिन येशूजस्तै हुँदै जानुपर्छ। यस अध्ययनको लक्ष्यचाहिँ दिनुपर्छ भन्ने विषयमा मात्रै केन्द्रित छैन, तर ***दिने व्यक्ति बन्न*** सिक्नुपर्छ भन्ने विषयमा पनि केन्द्रित छ। सिक्नु हो। दिनु र दिने व्यक्ति बन्नुमा ठूलो भिन्नता ***छ*** !

- ***२ कोरिन्थी ८:१ - ५ पढ्नुहोस्***। म्यासेडोनियाका गरीब विश्वासीहरु यहूदाका विश्वासीहरुका निम्ति भेटी दिन सहभागी भएको विषय बडो उल्लेखनीय थियो। उनीहरुले दिएका दानले पावलको मन छोएको होइन, तर उनीहरु दिने मन भएका व्यक्ति भएकाले पावलको मन छोएको थियो। उनीहरुले खिन्न भएर, बाध्य भएर, करकापमा परेर दिएका थिएनन् तर दिने स्वभाव भएकाले उनीहरुले दिएका थिए।

- ***पद ५ अनुसार, म्यासेडोनियाका विश्वासीहरुले उदारचित्तले दिएका दान कुन - कुन दुई दिशातर्फ प्रदान गरिएको थियो ?***

  ..............................................................................................................................

.........................................................................................................

- ***रोमी ६:१३ - १९ र १२:१ - २ पढ्नुहोस्***। तपाईंले आफ्ना हात र खुट्टा (सदस्यहरु) लाई आफ्ना पापमय अभिलाषाहरुको सेवा गर्न प्रयोग गर्नुको साटो येशू ख्रीष्टको अनुयायी भएको नाताले तपाईंले आफ्नो ती अङ्गहरुलाई परमेश्वरको सेवामा प्रयोग गर्न र धार्मिक कार्य गर्न प्रयोग गर्नुपर्दछ। तपाईंले पनि म्यासेडोनियाका विश्वासीहरुले झैं परमेश्वरको सेवा साथै अरुहरुलाई सहायता गर्नको निम्ति आफ्नो शरीर अर्पण गर्नुपर्दछ।
- ***१ तिमोथी २:५ - ६ पढ्नुहोस्***। जब तपाईं दिने व्यक्ति बन्नुहुन्छ र आफैलाई दिइहाल्नुहुन्छ, तपाईं ख्रीष्टको स्वरुपमा निर्माण भइरहनुभएको हुन्छ।
- ***परमेश्वर र अरुहरुको निम्ति तपाईंले गर्न सक्ने सेवाका व्यावहारिक, भौतिक तरिका (माध्यम) के के होलान् ?*** सरसफाइ गर्न, रङरोगन लगाउन वा मर्मतसंभार गर्न धेरै मण्डलीहरुलाई स्वयंसेवकहरुको जरुरत पर्दछ। साँच्चै भन्नुपर्दा, विधुवा र विदुरहरु, बृद्धबृद्धाहरु, गंभीर रोगीहरु, विकलाङ्गहरु, वा एक्ला अभिभावकहरुलाई प्रायःगरी सहयोगी हातको एकदमै जरुरी हुन्छ। सायद, हिउँको थुप्रो पन्छाउने कोदाली वा घाँस काट्ने औजार आवश्यक परेको छिमेकी हुनसक्छ। दिन उचित भएको हुनाले दिने व्यक्तिले दिन्छ तर त्यसको साटोमा पाउने आशा गरेर दिँदैन। तपाईंले हरेक व्यक्तिलाई दिन सक्नुहुने सबैभन्दा सजिलो कुराचाहिँ प्राकृतिक मधुर मुस्कान हो। उहाँ उल्लेख नभएका कुनै आवश्यकता छन् भने लेख्नुहोस्।

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- ***हितोपदेश ११:२४ - २५ पढ्नुहोस् ।*** यी पदहरुमा दिने मानिसको विषयमा वर्णन गरिएको छ। जो व्यक्तिले दिन्छ ***(छर्छ)***, उसले आफूले दिएकोभन्दा बढी पाउँदछ। दिने (***उदारवादी***) आत्माको उन्नति हुनेछ ***(हृष्टपुष्ट बनाइने)*** र जो व्यक्तिले अरुहरुलाई खुशी पार्छ ***(पानी हाल्छ)*** , प्रतिफल स्वरुप ऊ पनि खुशी बनाइनेछ।
- ***प्रेरित २०:३५ पढ्नुहोस् । लिनु भन्दा दिनुचाहिँ अझै असल हुन्छ भन्ने दुई कुरा के के हुन् ?***

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- ***रोमी १२:१३ पढ्नुहोस् । यहाँ उल्लेख गरिएअनुसार दिनु (बाँड्नु र योगदान दिनु) का दुई तरिकाहरु के के हुन् ?***

.........................................................................................................

.........................................................................................................

- ***दिनुका दुई स्वरुपहरु (तरिका) मध्ये यी दुवैलाई व्यवहारमा उतार्न तपाईंको निम्ति व्यावहारिक तरिका के होला ?***

  ....................................................................................................................

  ....................................................................................................................

- ***२ कोरिन्थी १:३ - ७ पढ्नुहोस्।*** पावलले ठूलो सङ्कष्टको बेलामा परमेश्वरको आत्माबाट सान्त्वना र उत्साह प्राप्त गर्ने विषयमा चर्चा गरेका छन्। दिने व्यक्तिको हैंसियतमा, पावलले आफूले प्राप्त गरेको आशिषको तत्कालै उपयोगिता ठम्याइहाले : उनी अरुहरुमा यो सान्त्वना र हौसला कसरी पुऱ्याउन सकूँला भनेर सोचमग्न भए।
- ***परमेश्वरले तपाईंलाई हालसालै वा भर्खरै दिनुभएको ठूलो आशिष के होला ? वा तपाईंलाई उहाँले सिकाउनुभएको अति महत्त्वपूर्ण सत्यता के हो ?***

  ....................................................................................................................

  ....................................................................................................................

- ***तपाईं कसलाई र कसरी यो आशिष वा शिक्षा बताउन चाहनुहुन्छ ?***

  ....................................................................................................................

  ....................................................................................................................

- ***अहिलेसम्म तपाईंले आफ्नो जीवनलाई इमान्दारीसाथ मूल्याङ्कन गर्दाखेरि, तपाईंले आफूलाई प्रमुख रुपमा दिने व्यक्तिको रुपमा पाउनुहुन्छ कि लिने व्यक्तिको रुपमा ?***

  ....................................................................................................................

  ....................................................................................................................

- ***यदि तपाईं अझै पनि प्रमुख रुपमा लिनेमै पर्नुहुन्छ भने, परमेश्वरले मलाई दिने व्यक्तिको रुपमा परिवर्तन गर्नुभएको होस् भनी तपाईंले उठाउनुहुने पहिलो कदम के हो ?***

  ....................................................................................................................

  ....................................................................................................................

दिनुका स्वरुपहरु धेरै छन् र दिनुका तरिकाहरु पनि थुप्रै छन्। तपाईंले दिन सक्नुहुने कुनै पनि एक मात्रै महत्त्वपूर्ण उपाहारभन्दा पनि तपाईं दिने व्यक्ति बन्नुचाहिँ झनै महत्त्वपूर्ण उपाहार हो। दिने व्यक्तिको रुपमा, तपाईंको आत्मा धन्यको हुनेछ, र तपाईंले कहिल्यै पहिला कल्पना नगर्नुभएको उद्देश्य र सन्तुष्टि प्राप्त गर्नुहुनेछ।

***नोटहरुः अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु***

....................................................................................................................

....................................................................................................................

....................................................................................................................

# पाठ ११ दिनु : मेरो जीवन भित्रबाट बाहिर आउनु

***यस हप्ताको प्रमुख विचार : दिनुमा विश्वासयोग्य हुनुचाहिँ आत्मिक बृद्धि र परिपक्वताको प्रमाण हो, अनि विश्वास र आराधनाको कदम हो । परमेश्वरले यही माध्यमबाट मद्वारा मलाई लगायत अरुहरुलाई आशिषित तुल्याउनुहुन्छ ।***

आत्मिक बृद्धि का प्रमुख लक्ष्यहरुमध्ये एउटा लक्ष्यचाहिँ तपाईंको चरित्र, सोच, स्वभाव, बोली र व्यवहारमा परमेश्वरको प्रतिविम्ब झल्काउनु हो (रोमी ८:२९)। परमेश्वर प्रेमिलो र दिने परमेश्वर हुनुहुन्छ। परमेश्वरले तपाईंलाई दिने व्यक्ति बनाउनु भएको होस् भन्ने कुरा यस पाठमा जोड दिइन्छ। सहायता गर्नु हो। दिनु भनेको जम्मेवारी स्वीकार गर्नमा परिपक्व हुँदै जानु हो, विश्वास र आराधनाको रोमाञ्चक कार्य हो अनि तपाईंको हर दिनको यथार्थमा परमेश्वरसितको आफ्नो सम्बन्धमा जोडिने सशक्त माध्यम हो।

हामीले अघिल्लो पाठमा अध्ययन गरेझैं, धेरैको लागि दिने व्यक्ति बन्नु भनेको आफ्नो जीवनको लक्ष्यलाई भित्रदेखि बाहिर प्रकट गर्नु हो। दिनुको निर्दिष्ट कार्य नै आत्मिक बृद्धि भइरहेको छ भन्ने एउटा उत्तम सूचक हो। हाम्रो सेवासुश्रुषा, सुरक्षा र सेवकाइको निम्ति परमेश्वर स्वयम्ले स्थापना गरिदिनुभएको संस्थामार्फत दिन शुरुआत गर्नु नै उत्तम थलो हो। त्यो उत्तम थलो भनेकै स्थानीय मण्डली हो।

## दिन - १: मैले दिनु भनेको चाहिँ विश्वास र आराधनाको रुपमा हो ।

***दैनिक प्रार्थनाको लक्ष्य:***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- मेरो दियाइसित मेरो आत्मिक बृद्धि र परिपक्वताको कसरी अन्तरसम्बन्ध हुन्छ सो बारे प्रकाश पारी दिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।
- परमेश्वरको आत्माले बाइबलद्वारा बोल्नुहुँदा कतिपय कुरा सुन्न गाह्रो परे पनि उहाँको आवाजप्रति म संवेदनशील हुन सकूँ भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।

बित्तिय पक्ष जीवनका महत्त्वपूर्ण हिस्सा हुन्। परमेश्वरले तपाईंलाई सुम्पन्नुभएका श्रोतहरुलाई सही किसिमले परिचालन गर्न तपाईंलाई सहायता पुऱ्याउने निर्देशनहरु बाइबलमा धेरै छन्। दिनुले जीवनका बित्तिय पक्षलाई परमेश्वरसितको तपाईंको घनिष्ठ जिवाइसित जोड्नेरहेछ भन्ने विषय नै दिनुका सुन्दर विशेषताहरुमध्ये एउटा विशेषता हो। दिने विषयमा आत्मिक परिपक्वता हुनुले त्यहीअनुरुप आराधना र विश्वासमा पनि बृद्धि ल्याउँदछ। परमेश्वरसितको तपाईंको सम्बन्ध सन्दर्भमा दिनुको प्रमुख भूमिकालाई बुझ्नुले दिनुलाई आनन्दयम कार्य तुल्याउँदछ, र परमेश्वरले इच्छा गर्नुभएझैं तपाईंलाई खुशी साथ दिने व्यक्तिको रुपमा रुपान्तरण गर्दछ (२ कोरिन्थी ९:७)।

- ***१ इतिहास २९:१ - ५ पढ्नुहोस्।*** दाउदले आफ्नो छोरो सोलोमनलाई मन्दिर बनाउन चाहिने सबै श्रोतसाधनहरु प्रबन्ध गर्नको निम्ति इस्रायलीहरुलाई अचम्म रीतिले भेटी दिने कार्यमा नेतृत्व गरेको घटना यस अध्यायमा अभिलेखीकरण गरिएको छ। पद ३ मा हेर्नुहोस्। स्मरण रहोस्, यो भेटीचाहिँ दाउदले यस अगाडि नै दिइसकेका भेटीको पनि थप भेटी हो।

- ***पद ३ अनुसार, परमेश्वरको घरप्रति दाउदको सोच कस्तो थियो ? र, तपाईंको विचारमा उनले दिएका त्यस भेटीले यो भेटी दिनुपर्छ भन्ने उनको उदारता र तत्परतासित कसरी सम्बन्ध राख्दछ ?***

.......................................................................................................................................

.......................................................................................................................................

- ***१ इतिहास २९:६ - ९ पढ्नुहोस् । विशेष गरी ६ र ९ पदहरुलाई नियाल्दाखेरि दिने क्रममा मानिसहरुको सोच कस्तो हुनेरहेछ ?***

.......................................................................................................................................

.......................................................................................................................................

- ***१ इतिहास २९:१० - १७ पढ्नुहोस् ।*** यस अध्यायमा आराधनाको आत्मा स्पष्ट देखिन्छ। दाउदले परमेश्वरको अगणित महिमा घोषणा गर्दछन्।
- ***परमेश्वरलाई धन्यवाद दिन र प्रशंसा चढाउन दाउदले माथि उल्लेख गरेका कारणहरु पढ्दाखेरि तपाईले परमेश्वरलाई आराधना गर्न सक्नुहुने कुनै ती कारणहरु के के हुन् ?***

.......................................................................................................................................

.......................................................................................................................................

- ***पद १७ लाई राम्ररी नियाल्नुहोस्, अनि दाउदको आत्मिक परिपक्वता र उनले चढाएका भेटीको सम्बन्धलाई व्याख्या गर्नुहोस् । यस उदाहरणबाट तपाईले के सिक्न सक्नुहुन्छ?***

.......................................................................................................................................

.......................................................................................................................................

- ***२ कोरिन्थी ८:१ - ५ र रोमी १२:१ - २ पढ्नुहोस् । तपाईले आराधनाको विषयमा जे सिक्नुभयो त्यसलाई नियाल्दाखेरि २ कोरिन्थी ८ अध्यायमा म्यासेडोनियाका विश्वासीहरुले आराधनाको रुपमा दिनुको प्रेरक सोच किन भयो ?***

.......................................................................................................................................

.......................................................................................................................................

- ***आफ्नो दियाइलाई के तपाई आराधनाको कार्य भन्न सक्नुहुन्छ ? किन ? किन सक्नुहुन्न?***

.......................................................................................................................................

.......................................................................................................................................

- *आफ्नो दियाइलाई अझै आराधनामय बनाउन तपाईंले चाल्न सक्नुहुने कम्सेकम एउटा ठोस कदम लेख्नुहोस् ।*

 .............................................................................................................

 .............................................................................................................

- *हितोपदेश ३:९ – १० पढ्नुहोस् । यहाँ व्यक्त गरिएको सत्यताअनुसार, के तपाईंले परमेश्वरलाई उब्रेको वा बाँकी रहेकोबाट दिनुपर्ने हो ? वा दिने कार्यलाई प्राथमिकता बनाउनुहुन्छ ?*

 .............................................................................................................

 .............................................................................................................

- कृषि प्रधान संस्कृतिमा हितोपदेशको पुस्तक लेखिएको हुनाले फसलको पहिलो उपज परमेश्वरमा चढाउनुचाहिँ विश्वासको कार्यको प्रमाण हुन्थ्यो । कटनी पूर्ण रुपमा नभित्र्याएसम्म बाँकी रहेका अन्नपात नाश नहोला, किरा – फटेङ्ग्राले नखालान्, बोटविरुवामा रोग नलाग्ला वा आँधीहुरीले नाश नगर्ला भनेर मानवीय प्रत्याभूति दिन नसकिने कुरा सत्य हुन्थ्यो ।

- *परमेश्वरले हितोपदेश ३:९ – १० मा दिनुभएको ईश्वरीय प्रत्याभूति (ग्यारेन्टी) के हो ?*

 .............................................................................................................

 .............................................................................................................

- *आफ्नो दियाइलाई के तपाईं विश्वासको कार्य भन्न सक्नुहुन्छ ? किन ? किन सक्नुहुन्न?*

 .............................................................................................................

 .............................................................................................................

- *कहिलेकाहीं, परमेश्वरमा विश्वास गर्नु भनेको उहाँले अझै धेरै आम्दानी जुटाइदिनुहुन्छ भन्ने कुरा मात्रै होइन, तर तपाईंले चाहना गरेको तर यथार्थमा तपाईंलाई आवश्यक नपरेका कुरालाई छाडेर आफ्नो जीवनशैलीमा कठोर समायोजन गर्ने ज्ञानबुद्धिको निम्ति परमेश्वरमा भरोसा गर्नु पनि हो ।*
- *दिने विषयमा अझै विश्वास अभ्यास गर्दै जानको निम्ति आफ्नो जीवनशैलीमा तपाईंले गर्न सक्नुहुने एउटा समायोजन के हो ?*

 .............................................................................................................

 .............................................................................................................

- *भजनसङ्ग्रह ३७:२५ पढ्नुहोस् । भजन लेखक दाउदको साक्षीलाई विचार गर्दाखेरि के तपाईं परमेश्वरले मेरा आवश्यकताहरु पूरा गरिदिनुहुन्छ भनी उहाँमा भरोसा गर्न सक्नुहुन्छ?*

 .............................................................................................................

 .............................................................................................................

## दिन - २: मेरो दियाइले मेरो जीवनमा परमेश्वरको अधीनतालाई स्वीकार गर्दछ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- परमेश्वरको अधीनतामा सुम्पनु पर्ने जीवनका कुनै क्षेत्र छन् भने त्यसप्रति मलाई संवेदनशील बनाउनुहोस् भनी उहाँसित बिन्ती गर्नुहोस्।

तपाईं जो हुनुहुन्छ र तपाईंसँग जे छन्, सबै परमेश्वकै हुन् (१ कोरिन्थी ६:२० र प्रेरित २०:२८)। येशू ख्रीष्टको अनुयायी भएको हैंसियतले उहाँको पूर्ण अधीनतामा रहेर तपाईंले आफ्नो जीवन जिउनुपर्दछ। दिने कार्य भनेको तपाईंले आफ्नो मन माथिका कुरामा लगाउनुभएको छ कि पृथ्वीको कुरामा त्यसको स्पष्ट सूचक हो (कलस्सी ३:२)। तपाईंले समाधान गर्नुपर्ने समस्याचाहिँ तपाईंको कसको हुनुहुन्छ भन्ने विषय होइन, तर तपाईं आफ्नो मालिकको अधीनतामा जीवन जिउनुहुन्छ कि हुँदैन भन्नेचाहिँ हो।

- ***मत्ती ६:२१ पढ्नुहोस्***। तपाईंले आफ्ना श्रोतहरु कहाँ लगानी गर्नुभएको छ भन्ने आधारमा तपाईंको हृदय – भक्तिको अग्नी परीक्षा हुन्छ भनी येशूले बोल्नुभएका यी शब्दहरुले तपाईंलाई स्मरण गराउँदछन्।
- ***लूका ६:४३ - ४५ पढ्नुहोस्***। सही सोचले सही कार्यहरु ***(फलहरु)*** उत्पन्न गराउँदछ। तपाईंले सजिलै येशू ख्रीष्ट मेरो जीवनको प्रभु ***(मालिक)*** हुनुहुन्छ भनी स्वीकार्न सक्नुहुन्छ, तर त्यसको प्रमाणचाहिँ तपाईं बाइबलीय सत्यताअनुसार जिउनु भएको छ कि छैन भन्ने कुराले देखाउँदछ।
- ***२ इतिहास ८:१ - ५ पढ्नुहोस्***। तपाईंले हिजो अध्ययन गर्नुभएको यस अध्यायलाई फेरि हेर्नुहोस्। कोरिन्थीको मण्डलीले यरुशलेमका विश्वासीहरुलाई भेटी दिनेछौं भनी प्रतिज्ञा गरेका थिए तर सो कुरा पूरा गर्न उनीहरु चुकेकाले योचाहिँ उनीहरुलाई दिइएको पावलको खप्की हो।

म्यासेडोनियाको मण्डलीको दानचाहिँ परमेश्वरको अनुग्रहको कार्य थियो (पद १)। उनीहरु आफै पनि धेरै गरीब थिए, तापनि उनीहरु भेटी दिने कार्यमा सहभागी हुन उत्साहित थिए (पद ४)। उनीहरु आफ्ना गरीबी अवस्थामा भए पनि उनीहरुको दिने जोश र क्षमताचाहिँ उनीहरुको जीवन परमेश्वरको अधीनतामा थियो भन्ने प्रमाण हो (पद ५)। योचाहिँ एकदमै धनाढ्य शहरमा बस्ने कोरिन्थवासीहरुका निम्ति एउटा ज्वलन्त उदाहरण भएको हुनुपर्दछ।

- ***२ कोरिन्थी ८:६ - ७ पढ्नुहोस्***। पावलले तीतसलाई भेटी लिन पठाए। र, म्यासेडोनियाका विश्वासीहरुले जुन नापले दिए त्यही दियाइको अनुग्रहमा प्रशस्त हुन कोरिन्थवासीहरुलाई अनुरोध गरे।
- ***२ कोरिन्थी ८:८ पढ्नुहोस्***। भेटी दिने कार्यमा सहभागी हुन म्यासेडोनियाका विश्वासीहरुलाई कर गरिएको (आज्ञा) थिएन भनी पावलले स्पष्ट पारेका छन्। र, दिने कार्यचाहिँ परमेश्वरको अनुग्रहद्वारा अभिप्रेरित भएको हुनुपर्दछ भनेर पनि उनले प्रष्ट्याएका छन् (पद ७)। तर कोरिन्थवासीहरुले दिने ***प्रतिज्ञा***

*गरेका* थिए।

- ***माथिको पदअनुसार, पावलले के कुरा प्रमाणित गर्न प्रश्न गर्दैछन् वा कोसिस गरिरहेका छन् ?***

 ..........................................................................................................................................

 ..........................................................................................................................................

- ***२ कोरिन्थी ८:९ पढ्नुहोस् ।*** तपाईंलाई अनन्त जीवनका वैभवहरु प्रदान गर्ने हेतुले आफ्नो जीवन नै बलिदानको रुपमा दिनुहुने ख्रीष्टको अनुग्रहको उदाहरण पावलले प्रस्तुत गरेका छन्। दिनुचाहिँ तपाईंको प्रेमको सच्चाइ (पद ८) र ख्रीष्टजस्तै हुनुको प्रमाण हो (पद ९)।

- ***दिने कुरामा तपाईंको विश्वनीयताको मूल्याङ्कन गर्दाखेरि तपाईंको प्रेम र ख्रीष्टजस्तो बन्नुको सच्चाइलाई कति अङ्क निर्धारण गर्नुहुन्छ ?***

 ..........................................................................................................................................

 ..........................................................................................................................................

- ***यदि तपाईं यसमा चुक्नुभएको छ भने, यस परिस्थितिलाई सम्बोधन गर्न तपाईंले के के कदमहरु चाल्नुपर्छ ?***

 ..........................................................................................................................................

 ..........................................................................................................................................

- ***२ कोरिन्थी ८:१० - ११ पढ्नुहोस् ।*** कोरिन्थीको मण्डलीले भेटी दिन्छौं भनी प्रतिज्ञा गरेका एक वर्ष बितिसकेको थियो र पावलले उनीहरुलाई आफूले प्रतिज्ञा गरेको कुरा पूरा गर भनी खप्की दिए।
- ***तपाईं आफूले परमेश्वरमा गर्नुभएको प्रतिज्ञा पूरा गर्नमा कतिको विश्वासयोग्यता देखाउनुहुन्छ ? पूर्ण रुपमा विश्वासयोग्य, कहिलेकाहीं मात्रै वा मुस्किलले ?***

 ..........................................................................................................................................

 ..........................................................................................................................................

- ***उपदेशक ५:४ - ५ पढ्नुहोस्।*** तपाईंले माथिल्लो प्रश्नमा दिनुभएको जबाफले तपाईंको आत्मिक परिपक्वता र चरित्रको तह कस्तो रहेछ भनेर झल्काउँदछ सो बारे मनन गर्नुहोस्।
- ***सबैभन्दा महत्त्वपूर्ण कुरा, तपाईंको आफ्नो विचारअनुसार तपाईंले परमेश्वर र अरुहरुप्रति गर्नुभएका प्रतिज्ञाहरु पूरा गरेको आधारमा उहाँले तपाईंको चरित्र र आत्मिक परिपक्वतालाई कसरी हेर्नुहुन्छ होला ?***

 ..........................................................................................................................................

 ..........................................................................................................................................

## दिन - ३: मेरो दियाइचाहिं मेरो आत्मिक बृद्धिको अभिन्न पाटो हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- तपाईंसितको मेरो सम्बन्धमा अझ गहिरो र बलियो रुपमा बढ्नको निम्ति म तपाईंसित सहकार्य गर्न चाहन्छु भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।

दिनको निम्ति परमेश्वरलाई तपाईंको जरुरत पर्दैन; तर ***तपाईंले*** चाहिँ परमेश्वरलाई दिनु जरुरी हुन्छ। परमेश्वरको योजना भनेको दिने परमेश्वरको स्वरुपमा तपाईंलाई दिने व्यक्तिको रुपमा रुपान्तरण गर्नु हो। तपाईं दिने कुरामा जति धेरै उत्तरदायी बन्दै जानुहुन्छ, तपाईंमा त्यति नै धेरै दिने स्वभाव विकास हुँदै जान्छ।

- ***फिलिप्पी ४ः१४ – १८ पढ्नुहोस् ।*** परमेश्वरले जे दिनुहुन्छ त्यसमा नै भरोसा राखेर जिउनुपर्छ भनी पावलले भर्खरै सन्तुष्टिको सिद्धान्त व्याख्या गरेका थिए (४ः११ – १३)। पावलले फिलिप्पीको मण्डलीलाई आफ्नो सेवकाइमा सहायता गरेकोमा यहाँ पनि धन्यवाद भनेका छन्।
- ***पद १७ लाई ध्यान दिएर हेर्नुहोस् । फिलिप्पीका विश्वासीहरुले दिएका भेटीमा पावलको व्यक्तिगत खाँचोलाई प्रमुख चासो दिइएको थियो, कि परमेश्वरसितको सम्बन्धमा फिलिप्पीका विश्वासीहरु बढ्नुपर्ने खाँचोलाई प्रमुख चासो दिइएको थियो ?***

  ..................................................................................................................

  ..................................................................................................................

- ***फिलिप्पी ४ः१९ पढ्नुहोस् । परमेश्वरबाट केही कुरा पाउने उद्देश्यले देओ भनी फिलिप्पीको मण्डलीलाई के पावलले सिकाइरहेका थिए ? वा, पावलले उनीहरुलाई दिने व्यक्ति बन्न र परमेश्वर साथै उहाँको राज्यमा आफ्नो मन लगाइराखे तिमीहरुलाई आवश्यक पर्ने सबै कुरा पूरा गरिदिनुहुनेछ भनी स्मरण गराउन हौसला दिइरहेका थिए ?***

  ..................................................................................................................

  ..................................................................................................................

- ***२ कोरिन्थी ८ः१२ पढ्नुहोस् । के परमेश्वर तपाईंले दिने रकम सम्बन्धी चासो गर्नुहुन्छ कि तपाईंको दिने इच्छुक मनप्रति चासो राख्नुहुन्छ ?***

  ..................................................................................................................

  ..................................................................................................................

- ***२ इतिहास ६ः८ – ९ पढ्नुहोस् र यसको २ कोरिन्थी ८ः१२ सँग कसरी तुलना हुन्छ सो बारेमा वर्णन गर्नुहोस् ।***

  ..................................................................................................................

  ..................................................................................................................

- ***२ कोरिन्थी ९:७ पढ्नुहोस्।*** खीष्टको चेला भएको हैंसियतमा तपाईंको दियाइ आनन्दको श्रोत बन्नुपर्दछ।
- ***दिने कार्य इच्छा लागी - नलागी (मन खिन्न पार्दै) वा बाध्यतामा हुनुहुन्न भनी पावलले भनेका छन् । तपाईंको विचारमा पावलले के भन्न खोजेका होलान् ? र, विशेषगरी, तपाईंको निम्ति यसको अर्थ के हुन्छ?***

  ......................................................................................................................................................

  ......................................................................................................................................................

- तपाईंले दिंदाखेरि उद्देश्यपूर्ण (मनमा उद्देश्य राखेर) वा विचारशील भएर दिनुपर्दछ तर दिनेकार्यचाहिँ अनियमित ढङ्गमा, अमिल्दो रुपमा, र उद्देश्यबिना वा लक्ष्यरहितको हुनुहुँदैन।
- २ कोरिन्थी ९:८पढ्नुहोस्। बाइबलीय दियाइचाहिँ अनुग्रहको शक्तिद्वारा संभव हुन्छ तर मानवीय प्रयासबाट हुँदैन। दिने कार्यमा विश्वासयोग्य र उद्देश्यपूर्ण बन्ने तपाईंको तत्परताप्रतिको प्रत्युत्तर स्वरुप तपाईंले गर्नुपर्ने ***सबै*** थोकमा ***सम्पूर्ण*** यथेष्टता प्राप्त गर्नको निम्ति ***सबै*** समय (हर समय) ***सम्पूर्ण*** अनुग्रह प्रदान गर्न परमेश्वर प्रतिज्ञा गर्नुहुन्छ ताकि परमेश्वरले तपाईंलाई पूरा गर्नको निम्ति दिनुहुने ***हरेक*** असल कार्यलाई प्रचुर मात्रामा हासिल गर्न सक्नुभएको होस्। अर्को शब्दमा भन्नुपर्दा, जब तपाईं दिने कार्यमा विश्वासयोग्य र आनन्दित हुनुहुन्छ, परमेश्वरले जीवनका अन्य सबै दायित्वहरु पूरा गर्नुहुनेछ।

२ कोरिन्थी ९:८ को सुन्दर प्रतिज्ञाको आधारमा हेर्दाखेरि, येशू खीष्टका चेला वा विश्वासीलाई दिने कार्यदेखि रोक्ने एउटा मात्रै बाधाचाहिँ अनिच्छा रहेछ। परमेश्वरले दिने मन हेर्नुहुन्छ, उहाँले रकमको मात्रा हेर्नुहुन्न। उहाँले तपाईंसँग जे छैन त्यसअनुसार तपाईंको मूल्याङ्कन गर्नुहुन्न तर तपाईंसित जे छ सोअनुसार तपाईंको लेखाजोखा गर्नुहुन्छ। उहाँले तपाईंका अगाडि राखिएका सम्पूर्ण मनासिब जिम्मेवारीहरु पूरा गर्न तपाईंलाई अनुग्रह दिने प्रतिज्ञा गर्नुभएको छ। दिने कार्यचाहिँ मन अमिलो – टर्रो पार्दै बाध्यता वा करकापले दिइने विषय होइन, बरु यो त परमेश्वरको अनुग्रहप्रति उत्तरदायी हुने र उहाँको अनुग्रहमा भरोसा राख्ने तपाईंको आत्मिक परिपक्वताको मापदण्ड हो। कतिपय मानिसहरु दिन सक्ने हैंसियतमा छैनौं भनी निष्कर्षमा पुग्छन्। बाइबल धर्मशास्त्रमा परमेश्वरका प्रतिज्ञाहरुलाई विचार गर्दाखेरि, दिन ***नसक्ने*** मानिस कोही छ र ? भन्ने प्रश्न पो जायज हुन्छ।

- ***यदि तपाईं आफ्नो स्थानीय मण्डलीमा अहिले दिने व्यक्ति बन्नुभएको छैन भने, के तपाईं अबदेखि दिने क्षेत्रमा विश्वासयोग्य, निरन्तर र उद्देश्यपूर्ण बन्नको निम्ति शुरुआत गर्न तत्पर हुनुहुन्छ ?***

  ......................................................................................................................................................

  ......................................................................................................................................................

- ***यदि हुनुहुन्न भने, २ कोरन्थी ९:८ तपाईंको अवस्थामा लागू नहुनुको जायज बाइबलीय कारण के होला, सो विचार गर्न सक्नुहुन्छ ?***

.................................................................................................................

.................................................................................................................

- ***मेरो जीवनका सबै क्षेत्रहरुमा उत्तरदायी बन्न परमेश्वरद्वारा अनुग्रह मिलोस् भनी उहाँले मलाई दिने क्षेत्रमा व्यक्तिगत योजना बनाउन ज्ञानबुद्धि दिनुको साथै पहिलो कदम चाल्न अनुग्रह प्रदान गर्नुभएको होस् भनी प्रार्थना गर्नुहोस् ।*** वास्तवमा यो विषय प्रार्थना अनुरोधभन्दा पनि ज्यादै गम्भीर विषय हो। त्यसैले यो विषयचाहिँ तपाईंको ख्रीष्टरुपि चरित्रको निश्चल मनोवृति र फैलावट बन्नुपर्दछ।

## दिन - ४ : मेरो दियाइचाहिँ स्थानीय मण्डलीबाट शुरूआत हुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- तपाईं आफ्नो स्थानीय मण्डलीको सक्रिय सदस्य बन्ने विषयमा तपाईंले पहिला अध्ययन गर्नुभएको पाठसित यो अध्ययन कसरी सम्बन्धित हुन्छ सो प्रकाश पारिदिनुहोस् परमेश्वरसित प्रार्थना गर्नुहोस्।

स्थानीय मण्डलीले तपाईंको आत्मिक जीवन र बृद्धि को जग बसाइदिन्छ। र, त्यही जग तपाईंको दिने क्षेत्रको निम्ति पनि जग बन्नुपर्दछ। स्थानीय मण्डलीलाई दिने क्षेत्रको केन्द्रबिन्दु बनाउनुचाहिँ बाइबलीय संरचनाअनुसार चल्नु हो। साथै, यसले व्यावहारिक फाइदाहरु पनि प्रदान गर्दछ।

- ***१ कोरिन्थी १६:१ – २ पढ्नुहोस्।*** सन्दर्भचाहिँ यरुशलेमा भएका विश्वासीहरुका निम्ति भनिएको भेटीको बारेमा पहिल्यै छलफल गरिएको विषय हो। दिने कार्य ***नियमित*** हुनुपर्दछ (हप्ताको पहिलो दिनमै दिनुपर्छ)। ***सबै विश्वासीहरु*** आ – आफ्ना ***गच्छेअनुसार*** दिने कार्यमा सहभागी हुनुपर्छ, र दिने कार्यचाहिँ ***उद्देश्यपूर्ण*** हुनुपर्छ।
- ***गलाती ६:१० पढनुहो***स्। असल कार्य गर्ने आफ्ना सारा प्रयासहरुमा, आफैलाई दिईहाल्ने वा आफूसित भएका श्रोतहरुलाई दिने क्रममा तपाईंको दियाइको लक्ष्य वा केन्द्रबिन्दु के हुनुपर्दछ ?

.................................................................................................................

.................................................................................................................

- ***मलाकी ३:८ – १० पढ्नुहोस् ।*** परमेश्वरले इस्रायलीहरुलाई सबै दशांसहरु र भेटीहरु मेरो भण्डारमा (मन्दिरमा सेवा गर्नेहरुका निम्ति खाद्यान्न राखिएको मन्दिरको कोठा) ल्याओ भनी शिक्षा दिनुभयो। येशू ख्रीष्टका चेलाहरुका निम्ति जसरी स्थानीय मण्डली आराधना केन्द्र हो, मलाकीको पालामा मन्दिर पनि त्यस्तै आराधना स्थल हो।

**दशांस** : दशांसको सिधा अर्थ दश प्रतिशत हो। मोशाको व्यवस्थाअनुसार, हिब्रूहरुले मन्दिरको आत्मिक जीवनको निम्ति आफ्नो आम्दानीको वार्षिक दशांस साथै नागरिक सेवाको निम्ति दोस्रो दशांस दिनुपर्ने हुन्थ्यो। दोस्रो दशांसचाहिँ अहिलेको आयकर जस्तै हो। हरेक तेश्रो वर्ष परोपकारी उद्देश्यको निम्ति अर्को दशांस

दिनुपर्दथ्यो। तपाईं आज व्यवस्थाको अधीनमा त जिउनु ***पर्दैन*** तर अनुग्रहको अधीनमा चाहिँ हुनुहुन्छ। यद्यपि, दशांसको सिद्धान्तचाहिँ स्थानीय मण्डलीमा दिनु आज पनि मनासिब लक्ष्य हो। परमेश्वरले मोशालाई सयौं वर्ष अगाडि व्यवस्था दिनुभयो। अब्राहामले युद्धबाट ल्याएका थोकहरुबाट प्रधान पूजाहारी मल्कीदेशकलाई दशांस दिए (उत्पति १४:१७ – २४)। याकूबले पनि दशांस दिए (उत्पति २८: २२)। यस कुराले दशांसचाहिँ व्यवस्था पूरा गर्ने मापदण्डभन्दा पनि परमेश्वरको सत्यताको चिरकालीन सिद्धान्त हो।

- ***मलाकी ३:१० – १२ पढ्नुहोस् ।*** परमेश्वरले आफ्नो पूरा दशांस दिएर मलाई जाँचेर हेर भनी चुनौती दिनुभयो। दशांस दिएबापत परमेश्वरले इस्रायलीहरुलाई कसरी आशिष दिन्छु भन्नुभएको छ सो बारे सूची बनाउनुहोस्।

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***माथि उल्लेखित खण्डमा सत्यको सिद्धान्त तपाईं आफूमा कसरी लागू हुन्छ होला सो लेख्नुहोस् ।***

  ..........................................................................................................................

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***१ कोरिन्थी ९:१ – ६ पढ्नुहोस्।*** कतिपय कोरिन्थीका खीष्टियनहरुले पावल र उनका सहयोद्धा वर्णावासलाई आर्थिक लाभ लिनको निम्ति आफूलाई खीष्टका प्रेरितहरु हौं भनी दावी गरेका हुन् भनी आरोप लगाए। यो खण्डचाहिँ मैले र वर्णावासले पनि अरुहरुले झैं खानुपर्छ, पिउनुपर्छ र परिवारहरु पाल्नुपर्छ भन्ने कुरा कोरिन्थीका खीष्टियनहरुलाई स्मरण गराउँदै उनीहरुले लगाएका आरोपहरुप्रतिको पावलको खण्डन हो।
- ***१ कोरिन्थी ९:७ – १३ पढ्नुहोस्।*** कोरिन्थमा सेवकाइ गरेबापत प्राप्त गर्नुपर्ने आर्थिक सहायता सम्बन्धी मेरो हक छ भनी पावलले पाँच कारणहरु प्रस्तुत गरेका छन् :
  - ९:७ व्यावहारिक (सहज) ज्ञान
  - ९:८ – १० मोशाको व्यवस्थादेखि सिद्धान्तको उदाहरण
  - ९:११ – १२ सेवाबापत अरुहरु (डाक्टरहरु, वकिलहरु, आदि) लाई दिइने सेवा शुल्को उदाहरण आत्मिब सेवकाइमा लागेका व्यक्तिहरुमा लागू हुन्छ।
  - ९:१३ मन्दिरमा सेवा गर्नेहरुको वास्ता गर्ने उदाहरण (जस्तै, मलाकी ३)
  - ९:१४ प्रभु येशू खीष्टको निर्देशन
- ***१ कोरिन्थी ९:१ – ६ पढ्नुहोस् ।*** कोरिन्थीहरु बीचमा पावलले सेवकाइ गरेका हुनाले उनीहरुबाट आर्थिक सहायता लिनु उनको निम्ति पूर्ण अधिकार भए पनि आफ्नो त्यो शक्तिलाई दुरुपयोग गर्नुभन्दा त मर्नु नै बेस हुन्छ भनेर उनले अभिव्यक्ति दिएका छन्। उनले आर्थिक लाभको निम्ति नभएर परमेश्वरको

बोलावट स्वरुप सुसमाचार प्रचार गरे।

यस अध्यायमा पावलको आत्मिक परिपक्वता र कोरिन्थीहरुको आत्मिक अपरिपक्वता बीचको अन्तर देखाइएको छ। कोरिन्थीहरु धनाढ्य शहरका वासिन्दाहरु (२ कोरिन्थी ११:७ – ९) भए पनि उनीहरु दिने व्यक्तिका रुपमा अझै आत्मिक रुपमा परिपक्व नभइसकेकाले पावलले कोरिन्थमा सेवकाइ गरेका बेला आफ्नै व्यापारद्वारा व्यक्तिगत खर्च जुटाउँथे (प्रेरित १८:१ – ४)।

- ***आफ्नो स्थानीय मण्डलीदेखि शुरु गरेर दिने व्यक्तिको रुपमा निर्माण हुनको निम्ति तपाईंको व्यक्तिगत योजना के छ ?***

  ..........................................................................................................................................

  ..........................................................................................................................................

- दिने कार्यमा बढ्न र आर्थिक स्थिरता कायम गर्न धेरैजसो व्यक्तिहरुले प्रयोग गर्ने एउटा खाका यहाँ प्रस्तुत गरिएको छ।
  - १० प्रतिशत स्थानीय मण्डलीमा दिने
  - १० प्रतिशत व्यक्तिगत वचतमा राख्ने
  - तिरोभरो गर्न पैसा छुट्याउने
  - जब परमेश्वरले तपाईंलाई श्रोतहरु र मौकाहरु दिनुहुन्छ, मिशनरीहरु, मिशन सेवकाइ, मण्डलीमा विशेष खाँचोमा परेकाहरु वा मण्डली परियोजना साथै परोपकारी उद्देश्यको खातिर दिएर यही ठोस जगमा स्थापित हुँदै जानुहोस्।

## दिन - ५ः मेरो दियाइ परमेश्वरको आशिषको औजार हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- दिने कार्यलाई परमेश्वरले मलाई आशिष दिनुहुने र अरुहरुलाई आशिषित तुल्याउन मलाई प्रयोग गर्नुहुने एउटा माध्यमको रुपमा बुझ्न मेरो विश्वास बढाइदिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

परमेश्वरबाट केही पाउने उद्देश्यले नदिनुहोस्। तपाईंले दिनुपर्दछ किनकि तपाईं परमेश्वरलाई प्रेम गर्नुहुँदछ। र, त्यस बापत परमेश्वरले तपाईंलाई प्रशस्त मात्रामा दिनुहुनेछ किनभने तपाईंले उहाँलाई प्रेम गर्नुभएको भन्दा पनि उहाँले तपाईंलाई बढी प्रेम गर्नुहुन्छ। तपाईंलाई प्रशस्त रुपमा आशिष दिनु परमेश्वरको प्रकृति हो। परमेश्वरले तपाईंलाई अघि नै जे दिइसक्नुभएको छ त्योभन्दा बढी तपाईंले कहिल्यै दिन सक्नुहुन्न।

- ***एफिसी ३:१४ – २१ पढ्नुहोस्***। योचाहिँ एफिसी मण्डलीको लागि पावलको प्रार्थना हो र आराधनामय प्रार्थनाको एउटा उत्तम नमूना पनि हो। तपाईंले सोचेको भन्दा पनि बढी परमेश्वरले तपाईंलाई आशिष दिन चाहनुहुन्छ भन्ने कुरामा कुनै दुई मत छैन। तपाईंले परमेश्वरलाई त्यस्तो किसिमको आशिष दिन र उहाँको

आशिष थाप्न अवसर दिनुहुन्छ कि दिनुहुँदैन भन्ने मात्रै खास प्रश्न हो।

- ***गलाती ६:७ – ९ पढ्नुहोस्***। बाइबलभरि घरिघरि दोहोरी रहने बीउ छराइ र फसल कटनी गराइको सिद्धान्तको यो स्पष्ट प्रकटीकरण हो। यो सत्यता तपाईंको जीवनको हर क्षेत्र लगायत तपाईंको दियाइमा पनि लागू हुन्छ।
- ***२ कोरिन्थी ९:६ – १५ पढ्नुहोस्***। पावलले त्यही छर्ने र कटनी गर्नेको सिद्धान्त दिने सम्बन्धमा पनि विशेषतः लागू गरेका छन्। ***यस अध्यायअनुसार, तपाईंको जीवन र दियाइमा लागू गर्न तपाईंले सिक्न सक्नुहुने दुई शिक्षाहरु के के हुन् ?***

  ..........................................................................................................

  ..........................................................................................................
- ***लूका ६:३८ पढ्नुहोस् । यो सत्य तपाईंको आफ्नो दियाइमा कसरी लागू हुन्छ सो बारे वर्णन गर्नुहोस् ।*** ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................
- ***फिलिप्पी ४::१८ – १९ पढ्नुहोस् ।*** स्मरण रहोस्, फिलिप्पीहरु गरीबीको चपेटामा पिल्सिएको म्याकेडोनियामा बस्दथे। उनीहरुले आफ्नो स्थानीय मण्डलीमा दिनुको साथसाथै पावलको मिशनरी सेवकाइलाई पनि दिन परमेश्वरमा भरोसा राखे। पावल उनीहरुले दिएको भेटीद्वारा आशिषित भए। उनीहरुको तर्फबाट परमेश्वरप्रतिको आराधनाको कार्यको रुपमा त्यस भेटीलाई पावलले स्वीकार गरे। परमेश्वरको प्रकृति अनि छर्नु र कटनी गर्नुको सिद्धान्तलाई बुझेका हुनाले पावलले तिमीहरुका सबै आवश्यकताहरु पूरा गरिदिनुहुनेछ भनी उनीहरुलाई स्मरण गराउँदछन्।
- ***यदि तपाईं पहिलेदेखि नै आफ्नो स्थानीय मण्डलीको विश्वासयोग्य दिने व्यक्ति हुनुहुन्छ भने, त्यसबाहेक मिशनरी वा सेवकाइमा लागेकाहरुलाई सहायता गर्न थाल्नको निम्ति के तपाईं अवसर लिन चाहनुहुन्छ ? मिशन वा सेवकाइमा दिँदाखेरि तपाईंले आफ्नो दियाइद्वारा अरुहरुहरुका निम्ति आशिष बन्नुको आशिष अनुभव गर्न थाल्नुहुनेछ ।***

  ..........................................................................................................

  ..........................................................................................................
- ***१ यूहन्ना ३:१७ पढ्नुहोस् ।*** खाँचामा परेकाहरुलाई दिनुचाहिँ अरुहरुको निम्ति आशिष बन्नुको निम्ति दिनुको अर्को स्वरुप हो। योचाहिँ येशू ख्रीष्टका चेलाहरु वा विश्वासीहरुले गर्नैपर्ने सुस्पष्ट जिम्मेवारी हो।
- ***हितोपदेश १९:१७ पढ्नुहोस् । यदि तपाईंले दुःखी – गरीबहरुलाई सम्झनुभयो भने तपाईंको निम्ति परमेश्वरको प्रतिज्ञा के छ ? र, यो प्रतिज्ञा छर्नु र कटनी गर्नुको सिद्धान्तसित कसरी जोडिन्छ ?***

..........................................................................................................

..........................................................................................................

अधिकांश मण्डलीहरुले मिशनरीहरु (सेवकहरु), सेवकाइहरु र दुःखी – गरीबहरुलाई दिने अवसर प्राप्त गरिरहेका हुन्छन् । माथि उल्लेख गरिएका फिलिप्पीहरुको उदाहरणमा झैं स्थानीय मण्डलीमार्फत दिइनुले तपाईंका मण्डली अगुवाहरुको विश्वास जितिसकेका मानिसहरु र सेवकाइलाई दिँदा तपाईंको आर्थिक सहयोग दुरुपयोग नहुने सुनिश्चित गराउँदछ । तपाईंले मेरो आर्थिक सहयोग प्रभावकारी र इमान्दारीपूर्वक प्रयोग गरिनेछ भनी जान्न सक्नुहुन्छ। तपाईंले स्थानीय मण्डलीमा दिनुको अलावा अन्य सेवकाइहरु तथा परोपकारी संस्थाहरुलाई दिनुमा निश्चय पनि केही भूल हुँदैन । यद्यपि, बाइबलले प्रदान गरेका ज्ञानबुद्धि र उदाहरणले दियाइको पहिलो प्राथमिकताचाहिँ स्थानीय मण्डलीद्वारा नै हुनुपर्दछ भनी इंगित गरेका छन् ।

दिनुमा तपाईंको विश्वासयोग्यताचाहिँ परमेश्वरप्रतिको तपाईंको विश्वसनीयता र आत्मिकपरिपक्वताको प्रमाण हो । तपाईंको दियाइचाहिँ परमेश्वरलाई तपाईंप्रति र तपाईंमार्फत अरुहरुप्रति उहाँको आफ्नो विश्वसनीयता प्रदर्शन गर्न दिइने अवसर पनि हो ।

***नोटहरुः अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु***

..........................................................................................................

..........................................................................................................

**पाठ १२** **आत्मिक वरदानहरु : परमेश्वरले मलाई को व्यक्ति बनाउनुभएको रहेछ भनी पत्ता लगाउनु**

***आत्मिक वरदानहरु के हुन् ? र, मसित पनि आत्मिक वरदानहरु छन् भनी कसरी थाहा पाउन सक्छु ?***

***कण्ठस्थ पदः १ कोरिन्थी १२:७***

***यस हप्ताको प्रमुख विचार : मलाई अरुहरुका वरदानहरुको जति आवश्यकता पर्दछ, मेरो स्थानीय मण्डलीलाई पनि त्यति नै आवश्यक पर्ने आत्मिक वरदानहरु मसित छन् ।***

तपाईंलाई दिने व्यक्तिको रुपमा निर्माण गर्नु परमेश्वरको इच्छा हो भनी यी भर्खरै गरिएका अध्ययनहरुमा जोड दिइएका छन्। तपाईं जो हुनुहुन्छ र तपाईंसँग जे छन् ती सबै कुरा परमेश्वरलाई आनन्दपूर्वक अर्पण गर्ने तपाईंको इच्छाचाहिँ उहाँ नै सबै थोकको मालिक हुनुहुन्छ भनी स्वीकार स्वरुपको आराधनाको कार्य हो । तपाईंले आफ्नो जीवन र श्रोतहरु परमेश्वरलाई दिनुको अलावा परमेश्वरले तपाईंमा घुसाउनु चाहनुभएको दियाइ – प्रकृतिको प्रमुख विशेषतालाई विचार गर्न बाँकी नै छ। यसलाई बाइबलले आत्मिक वरदानहरु भन्दछ। तपाईंले मण्डलीलाई सेवा पुऱ्याउन वा दिन सक्नुभएको होस् भनी परमेश्वरले तपाईंलाई आत्मिकवरदानहरु दिनुभएको छ।

यदि तपाईं येशू ख्रीष्टको चेला हुनुहुन्छ भने, परमेश्वरले तपाईंलाई कम्तिमा एउटा भए पनि यस्तो वरदान दिनुभएको छ जसले गर्दा तपाईंले अरुहरुलाई सेवा गर्न सक्नुभएको होस् । आत्मिक वरदानहरु भनेको परमेश्वरले तपाईंको जीवनमा राखिदिनुभएको आफ्नो उद्देश्य हासिल गराउनको निम्ति तपाईंलाई सुसज्जित पार्ने उहाँको तरिका हो । त्यसकारण यो विषय अति महत्त्वपूर्ण छ । तपाईंले आफ्नो आत्मिक वरदान वा वरदानहरु पत्ता लगाउनुचाहिँ परमेश्वरले तपाईंलाई कस्तो व्यक्ति बनाउनुभएको रहेछ भनी पत्ता लगाउनुको अति महत्त्वपूर्ण पाटो हो।

## दिन - १ः परमेश्वरले मलाई अलौकिक तरिकाले वरदानहरू दिनुभएको छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- मेरो आत्मिक वरदान वा वरदानहरुको पहिचान गर्न र ती वरदानहरुलाई मेरो मण्डलीमा भरपूर प्रयोग गर्ने तरिका बारे पक्का गरिदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

ख्रीष्टमा विश्वास गर्ने वा नगर्ने जोसुकै भए पनि हरेक मानिस खुबी र क्षमताद्वारा आभूषित हुन्छ। याकूब १:१७ ले भन्दछ, हरेक असल र सिद्ध वरदान परमेश्वरबाट आउँदछ। नयाँ नियममा मानवीय क्षमताभन्दा बाहिरका आत्मिक वरदानहरु बारे उल्लेख गरिएका छन्। हाम्रो जन्मजात खुबीलाई आत्मिक वरदानमा रुपान्तरण गर्न

परमेश्वरले कहिलेकाहीं त्यस खुबीलाई पवित्र आत्माको अलौकिक शक्तिसित मिलान गराउनुहुन्छ। वा तपाईंले पहिला रुचि नै नदेखाउनुभएको आत्मिक वरदान पनि परमेश्वरले दिन सक्नुहुन्छ। येशू ख्रीष्टका हरेक विश्वासमा कम्तिमा एउटा भए पनि आत्मिक वरदान हुन्छ।

- ***१ कोरिन्थी १२:१ पढ्नुहोस् ।*** तपाईं आत्मि वरदानहरु बारेमा अनभिज्ञ वा अनजान हुनुहुँदैन। ***धेरै जना ख्रीष्टियनहरु आफ्ना आत्मिक वरदानहरु बारेमा अनभिज्ञ हुन्छन् । के तपाई पनि अनभिज्ञ हुनुहुन्छ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***यदि तपाईंलाई आफ्ना आत्मिक वरदानहरु (वरदान) बारेमा थाहा छ भने, आफ्ना वरदानहरुको सूची बनाउनुहोस् अनि यो वरदानचाहिँ पक्का हो भनी तपाईंलाई कसरी थाहा भयो सो बारेमा बाइबलीय शिक्षा आधारित भएर लेख्नुहोस् ।***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***१ कोरिन्थी १२:२ पढ्नुहोस् ।*** तपाईंले पनि कोरिन्थीहरुले झैं येशू ख्रीष्टको चेला हुनु अगाडि अन्य विचारहरु, दर्शनहरु वा धर्महरु अनुशरण गर्नुहुन्थ्यो। त्यसकारण येशू ख्रीष्टको चेला भइसकेपछि भावना, आवेश, विचारहरुमा मात्रै निर्भर नहुनुहोस् तर बाइबलको सत्यता सिकाइ माग्न परमेश्वरको आत्माको नेतृत्वमा आफ्नो जीवनलाई आधारित बनाउनुहोस्।

- ***१ कोरिन्थी १२:३ पढ्नुहोस् ।*** जो कोहीले पनि "येशू ख्रीष्ट प्रभु हुनुहुन्छ" भनी सहजै भन्न सक्छ। तर पावलको अभिप्राय त्यो होइन। येशू ख्रीष्टलाई प्रभु र मुक्तिदाता भनी स्वीकार गर्नु भनेको दिमागी ज्ञानभन्दा भिन्नै र गहन कुरा हो भनी पावलले इंगित गरेका छन्। येशू प्रभुलाई विश्वास गर्नु भनेको त तपाईंको जीवनको जीवन परिवर्तनकारी परमेश्वरको आत्माको शक्ति हो। १ यूहन्ना ४:२, मत्ती १६:१७ र रोमी १०:९ – १३ मा उल्लेखित मिल्दाजुल्दो सत्यता तुलना गर्नुहोस्।

- ***१ कोरिन्थी १२:४ – ६ पढ्नुहोस् । के सबैसँग उही आत्मिक वरदानहरु हुन्छन् त?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

पद ४ – ६ मा पावलले हाम्रा परमेश्वरका तीन प्रकटित स्वरुपहरु अर्थात पवित्र आत्मा, प्रभु (येशू ख्रीष्ट), र परमेश्वर (पिता) त्रिएक को बारेमा उल्लेख गरेका छन्। पवित्र आत्माले दिनुहुने विविध वरदानहरुले हामीलाई

विभिन्न सेवकाइ र सेवाका अवसरहरुका निम्ति सुसज्जित पार्दछन् तर ती सबै वरदान एउटै प्रभुबाटका हुन्। आत्मिक शक्तिका विविध तहहरु हुन्छन् तर हरेक विश्वासीमा एउटै परमेश्वरले काम गर्नुहुन्छ।

- ***१ कोरिन्थी १२:७ र १२:११ र १ पत्रुस ४:१० – ११ पढ्नुहोस् । परमेश्वरको आत्माको प्रकाश चुनिएका केही विश्वासीहरुलाई मात्रै दिइएको हो वा सबै विश्वासीलाई दिइएको हो ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***एफिसी ४:१ – ६ पढ्नुहोस् ।*** यहाँ खीष्टको देहको एकतामा जोड दिइएको छ। खीष्टको देहले आत्मिक विरदानहरुको विविधताको निम्ति जग स्थापित गर्दछ।
- ***एफिसी ४:७ – ८ पढ्नुहोस् । कति जना विश्वासीहरुले खीष्टको अनुग्रहको वरदान पाएका छन् ? सबैले ? थोरै व्यक्तिले ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***एफिसी ४:९ – ११ पढ्नुहोस्।*** यस धर्मशास्त्रीय खण्डमा खीष्टले आफ्नो मण्डलीलाई वरदानहरुको रुपमा दिनुहुने आत्मिक रुपमा वरदान – सुसज्जित अगुवाहरुको वर्ग सम्बन्धी वर्णन गरिएको छ। यस्तो वर्गीकरण अति महत्त्वपूर्ण हुन्छ। खीष्टले मण्डलीलाई वरदान – सुसज्जित व्यक्तिहरु दिनुभएको छ। तपाईंका आत्मिक वरदानहरु जेसुकै भए पनि मण्डलीको निम्ति तपाईं खीष्टको वरदान हो र तपाईंलाई अरुहरुका वरदानहरुको जति धेरै आवश्यकता पर्दछ, मण्डलीलाई पनि तपाईंका वरदानहरुको त्यति नै धेरै खाँचो पर्दछ।

- ***एफिसी ४:१२ – १६ पढ्नुहोस् ।*** आत्मिक रुपमा वरदान – सुसज्जित व्यक्तिहरु मण्डलीलाई संरक्षण गर्न र परिपक्व तुल्याउन मिलेर सहकार्य गर्दछन् र पद १६ मा उल्लेख गरिएको एकता कायम गर्दछन्।

कुनै पनि तालिम प्राप्त शिक्षकले असाधारण शक्तिमा परमेश्वरको सत्यता सिकाउनको निम्ति परमेश्वरले आफ्नो क्षमतालाई आत्मिक वरदानको रुपमा अभिषेक गर्नुहुन्छ भनी अनुभूत गर्न सक्छ। वा, सार्वजनिक रुपमा बोल्न असक्षम व्यक्तिले प्रभु येशूको अनुयायी हुनअघि प्रत्यक्ष अनुभूत नगरेको परमेश्वरको सत्यता सिकाउने गजबकै क्षमता पाउन सक्छ। कहिलेकाहीं कुनै व्यक्तिका क्षमता र खुबीहरु नै आत्मिक वरदान बन्न पुग्छन् ; कहिलेकाहीं परमेश्वरले नै मानिसहरुलाई अरुहरुले गर्नेभन्दा माथि र परको कार्य गर्ने र पहिला कुनै चाहना नभएको कार्य गर्ने इच्छा र क्षमता प्रदान गर्नुहुन्छ।

- ***माथि उल्लेख गरिएको आधारमा, के तपाईं वरदान – सुसज्जित व्यक्ति हुनुहुन्छ? किन ? वा किन***

*होइन?*

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

- ***यदि तपाईं आफ्नो आत्मिक वरदान बारेमा अनिश्चित हुनुहुन्छ भने, मण्डलीको हित हुनसक्छ भनी तपाईंलाई लागेका दुई वा तीन ओटा आफ्ना रुचिहरु, खुबीहरु व क्षमताहरुको सूची बनाउनुहोस् ।***

.................................................................................................................................

.................................................................................................................................

.................................................................................................................................

## दिन - २: मेरो आत्मिक वरदानले मण्डलीको हित गर्दछ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू खीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस् ।
- मलाई मेरो आत्मिक वरदान प्रकट गरिदिनुहोस् साथै परमेश्वरले मण्डलीमा र मण्डलीमार्फत गरिरहनुभएको सारा कार्यको महान् तस्बिरमा यो मेरो वरदान कसरी सामाञ्जस्यपूर्ण हुन्छ सो देखाइदिनुहोस् भनी प्रार्थना गर्नुहोस् ।

हरेक खीष्टको हरेक चेला वा विश्वासी अलौकिक रुपमा वरदान – सुसज्जित हुन्छन् । आत्मिक वरदानहरुले हामी हरेकलाई उद्देश्य र औचित्य प्रदान गर्दछन् । तपाईंका आत्मिक वरदानहरु तपाईंका व्यक्तिगत हितका निम्ति होइनन् तर समग्रमा मण्डलीको हितका निम्ति हुन् ।

- ***१ कोरिन्थी १२ः७ पढ्नुहोस् ।*** तपाईंको आत्मिक वरदानचाहिँ मण्डलीका सबै विश्वासीहरुको साझा भलाइको निम्ति हो ।

- ***१ कोरिन्थी १२ः८ – १०, २८ – ३०, रोमी १२ः३ – ८ र एफिसी ४ः११ – १२ पढ्नुहोस् ।*** यहाँ सूचीबद्ध गरिएका आत्मिक वरदानहरुको सूची फरक छ । कतिपय वरदानहरु एक पटकभन्दा बढी उल्लेख गरिएका पाइन्छन् भने अर्का थरिका वरदानहरु एक पटक मात्र उल्लेख गरिएका छन् । वरदानका यी सूचीहरुले उदाहरण मात्रै प्रस्तुत गर्ने हुन् । कुनै पनि सूची संभावित सबै आत्मिक वरदानहरुको पूर्ण सूची होइन ।

- ***१ पत्रुस ४ः१० – ११ पढ्नुहोस् ।*** विभिन्न आत्मिक वरदानहरुको सूची बनाउनुभन्दा पनि पत्रुसले यी वरदानहरुलाई समग्रमा दुई वर्गमा विभाजन गरेका छन् : परमेश्वरको वचनको ***सेवा गर्न बोल्ने वरदान*** र मण्डलीलाई निर्माण गर्न ***सेवा गर्ने (सेवकाइ) वरदान*** ।

माथि उल्लेखित सूचीका धेरैजसो वरदानहरु तपाईंले सजिलै बुझ्नुहुनेछ, तर आज अध्ययन गरिने अन्य वरदानहरुचाहिँ निकै जटिल छन्। परमेश्वरले आफ्ना सन्तानहरुलाई धेरै थरिका आत्मिक वरदानहरु दिनुभएको छ र तीमध्ये एउटाचाहिँ मेरो वरदान हो भनी तपाईं यहाँ निश्चित हुन सक्नुहुन्छ। यी सबै वरदानहरुको उद्देश्यचाहिँ मण्डलीको साझा भलाइको लागि हो, तर व्यक्तिगत विश्वासीको निम्ति होइन।

आत्मिक वरदानहरुको मुद्दा जटिल छ। त्यसैले यसमा धेरै प्रश्नहरु खडा हुन्छन्। यहाँसम्म कि परिपक्व विश्वासीहरुमा समेत प्रश्न खडा हुँदछ। कतिपय मानिसहरु आफूले पूर्ण रुपमा नबुझ्ने विषयमा यति साह्रो घोत्लिन्छन् कि स्पष्ट रुपमा बुझ्न ***सकिने*** विषय देख्न नै उनीहरु असमर्थ हुन पुग्छन्। बाइबलमा आत्मिक वरदानहरु बारे निर्दिष्ट जानकारीको अभाव हुनु नै आत्मिक वरदानहरु बारे ज्ञान नहुनुको एउटा जटिलता हो। कतिपय घटनाहरुमा हेर्‍यौं भने, कतिपय वरदानहरु बारेमा ठोस उदाहरणहरु दिइएको पाइँदैन। परमेश्वरले जहिले पनि तपाईंलाईं चाहिएको ज्ञान दिनुहुन्छ र उहाँले हरेकलाई आत्मिक वरदान दिइएको छ भनी तपाईंलाई स्पष्ट रुपमा बताइदिनुहुन्छ। यसकारण, परमेश्वरले तपाईंलाई आत्मिक वरदानहरुको विषयमा नालीबेली आवश्यक छैन भनी निधो गर्नुभएको कुरा यस घटनाक्रमबाट देखिन्छ। वा परमेश्वरले ती सबै वरदानहरु तपाईंले जानिरहनु आवश्यक नठान्नुभएको हुनसक्छ।

परमेश्वरले तपाईंलाई आत्मिक वरदानहरु दिनुभएको छ भनी जान्नु अनि महत्त्वपूर्ण हुन्छ। तपाईंको ध्यानचाहिँ वरदानहरुको नालीबेलीमा होइन तर वरदान दिनुहुने परमेश्वरमा केन्द्रित हुनुपर्दछ। परमेश्वरले तपाईंलाई वरदानहरु बारे नालीबेली नबताए पनि मण्डलीलाई आवश्यक पर्दाखेरि जुनै पनि परिस्थितिमा, समयमा र संस्कृतिमा तपाईंलाई वरदानहरु प्रदान गर्ने महालचकता अप्नाउनुभएको छ।

- ***१ कोरिन्थी १२:११ पढ्नुहोस्। म परमेश्वरबाट यी वरदानहरु पाउन र माग्न चाहन्छु भनी के तपाईंले निर्णय गर्नुहुन्छ ? वा, तपाईंलाई कस्तो किसिमका वरदानहरु दिनुपर्छ भनी परमेश्वरले निर्णय गर्नुहुन्छ ?***

  ......................................................................................................................

  ......................................................................................................................

  ......................................................................................................................

- ***यही पदअनुसार, कसले वा के ले यी विभिन्न आत्मिक वरदानहरुलाई क्रियाशील तुल्याउँदछ ?***

  ......................................................................................................................

  ......................................................................................................................

  ......................................................................................................................

- ***तपाईंले पूर्ण रुपमा नबुझेका सूचीबद्ध कुनै वरदानहरुलाई अलग राखेर, यी वरदानचाहिँ मेरा हुन सक्छन् भनी तपाईंलाई लागेका कुनै दुई वा तीन ओटा वरदानहरु के के हुन् ?***

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

- मेरा आत्मिक वरदानहरु यी हुन् भनी सायद तपाईंलाई निश्चय छ होला। यदि छैन भने, निम्न प्रक्रियाले तपाईंलाई आफ्ना आत्मिक वरदानहरु पत्ता लाउन र प्रयोग गर्न थाल्नु सहायता गर्नेछ।

१. उहाँले मलाई दिनुभएका वरदानहरु देखाइदिनु भएको होस् भनी परमेश्वरसित ***प्रार्थना गर्नुहोस्***।

२. ***आफ्ना अभिरुचिहरु, प्रतिभाहरु वा क्षमताहरुबाट शुरु गर्नुहोस्***। यसभन्दा अगाडि तपाईंले आफ्नो मण्डलीको निम्ति उपयोगी हुनसक्छ भनी तपाईंले सोच्नुभएका खुबीहरु र क्षमताहरु साथै आफूसित भएका दुई वा तीन ओटा आत्मिक वरदानहरुको सूची बनाउनुभएको थियो। ती दुई सूचीहरु बीच कसरी तुलना हुन्छन् ? तपाईंको विचारमा खीष्टको देहको सेवा गर्न परमेश्वरले विशेष किसिमले अभिषेक गर्न सक्नुहुने कुनै खुबी वा क्षमता देख्न सक्नुहुन्छ ?

३. एकभन्दा बढी यी क्षेत्रहरुमा सेवा गर्ने ***भरपूर अवसरहरु सदुपयोग गर्नुहोस्***। अझै परिपक्व विश्वासीसँग वा आफ्नो मण्डलीका कोही अगुवासित कुराकानी गर्नुहोस्। यी क्षेत्रहरुमध्ये कुनै एउटा क्षेत्रमा सहभागी हुन थाल्नको निम्ति योजना बनाउनुहोस् । कतिपय क्षेत्रहरुमा तपाईंले आफूलाई वरदान नपाएको अनुभूत गर्नु होला, तथापि ***ती क्षेत्रमा सहभागी हुन नडराउनुहोस्*** । तपाईंको वरदान नै नभए पनि जुन क्षेत्रमा रहेर परमेश्वरको सेवा गर्नुहुन्छ त्यो गलत हुन सक्तैन। र, यसरी तपाईंले अनुभवद्वारा सिक्दैजानुहुनेछ। उदाहरणको लागि, येशू खीष्टको हरेक चेलामा आफ्नो विश्वास बाँड्ने जिम्मेवारी हुन्छ। कतिपय व्यक्तिले आफूसित प्रचार गर्ने विशेष वरदान भएको थाहा पाउँदछन्। तर तपाईंले कोसिस नगरेसम्म तपाईंलाई थाहा हुँदैन।

४. ***अरु विश्वासीहरुले दिएका सल्लाह तथा सुझावलाई ध्यानसित सुन्नुहोस्*** । अरुहरुले तपाईंले गर्नुभन्दा अगाडि नै पनि तपाईंको आत्मिक वरदान देखिसकेका हुन सक्छन्। ठीक विपरीत, मसित वरदान छैन भनी तपाईं वरदान पाउने खुब इच्छा गर्नुहुन्छ होला।

५. फललाई पछ्याउनुहोस्। ***आत्मिक वरदानचाहिँ परमेश्वरको आत्माद्वारा अलौकिक प्रकारले सशक्त तुल्याइएको क्षमता हो । मेरो आत्मिक वरदानको अभ्यासद्वारा परमेश्वरले मलाई कुन क्षेत्रमा प्रशस्त रुपमा आशिष दिइरहनुभएको छ सो कुरालाई नियालेर तपाईंले आफ्नो आत्मिक वरदान थाहा पाउनुहुनेछ ।***

तपाईं परमेश्वरसितको आफ्नो घनिष्ठ हिंडाइमा जति परिपक्व बन्नुहुन्छ, तपाईंले एउटा वा त्योभन्दा बढी सेवाका विशेष दक्षताहरु पउनुहुनेछ किनकि ती तपाईंका आत्मिक वरदानहरु हुन्। यद्यपि, तपाईं जति येशू खीष्टको स्वरुपमा बनिंदै जानुहुन्छ, तपाईंले खीष्टीय जिम्मेवारीका सम्पूर्ण क्षेत्रहरुमा त्यही अनुरुपको बृद्धि प्रदर्शन गर्नुपर्दछ। उदाहरणको लागि, यदि तपाईंसित दया देखाउने वरदान छ भने, यही वरदानमा मात्रै एकोहोरो

केन्द्रित नहुनुहोस् ताकि तपाईंले आफ्नो मण्डलीमा दिने व्यक्तिको रुपमा निर्माण हुनलाई वा आफ्नो विश्वास प्रभावकारी ढङ्गमा बाँड्ने सिकाइलाई उपेक्षा नगर्नुभएको होस्।

## *आत्मिक वरदानहरु सम्बन्धी अतिरिक्त जानकारी*

यहाँ उल्लेखित पाठ दैनिक पाठअन्तरगत होइन। तपाईंले अहिले नै यसलाई अध्ययन गर्न सक्नुहुन्छ वा दिन तीनमा जान सक्नुहुन्छ अनि समय भएको खण्डमा पछि पुनः अध्ययन गर्न सक्नुहुन्छ।

आत्मिक वरदानहरुको उत्तम उपागम भनेको वरदान दिने परमेश्वर र ती वरदानहरु दिइनुको कारणमा केन्द्रित हुनुपर्छ भनी संझनु हो। आत्मिक वरदानहरु ख्रीष्टको देहको साझा हितका निम्ति दिइएका हुन् (१ कोरिन्थी १२:७)। प्रेरितीय वरदानहरुचाहिँ (२ कोरिन्थी १२:१२) नयाँ नियम पूर्ण हुनुअघि (हिब्रू १:१ – २; २:३ – ४) पहिलो शताब्दीका सङ्क्रमणकालीन वर्षहरुमा परमेश्वरको वचनलाई प्रकाश पार्न र पुष्टि गर्न प्रेरितहरुलाई दिइएका वरदानहरु हुन् भनेर पनि बाइबलमा उल्लेख गरिएको छ। नयाँ नियममा हरेक संभावित आत्मिक वरदानको सूची प्रस्तुत नगरिएको हुनाले परमेश्वरले कुनै पनि स्वाभाविक मानवीय क्षमतालाई लिएर त्यसलाई मण्डलीमा शक्तिशालीपूर्वक कार्य गर्न अलौकिक रुपमा अभिषेक गर्न सक्नुहुन्छ। सायद, यो नै परमेश्वरको निम्ति उत्तम तरिका हो। परमेश्वर हरेक विश्वासीलाई मण्डलीको परिस्थितिअनुसार मण्डलीलाई आवश्यक पर्ने विशेष वरदान वा क्षमता दिन निश्चय नै सक्षम हुनुहुन्छ।

खासमा, नयाँ नियममा उल्लेखित आत्मिक वरदानहरुको एकदमै संक्षिप्त वर्णन तल प्रस्तुत गरिएको छ। ती वरदानहरुलाई दुई समूहमा विभाजन गरिएको छ। पहिलो समूहमा परमेश्वरले नयाँ नियम मण्डली स्थापना गर्नुभएदेखि यता शताब्दियौंदेखि विश्वासीहरुको ठूलो हिस्साले प्रायः गरी स्वीकार गरेका र बुझेका वरदानहरु समेटिएका छन्। तपाईंले यी वरदानहरु कुनै पनि स्वस्थ स्थानीय मण्डलीमा प्रयोग भइरहेका देख्न सक्नुहुन्छ।

| सबैले सजिलै बुझ्ने आत्मिक वरदानहरू | | |
|---|---|---|
| **वरदानहरू** | **वर्णन** | **सन्दर्भ** |
| सुसमाचार प्रचार | ख्रीष्टको सुसमाचार सञ्चार गर्ने विशेष क्षमता | एफिसी ४:११ |
| पाष्टर – शिक्षक | मण्डलीमा पाष्टरको रुपमा सेवा गर्न विशेष गरी वरदान – सुसज्जित भएका व्यक्तिहरु | एफिसी ४:११ |
| शिक्षण | परमेश्वरको सत्यता सशक्त रुपमा स्पष्ट र लागू हुने गरी सिकाउने विशेष क्षमता | रोमी १२:७,१ कोर. १२:२८,२९ |

| | | |
|---|---|---|
| अर्ति (शिक्षा) | मानिसहरुलाई बाइबलीय कुरा रोज्न राजी तुल्याउने र उत्साह दिने विशेष क्षमता। यस्तो वरदान भएकाहरुले आफ्नो वरदानलाई व्यक्तिगत सम्बन्धहरुमा वा सार्वजनिक शिक्षण वा प्रचार सेवकाइहरुमा प्रयोग गर्न सक्छन्। अरुहरुले सङ्गीत, कला वा सञ्चार माध्यमद्वारा यस्तो वरदानलाई प्रवाहित गर्न सक्छन्। | रोमी १२:८ |
| सहयोग (सेवकाइ वा सेवा) | अरुहरुका भौतिक आवश्यकताहरुप्रति संवेदनशील हुने र मूर्त रुपमा उनीहरुको सेवा गर्ने वरदान। | रोमी १२:७, १ कोर. १२:२८ |
| प्रशासक, नेतृत्वदायी भूमिका | मण्डलीमा नेतृत्व गर्ने, व्यवस्थापन गर्ने, वा प्रशासन चलाउने वरदान | रोमी १२:८, १ कोर. १२:२८ |
| दिनु | अपेक्षा गरिएभन्दा माथि र बढी दिने क्षमता | रोमी १२:८ |
| दया देखाउनु | दुःख,पीडा, वेदना, वा कष्टका बखतहरुमा अरु मानिसहरुप्रति परमेश्वरको दया प्रस्तुत गर्ने वरदान | रोमी १२:८ |
| विश्वास | कठिन घडीहरुमा परमेश्वरमा भरोसा राख्ने अनि जीवन र सेवकाइमा आइपर्ने वाधाहरुमाथि विजय हुने अलौकिक क्षमता | १ कोर. १२:९ |

आत्मिक वरदानहरुको दोस्रो समूहले चाहिँ धेरै प्रश्नहरु खडा गर्दछ साथै यस समूह अन्तरगतका आत्मिक वरदानहरु बुझ्न निकै जटिल हुन्छन्। नयाँ नियमले पूर्णता प्राप्त गर्नुअघिसम्म परमेश्वरको वचनलाई प्रकाश पार्न र पुष्टि गर्न यी कतिपय वरदानहरु प्रेरितहरुद्वारा स्पष्ट रुपमा अभ्यासमा ल्याइएका थिए।

प्रेरितहरु र अगमवक्ताहरुको जगमा मण्डली स्थापित भएको हो भनी एफिसी २:२० – २२ मा बताइएको हुनाले यी वरदानहरुमध्ये कतिपय वरदानहरुचाहिँ पहिलो शताब्दीको लागि अद्धितीय थिए होलान् भनी तपाईं अपेक्षा राख्न सक्नुहुन्छ। यद्यपि, ती अद्धितीय वरदानहरु आज पनि उस्तै – उस्तै किसिमका वरदानहरुद्वारा कुनै न कुनै रुपमा जारी भइरहेका हुनसक्छन्। उदाहरणार्थ, येशू खीष्टको मृत्यु र पुनरुत्थान अद्धितीय र कहिल्यै नदोहोरिने घटना थियो, तापनि आफ्नो दैनिक जीवनमा उहाँको मृत्यु र पुनरुत्थानका फाइदाहरु लागू गर्दै हरेक दिन तपाईं त्यही जगमा स्थापित हुँदैजानुहुन्छ।

| **सङ्क्रमणकालीन वरदानहरु** | | |
|---|---|---|
| **वरदानहरु** | **वर्णन** | **सन्दर्भ** |

| | | |
|---|---|---|
| प्रेरितीयपन | येशू ख्रीष्टका बाह्र जना प्रेरितहरुको संक्रमणको समयमा अद्धितीय र जग बसाल्ने भूमिका थियो। प्रेरित शब्दको सामान्य अर्थ "पठाइएको व्यक्ति" भन्ने हुन्छ र यो शब्द अहिलेको मिशनरी शब्दसित मिल्दोजुल्दो छ। आधुनिक मिशनरीले बाह्र जना प्रेरितहरुको सरह परमेश्वरदेखि अख्तियार प्राप्त गरेको दावी गर्न नसक्लान् । त्यसकारण, धेरैजसोले अन्य क्षेत्रका मानिसहरुकहाँ सुसमाचार पुऱ्याउन विशेष किसिमले वरदान पाएका व्यक्तिहरुमा आज प्रेरितीयपनको वरदान क्रियाशील भइरहेको देख्दछन्। | एफिसी ४:११ |
| अगमवाणी | प्रेरितहरुलेझैं पहिला शताब्दीका अगमवक्ताहरुले परमेश्वरको वचन बोले, लेखे। यसले नयाँ नियमलाई पूर्णता प्राप्त दिनुको साथै मण्डलीको जग स्थापित गरिदियो । आज धेरै जना व्यक्तिहरुले अगमवाणीले भविष्यको कुरा मात्रै बताउँदछ भनी सोच्ने गर्दछन्। परमेश्वरले निश्चय पनि भावी घटनाहरु बारे प्रकाश पार्नुभयो, तर बाइबलीय अगमवाणीचाहिँ भविष्यको बारेमा बताउनुभन्दा पनि धेरै फरक हुन्छ। बाइबलले पूर्णता पाइसकेको हुनाले यस्तो किसिमको अगमवाणी आज आवश्यक छैन। बाइबलीय अगमवाणीको अर्थ परमेश्वरको वचन घोषणा गर्नु भन्ने हुन्छ। यसभित्र भूत, वर्तमान र भविष्य सबै काल समावेश भएको हुन्छ । यद्यपि, कतिपय व्यक्तिहरुले आज अगवाणीको वरदानलाई असाधारण शक्ति, दृढ विश्वास र अन्तरदृष्टिसहित बाइबलदेखि परमेश्वरको वचन घोषणा गर्नुको रुपमा लिने गर्दछन्। | रोमी १२:६, एफिसी ४:११, १ कोर.१२:१०,२८ – ३० |
| बुद्धिको वचन | यस वरदानलाई बुद्धिको "वचन" भनिने भएकोले, यो वरदान प्रेरितीय समयमा परमेश्वरको बुद्धि फैलाउन बोल्ने वरदानको रुपमा देखिन्छ। निश्चित परिस्थितिहरुमा विवेकपूर्ण सल्लाह दिन र लागू गर्न वरदान प्राप्त व्यक्तिहरुमा आज यस्तै किसिमको कार्य देख्न सकिन्छ। साथै, अरुहरुलाई ईश्वरीय बुद्धि बुझ्न सहायता पुऱ्याउन पनि यस्ता व्यक्तिहरुमा सो कार्य देख्न सकिन्छ। | १ कोर.१२:८ |

| | | |
|---|---|---|
| ज्ञानको वचन | यो पनि अगवाणी जस्तै – जस्तै सङ्क्रमणकालीन अवधिको अर्को बोल्ने वरदानको रुपमा देखिन्छ। यस्तै कार्यचाहिँ बाइबलीय सत्यताको प्रबन्ध गर्न र निर्दिष्ट परिस्थितिहरु सम्बन्धी बोल्न वरदान पाएका व्यक्तिहरुद्वारा कार्यान्वयन भएको पाइन्छ। | १ कोर.१२:८ |
| चङ्गाइ | प्रेरितहरुले पनि झण्डै – झण्डै येशूले जतिकै विशेष, निर्दिष्ट चङ्गाइको वरदान पाएर आफ्नो ईश्वरीय अख्तियार पुष्टि गरे । नयाँ नियम लगभग पूरा हुनै लागेको समयमा र प्रेरितहरु मरेपछि त्यस किसिमका विशेष चङ्गाइका वरदानहरु हराउँदै गए । परमेश्वरले आज पनि चङ्गाइ गर्नुहुन्छ । कहिलेकाहीं परमेश्वरले अलौकिक रीतिले चङ्गाइ गर्नुहुन्छ, त कहिलेकाहीं प्रार्थनाको प्रत्युत्तर स्वरुप चङ्गाइ गर्नुहुन्छ। परमेश्वरले कतिपय व्यक्तिहरुलाई औषधि विज्ञानद्वारा, परामर्शद्वारा र कष्ट भोगिरहेकाहरुलाई सान्त्वनाद्वारा निको पार्नुहुन्छ। | १ कोर.१२:९ |
| आश्चर्यकर्महरु | योचाहिँ परमेश्वरको नयाँ नियमको सत्यतालाई पुष्टि गर्न प्रेरितहरुलाई दिइको अर्को वरदान थियो। परमेश्वरले अझै पनि प्रार्थना वा ईश्वरीय कृपाद्वारा आश्चर्यकर्म गर्नुहुन्छ। | १ कोर.१२:१०, हिब्रू २:३ – ४ |
| आत्मा छुट्याउने ज्ञान | कोही व्यक्ति आत्मिक, अनात्मिक वा शैतानिक प्रभावमा परेको हो कि होइन भनी छुट्याउन यो वरदानले आज असाधारण क्षमतापूर्वक काम गरिरहेको छ। | १ कोर.१२:१०, |

| | | |
|---|---|---|
| अन्यभाषाहरु | जब बाइबलले अन्य भाषाहरु बारे उल्लेख गर्दछ, त्यहाँ उल्लेख गरिएको अन्य भाषाको खास अर्थ विदेशी भाषा भन्ने हुन्छ । यस अर्थको अलावा कतिपय मानिसहरुले अन्य भाषालाई भावनात्मक कण्ठीय वा मौखिक आवाज हो, यसमा मानिसको नियन्त्ररण रहँदै भनी सोच्ने गर्दछन् । पेन्तिकोसको दिनमा प्रेरितहरुले आफूले नजानेका भाषाहरु अलौकिक रुपमा बोले, तथापि यरुशलेममा चाड मनाउन अन्य देशहरुबाट आएका छुट्टै भाषा बोल्ने यहूदीहरुले भने सो भाषाहरु बुझ्ेको घटना स्पष्ट **छ** (प्रेरित २:१ – ११) । योचाहिँ ख्रीष्टले समापन गरिदिनुभएको कार्य र विश्वासीहरुमा वास गर्न आउनुभएको पवित्र आत्माको आगमनको कारणले यहूदीहरुमा हुनआएको परमेश्वरको अनुग्रहको चिन्ह हो । जब सुसमाचार पहिलो पटक गैर – यहूदीहरुकहाँ पुग्यो (प्रेरित १०) र जब बप्तिष्मा दिने यूहन्नाले एफिससमा पहिलो पटक मसिह आउनुभएको छ भन्ने खबर सुने (प्रेरित १९), त्यस बेला यो वरदान प्रकट भयो । यस वरदान बारे १ कोरिन्थी १२:१४ मा मात्रै दोस्रो पटक उल्लेख भएको पाइन्छ । १ कोरिन्थी १२:२८ – ३० ले सबै विश्वासीहरु अन्य भाषामा बोल्दैनन् भनी स्पष्ट पारिदिएको छ । | १ कोर.१२:१०, |
| अन्यभाषाको अनुवाद | वास्तवमा, यो वरदान अन्यभाषासित सिधै सम्बन्धित वरदान हो । नयाँ नियममा यसको प्रयोग बारे उदाहरण नभए तापनि यसको प्रयोग सम्बन्धी निश्चित शर्तहरुमात्रै १ कोरिन्थी १४ मा पावलले प्रस्तुत गरेका छन् । | १ कोर.१२:१०, |

अन्तिम सल्लाह : तपाईंले स्पष्ट रुपमा बुझ्नुभएका आत्मिक वरदानहरुका पक्षहरुमा मात्रै केन्द्रित हुनुहोस् । सबै विश्वासीहरुमा आत्मिक वरदान बारे एउटै धारणा हुँदैन, तर यस बारेमा उठेका विभिन्न विचार बारे वहस गरिरहनु आवश्यक छैन । यदि कसैले तपाईंलाई यसो होइन तर त्यसो हो भनी आश्वस्त पार्न खोजेमा, तपाईंले आफ्नो वरदान पत्ता लगाउनुभएकोमा मलाई खुशी लाग्यो भन्नुहोस् - यो नै सही प्रत्युत्तर हो । तर तपाईंले चाहिँ परमेश्वरले मलाई जस्तो आत्मिक वरदान दिनुभए पनि त्यसलाई बुझ्न र प्रभावकारी ढङ्गमा प्रयोग गर्न उहाँले मलाई सहायता गर्नुहुनेछ भनी उहाँमा भरोसा राखिरहनुभएको हुन्छ ।

## दिन - ३ : मेरो आत्मिक वरदान मण्डलीको हिस्सा हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- परमेश्वरलाई मण्डलीको निम्ति मेरो आत्मिक वरदान कति महत्त्वपूर्ण रहेछ सो देखाइदिनुहोस् साथै त्यसलाई प्रभावकारी ढङ्गमा प्रयोग गर्ने मौका दिनुहोस् भनी प्रार्थना गर्नुहोस्।

तपाईंले आफ्नो हातमा अति महङ्गो विशेष किसिमले बनाइएको कुनै यन्त्रको पार्टपुर्जा लिन सक्नुहुन्छ, तर यन्त्रबिना त्यो पार्टपुजा व्यर्थ हुन्छ। त्यस्तै प्रकारले, तपाईंसँग जतिसुकै गजबको आत्मिक वरदान भएपनि, तपाईंले त्यस वरदानलाई ख्रीष्टको देहका अन्य अङ्गहरुसँगसँगै परिचालन गर्नु आवश्यक हुन्छ।

- ***१ कोरिन्थी १२:१२ पढ्नुहोस्।*** ख्रीष्टको देहमा मात्रै विभिन्न मण्डली सदस्यहरुको विविधतामा एकता प्राप्त हुन्छ। ***आत्मिक वरदानकै सन्दर्भमा एफिसी ४:१ – ७ मा उल्लेखित एकतालाई १ कोरिन्थी १२:१२ सित तुलना गर्नुहोस् ।***

  ..................................................................................................................................

  ..................................................................................................................................

  ..................................................................................................................................

- ***१ कोरिन्थी १२:१३ पढ्नुहोस् । यस पदअनुसार, ख्रीष्टको देहमा भएका विभिन्न स्वभावका सदस्यहरुमा एकता ल्याउने शक्ति को हो वा के हो ?***

  ..................................................................................................................................

  ..................................................................................................................................

  ..................................................................................................................................

येशू ख्रीष्टको देहमा परमेश्वरको आत्माद्वारा बप्तिष्मा हुनुले तपाईंलाई आत्मिक शक्तिको ***स्थानमा*** बसाल्दछ, तर यसले तपाईंलाई स्वतः आत्मिक शक्ति भने ***प्रदान*** गर्दैन। ख्रीष्टको अनुयायी हुनुभएकोले तपाईंमा परमेश्वरको आत्मा वास गर्नुहुन्छ (रोमी ८:९), र तपाईंलाई कम्तिमा पनि एउटा आत्मिक वरदान दिनुभएको हुन्छ (१ कोरिन्थी १२:७ र ११)। तर तपाईंसित आत्मिक वरदान हुँदैमा तपाईंलाई आत्मिक बनाउँदैन, न त तपाईंलाई विशेष शक्ति नै दिनेछ। परमेश्वरको आत्मालाई तपाईंको जीवनमाथि नियन्त्रण गर्नु दिनुभएर मात्रै, तपाईं र तपाईंको आत्मिक वरदानलाई परमेश्वरले सशक्त पार्नुहुनेछ। त्यसपछि, तपाईंको जीवनमा आत्मिक फलहरु देखा पर्न थाल्दछन् (गलाती ५:२२, २३)।

- ***१ कोरिन्थी १२:१४ पढ्नुहोस् ।*** जसरी तपाईंको शरीर धेरै किसिमका अद्भूत अङ्गहरुले मिलेर बनिएको छ, ख्रीष्टको देह पनि त्यस्तै किसिमका अद्धितीय र अनुपम रीतिका वरदान प्राप्त व्यक्तिहरुले बनिएको हुन्छ।
- ***१ कोरिन्थी १२:१५ – १७ पढ्नुहोस् । तपाईंको हात वा खुट्टा शरीरदेखि अलग भएर कति राम्ररी***

चल्ला त ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

- माथिका पदहरुअनुसार, तपाईंको आत्मिक वरदान पनि मण्डलीदेखि अलग भएर कति प्रभावकारी हुन सक्ला ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

- यही अध्यायअनुसार, मेरो आत्मिक वरदान मण्डलीको निम्ति महत्त्वपूर्ण छ भनी के तपाईं भन्न सक्नुहुन्छ ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

- यदि तपाईं आफ्नो आत्मिक वरदान बारे सजग हुनुहुन्न वा त्यसलाई प्रयोग गर्न अनिच्छुक हुनुभएमा मण्डलीमा कस्तो असर पर्ला सो बारे व्याख्या गर्नुहोस् ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

- के तपाईंले कहिल्यै आफ्नो आत्मिक वदान मण्डलीमा प्रयोग गर्नुभएको छ? यदि छ भने, कहिले र कसरी ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

- पद १७ अनुसार, मण्डलीका सबै सदस्यहरुसँग एउटै आत्मिक वरदानहरु हुँदारहेछन् त ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

- के तपाईंको शरीरका विभिन्न अङ्गहरुले आफूले चाहेअनुसार चल्ने निर्णय गरेका हुन् ? कि, परमेश्वरले आफ्नो डिजाइनअनुसार तिनलाई बनाएर र ठ्याक्क - ठ्याक्क मिलाएर राख्नुभएको

*हो ?*

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

- ***परमेश्वरले दिनुभएका वरदानहरुप्रति के तपाईं सन्तुष्ट बन्न चाहनुहुन्छ हुनुहुन्छ ?***

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

- मण्डली राम्ररी सञ्चालित हुनको निम्ति मण्डलीलाई हरेक सदस्यका आत्मिक वरदानहरुको आवश्यकता पर्दछ।
- ***आ – आफ्ना आत्मिक वरदानहरु प्रयोग गरेर भर्खरै वा हालसालै तपाईंको सेवा गरेका मण्डलीका तीन जना व्यक्तिहरु को को हुन् ? र, उनीहरुले कसरी सेवा गरे ?***

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

## दिन - ४ः मलाई परमेश्वरले जो हुन बनाउनुभयो त्यसका हिस्सा हुन् - मेरो आत्मिक वरदानहरू

***दैनिक प्रार्थनाको लक्ष्यः***

- म येशू ख्रीष्टको ज्ञानर र अनुग्रहमा बढ्न चाहान्छु भनेर परमेश्वरलाई भन्नुहोस्।
- तपाईं जो हुनुहुन्छ, परमेश्वरले तपाईंलाई ठ्याक्कै त्यही व्यक्ति बनाउनुभएकोमा उहाँलाई धन्यवाद दिनुहोस्।
- ख्रीष्टको देहमा आफ्नो व्यक्तिगत पहिचान र मूल्य अझै राम्ररी जान्न सकूँ भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

ख्रीष्टको देहमा भएका अन्य सदस्यहरुको आवश्यकता पूरा गर्न भनेर परमेश्वरले तपाईंलाई आत्मिक वरदानहरु दिनुभएको हो। तपाईंको आफ्नो जीवनको सन्तुष्टि र तपाईंको जीवनको उद्देश्य तथा औचित्यको खोजीचाहिँ परमेश्वरले मलाई को व्यक्ति बनाउनुभएको रहेछ भनी थाहा पाउनुमा र उहाँका अपेक्षाहरुअनुसार जिउनुमा बेहद रुपमा निर्भर रहन्छ।

- ***१ कोरिन्थी १२:१८ पढ्नुहोस् । १ कोरिन्थी १२:७ र ११ बीच तुलना गर्नुहोस् । शरीरको प्रत्येक अङ्गको स्थान कसले निर्धारण गर्नेरहेछ ?***

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- ***यी पदहरुअनुसार, के तपाईंको आत्मिक वरदानको स्थान ख्रीष्टको देह भित्र छ कि देह बाहिर छ ? किन ?***

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- १ कोरिन्थी १२:१८ को भावार्थलाई प्रार्थनासहित विचार गर्नुहोस्। परमेश्वरले तपाईंको निम्ति मण्डलीमा विशेष स्थान राखिदिनुभएको छ।
- ***के तपाईंले कहिल्यै लघुताभास बोध गर्नुभएको छ ?*** तपाईंले आफ्नो केही पनि मूल्य नदेख्नु भनेको परमेश्वरले तपाईंलाई जुन मूल्य दिनुभएको छ सो कुरालाई नै इन्कार गर्नु हो भन्ने के तपाईं महसुस गर्नुहुन्छ?

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- ***तपाईंको आफ्नो आत्म - गौरवको विषयमा १ कोरिन्थी १२:१८ को आशय के हो ? तपाईंले यस सम्बन्धमा के गर्नुपर्दछ ?***

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- ***तपाईंले आत्मिक वरदानहरुका बारेमा जे - जे सिक्नुभएको छ सो बारे मनन गरी आफ्नो आत्मिक वरदान पत्ता लगाउनको निम्ति र / वा आफ्नो मण्डलीमा आत्मिक वरदानलाई प्रयोग गर्न शुरुआत गर्नको लागि यो हप्ता के के कदमहरु चाल्नुहुन्छ ?*** (यसको अर्थ हो, तपाईंलाई सल्लाह दिन सक्ने कोही व्यक्तिसित यस बारेमा छलफल गर्नु वा आफ्नो मण्डलीको कुनै सेवकाइ वा सेवामा काम गर्ने अवसर लिनु हो।)

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- ***१ कोरिन्थी १२:१९ - २१ पढ्नुहोस् ।*** तपाईंको आत्मिक वरदानचाहिँ ***उद्देश्यपूर्ण निर्भरताबाट*** प्रस्फुटित

भएको हो। खीष्टको देह बाहिर तपाईंको आत्मिक वरदान सही रुपमा क्रियाशील हुन सक्तैन।

- *१ कोरिन्थी १२:२२ पढ्नुहोस् । के तपाईंले मण्डलीबाट प्राप्त गर्ने मूल्य वा कदर तपाईंसित कति आत्मिक तागत व शक्ति छ भन्नेमा निर्भर हुने हो ?*

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

- *के तपाईंले मण्डलीमा आफू भन्दा कुनै क्षेत्रमा अलिक कुशल व्यक्तिको डाहा गर्नुहुन्छ त ?*

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

- *१ कोरिन्थी १२:२३ - २४ पढ्नुहोस् । मण्डलीमा तपाईंको मूल्य के अरुहरुबाट वाहवाही, प्रशंसा, वा धन्यवाद पाउनुमा निर्भर छ ?*

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

- *यदि तपाईंको विचारमा आफूले जुन सम्मान पाउनुपर्ने हो त्यो सम्मान प्राप्त नगर्दा तपाईं नाराज हुनु के तपाईंको निम्ति जायज छ ?*

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

- *१ कोरिन्थी १२:२५ - २७ पढ्नुहोस् । कुनै सदस्यको ईर्ष्या गर्नु वा ऊदेखि नाराजा हुनुको साटो, खीष्टको देहको सदस्यको हैसियतमा तपाईंको चासो वा लक्ष्यचाहिँ केमा केन्द्रित हुनुपर्दछ ?*

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

- *यस अध्यायमा सिकाइएको लक्ष्यका केही पक्षलाई वास्तवमा कसरी व्यवहारमा उतार्न सकिन्छ, एउटा उदाहरण दिनुहोस् ।*

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

- ***१ कोरिन्थी १२:२८ – ३१ पढ्नुहोस्।*** उत्तम वरदानहरुको उत्कट इच्छा गर्नु भनी पद ३० मा गरिएको आज्ञाचाहिँ बहुवचनमा छ, समस्त मण्डलीप्रति निर्देशित छ। अर्को शब्दमा भन्नुपर्दा, एउटा सदस्यले अर्कोले भन्दा उत्तम वरदानको इच्छा गर्नुहुँदैन, तर समग्र रुपमा मण्डलीले परमेश्वरलाई महिमा पुऱ्याउनको निम्ति सेवामा आ – आफ्ना उत्तम वरदानहरु उपयोग गर्न चाहनुपर्दछ। तपाईं जो हुनुहुन्छ र परमेश्वरले तपाईंलाई जे – जे वरदानहरु दिनुभएको छ, सो स्वीकार गर्नुहोस्।

अझै सर्वोत्तम तरिकाको सङ्केत गर्दै अध्याय १२ टुङ्गिन्छ। आत्मिक वरदानहरु जति महत्त्वपूर्ण छन्, तपाईंले आफ्नो जीवन जिउने तरिकाद्वारा परमेश्वरको प्रेमको सच्चा उदाहरण बन्नुको अर्थ बारे अध्याय १३ ले विस्तृत रुपमा त्यति नै महत्त्वको साथ वर्णन गर्दछ। यो नै अझै सर्वोत्तम तरिका हो। आत्मिक वरदान आफैमा साध्य होइनन्, तर यी त परमेश्वरको प्रेमबिना तड्पिरहेको संसारमा उहाँको प्रेम प्रदर्शन तथा सञ्चार गर्नको निम्ति ख्रीष्टको देहको रुपमा प्रभावकारी ढङ्गमा मिलेर सहकार्य गर्ने साधन हुन्। तपाईंको आत्मिक वरदान जे सुकै होस्, परमेश्वरको प्रेम तपाईंमा र तपाईंले गर्ने कार्यमा झल्किएको हुनुपर्दछ। प्रेमसहित आफ्नो आत्मिक वरदान लगानी गर्नुले तपाईंलाई अपार आनन्द र शान्ति दिनेछ।

## दिन - ५: परमेश्वरको अनुग्रहद्वारा मेरा आत्मिक वरदानहरु सामर्थ्यवान भएका छन्

***दैनिका प्रार्थनाको लक्ष्य:***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्दै आफ्नो अध्ययन शुरुआत गर्नुहोस्।
- परमेश्वरमा नसुम्पिएको र तपाईंका आत्मिक वरदानहरुको प्रभावकारी प्रयोगमा अवरोध ल्याउने तपाईंको जीवनको कुनै त्यस्तो क्षेत्र छ भने प्रकट गरिदिन परमेश्वरसित प्रार्थना गर्नुहोस्।

आत्मिक वरदानहरुचाहिँ तपाईंका आफना जन्मजात, परमेश्वरद्वारा दिइएका खुबीहरु र क्षमताहरुभन्दा धेरै परका कुरा रहेछन् भनेर तपाईंले जानिसक्नुभएको छ। आत्मिक वरदानहरुचाहिँ परमेश्वरको अनुग्रह र उहाँको आत्माद्वारा सशक्त तुल्याइएका हुन्छन्। आत्मको शक्तिले भरिएको हुन्छ। तपाईंका आत्मिक वरदानहरु मानवीय प्रयासद्वारा सही किसिमले कार्यान्वयनमा आउन सक्तैनन्।

- ***रोमी १२:१ – २ पढ्नुहोस्।*** यी दुई पदहरुअन्तरगत गरिने छलफलचाहिँ आत्मिक वरदानहरुसित सम्बन्धित छ। ***तपाईंको विचारअनुसार, आत्मिक वरदानहरुको छलफलको लागि यी पदहरुले पछिल्ला पदहरुका निम्ति कसरी जग खडा गर्दछन् त ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

.........................................................................................................

- ***रोमी १२:३ – ६ पढ्नुहोस्।*** यदि विभिन्न साङ्गीतिक बाजाहरु बीच सुरताल मिलेको छ, एकअर्का बीच सन्तुलन राम्रो छ, र कुनै बाजाले अर्को बाजालाई ढाकिदिएको छैन भने त्यस्तो सङ्गीत रेकर्डलाई तपाईं मीठो समिश्रण रहेछ भन्न सक्नुहुन्छ। खीष्टको देह पनि यस्तै हो। र, यहाँको अनुच्छेदको शिक्षा पनि यही नै हो।
- पद ३ अनुसार, पावलले आफ्नो अगमवाणीको वरदान व्यक्तिगत प्रयासले नभएर अनुग्रहद्वारा अभ्यास गर्दछन्।
- ***पद ६ अनुसार, तपाईंका आत्मिक वरदानहरुको श्रोत के हो?***

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- ***१ पत्रुस ४:१० पढ्नुहोस्।*** पत्रुसले तपाईंको आत्मिक वरदानलाई परमेश्वरको अनुग्रहसित दाँजेका छन् र त्यस अनुग्रहको असल भण्डारे बन्न आज्ञा पनि दिएका छन्।
- ***यदि तपाईंको आत्मिक वरदान परमेश्वरको अनुग्रहको परिणाम हो भने, तपाईंको आफ्नो आत्मिक वरदानको बारेमा व्यक्तिगत गौरव गर्नुपर्ने कुनै श्रोत छ त ?***

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- ***रोमी १२:३ अनुसार, शरीरको हरेक सदस्यलाई परमेश्वरले के दिनुभएको छ?***

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

- यस अध्यायमा तपाईंको आत्मिक वरदान पत्ता लगाउनु, तिनलाई नामाकरण गर्नु र प्रयोग गर्नु मात्रै होइन, तर विश्वासको अभ्यासलाई जोड दिइएको छ।
- ***रोमी १०:१७ पढ्नुहोस् । परमेश्वरले जे भन्नभएको छ सो सुनेर विश्वास गर्नु : विश्वासको उपयोगी परिभाषा हो ।***
- ***तपाईंको आफ्नो आत्मिक वरदान सम्बन्धमा तपाईंले आफ्नो विश्वास अभ्यास गर्नका लागि निम्न प्रश्नहरुको उत्तर दिनुहोस् :***
  - ***परमेश्वरले मलाई आत्मिक वरदान दिनुभएको हो भनी के तपाई विश्वास गर्नुहुन्छ ? यो कुरा तपाईंले बाइबलमा कहाँ पत्ता लगाउनुभयो सो बारे उदाहरण पेश गर्नुहोस् ।***

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

○ *के तपाईं आफ्नो आत्मिक वरदान ख्रीष्टको देहको निम्ति महत्त्वपूर्ण छ र त्यसलाई ख्रीष्टको देहमा प्रयोग गर्नुपर्दछ भनी विश्वास गर्नुहुन्छ ?*

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

○ *तपाईंले हालसालै पढ्नुभएअनुसार यो कुरा धर्मशास्त्रमा परमेश्वरले कहाँ भन्नुभएको छ ?*

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

○ *तपाईंको आत्मिक वरदानले तपाईंलाई ख्रीष्टको देहमा भएको अरु कोही व्यक्तिभन्दा कि बढी महत्त्वपूर्ण तुल्याउँदछ कि चाहिँ कम महत्त्वपूर्ण तुल्याउँदछ भनी के तपाईं विश्वास गर्नुहुन्छ ?*

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

○ *यो कुरा तपाईंले बाइबलमा कहाँ पाउनुहुन्छ ?*

.......................................................................................................

..................

.......................................................................................................

.................

.......................................................................................................

................

- ***रोमी १२:६ – ८ पढ्नुहोस्।*** यस अध्यायमा अगमवाणी, सेवकाइ, शिक्षण, उपदेश, दियाइ, प्रशासन, र दया प्रदर्शनका आत्मिक वरदानहरु उल्लेख गरिएकाछन्। ६ पदअनुसार, यी सबै वरदानहरु परमेश्वरको अनुग्रहद्वारा दिएका हुन्।

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

- ***पद ६ अनुसार, यस्ता वरदानवाला व्यक्तिहरुले यी वरदानलाई कसरी अभ्यास गर्नुपर्दछ ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***यदि तपाईंलाई आफ्नो आत्मिक वरदान बारे थाहा छ भने, के तपाईंले विश्वासअनुसार आफ्नो आत्मिक वरदानलाई अभ्यास गरिरहेको छु भन्न सक्नुहुन्छ ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***यदि तपाईं अझै पनि आफ्नो आत्मिक वरदान बारे अनिश्चित हुनुहुन्छ भने, त्यो आत्मिक वरदान के रहेछ भनी पत्ता लगाउन र त्यसलाई आफ्नो स्थानीय मण्डलीमा प्रयोग गर्न शुरुआत गर्नको लागि तपाईंले विश्वासलाई कसरी अभ्यास गर्नुपर्दछ ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

  ..........................................................................................................................

यदि तपाईंले परमेश्वरले मलाई को व्यक्ति हुन बनाउनुभएको रहेछ भनी बुझ्नुभएन भने, परमेश्वरले मेरो निम्ति यस्तो योजना राख्नुभएको रहेछ भनी तपाईंले कहिल्यै महसुस गर्नुहुनेछैन। परमेश्वरको आत्मा मभित्र शतप्रतिशत वास गर्नुहुन्छ भनी पक्का हुनुहोस् र मैले मेरो जीवन उहाँको पूर्ण अधीनमा सुम्पेको छु कि छैनँ भनी निश्चित गर्नुहोस्। आत्मिक वरदानहरु पत्ता लगाउन समय लाग्यो भने पनि निराश नहुनुहोस्। आफ्ना चाहना, खुबी र अवसरअनुसार चल्नुहोस् अनि आफ्नो स्थानीय मण्डलीमा सक्रिय रुपमा सहभागी हुनुहोस्। समय बित्दै जाँदा र मण्डलीमा सेवा गर्ने क्रममा परमेश्वरले तपाईंको निम्ति निर्दिष्ट गर्नुभएको योजना बारे पूर्ण प्रकाश दिँदै जानुहुनेछ।

***नोटहरुः अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु***

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

# पाठ १३ पाप : म भित्रको लडाईं जित्नु

**कण्ठस्थ पदः १ यूहन्ना १:९**

***यस हप्ताको प्रमुख विचार : पापले परमेश्वर र अरुहरुलाई प्रेम गर्नदेखि असफल तुल्याइरहेको हुन्छ । परमेश्वरको आत्माद्वारा नियन्त्रित हुनुचाहिँ पापमाथि विजयी हुने कुञ्जी हो ।***

संभवतः तपाईंले सोचेको भन्दा पनि बढ्ता परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ र तपाईंसँग सङ्गति गर्न चाहनुहुन्छ। उहाँ तपाईंसँग प्रेमिलो सम्बन्ध राख्न अति इच्छुक चाहनुहुन्छ। त्यसैले, यस कुरालाई संभव तुल्याउन उहाँले आफ्नो एक मात्र पुत्रलाई तपाईंका सट्टामा मर्न पठाउनुभयो। पापले परमेश्वरसितको तपाईंको घनिष्टतामा बाधा ल्याउँदछ र तपाईंको सङ्गतिको बहावमा व्यवधान उत्पन्न गर्दछ। यसकारण, परमेश्वर आफ्नो वचनद्वारा तपाईंलाई जीवन जिउने तरिका देखाउन अति रुचि राख्नुहुन्छ। यद्यपि, येशू ख्रीष्टमा नयाँ जीवको अनुभव गरिसकेपछि पनि हरेक विश्वासले पापको दैनिक यथार्थसित सङ्घर्ष गरिरहेकै हुन्छन्।

तपाईंप्रतिको परमेश्वरको प्रेम शर्तरहित छ। तपाईं परमेश्वरको शत्रु छँदै उहाँले तपाईंलाई प्रेम गर्नुभयो भनी रोमी ५:८ – ८ – १० ले भन्दछ र तपाईंले अहिले उहाँमा विश्वास गर्नुभई पाउनुभएको मुक्तिका फाइदाहरु परमेश्वरले तपाईंलाई कति दिन चाहनुहुँदोरहेछ त्यस बारेमा मनन गर्न तपाईंलाई चुनौती दिँदछ। परमेश्वर सितको तपाईंको सम्बन्धलाई खुला र बढ्दो तुल्याइराख्नको निम्ति परमेश्वरको प्रेमल तपे पापचाहिँ त्याग्नै पर्ने थोक रहेछ भनी तपाईंलाई सोच प्रदान गर्दछ।

## दिन - १: मेरो पापले परमेश्वरको चरित्रको बदनाम हुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- पापको प्रकृति बारे स्पष्ट रुपमा बुझ्न सकौं भनी प्रार्थना गर्नुहोस्।

परमेश्वरको व्यवस्था उहाँको स्वभावको प्रतिविम्ब हो। योचाहिँ यो गर्ने र त्यो नगर्ने भन्ने नियमहरुको निरङ्कुश सङ्ग्रह होइन। परमेश्वर पवित्र हुनुभएकोले उहाँले पवित्र होओ भनी दिनुभएको आज्ञा (लेबी ११:४४, १ पत्रुस १:१६) हाउगुजी होइन , बरु यो त प्रेमको अभिव्यक्ति हो। पवित्र हुनु भनेको अलग गरिनु वा विशेष बनाइनु हो। परमेश्वर आफै विशेष हुनुभएकोले तपाईंलाई विशेष पनि बनाउन चाहनुहुन्छ। उहाँले तपाईंलाई उहाँजस्तै भएको चाहनुहुन्छ। त्यसकारण परमेश्वरले पापलाई अति घृणा गर्नुहुन्छ। पापचाहिँ परमेश्वरको चरित्रभन्दा एकदमै विपरीत कुरा हुन्छ। पापले तपाईंलाई उहाँसँग पूर्ण घनिष्ठ सम्बन्धदेखि बञ्चित गर्दछ र उहाँको स्वरुपमा बढ्दै जानलाई तपाईंलाई बाधा दिँदछ। जब तपाईं पाप गर्नुहुन्छ, परमेश्वर जो हुनुहुन्छ उहाँलाई

तपाईं कलङ्कित तुल्याउनुहुन्छ र उहाँको चरित्रलाई बदनाम गर्नुहुन्छ किनभने तपाईं उहाँको हो।

- ***१ यूहन्ना ३:४ पढ्नुहोस् । यस पदले पापलाई कसरी परिभाषित गरेको छ ?***

  ..................................................................................................................

  ..................................................................................................................

  ..................................................................................................................

- ***मत्ती २२:३५ – ४० पढ्नुहोस् ।*** जब तपाईं कानूनविहिनता वा परमेश्वरको व्यवस्थाको उल्लङ्घन बारे सोच्नुहुन्छ, तपाईंले पुरानो नियमका धेरै ओटा नियमहरु मनमा सोच्नुभएको हुनसक्छ। येशू प्रभुले सिङ्गो पुरानो नियमलाई बडो गजबले सरल रुपमा सारांशित गर्नुभयो। ***उहाँकाअनुसार कुन – कुन दुई आज्ञाहरुमा यी सबै व्यवस्था निर्भर छन् ?***

  ..................................................................................................................

  ..................................................................................................................

  ..................................................................................................................

- ***गलाती ५:१४ र रोमी १३:८ – १० पढ्नुहोस्।*** तपाईंले अरुहरुसितको व्यवहारमा परमेश्वरप्रतिको आफ्नो प्रेम कसरी झल्काउनुहुन्छ त्यो नै तपाईंको उहाँप्रतिको प्रेमको प्रमाण हो।

  परमेश्वका दुई ओटा महान् नियमहरु छन् भनेर येशूले बताउनुभएको छः **१) परमेश्वरलाई प्रेम गर्नु, र २) अरुहरुलाई प्रेम गर्नु ।** यो नियम बाइबलका अति गहन र सशक्त सत्यताहरुमध्ये एउटा सत्यता हो।

- ***गलाती ५:१९ – २१ पढ्नुहोस् । पापहरुको यो सूची सरसर्ती हेर्नुहोस् (शरीरका कामहरु वा पापमय स्वभाव) र पापले परमेश्वरका आधारभूत नियमहरुमध्ये कुनचाहिँलाई उल्लङ्घन गर्दछ सो बताउनुहोस ।*** कुनै पापले त परमेश्वरका दुवै नियमलाई भङ्ग गरेको हुनसक्छ। यदि तपाईंले यस अध्यायमा उल्लेख गरिएको शब्द बुझ्नु भएन भने शब्दकोशमा हेर्नुहोस अथवा कोही व्यक्तिबाट सहायता लिनुहोस्।

  ..................................................................................................................

  ..................................................................................................................

  ..................................................................................................................

- ***मर्कूस ७:१४ – २३ पढ्नुहोस् । यस अध्यायमा अन्य पापहरुको सूची दिइएको छ । पद २१ र २२ अनुसार सूची बनाउनुहोस् अनि गलाती ५:१९ – २१ मा गरेजस्तै यहाँ पनि गर्नुहोस् । हरेक पापले परमेश्वरको दुई आधारभूत नियमहरुलाई भङ्ग गर्दछ ?***

  ..................................................................................................................

  ..................................................................................................................

  ..................................................................................................................

- ***मर्कूस ७ अध्यायअनुसार, पापहरु भित्रबाट आउँछन् वा बाहिरबाट आउँछन्?***

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

बाइबलमा नाम किटेरै उल्लेख गरिएका अन्य पापहरु धेरै छन्, तर संभावित हरेक यही सत्य लागू हुन्छ। पापले परमेश्वरप्रतिको प्रेमलाई वा अरुहरुप्रतिको प्रेमलाई उल्लङ्घन गर्दछ वा दुवैलाई नै असर उल्लङ्घन गर्दछ। परमेश्वरको दृष्टिकोणमा यी दुई आज्ञाहरु अति नै सरल छन्। तपाईं जति छिटो त्यस दृष्टिकोणलाई आफ्नो सोचाइ पद्दति बनाउनुहुन्छ, तपाईं त्यति नै छिटो बढ्नुहुनेछ अनि त्यति नै कम निराश हुनुहुनेछ।

- ***याकूब ४:१७ पढ्नुहोस्।*** पाप भनेको तपाईंले गर्ने क्रियाकलाप मात्रै होइन, तर तपाईंले ***नगरेको*** कार्य पनि पनि पापै हो। र, यही दुई ठूला नियमहरु यहाँ लागू हुन्छन्। तपाईंलाई परमेश्वरलाई प्रेम गर्नुपर्छ भनेर थाहा छ तर त्यसो गर्नुहुन्न भने, तपाईं पाप गर्नुहुन्छ। तपाईंलाई अरुहरुलाई प्रेम गर्ने पर्छ भनेर थाहा तर त्यसो गर्नुहुन्न भने, तपाईं पाप गर्नुहुन्छ।
- ***गलाती ५:२२ – २३ पढ्नुहोस्।*** योचाहिँ तपाईंले अघिल्ला पाठहरुमा सिक्नुभएको आत्माको फल बारेमा हो। ***आत्माको फलको रुपमा सूचीवद्ध गरिएका नौ ओटा चीजहरु पढ्नुहोस् अनि यी अभिव्यक्तिहरु परमेश्वरप्रति, अरुहरुप्रति वा दुवैप्रतिका अभिव्यक्ति हुन् सो निर्धारण गर्नुहोस् ?***

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

- ***यस सत्यताको आधारमा, यो हप्ता तपाईंले कार्यद्वारा गर्नुभएका वा नगर्नुभएका तीन वटा पापहरु लेख्नुहोस्। अनि, ती पापद्वारा परमेश्वरका दुई ओटा ठूला नियमहरु अर्थात परमेश्वरलाई गर्ने प्रेम र अरुहरुलाई गर्ने प्रेम कसरी उल्लङ्घन भयो सो बारे वर्णन गर्नुहोस्।***

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

- नियमहरु, निषेधहरु, मूल्य – मान्यताहरु, मापदण्डहरुको लामो सूची संझने प्रयास गर्नुको साटो **परमेश्वरलाई प्रेम गर्नु र अरुहरुलाई प्रेम गर्नु** भन्ने जीवनका लागि दुई ओटा आधारभूत नियमहरु दिइएका छन्।

## दिन - २ : मेरो पापचाहिँ आजीवन चुनौती हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- मेरो जीवनमा पापका वास्तविक समस्याहरु र पापको परीक्षामा सङ्घर्ष गरिरहनु पर्ने कारण थाहा पाउन सकूँ भनी प्रार्थना गर्नुहोस्।

तपाईंले आफ्नो पापमय मानव प्रकृतिको वास्तविकता बारे सिक्नुभएको छ। बाइबलले यसैलाई प्रायः गरी देह (शरीर) भन्दछ। तपाईंले पाप गर्नुभएकोले तपाईं पापी हुनुभएको होइन। तपाईं जन्जात नै पापी हुनुभएको कारण तपाईं पाप गर्न पुग्नुहुन्छ। तपाईंको पापमय स्वभावले अझै पनि तपाईंको पार्थिव शरीरमा वास गरिरहेको हुन्छ। यो कुरा यथार्थ हो। तर तपाईंको निम्ति ख्रीष्टले गर्नुभएको बलिदानको कारण तपाईं पापको कब्जादेखि स्वतन्त्र भइसक्नुभएको छ। अब तपाईंले पाप गरिरहनु पर्दैन। तपाईंले परमेश्वरको आत्मालाई आफ्नो पुरानो स्वभावलाई नियन्त्रण गर्न दिनुको साटो पापलाई नियन्त्रण गर्नु दिनुभएमा तपाईं पाप गर्न पुग्नुहुन्छ।

- ***रोमी ७:१४ - २५ पढ्नुहोस्।*** पावललाई के गर्नुपर्दछ भन्ने कुरा थाहा भए पनि उनले गर्न नचाहेकै थोक प्रायः गर्नुपरेको निराशालाई कसरी सम्बन्धित गर्न सक्नुहुन्छ?

  ......................................................................................................................

  ......................................................................................................................

  ......................................................................................................................

- ***१७ र २० पदहरुअनुसार, के समस्या पावल आफैमा थियो कि उनको पार्थिव शरीरमा वास गरिरहेको पाप स्वभावमा थियो ?***

  ......................................................................................................................

  ......................................................................................................................

  ......................................................................................................................

- ***पद १८ अनुसार, यदि तपाईं पापमाथि विजयी हुन चाहनुहुन्छ भने, के तपाईं आफ्नो पापमय स्वभावमा त्यसको समाधान पाउनुहुन्छ त?***

  ......................................................................................................................

  ......................................................................................................................

  ......................................................................................................................

- पद २२ अनुसार, आफ्नो भित्री आत्मामा परमेश्वरको व्यवस्थाको सत्यता खोजी गर्दछु तर त्यस विरुद्धमा अर्को व्यवस्थाले लँडाइ गरिरहेको पाउँदछु भनी पावलले व्यक्त गरेका छन्। ***पद २३ र २५ अनुसार पावलले अर्को व्यवस्था भनेर केलाई सम्बोधन गरेका हुन् त ?***

  ......................................................................................................................

.......................................................................................................

.......................................................................................................

- *पद २३ अनुसार, यो व्यवस्था कहाँ वास गर्दछ ?*

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

तपाईं आफ्नो पार्थिव शरीरमा रहुञ्जेल तपाईंको पापमय स्वभावचाहिँ निरन्तर समस्या बनिरहन्छ। ख्रीष्ट येशूमा तपाईं आत्मा र प्राणमा नयाँ सृष्टि हुनुभएको छ, तर तपाईंको मानव शरीरचाहिँ बुढ्यौली हुँदैजान्छ, कमजोर बन्दैजान्छ र एक दिन क्रियाशील हुन छोडिदिन्छ। तपाईंको देहको पापमय स्वभावले तपाईंलाई परमेश्वरका दुई ओटा ठूला नियमहरुको विपरीत दिशातिर खिच्दछ। यसकारण, तपाईं पापमय स्वभावबाट स्वतन्त्र हुनु भए तापनि तपाईं अझै पाप गर्ने जोखिममा पर्न सक्नुहुन्छ।

- *याकूब१:१३ - १४ पढ्नुहोस् । के परमेश्वरले तपाईंलाई पाप गर्न परीक्षित तुल्याउनुहुन्छ ?*

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

- *यो अध्यायअनुसार, पापको परीक्षा कहाँबाट आउँदोरहेछ ?*

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

- *तपाईं परीक्षामा पर्नुभयो भने, के परिणाम हुन्छ?*

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

- *के तपाईंलाई कुनै व्यक्तिले वा कुनै कुराले पाप गर्न लगाउँदछ त ?*

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

- *१ यूहन्ना २:१५ पढ्नुहोस् । सारा हृदयले, सारा समझले र सारा प्राणले परमेश्वरलाई प्रेम गर्नु भनी येशूले दिनुभएको पहिलो ठूलो नियमसित यो कुरा कसरी सम्बन्धित हुन्छ ?*

.......................................................................................................

....................................................................................................................................

....................................................................................................................................

- ***१ यूहन्ना २:१६ पढ्नुहोस्***। तपाईं कि परमेश्वरलाई प्रेम गर्नुहुन्छ कि चाहिँ संसारको थोकलाई प्रेम गर्नुहुन्छ। ***यूहन्नाले वर्णन गरेअनुसार संसारको सारा पापलाई तीन वर्गमा विभाजन गरिएको छ । ती के के हुन् ?***

....................................................................................................................................

....................................................................................................................................

....................................................................................................................................

- ***पद १६ को आधारमा हिजोको अध्ययनमा तपाईंले उल्लेख गर्नुभएका तीन ओटा पापहरुलाई विचार गर्दाखेरि के तपाईंको परीक्षा इन्द्रियगत इच्छाहरु (शरीरका अभिलाषाहरु), भौतिक अभिलाषाहरु (आँखाको तृष्णा) वा घमण्डबाट आएको थियो सो बारे लेख्नुहोस् ।***

....................................................................................................................................

....................................................................................................................................

....................................................................................................................................

येशूले सारा बाइबलीय व्यवस्थालाई दुई महान् नियमहरुमा सारांशित गर्नुभएझैं, १ यूहन्ना २:१६ मा पनि सबै सम्भावित पापहरुलाई तीन भागमा विभाजन गरिएका छन् । ती हुन् : शरीरका अभिलाषाहरु, भौतिक अभिलाषाहरु र घमण्ड। तपाईंको जीवन नै यी सबै पापहरुको श्रोत हो। जब – जब तपाईंको पापमय स्वभावले तपाईंलाई परीक्षामा पार्न खोज्दछ, परीक्षाचाहिँ पापका यी तीन क्षेत्रहरुमध्ये कुनै एउटाबाट उत्पन्न हुँदछ। यो कुरा जान्नु नै पाप समाधानको निम्ति कदम चाल्ने र त्योदेखि भाग्ने प्रतिरक्षाको पहिलो उपाय हो।

## दिन - ३: परमेश्वरले मलाई पापसँग जुध्न सामर्थ्यवान बनाउनुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- तपाईंले पवित्र आत्माको शक्तिमा निरन्तर, झन निरन्तर हिँड्न सिक्ने क्रममा पापमाथि व्यावहारिक विजय हासिल गर्ने तरिका मलाई देखाइदिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

येशू ख्रीष्टले पापको दण्डदेखि मात्रै तपाईंलाई स्वतन्त्र गर्नुभएन, तर उहाँले तपाईंलाई पापमय मानव स्वभावको दैनिक यथार्थमाथि विजय हुने क्षमता पनि प्रदान गर्नुभएको छ। पावलले यस आन्तरिक द्धन्द्धलाई आत्मिक लडाइँ भनेका छन् र हरेक विचारलाई ख्रीष्टको आज्ञापालनमा ल्याउने विषयलाई समर्थन गरेका छन् (२ कोरिन्थी १0:३ – ६)।

- ***रोमी ८:१ पढ्नुहोस्*** । यहाँ उल्लेख गरिएको दण्डचाहिँ ***अनन्त*** दण्ड होइन जसदेखि येशूले हामीलाई

बचाउनुभयो (रोमी ५:१), तर योचाहिँ रोमी ७ अध्यायमा पावलले जुध्नुपरेको पापमय स्वभावको ***आन्तरिक*** दण्ड हो। ८:१ म उल्लेखित "त्यसकारण" र "अहिले" शब्दहरुले ७:२५ लाई इंगित गर्दछन्।

पावलले रोमी ७ अध्यायमा सङ्घर्ष गर्नुपरेझैं आत्म – ग्लानीपूर्ण भावनाहरु र निर्दिष्ट पाप सम्बन्धी परमेश्वरको आत्माले (यूहन्ना १६:८) देखाइदिनुभएका दोषहरु बीच भिन्नता थाहा पाउनु अति महत्त्वपूर्ण हुन्छ। जब परमेश्वरको आत्माले दोष प्रकट गरिदिनुहुन्छ, त्यो हर समय एकदमै स्पष्ट र निर्दिष्ट हुन्छ। त्यसपछि उहाँले त्यस पापलाई बाइबलीय तरिकाले समाधान गर्न अगुवाइ गर्नुहुन्छ। कुनै खास कारणबिना ग्लानी अनुभूति गर्नुचाहिँ तपाईंको मनको आन्तरिक लँडाइको पाटोको हो। प्रकाश १२:१० ले भन्दछ, शैतानले जहिले पनि तपाईंलाई परमेश्वरको अगाडि दोष्याउने कार्य गर्दछ। शैतानले तपाईंलाई मानसिक बन्धनद्वारा बेस्सरी कस्नको निम्ति तपाईंको स्व – आरोपित भावनादेखि नाजायज फाइदा लिन सक्छ। यदि परमेश्वरको आत्माले कुनै निर्दिष्ट पापातिर तपाईंको ध्यान खिच्नुभयो भने, आफ्नो भूल स्वीकार गर्नुहोस्, पश्चाताप (परिवर्तन) गर्नुहोस् र त्यसलाई बाइबलीय तरिकाले समाधान गर्नुहोस् (१ यूहन्ना १:९)। यदि तपाईंलाई आफूलाई घोर नैराश्य, हतोत्साह, चिन्ता र / वा डरतिर उन्मुख गराउने अस्पष्ट दोषी भावनाहरुले पिरोलिरहेका छन् भने, तिनलाई छाडिदिनुहोस् र परमेश्वरसित आफ्नो सम्बन्ध विकास गर्दै लैजानतिर ध्यानकेन्द्रित गर्नुहोस्।

- ***रोमी ८:२ पढ्नुहोस्। पावलले अध्याय ७ मा उल्लेख गरेझैं तपाईंलाई पाप र मृत्युको व्यवस्थादेखि स्वतन्त्र गराउने अर्को व्यवस्था के हो ?***

  ..................................................................................................................

  ..................................................................................................................

  ..................................................................................................................

- ***रोमी ८:३ पढ्नुहोस्।*** परमेश्वरले व्यवस्थाले गर्न नसक्ने कार्य पूरा गराउन आफ्नो पुत्रलाई पठाउनुभयो। तपाईंले नियमहरु र निर्देशनहरु पालन गर्ने कोसिस गरेर कहिल्यै पनि परमेश्वर र अरुहरुलाई प्रेम गर्न सक्नुहुन्थेन। ***ख्रीष्टमा हुनेहरुलाई अब दण्डको आज्ञा छैन, तर यस पदअनुसार को र केलाई दण्डको आज्ञा दिइएको छ?***

  ..................................................................................................................

  ..................................................................................................................

  ..................................................................................................................

- ***रोमी ८:४ पढ्नुहोस्। व्यवस्थाको धार्मिकता तपाईं कसरी पूरा गर्न सक्नुहुन्छ ? (परमेश्वरलाई प्रेम गरेर र अरुहरुलाई प्रेम गरेर)?***

  ..................................................................................................................

  ..................................................................................................................

  ..................................................................................................................

हवाइ – जहाज उपयुक्त रुपमा प्रयोग गरिएका वायुगति सिद्धान्तहरुको आधारमा उड्ने गर्दछ। गुरुत्वाकर्षणको सिद्धान्तले हवाइ – जहाजलाई निरन्तर रुपमा जमिनतिर खिचिरहेकै हुन्छ, तथापि वायुगतिको नियमले गुरुत्वाकर्षणलाई जितेझैं ख्रीष्टमा भएको जीवनको सिद्धान्तले पाप र मृत्युको व्यवस्थामाथि विजय गर्दछ। यही प्रकारको नियम ख्रीष्टमा नयाँ जीवन छ भन्नेमा पनि लागु हुन्छ र येशूले पाप र मृत्युलाई जित्दछ। परमेश्वरको योजनाअनुसार जीवन जिउनको निम्ति पवित्र आत्माद्वारा नियन्त्रित हुनुपर्दछ।

- *रोमी ८:५ – ८ पढ्नुहोस्। धर्मकर्मको लामो सूचीअनुसार जिउन भरमग्दुर प्रयास गरेर वा बलबुताले भ्याएसम्म धर्मकर्मजन्य कार्य गरेर के परमेश्वरलाई खुशी तुल्याउन संभव छ ?*

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- *रोमी ८:९ – ११ पढ्नुहोस् । परमेश्वरको आत्माको शक्तिमा जिउन के तपाईंको निम्ति संभवत छ ? किन छ ? किन छैन ?*

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- *रोमी ८:१२ – १४ पढ्नुहोस् । परमेश्वरले तपाई शरीरअनुसार चलेको चाहनुहुन्छ कि आत्माअनुसार चलेको ?*

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- *गत हप्तालाई फर्केर हेर्दा, के तपाईले आफ्नो जीवन मूलतः पवित्र आत्माको शक्तिमा वा शरीरको अधीनअनुसार जिउनुभयो? किन ? किन सक्नुभएन?*

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- *परमेश्वरको आत्माको सम्बन्धमा तपाईले सिक्नुभएको आधारमा, अर्को हप्ताचाहिँ पवित्र आत्माको शक्तिमा जिउनुले प्रमुखता पाउनेछ भनी सुनिश्चित गर्न के के कदमहरु चाल्नुहुनेछ ?*

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***रोमी ८:१५ पढ्नुहोस् ।*** परमेश्वरले तपाईंलाई धार्मिक विधिहरुको बन्धनमा जिएको र सोअनुसार जिउन असमर्थताको त्रासमा रहेको चाहनुहुन्न।
- ***परमेश्वरले तपाईंको उहाँसँग कस्तो खालको सम्बन्ध भएको चाहनुहुन्छ***

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

- ***तपाईंले उहाँलाई आफ्नो हृदयमा कसरी सम्बोधन गरेको परमेश्वर चाहनुहुन्छ?***

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

- ***के तपाईंले कहिल्यै बन्धनमा जिएको र आफ्ना साथै अरुहरुका अपेक्षाहरुअनुसार जिउन असमर्थ भएको अनुभूति गर्नुभएको छ ?***

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

- ***तपाईंले जे सिक्नुभयो सोअनुसार, तपाईंले पाउनुभएको चेताउनी के हो ? र, तपाईंले त्यस सम्बन्धमा के गर्नुपर्दछ ?***

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

## दिन - ४: मेरो विवेक र बाइबलले मलाई धेरै पापहरुदेखि जोगाउँदछ

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- परमेश्वरलाई वुद्धिमानीपूर्ण निर्णय गर्न र पापको अधीनमा पर्नदेखि जोगिन व्यावहारिक सिद्धान्तहरु मलाई देखाइदिनुहोस् भनी प्रार्थना गर्नुहोस्।

येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानले तपाईंलाई परमेश्वरको सेवा गर्न र तपाईंप्रतिको उहाँको प्रेममा आनन्दित हुन स्वतन्त्र पारेको छ। तपाईं धार्मिक विधिहरुको व्यवस्थाअनुसार जिउनु पर्दैन, तर फलाना कुरा उल्लङ्घनचाहिँ पाप हो भनी बाइबलमा स्पष्ट सत्यता प्रकाश पारिएका छन्। उदाहरणको लागि, चोर्नु, झूट बोल्नु र हत्या गर्नु पाप हो। यी पापहरुले येशूले भन्नुभएका “परमेश्वरलाई प्रेम गर्नु” र “अरुहरुलाई प्रेम गर्नु” महान् दुई

नियमहरुको सिधै उल्लङ्घन गर्दछ । जीवनमा सबै थोक एकै चोटि स्पष्ट हुँदैन । र, यही कारणले यो अध्ययनचाहिँ पापको कब्जामा पर्नदेखि जोगिनको निम्ति सही छनोट तथा निर्णयहरु गर्ने सिकाइमा केन्द्रित छ।

केही विश्वासीहरुचाहिँ पाप गर्नको निम्ति उद्यत हुन्छन् । प्रायः, तपाईं होशियार नभएकोले, अजान भएकोले वा ठीक छनोट नगरेकोले तपाईं पाप गर्न पुग्नुहुन्छ। विवेक र धर्मशास्त्रका केही सिद्धान्तहरु प्रयोग गरी पापका अधिकांश समस्याहरुदेखि तपाईं जोगिन सक्नुहुन्छ।

- ***रोमी १३:१४ पढ्नुहोस्*** । तपाईंको निम्ति समस्या बनिरहेका शारीरिक अभिलाषाहरु जगाउने थोकदेखि अलग हुनुहोस् । उदाहरणको लागि, यदि तपाईंको रक्सी पिउने समस्या छ भने, जहाँ रक्सी पाइन्छ त्यस ठाउँमा नजानुहोस् । यदि तपाईंको अश्लील पत्रपत्रिका वा सामाग्री हेर्ने बानी छ भने, टेलिभिजन, पत्र – पत्रिका, चलचित्रहरुमा देखाइने उत्तेजित फोटाहरु वा चित्रहरुदेखि आफूलाई टाढा राख्नुहोस्।

- ***तपाईंको निम्ति कस्ता इच्छाहरुले समस्या उत्पन्न गर्दछन् ?*** ती समस्याहरु खञ्चुवा बानी वा कुरा काट्ने आदत जतिकै सामान्य हुनसक्छन्।

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

- ***परीक्षादेखि जोगिन तपाईं के के ठोस कदमहरु चाल्न सक्नुहुन्छ ?***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

- ***२ कोरिन्थी ६:१४ – १८ पढ्नुहोस्***। तपाईंले अरुहरुलाई प्रेम गर्नु र विश्वास नगर्नेहरुलाई येशू ख्रीष्टको सुसमाचार सुनाउनु पर्दछ। तर जब अविश्वासीसितको साँठगाँठ मजबुत, नियन्त्रणकारी वा भ्रष्टतापूर्ण हुन्छ, त्यस बेला आफूलाई उनीहरुदेखि अलग राखेर परमेश्वरसितको आफ्नो सम्बन्धमा आश्रय लिनुहोस्।

- ***तपाईंको जीवनमा को को व्यक्तिहरु छन्, जसका कार्य वा सोचाइले तपाईंका प्रभावहरुलाई शिथिल पार्दै लगिरहेको छ ?***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

- ***नचाहिँदा कुरासित हिमचिम हुनदेखि अलग बस्न तपाईंले के के ठोस कदमहरु चाल्न सक्नुहुन्छ ?***

........................................................................................................................

........................................................................................................................

...........................................................................................................................

- *१ कोरिन्थी ६:१९ - २० पढ्नुहोस् । तपाईंको शरीरलाई हानी पुऱ्याउने आदतहरु वा अभ्यासहरु के तपाईंका जीवनमा छन् ?*

...........................................................................................................................

...........................................................................................................................

...........................................................................................................................

- *यस अध्यायअनुसार, तपाईंको शरीरलाई हानी गर्ने परित्यक्त थोकहरुलाई तपाईंले के गर्नुपर्दछ ?*

...........................................................................................................................

...........................................................................................................................

...........................................................................................................................

- ***१ कोरिन्थी ६:१२ र १०:२३ पढ्नुहोस् ।*** कहिलेकाहीं, कार्य वा स्वभाव पाप हो कि होइन भन्दा पनि त्यसले तपाईंको आत्मिक जीवनलाई फाइदा गर्छ कि गर्दैन भन्नेचाहिँ मुलभूत कुरा हो ।

- *तपाईं जीवनमा आनन्दित भएको र रमाइलो जीवन जिएको परमेश्वर चाहनुहुन्छ, तर तपाईंलाई परमेश्वर र तपाईंको मण्डलीसितको सम्बन्धदेखि टाढा लैजाने कुनै क्रियाकलापहरु छन् ?*

...........................................................................................................................

...........................................................................................................................

...........................................................................................................................

- *ती क्रियाकलापहरुको हकमा तपाईंले चाल्नुपर्ने बुद्धिमानी कदमहरु चाहिँ के के हुन सक्लान् ?*

...........................................................................................................................

...........................................................................................................................

...........................................................................................................................

- *१ कोरिन्थी ८:९ पढ्नुहोस् । ख्रीष्टमा प्राप्त स्वतन्त्रता गजबको हुन्छ, तर तपाईंलाई उदाहरणको रुपमा हेर्ने अपरिपक्व विश्वासीलाई रणभूल्ल पार्न सक्ने वा ठेसको कारण बन्न सक्ने के कुनै त्यस्तो कार्य, गतिविधि, वा सोचाइ तपाईंमा छ ?*

...........................................................................................................................

...........................................................................................................................

...........................................................................................................................

- *त्यो कार्य, वा गतिविधि वा सोचाइ के होला ? त्यसको निम्ति तपाईं के गर्नुपर्छ होला ?*

...........................................................................................................................

...........................................................................................................................

.............................................................................................................

- *१ कोरिन्थी १०:१३ पढ्नुहोस् । तपाईंलाई अद्धितीय लागेको कुनै त्यस्तो परीक्षा छ ?*

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

- *के तपाईंलाई कहिल्यै परमेश्वरले तपाईंले सहन सक्ने भन्दा बढ्ता परीक्षा मा पार्नुभएको छ?*

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

- *के तपाईंले सहनै नसक्ने गरी परमेश्वरले तपाईंलाई कुनै परीक्षामा पर्न दिनुहुन्छ त ?*

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

- *तपाईं परीक्षित हुँदाखेरि परमेश्वरले के गर्ने पनि प्रतिज्ञा गर्नुभएको छ ?*

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

येशू ख्रीष्टका कोही पनि चेला पापको दासत्वमा फर्कनुपर्ने कारण केही छैन। धर्मशास्त्रका यी अध्यायहरुबाट व्यावहारिक बुद्धि सिकाइले परमेश्वरले तपाईंलाई जुन सुन्दर जीवन जिएको चाहनुहुन्छ सोअनुसार जीवन जिउन तपाईंलाई सामर्थ्यवान तुल्याउनुहुन्छ।

## दिन - ५: मैले पापमा होइन, तर परमेश्वरमा केन्द्रित हुने निर्णय गरेको छु

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- परमेश्वरसितको दैनिक हिँडाइमा म अझै प्रगाढ र बलियो हुँदै जान सकौं भनी प्रार्थना गर्नुहोस्।

जीवनमा धेरै समस्याहरु र दुःखहरु आउँछन्। तपाईंको परमेश्वरसित सम्बन्ध जीवनको अटुट आनन्द र शान्तिको श्रोत बन्नुपर्दछ। दुर्भाग्यको कुरा, धेरै मानिसहरुमा परमेश्वरप्रति गलत धारणा रहेकाले गर्दा उनीहरु डर, कष्ट र निराशामा जिइरहेका हुन्छन् । परमेश्वरले तपाईंको निम्ति त्यस्तो जीवन चाहनुभएको ***होइन*** । पापमाथि विजयपूर्ण जीवन जिउनको निम्ति तपाईंले गर्न सक्ने एक मात्रै अति महत्त्वपूर्ण कार्य भनेको पापमाथि केन्द्रित हुनु वा त्यसदेखि भाग्नु होइन तर परमेश्वरमा केन्द्रित हुनु हो। जब तपाईं पाप गर्नुहुन्छ, बाइबलीय आधारमा

त्यसलाई समाधान गर्नुहोस् । तर यी सबैभन्दा पनि परमेश्वरसित आफ्नो सम्बन्धलाई प्रगाढ बनाउनतिर लाग्नुहोस्।

- ***१ यूहन्ना १:१ – ४ पढ्नुहोस् ।*** परमेश्वरले तपाईंलाई उहाँसित साथै अरुहरुसँग आनन्दपूर्ण सङ्गति गरेको चाहनुहुन्छ।

- ***१ यूहन्ना १:५ – ६ पढ्नुहोस् ।*** परमेश्वरसितको सम्बन्धचाहिँ उहाँसँग ज्योति (धार्मिकतामा) मा हिँड्ने कुरामा निर्भर हुन्छ। जब तपाईंले पापलाई आफ्नो जीवनमा नियन्त्रण गर्न दिनुहुन्छ, तपाईंले चाहे विश्वास गर्नुहोस् वा नगर्नुहोस् तर तपाईंको परमेश्वरसित कति पनि सम्बन्ध हुँदैन।

- ***१ यूहन्ना १:७ पढ्नुहोस्***। जब तपाईं ज्योतिमा हिँड्नुहुन्छ, तपाईंको परमेश्वरसित र अरुहरुसँग निर्बाध सङ्गति हुन्छ। कारण, ख्रीष्टको रगतले तपाईंलाई सबै पापदेखि (यहाँ प्रयोग गरिएको क्रियाचाहिँ वर्तमान अविच्छिन्न वर्तमान काल हो ) शुद्ध पारिरहेको हुन्छ।

- ***पद ७ ले ज्योतिमा हिँड्ने र अरु विश्वासीहरुसित सङ्गति गर्ने कुरालाई जोड दिन्छ कि तपाईंले सकेसम्म पापदेखि अलग हुने कार्यलाई जोड दिन्छ ?***

  ..............................................................................................................

  ..............................................................................................................

  ..............................................................................................................

- ***१ यूहन्ना १:८ पढ्नुहोस् ।*** यहाँ उल्लेखित "पाप" शब्द एकवचनमा छ र यसले तपाईंको तपाईंको पापमय स्वभावलाई औंल्याउँदछ। यस स्वभावलाई तपाईं इन्कार गर्न सक्नैहुन्न। तपाईंले पापमय स्वभावचाहिँ सधैं उपस्थित भइरहने यथार्थ रहेछ भनी जानिसक्नुभएको छ।

- ***१ यूहन्ना १:९ पढ्नुहोस् ।*** यस पदमा चाहिँ "पापहरु" भनी बहुवचनमा प्रयोग गरिएको छ। यस पदले तपाईंको पापमय स्वभावलाई अधिकार गर्न दिँदा त्यसले पार्ने व्यावहारिक असरहरुलाई इंगित गर्दछ साथै तपाईंको जीवनमा भएको पापलाई सम्बोधन गर्ने तरिका पनि सिकाउँदछ।

- पाप स्वीकार गर्नु भनेको परमेश्वरको सामु तपाईंको सत्यता उल्लंघन गर्नु पाप हो भनी मानिलिनु वा समहत हुनु हो । योचाहिँ क्षमादानको याचना होइन किनभने येशू ख्रीष्ट तपाईंको साटो मरिसक्नुभएको हुनाले तपाईंका पापहरु क्षमा भइसकेका छन्। यसको अर्थ न ता तपाईंले परमेश्वरबाहेक अरु कोही व्यक्तिहरुको सामुन्ने आफ्ना पापहरु स्वीकार गर्नु भन्ने हो। येशू ख्रीष्ट ***मात्रै*** मानिस र परमेश्वरको बीचमा मध्यस्तकर्ता हुनुहुन्छ भनी बाइबलले सिकाउँदछ (१ तिमोथी २:५)।

- ***यदि तपाईं उहाँसँग आफ्ना पापहरु स्वीकार गर्न विश्वासयोग्य हुनुभयो, उहाँ कुन – कुन दुई कुराहरु गर्न विश्वासयोग्य हुनुहुन्छ?***

........................................................................................................

........................................................................................................

........................................................................................................

- ***१ यूहन्ना २:१ पढ्नुहोस् ।*** परमेश्वर र अरुहरुसितको सङ्गतिको जीवनमा केन्द्रित हुनुहोस् अनि पापदेखि स्वतन्त्र बन्नुहोस् । यद्यपि, जब तपाईं पाप गर्नुहुन्छ, तपाईंको भूत, वर्तमान र भविष्यका सबै पापको दण्ड चुक्ता भइसकेको छ भनी प्रमाणित गर्न तपाईंको स्थानमा खडा भइदिनुहुने मध्यस्थकर्ता तपाईंसित हुनुहुन्छ। परमेश्वरसितको आफ्नो हिँडाइ र अरु विश्वासीहरुसितको सङ्गतिलाई ध्यान दिनुहोस् । र, तपाईंको जीवन आनन्दको जीवन बन्नेछ । तपाईंको आफ्नो पापमय स्वभावको कारणले तपाईं बेलाबखतमा पाप गर्न पुग्नुहुन्छ । जब परमेश्वरको आत्माले तपाईंको जीवनमा भएका पापहरु झल्काइदिनुहुन्छ, ती पापहरुलाई तुरुन्तै यसरी सम्बोधन गरिहाल्नुहोस् :
  - तपाईंले जे गर्नुभएको छ वा जे गर्न चुक्नुभएको छ सो कार्यचाहिँ तपाईको सत्यताको उल्लङ्घन भनी मानिलिँदै जुनै पनि पापहरु सम्बन्धी परमेश्वरको सामु स्वीकार गर्नुहोस् । त्यसपछि तपाईंसितको सम्बन्ध वा अरु विश्वासीहरुसितको बिग्रेको सम्बन्ध पुनर्स्थापित गर्न चाहन्छु भनी परमेश्वरलाई भन्नुहोस् ।
  - यदि तपाईंको पापले अरुलाई पनि असर पारेको छ भने, त्यसलाई समाधान गर्न तयार भइहाल्नुहोस् । यसको अर्थ ऊसित क्षमा माग्नुपर्ने वा सम्बन्ध सुधार सम्बन्धी कुनै कार्य गरिहाल्नु पर्ने हुनसक्ला ।
  - तपाईंको निम्ति येशू ख्रीष्टले बगाउनुभएको रगतले क्षमादान र तपाईंको जीवनको निरन्तर पाप धुवाइलाई संभव तुल्याउँदछ ।
  - तपाईंले जहाँदेखि जीवनको हिँडाइलाई छोड्नुभयो, विगतका कुरालाई पन्छाउँदै त्यहींदेखि जीवनको हिँडाइलाई निरन्तरता दिनुहोस् (फिलिप्पी ३:१३ – १४) ।
  - चिन्ता गरेर शक्ति खर्च गर्नुभन्दा सबै समस्याहरु परमेश्वरमा बिसाउनुहोस्, अनि परमेश्वरसितको सम्बन्धमा आफूलाई स्थापित गर्ने कुराहरुमाथि आफ्ना सोचविचार केन्द्रित गर्नुहोस् (फिलिप्पी ४:६ – ८) ।
- ***तपाईंसितको सम्बन्धलाई असर पार्ने मेरो जीवनमा केही पाप छन् कि भनेर परमेश्वरसित अहिले नै बिन्ती गर्नुहोस् । केही समय शान्त रहनुहोस् र उहाँको आत्मालाई आफूसित बोल्न दिनुहोस् । यदि तपाईंको जीवनमा समाधान गरिहाल्नुपर्ने कुनै पाप रहेछन् भने, तपाईंले भर्खरै सिक्नुभएको ढाँचाअनुसार तुरुन्तै आफ्नो भूल स्वीकार गरिहाल्नुहोस् ।***

***नोटहरु: अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु***

........................................................................................................

........................................................................................................

# पाठ १४ समस्याहरू : परिपक्वताको निम्ति मेरो स्वर्गीय पथ

***म अहिले येशू ख्रीष्टको चेला भइसकेको छु । मसित अझै पनि किन यी समस्याहरु छन् ?***

***कण्ठस्थ पदः १ पत्रुस ४:१२ - १३***

***यस हप्ताको प्रमुख विचार : मेरो विश्वासलाई परिपक्व तुल्याउन र अरुहरुकहाँ सेवकाइ पुऱ्याउन मलाई अवसर दिनको निम्ति परमेश्वरले मेरो जीवनमा समस्याहरु तथा कठिनाइहरु आउन दिनुहुन्छ ।***

येशू ख्रीष्टको चेलाको हैंसियतमा, समस्याहरुचाहिँ असल मित्र बन्न सक्छन्। कारण, तपाईंको व्यक्तित्वलाई रुपान्तरित गर्ने प्रक्रियामा बाइबलीय सत्यताहरुका व्यावहारिक औचित्य सिकाउनको खातिर परमेश्वरले ती समस्या वा कठिनाइहरु प्रयोग गर्नुहुन्छ। पापमय मानव स्वभाव अति व्याप्त भएको यस संसारमा भलाइ उत्पन्न गर्नको निम्ति परमेश्वरले समस्याहरुलाई उपयोग गर्नुहुन्छ !

कतिपय समस्याहरुचाहिँ तपाईंले गर्नुभएको पापले र तपाईंले जीवनमा गर्नुभएको गलत निर्णयले उत्पन्न हुन्छन् । यस्ता किसिमका समस्याहरु अनावश्यक हुन् । र, यिनले तपाईंलाई आफ्नो मुक्तिदाता र प्रभुको स्वरुपमा बढ्दै जाने कार्यमा बाधा मात्रै उत्पन्न गर्दछन्।

यद्यपि, कहिलेकाहीं अति डरलाग्दा र विनाशकारी समस्याहरु आइदिन्छन् । त्यस बेला विश्वासीहरुले पनि परमेश्वरले कसरी यस्ता विपतिहरु हुन दिनुभएको होला भनी तीनछक्क पर्छन् । यी सबैमा न त तपाईंको जीवनको अनुभवले वा बाइबलले तपाईंले चाहे जस्तो उ१र दिन्छ। तपाईंले चाहनुभएका सबै प्रश्नहरुको उत्तर न ता तपाईंका जीवन अनुभवहरुले दिन्छन् न बाइबलले नै दिन्छ। परमेश्वरले महाकष्टहरु र विपद्हरुलाई मेरो जीवनमा उहाँको उद्देश्य पूरा गर्न कसरी प्रयोग गर्नुहुँदोरहेछ भनी थाहा पाउनु नै तपाईंले त्यस बेला गर्न ***सक्ने*** कार्य हो। यस संसारको पापद्वारा प्रदुषित वातावरणले उत्पन्न गरेका दुःखकष्टहरु र विकराल समस्याहरुप्रति प्रत्युत्तर जनाउने तरिका यस पाठमा अध्ययन गर्नेछौं।

## दिन - १ः परमेश्वरले मलाई कहिल्यै पनि समस्या - मुक्त जीवनको प्रतिज्ञा गर्नुभएको छैन

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- मेरो जीवनमा आएका मेरा सामर्थ्य बाहिरका समस्याहरुलाई लिनुहोस् र मेरो जीवनलाई तपाईंको स्वरुपमा निर्माण गर्न ती समस्याहरुलाई प्रयोग गर्नुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

परमेश्वरले तिमीले समस्या ***भोग्नेछौ*** भनी प्रतिज्ञा गर्नुभएको छ। येशू ख्रीष्टका चेलाहरुले वा विश्वासीहरुले पनि यस संसारको हरेक मानिसले झैं उही समसयहरु भोग्नुपर्दछ। परमेश्वरमा विश्वासै नगर्ने व्यक्तिहरुले पनि समस्याहरुले कि त मानिसलाई उत्तम बनाउँछ कि त उसलाई तीतो बनाउँछ भनी कहिलेकाहीं पाठ सिकेको पाइन्छ। समस्याहरुसित जुध्ने प्रक्रियामा परमेश्वरसित सहकार्य गर्न सिक्ने व्यक्तिमा आत्मिक बृद्धि हुन्छ भनेर विचार गर्नुहोस् !

- ***२ तिमोथी ३:९ - ११ पढ्नुहोस्।*** पावलको जीवन बाइबलीय व्यवहारको नमूना थियो, तापनि उनले कठिन परिस्थितिहरु भोग्नुपर्‍यो। ***पावलका ती कष्टहरु र कठिन परिस्थितिहरुमा परमेश्वरले कस्तो जवाफ दिनुभयो ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***२ तिमोथी ३:१२ - १३ पढ्नुहोस्।*** यो यस्तो प्रतिज्ञा हो, तपाईंलाई मानिसहरुले गलत बुझ्नेछन्, यहाँसम्म कि ख्रीष्टमा विश्वास नगर्नेहरुले त तपाईंलाई आक्रमण पनि गर्नेछन्। र, दुःखकष्ट कम हुँदै जानुभन्दा पनि झन बढ्दै जानेछ।
- ***२ तिमोथी ३:१४ - १७ पढ्नुहोस् । जब तपाईं येशू ख्रीष्टका चेला वा विश्वासी हुनुभएको कारणले मात्रै मानिसहरुले तपाईंलाई खेदो गर्दछन् भने, त्यति बेला यी पदहरुले कहाँ ध्यान केन्द्रित गर्न तपाईंलाई निर्देशन दिँदछन् ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***यूहन्ना १६:३३ पढ्नुहोस् ।*** तिमीहरुले यस जीवनमा सङ्कष्टहरु भोग्नुपर्ने छ भनी येशूले पनि प्रतिज्ञा गर्नुभएको छ। ***उहाँले तपाईंसित साथमा के भएको चाहनुभयो ? र, तपाईंले त्यो कुरा किन पाउन सक्नुहुन्छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***प्रेरित १४:२१ - २२ र १ थिस्सलोनिकी ३:१ - ४ पढ्नुहोस् ।***
- तपाईंको जीवनमा वा तपाईंको घनिष्ठ प्रियजनमा घटेको एकदमै नमीठो घटना के हो ? र, त्यसले तपाईंलाई कस्तो अनुभूति गरायो ?

  ..........................................................................................................

..........................................................................................................

..........................................................................................................

- *तपाईंको विचारमा के यो कष्ट परमेश्वरको निम्ति अचम्म थियो त ?*

..........................................................................................................

..........................................................................................................

- *भजनसङ्ग्रह ११९:७१ पढ्नुहोस् । कष्ट भोग्नु मेरो भलाइकै खातिर थियो भनी के तपाईं इमान्दारीपूर्वक भन्न सक्नुहुन्छ ?*

..........................................................................................................

..........................................................................................................

- *भजनसङ्ग्रह ११९:७१ को आधारमा, दुःखकष्टका घडीहरुमा "मलाई किन" वा "मलाई किन होइन" जस्ता अभिव्यक्ति प्रकट गर्नु उत्तम होला ?*

..........................................................................................................

- *रोमी ८:२८ पढ्नुहोस् ।* यो प्रतिज्ञाचाहिँ सबै थोक ठीकठाक हुनेछ भनी गरिएको प्रतिज्ञा होइन, यो त तपाईंको जीवनमा उहाँको उद्देश्य पूरा गर्नको खातिर परमेश्वरले सबै थोक (असल वा खराब) मा भलाइ उत्पन्न गराउन उहाँलाई प्रेम गर्नेहरुका निम्ति गरिएको प्रतिज्ञा हो।

यस संसारमा जे जति घटनाहरु घट्छन्, ती सबै रमेश्वरकै अनुमतिद्वारा नै भएका हुन्छन् किनकि उहाँ परमेश्वर हुनुहुन्छ। उहाँभन्दा माथि कोही पनि छैन। तर, उहाँले सबै थोक आफ्नो इच्छाद्वारा नै घट्न दिनुभएको भन्न खोजिएको होइन। परमेश्वरले मानिसलाई आफ्नो इच्छाअनुसार रोज्ने सामर्थ्य दिनुभयो साथै पाप गर्ने वा नगर्ने भन्ने पनि स्वतन्त्रता पनि प्रदान गर्नुभयो। परमेश्वरले मानिसलाई पाप गर्न लगाउनु भएन वा बाध्य पार्नुभएन। परमेश्वरले आफ्नो सृष्टिलाई तुरुन्तै विनाश गर्नुको साटो प्रेमपूर्वक मानिसको पापको सजाय चुक्ता गरिदिनुभयो र उहाँमाथि विश्वास गर्नेहरु सबैलाई धैर्यपूर्वक अनन्त जीवन दिइरहनुभएको छ। मानिसको पापका परिणामहरु प्रायःश पीडामय नै हुन्छन् : बिमार, रोग,हत्या, युद्ध, बलात्कार, दूरव्यवहार, आदि – आदि। यस्ता कष्टहरुका बीचमा पनि तपाईंलाई आफ्नो प्रेम देखाउन, आफ्नो स्वरुपमा निर्माण गर्न र आफ्ना उद्देश्यहरु पूरा गर्नको खातिर तपाईंको जीवनमा आइपरेका परिस्थितिहरुलाई प्रयोग गर्न परमेश्वरको प्रेम सक्षम हुन्छ।

## दिन - २: समस्याहरू मलाई परिवर्तन गर्ने परमेश्वरका औजार हुन्

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- मलाई मेरा सोचविचार, कार्यशैली र चरित्रमा येशू ख्रीष्टजस्तै बन्नमा तपाईंले यी समस्याहरुलाई कसरी प्रयोग गर्नुहुन्छ सो कुरा बुझ्न मलाई सहायता गर्नुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

परमेश्वरले समस्याहरु र दुःखहरु सिर्जना गरिरहनु पर्दैन; उहाँले त पापपूर्ण संसारका स्वाभाविक प्रतिफलहरुलाई लिनुहुन्छ र तपाईंलाई महत्त्वपूर्ण पाठ सिकाउन, तपाईंलाई रुपान्तरण गर्न र तपाईंको जीवनमा उहाँका उद्देश्यहरु पूरा गर्न तिनलाई प्रयोग गर्नुहुन्छ।

- ***रोमी ५:३ - ५ पढ्नुहोस् । पावलका अनुसार, महासङ्कष्ट, समस्या वा कष्टप्रति तपाईंको प्रतिक्रिया के हुनुपर्दछ ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- परमेश्वरले तपाईंलाई वेदनादेखि निर्धक्क आशातिर कसरी अगाडि बढेको चाहनुहुन्छ सो कुरा पावलले यी पदहरुमा देखाएका छन्। ***समस्यादेखि आशामा फड्को मार्ने यस प्रक्रिया बीचमा दुई ओटा मध्यवर्ती खुड्किलाहरु के के हुन् ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***याकूब१:२ - ४ पढ्नुहोस् । याकूबका अनुसार, कष्टहरु आउँदा तपाईंको प्रतिक्रिया के हुनुपर्दछ ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***यस अध्यायको आधारमा, तपाईंलाई परिपक्व तुल्याउनको निम्ति परमेश्वरले तपाईंको जीवनमा कष्टहरुलाई कसरी प्रयोग गर्नुहुँदोरहेछ सो वर्णन गर्नुहोस् ।*** (बाइबलमा प्रयोग गरिएको "सिद्ध" शब्दको अर्थ चाहिँ पापरहित वा त्रुटिरहित भन्ने हुँदैन, बरु यसले परिपक्व वा पूर्ण भन्ने बुझाउँछ )।

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***१ पत्रुस ४:१२ - १३ पढ्नुहोस् । के तपाई यी कष्टहरुदेखि चकित हुनुपर्दोरहेछ त ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***पत्रुसका अनुसार, तपाईंले कसरी कष्टहरुप्रति कसरी प्रत्युत्तर दिनुपर्दोरहेछ ? र, किन ?***

  ..........................................................................................................

..................................................................................................................

..................................................................................................................

- ***१ पत्रुस ४:१४ – १५ पढ्नुहोस् । तपाईं प्रभुको चेला भएको कारणले गलत बुझाइ, दूर्व्यवहार वा सतावट अनुभव गर्नु र आफ्नै पाप वा जिम्मेवारी पूरा नगरेको कारणले उत्पन्न कष्ट बीच के भिन्नता पाउनुहुन्छ सो वर्णन गर्नुहोस् ।***

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

तपाईंले आफ्ना दुःख – कष्टहरुमा आनन्द कटनी गर्नुपर्दछ वा कष्टको घडीमा रमाउनुपर्दछ भनी शिक्षा दिने साझा भावना यी अनुच्छेदहरुभरि पाइन्छ। केवल दुःख – कष्टको निम्ति दुःख – कष्टमा न ता आनन्द मनाउनु, न तपाईंले कहिलेकाहीं अनुभव गर्ने चोट वा पीडालाई केहीजस्तो नठान्नु भन्न खोजिएको हो । तपाईंले प्राप्त गर्न सक्नुहुने आनन्दचाहिँ परमेश्वरले डरलाग्दा परिस्थितिहरुलाई कसरी नियन्त्रण गर्नुहुन्छ अनि तपाईंलाई अझै बलियो, अझै प्रगाढ र तपाईंको मुक्तिदाता प्रभु येशू ख्रीष्टजस्तै सोच र चरित्रमा निर्माण हुनलाई ती परिस्थितिलाई कसरी प्रयोग गर्नुहुन्छ भन्ने कुरामा केन्द्रित भएर प्राप्त हुँदछ।

- ***अहिले तपाईंको जीवनमा सबैभन्दा ठूलो कष्ट के छ? तपाईंले आफ्नो आँखाले देख्न नसके पनि परमेश्वरमा भरोसा गरी त्यसप्रति आनन्द मनाउने कुरामा तपाईं आफ्नो प्रतिक्रियालाई कसरी चित्रण गर्नुहुन्छ ?***

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

- ***परमेश्वरले तपाईंको जीवनमा कष्टहरुलाई प्रयोग गरिरहनुभएको कुरा के तपाईं सक्नुहुन्छ ? कसरी त ?*** सायद, तपाईं यस समयमा सकारात्मक कुरा देख्न असमर्थ हुनुभएको होला । यदि त्यसो हो भने, इमान्दारीपूर्वक उत्तर दिनुहोस्। )

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

कहिलेकाहीं दुःखदायी र चोटपूर्ण कुराहरु जीवनमा आइपर्दछन् तर तिनका सबै जबाफहरु कहिल्यै पाउन सकिन्न होला । यस्ता अवस्थाहरुमा तपाईंले हर परिस्थितिमा धन्यवाद चढाउनुपर्दछ भनी १ थिस्सलोनिकी ५:१८ मा आज्ञा निर्देशन दिइएको छ। हर कुराको लागि धन्यवाद चढाओ भन्न खोजिएको होइन तर तपाईंले के वा किन भन्ने कुरा पूर्ण रुपमा बुझ्न नसकेको बखतमा पनि धन्यवाद दिनुपर्ने हरेक थोकमा धन्यवाद चढाउनु

पर्छ भन्न खोजिएको हो। परमेश्वरले मेरा दुःख, पीडा तथा सङ्कष्टलाई लिएर आफ्ना उद्देश्यहरु हासिल गर्न तिनलाई प्रयोग गर्दैहुनुहुन्छ भनी तपाईंले उहाँमाथि भरोसा गर्नुभएको कारणले धन्यवाद ज्ञापनचाहिँ विश्वास र आराधनाको प्रदर्शन हो (रोमी ८:२८)।

## दिन - ३: विनम्रता मेरा समस्याहरूप्रतिको उत्तम प्रतिक्रिया हो

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- बाइबलीय विनम्रता र यसको व्यावहारिक औचित्यको अर्थ बुझ्न सकौं भनी प्रार्थना गर्नुहोस्।

विनम्रताचाहिँ जीवनकै उच्च सद्गुण हो। येशूले भन्नुभयो : जसले आफूलाई होच्याउँछ, त्यो अग्ल्याइनेछ (लूका १४:११)। विनम्र हुनु भनेको कमजोर हुनु होइन। घमण्ड भनेको पापी मानव स्वभावको जड हो भन्ने कुरा तपाईंले सिकिसक्नुभएको छ। बाइबलीय विनम्रताचाहिँ परमेश्वरमाथिको पूर्ण निर्भरता हो। कारण, तपाईंले आफ्नो सम्पूर्ण सामर्थ्य परमेश्वरको अधीनमा सुम्पिसक्नुभएको छ। विनम्रताको विपरीत चरित्रचाहिँ घमण्ड हो। घमण्ड आफैमाथि पूर्ण भरोसा र तल्लीन हुने चरित्र हो।

- ***१ पत्रुस ५:१ – ६ पढ्नुहोस् । पत्रुसले मण्डलीका अगुवाहरुलाई घमण्डका कार्यहरु र सेवकाइको स्वार्थ विरुद्ध चेतावनी दिएका छन् । बरु, घमण्ड र स्वार्थ हुनुका साटो के कुरा धारण गर्नुपर्छ भनी ५ पदमा पत्रुसले निर्देशन दिएका छन् ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***पद ६ अनुसार, जब तपाईं आफैलाई विनम्र तुल्याउनुहुन्छ, त्यस बेला तपाईं कोप्रति समर्पित भइरहनुभएको हुन्छ वा तपाईंले के समर्पण गरिरहनुभएको हुन्छ ? फलस्वरुप, तपाईं के अपेक्षा राख्न सक्नुहुन्छ ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***यही अध्यायअनुसार, परमेश्वरले कसलाई अनुग्रह प्रदान गर्नुहुन्छ ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***याकूब ४:६ – ८ पढ्नुहोस्***। अनुग्रह प्रदान गर्नुहुने परमेश्वर साथै विनम्र हुनु र परमेश्वरमा समर्पण गर्नु

बीचको अन्तर सम्बन्ध बारे पत्रुसमा उल्लेखित उही सत्यता विचार गर्नुहोस्।

- ***याकूब ४:१० पढ्नुहोस्***। परमेश्वरलाई विनम्रलाई उचाल्नुहुन्छ भन्ने उही प्रतिज्ञालाई ध्यान दिनुहोस्।
- ***तपाईले आफ्नो जीवनमा घमण्डसित सङ्घर्ष गरिरहनु परेका तीन ओटा विशेष क्षेत्रहरु वा तरिकाहरु के के हुन् लेख्नुहोस् ।***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

- ***यी हरेक स्थितिमा बाइबलीय विनम्रतामा कसरी प्रत्युत्तर दिन सक्नुहुन्छ ?***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

"दीनता" शब्द बाइबलमा विनम्रता शब्दको निकट सम्बन्धित शब्द हो। यसले आफ्नो सामर्थ्य परमेश्वरमा सुम्पेको व्यक्तिको नम्रतालाई जोड दिन्छ। मोशाचाहिँ आफ्नो युगका सबैभन्दा नम्र व्यक्ति थिए भनी उल्लेख गरिएको पाइन्छ (गन्ती १२:३)। मोशाका केही पनि कमजोर पक्षहरु थिएनन्। मत्ती ११:२९ मा येशूले आफैलाई एउटा नम्र (दीन) र विनम्र (विनित) व्यक्तिको रुपमा उल्लेख गर्नुभयो। येशूमा दुर्बल पक्ष केही पनि थिएन। दुर्बल हुनुको त कुरै छाडौं, तपाईंले आफ्नो नियन्त्रण बाहिरका जटिल परिस्थितिहरु अनुभव गर्दा लगायत अप्ठ्यारा व्यक्तिहरुसित व्यवहार गर्दाको बखतमा विन्रता तपाईंको सबैभन्दा सबल पक्ष हो। यस सत्यताको सर्वोत्तम उदाहरण नै हाम्रो प्रभु येशू ख्रीष्ट स्वयम् हुनुहुन्छ।

- ***फिलिप्पी २:५ - ११ पढ्नुहोस् । ८ पदअनुसार, क्रूसको मृत्यु सामना गर्नुपर्दा येशूले के गर्नुभयो ?***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

- ***पद ६ र ७ ध्यान दिएर पढ्नुहोस् । अनि, घमण्ड र नम्रता बीचको सम्बन्ध बारे यी पदहरुदेखि तपाईं के सिक्न सक्नुहुन्छ सो बारे वर्णन गर्नुहोस् ।***

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

- ***पद ५ अनुसार, ख्रीष्टको उदाहरणबाट तपाईंले के सिक्नुपर्दछ ?***

........................................................................................................................

........................................................................................................................

..............................................................................................................

- *१ पत्रुस ५:६, लूका १४:११ र याकूब ४:१० पदहरुसँग पद ९कसरी सम्बन्धित छ ?*

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- *तपाईंले कुनै व्यक्तिसित भएको भर्खरैको द्वन्द्वमा देखाउनुभएको प्रतिक्रियाचाहिँ घमण्डको नजीक थियो कि विनम्रताको नजीक थियो ?*

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- *तपाईंको वास्तविक प्रतिक्रिया जेसुकै भए पनि, यस परिस्थितिमा विनम्रता र परमेश्वरमाथिको भरोसा कसरी लागू गर्न सक्नुहुन्छ ?*

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- तपाईंले आफ्नो काबुभन्दा बाहिरको परिस्थितिको कारणले सबैभन्दा पछिल्लो समयमा अनुभव गर्नुपरेको चोट, दुःख वा असहजपन कहिले हो ? (बिरामी, आर्थिक घाटा, अपराधको शिकार, आदि)।

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

- *तपाईंले जस्तोसुकै प्रतिक्रिया दिनुभएको भए पनि, यस परिस्थितिमा बाइबलीय विनम्रतामा कसरी प्रतिक्रिया जनाउन सक्नुहुन्छ ?*

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

## दिन - ४: मेरा सबै समस्याभन्दा अगाडि परमेश्वर जानुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- साँचो विनम्रताको पथमा येशू ख्रीष्टका पाइलाहरु पछ्याउन मलाई सबल बनाउनुहोस् भनी प्रार्थना गर्नुहोस्।

परमेश्वरले कहिल्यै पनि तपाईंलाई उहाँले अनुभूत नगर्नुभएको कष्ट र परिस्थिति भोग्न लगाउनुहुन्न। तपाईंले कहिल्यै पनि सबै प्रश्नहरुको जबाफ पाउनु हुन्नहोला वा परिस्थितिका कारणहरु बुझ्न नपाउनुहोला, तर म तिमीलाई कहिल्यै छोड्ने छैनँ वा त्याग्ने छैनँ भनी परमेश्वरले गर्नुभएको प्रतिज्ञाचाहिँ तपाईंसित निश्चित रुपमा छ (हिब्रू १३:५)।

- ***हिब्रू ४:१४ – १६ पढ्नुहोस् । तपाईंझैं येशू ख्रीष्ट पनि हर परिस्थितिमा परीक्षित हुनुभए तापनि उहाँ र तपाईं बीचको भिन्नता के हो ?***

  ......................................................................................................................

  ......................................................................................................................

  ......................................................................................................................

- ***यस अध्यायअनुसार, आवश्यकताको समयमा तपाईंको निम्ति सहायता स्वरुप जरुरत पर्ने कुरा चाहिँ के हो?***

  ......................................................................................................................

  ......................................................................................................................

  ......................................................................................................................

- ***अघिल्लो अध्ययनअनुसार, परमेश्वरको अनुग्रह प्राप्त गर्न तपाईंलाई के जरुरत पर्दछ ?***

  ......................................................................................................................

  ......................................................................................................................

  ......................................................................................................................

यस अध्यायले तपाईंलाई साँचो विनम्रताको बारेमा सिकाउँदछ। यद्यपि, तपाईंलाई परमेश्वरको सिंहासनअघि दृढ विश्वासहित साहसपूर्वक आउन आह्वान गरिएको छ। यो विन्रमताचाहिँ अधिकांश मानिसहरुले सोचेको विनम्रताभन्दा ज्यादै फरक छ। साँचो विनम्रताले कुनै पनि परिस्थिति जतिसुकै जटिल भए पनि जीवनमा आइपर्ने जुनसुकै परिस्थिति सामना गर्ने साँचो आत्मबल उत्पन्न गर्दछ।

- ***१ पत्रुस २:१९ – २१ पढ्नुहोस् । ख्रीष्टले भोग्नुभएको दुःख – कष्ट तपाईंको निम्ति उदाहरण हो । र, तपाईंले उहाँका पाइलाहरु पछ्याएको परमेश्वर अपेक्षा राख्नुहुन्छ ।***
- ***१ पत्रुस २:२२ – २३ पढ्नुहोस् । जब ख्रीष्टले क्रूसतिर डोऱ्याउने कष्ट र निन्दा सहनुभयो, के उहाँको***

***मनमा प्रतिशोधको भावना थियो त ?***

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

- ***उहाँले के गर्नुभयो, र तपाईंले विनम्रता बारेमा जे सिकिरहनुभएको छ सोसित विनम्रतालाई कसरी जोड्नुहुन्छ ?***

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

- ***हिब्रू २:९ – १० पढ्नुहोस्।*** यस अध्यायमा येशू ख्रीष्टको मानवीय स्वभावलाई हाम्रो विनम्रताको नमूनाको रुपमा जोड दिएको छ। उहाँ परमेश्वर र मानिस दुवै हुनुहुन्थ्यो। ख्रीष्टको मानवीय स्वभावलाई कष्टद्वारा सिद्ध बनाइयो,वा पूर्ण पारियो। स्मरण रहोस्, बाइबलमा प्रयोग गरिएको "सिद्ध" शब्दको अर्थ परिपक्व र पूर्ण भन्ने हुन्छ। यसको आशय येशू ख्रीष्टमा पापमय स्वभाव थियो वा उहाँ परमेश्वरभन्दा तल्लो स्तरमा हुनुहुन्थ्यो भन्ने होइन। उहाँलाई त्यस कष्टले मात्रै पूर्ण मानवको रुपमा परिपक्व तुल्यायो भन्न खोजिएको हो।
- ***हिब्रू २:११ – १८ पढ्नुहोस् ।*** परमेश्वर मानव देहमा हुनुभएकोले येशू ख्रीष्ट तपाईंको दुःखसुख बुझ्न र तपाईंलाई मानव दुःखद्वारा विजयको मार्गमा डोऱ्याउन सक्षम हुनुहुन्छ । तपाईंका सबै दुःख – कष्टहरुमा तपाईंलाई साथ दिन र सहायता गर्न उहाँ तपाईंकहाँ आउन सक्षम हुनुहुन्छ।

प्रभु ख्रीष्टले तपाईंको स्थानमा जे भोग्नुभयो तपाईंले त्योभन्दा बढी पीडादायी वा निराशाजनक अवस्था अनुभव गर्नुपर्ने केही छैन। यसको अर्थ तपाईंको जीवनमा वा तपाईंका प्रिय जनहरुका जीवनमा जे – जे आइपरे पनि तपाईंले भोग्नुपरेको खराब परिस्थितिभन्दा परमेश्वरले झनै खराब परिस्थिति अघिनै भोगिसक्नुभएको छ। यसकारण, यदि तपाईं साँचो विनम्रतामा उहाँको चरणमा आउनुहुन्छ र मेरो कठिनाइको घडीमा उहाँले आफ्नो उद्देश्य पूरा गर्नुहुनेछ भनी उहाँमा भरोसा राख्नुहुन्छ भने तपाईंलाई सान्त्वना प्रदान गर्न र सामर्थ्य दिन उहाँ सक्नुहुन्छ।

## दिन - ५: मेरा समस्याहरूमा अरूलाई पनि सान्त्वना मिल्दछ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- आफ्नो जीवनका जुनसुकै कष्टहरुलाई अरुहरुको फाइदाको खातिर प्रयोग गर्ने तरिका देखाइदिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

तपाईंको निम्ति येशू ख्रीष्ट जसरी विनम्रताको उदाहरण हुनुहुन्छ, तपाईंलाई नेतृत्व र उदाहरणको रुपमा हेर्ने व्यक्तिहरुका निम्ति तपाईं पनि त्यसरी नै उदाहरण हुनुहुन्छ। यो आत्मिक बृद्धिको अर्को तह हो। तपाईंका समस्याहरुलाई आत्मिक रुपमा बढ्नको निम्ति अवसरहरुमा रुपान्तरण गर्न परमेश्वरलाई मौका दिन सिक्नु पहिलो तह हो। तर अझ धेरै कुरा छ। मेरो जीवनमा जे – जे घटना घटे पनि त्यसमा ईश्वरीय योजना छ भनी बुझ्ने कुरामा तपाईं परिपक्व हुँदैजानु आवश्यक हुन्छ। दुःखकष्टका क्षणहरुमा तपाईंले प्रदर्शन गर्नुभएको विश्वास र विनम्रतालाई परमेश्वरले तपाईंजस्तै दुःखकष्ट वा समस्याहरु भोगिरहेका व्यक्तिहरुका निम्ति उदाहरण र हौसलाको रुपमा प्रयोग गर्न चाहनुहुन्छ।

- ***२ कोरिन्थी १:३ – ४ पढ्नुहोस्। यस अध्यायअनुसार, परमेश्वरले तपाईंका कष्ट र दुःखलाई कसरी प्रयोग गर्न चाहनुहुन्छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***२ कोरिन्थी १:५ – ११ पढ्नुहोस्। पावले आफ्ना केही कष्टहरु बारे वर्णन गरेका छन्। उनले ती कष्टहरु हुनुको उद्देश्यलाई कसरी लिए ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

- ***१ थिस्सलोनिकी ५:९ – ११ पढ्नुहोस्। जब तपाईंले कष्ट भोग्नुभएको हुन्छ, त्यस बेला तपाईंले अरुलाई सेवा पुऱ्याउन सक्ने दुई तरिकाहरु के के हुन् ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***आफ्नो जीवनको कुनै दुःखकष्टको समयलाई विचार गर्नुहोस्। परमेश्वरले त्यसलाई अरुहरुको फाइदाको निम्ति कसरी प्रयोग गर्नुभएको छ वा प्रयोग गर्न सक्नुहुन्छ सो बारे उदाहरण दिनुहोस्।*** उदाहरणको लागि, कोही व्यक्तिहरु बिमारले साह्रै थलिएका तर चंगाइ भइकसेपछि यस्तै किसिमका स्थितिहरुबाट गुज्रिरहेका मानिसहरुका निम्ति सेवा समूहमा सहभागी भएका हुन सक्छन्।

  ..........................................................................................................

  ..........................................................................................................

**समग्रमा हेर्दा : सङ्कष्ट तथा दुःखकष्ट**

१.यो सङ्कष्ट मेरो पाप, लापारवाही वा गलत निर्णयले गर्दा आएको होइन भनी निश्चित हुनुहोस्। यदि त्यसो हो भने, यसलाइए बाइबलीय तरिकाले समाधान गर्नुहोस्। यदि सङ्कष्टचाहिँ तपाईंको नियन्त्रणबाहिरको

परिस्थितिहरुको कारणले आएको हो भने, परमेश्वरले आफ्नो उद्देश्य पूरा गर्नको निम्ति यी सबैलाई भलाइमा परिणत गराउनुहुनेछ भनी विश्वाससहित सबै थोकमा परमेश्वरलाई धन्यवाद दिनुहोस्।

२. स्व – रुचि, प्रतिशोध,आत्म – दया, र तीक्तता सबै रित्याएर सङ्कष्टप्रति विनम्रतामा प्रतिक्रिया जनाउनुहोस्। तपाईंले सबै जबाफहरु पाए पनि नपाए पनि वा त्यसका कारणहरु थाहा नपाउनुभए पनि आफूलाई परमेश्वरको बाहुलीमा सुम्पिदिनुहोस् र यस परिस्थितिमार्फत उहाँले पूरा गर्न चाहनुभएको कार्यमा सहभागी बन्नुहोस्। तपाईंको परिस्थितिमा जोडिएका व्यक्तिप्रति विनम्रतामा प्रतिक्रिया जनाउनुहोस्। कसैलाई दोष नदिनुहोस्।

३. परमेश्वरले तपाईंको चरित्र,सोचाइ, कार्य वा व्यक्तित्व परिवर्तन गर्नको निम्ति उहाँले प्रयोग गर्न चाहनुभएको कुनै पनि परिस्थितिप्रति खुला हुनुहोस्।

४. दरकारको समयमा सहायताको निम्ति अनुग्रह प्राप्त गर्न उहाँको अनुग्रहको सिंहासनअघि साहसपूर्वक आउन परमेश्वरको नजीक आउनुहोस्।

५.तपाईंजस्तै दुःखकष्ट भोगिरहेका मानिसहरुलाई सान्त्वना दिन वा शिक्षा दिन परमेश्वरले तपाईंको परिस्थितिलाई कसरी चलाउनु लाग्नुभएको छ सो बारे संवेदनशील हुनुहोस्।

- ***अय्यूब १३:१५ पढ्नुहोस् ।*** एकै दिनमा अय्यूबले आफ्ना सबै श्रोतहरु, छोराछोरीहरु, र आफ्नो स्वास्थ्य पनि गुमाउनुपर्‍यो। यो पदचाहिँ उनको प्रतिक्रिया हो।
- ***के तपाईं साँच्चै अय्यूबसँगै आफ्नो स्वर मिलाउन सक्नुहुनछ? तपाईंले आफ्नो जीवनमा जे घटिरहेको छ वा त्यसका कारणहरु बुझ्न नसकेको अवस्थामा, वा त्यस परिस्थितिमा परमेश्वरको बाहुली तपाईंले देख्न नसकेको घडीमा, वा परमेश्वरले मेरो पुकार सुनिरहनुभएको छैन झैं लागेको बखतमा के तपाईं परमेश्वरमा भरोसा गर्न तत्पर हुनुहुन्छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................
- ***के तपाईंको जीवनमा कुनै यस्ता सङ्कष्ट वा चोटहरु छन्, जसमा माथि उल्लेखित बाइबलीय प्रतिक्रियाका सिद्दान्तहरुलाई तपाईंले लागू गर्न आवश्यक छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

***नोटहरुः अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु***

..........................................................................................................

..........................................................................................................

# पाठ १५ मानिस : मेरो वरिपरिको द्वन्द्व समाधान गर्नु

***मैले मेरो जीवनमा समस्या भएको मानिसहरुलाई कसरी रेखदेख गर्ने ?***

***कण्ठस्थ पदः प्रेरित २४ः१६***

***यस हप्ताको प्रमुख विचार : परमेश्वरले मलाई प्रेम गर्नुभई क्षमा दिनुभएझैं अरुहरुलाई प्रेम गर्नु र क्षमा दिनुले धेरै ओटा द्वन्द्वहरु समाधान गर्न र अन्य झमेलाहरुदेखि बञ्चित गराउन सक्छ ।***

येशू खीष्टको चेला भएको हैंसियतमा तपाईंले द्वन्द्वलाई लडाइँको रुपमा लिनु हुँदैन, बरु अरुहरुलाई परमेश्वरको प्रेम देखाउने अवरको रुपमा लिनुपर्दछ । कतिपय व्यक्तिहरुका जीवनका चुनौतीपूर्ण क्षणहरु व्यक्तिगत द्वन्द्वसित गाँसिएका हुन्छन्, तर त्यस्ता जटिल परिस्थितिहरुलाई सामना गर्ने व्यावहारिक सल्लाह बाइबलभरि पाइन्छ । सामान्यतः समस्याहरुमा यस्तो अवस्था आउने हुँदा मानव द्वन्द्व अपरिहार्य हुन्छ । तर यदि तपाईं बाइबलका बुद्धिमानी निर्देशन पालन गर्न सिक्नुहुन्छ भने, तपाईं दयनीय बन्नुपर्दैन, वा तपाईंले अरुहरुलाई आफूमाथि नियन्त्रण गर्न दिनुपर्दैन ।

यस अध्ययनले तपाईंलाई मानव सम्बन्धका धेरै खालका समस्याहरु हल गर्न निर्देशन दिने आधारभूत बाइबलीय सत्यताद्वारा सुसज्जित पार्नेछ । समाधान गर्नै नसकिने द्वन्द्वलाई पनि परमेश्वरको उद्देश्य पूरा हुनमा योगदान पुग्न सक्ने गरी व्यवस्थापन गर्न सकिन्छ । तपाईंका समस्याहरु चाहे खीष्टका अन्य चेलाहरु वा विश्वासीहरुबाट आएका हुन्, वा गैर–विश्वासीहरुबाट वा तपाईंका आफ्नै आफन्तहरुदेखि आएका हुन्, परमेश्वरले ती सबै जटिल परिस्थितिहरुमा आफ्नो प्रेम,सत्यता, र अनुग्रह लागू गर्ने सिद्धान्तहरु तपाईंलाई सिकाउन चाहनुहुन्छ ।

## दिन–१ : बाइबलले मानवीय द्वन्द्वसित सामना गर्न मलाई सुसज्जित पार्दछ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस् ।
- मेरो जीवनमा दबिएर बसेको कुनै क्रोध छ कि देखाइदिनुहोस् अनि यसबाट स्वतन्त्र हुनको निम्ति यसलाई ठीकसित सामना गर्न मलाई सिकाउनुहोस् भनी प्रार्थना गर्नुहोस् ।

कोही तपाईसँग रिसाएको होला वा तपाई अरुसँग रिसाउनु भएको होला, बाइबलले मानव सम्बन्धमा उत्पन्न समस्याहरुलाई सम्बोधन गर्न बाइबलले निर्दिष्ट तरिकाहरु प्रस्तुत गरेको छ । यदि तपाईंले संबद्ध भएका सबैलाई असहज तुल्याउने जटिल मानव सम्बन्धको जालोभित्र आफू रहेको पाउनुहुन्छ भने, तपाईंलाई मार्गनिर्देशन गर्ने बाइबलीय सिद्धान्तहरु छन् ।

- ***मत्ती ५ः२१–२६ पढ्नुहोस् ।*** यो अध्याय येशू र उहाँका चेलाहरु जिएका हिब्रू संस्कृतिका तत्त्वहरुले

भरिएको छ। धेरै बाइबल अनुवादहरुमा "***राका***" शब्दलाई अनुवाद गरिएको छैन। राकाको अर्थ व्यक्तिको बौद्धिकतालाई अपमान गर्नु भन्ने हुन्थ्यो।

- ○ रीस एउटा गंभीर समस्या हो। ५:२२
- ○ हृदयले गरिने हत्या हातले गरिने हत्या बराबर हुन्छ। ५:२१–२२
- ○ व्यक्तिहरु बीचको रीसलाई ठीकसित र तुरुन्तै समाधान गरिएन भने परमेश्वरसितको सङ्गतिमा आँच आउँदछ। ५:२३–२६
- ○ रीसलाई समाधान गर्न असफल भएमा गंम्भीर परिणाम निम्ताउँछ। ५:२१–२६

- ***एफिसी पढ्नुहोस् : ४:२६–२७ पढ्नुहोस्***। स्मरण रहोस् रीस आफैमा पाप होइन। रीसलाई ठीक प्रकारले सुल्झाइएन र त्यसलाई झन् जटिल भावनात्मक, मानसिक र आत्मिक समस्याहरुको उचाइमा पुग्न दिइयो भने त्यस बेला रीस पाप बन्दछ। रीसको श्रोतको रुपमा रहेको व्यक्ति वा परिस्थितिलाई बाइबलीय तरिकाले र चाँडोभन्दा चाँडो सम्बोधन गर्न रीसले तपाईंलाई अभिप्रेरित गरेको हुनुपर्दछ।
- रीसलाई सही किसिमले र यथाशिघ्र समाधान गर्न असफल हुनु भनेको गंभीर आत्मिक समस्याहरु निम्त्याउनु हो भने शैतानिक प्रभावहरु (गतिविधिहरु) को निम्ति पनि ढोका खोलिदिनु हो भनी पद २७ ले औंल्याउँदछ।
- ***हितोपदेश २५:८–१० पढ्नुहोस् ।*** रीसले तपाईंलाई कहिल्यै पनि समस्यालाई आफ्नो मुट्ठीमा लिन अभिप्रेरित गर्नुहुँदैन। जब तपाईं द्वन्द्वलाई आक्रोशमा प्रत्युत्तर दिन कोसिस गर्नुहुन्छ, तपाईंले पापपूर्ण तरिकाले प्रत्युत्तर दिइरहनुभएको हुन्छ। अनि, त्यसपछि तपाईंले थाम्न नसक्ने गरी परिस्थिति ह्वात्तै झन चर्किएर जानेछ। बरु, तपाईंको जोससँग मनमुटाव छ, ऊकहाँ व्यक्तिगत रुपमा जानुहोस् र एकआपसभित्रै समाधान गर्ने प्रयास गर्नुहोस्। दुई बीचमै समस्यालाई सीमित राख्नुहोस्।
- ***तपाईंसित रिसाएको व्यक्ति कोही छ त ? त्यो व्यक्ति को हो ? किन रिसाएको हो ?***

  ..........................................................................................................

  ..........................................................................................................
- ***रीस उठाउन तपाईंले गर्नुभएको कार्य केही छ कि ? त्यसो हो भने, त्यो व्यक्तिकहाँ जानुहोस् र जे समस्या हो त्यसलाई विनम्रतापूर्वक समाधान गर्ने प्रयास गर्नुहोस् ।*** अर्को व्यक्तिले दिने प्रत्युत्तरचाहिँ तपाईंको नियन्त्रण बाहिरको कुरा हो, तर त्यस समस्यालाई समाधान गर्न हरसंभव प्रयास गरेको छु भनी जान्न सक्ने क्षमताचाहिँ तपाईंमा निश्चित रुपमा छ।

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................
- ***के तपाईंसित आफ्नो रीस नियन्त्रण गर्न नसक्ने समस्या छ ?*** ......................................

- ***तपाईंलाई चिनेजानेका व्यक्तिहरुलाई तपाईंमा रीस नियन्त्रण गर्न नसक्ने समस्या छ भनी थाहा छ ?***

  ..................................................................................................................

  ..................................................................................................................

रीसको अर्थ आवेश नै हो भन्नु जरुरी छैन। रीस भनेको तपाईंको मष्तिस्क र हृदयमा मौजुद धुँवाजस्तो क्रोध व द्धेष हुनसक्छ। सबै रीस देखिने गरी बाहिर प्रकट हुँदैनन्। बाह्य रुपमा आक्रोश देखाउनुको साटो, तपाईंले कसैलाई सहयोग वा समर्थन गर्न इन्कार गरेर, अलिक खरो टिप्पणी गरेर, वा अप्रत्यक्ष रुपमा बद्ला लिन चाहेर आक्रोश देखाइरहनुभएको हुनसक्छ। त्यसकारण, तपाईंले आफ्नो आक्रोश स्वीकार गर्न तयार हुनुअघि नै तपाईंलाई चिन्नेजान्नेहरुले तपाईंमा आक्रोसको समस्या छ भनी प्रायः थाहा पाइहाल्दछन्।

## दिन -२: मानिससितको समस्या सम्बोधन गर्न बाइबलले मलाई सुसज्जित पार्दछ

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- सित बाइबलीय तरिकाले व्यवहार गर्न मलाई मार्गनिर्देशन गर्नुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

समस्या समाधान गर्न तपाईंले भरमग्दुर प्रयास गर्नुभएको हुन्छ तर दोस्रो व्यक्तिचाहिँ समाधानको निम्ति तत्पर छैन भने के हुन्छ होला ? कहिलेकाहीं, जेसुकै कारण भए पनि समस्या मात्रै निम्त्याइरहने “समस्यापूर्ण मानिस” पनि हुन्छन्। त्यस्ता परिस्थितिहरुमा तपाईंलाई मार्गनिर्देशन गर्ने बाइबलीय सिद्धान्तहरु मौजुद छन्।

- ***मत्ती १८:१५-१७ पढ्नुहोस्।*** यस अध्यायले मण्डलीमा भएको अर्को व्यक्तिको तपाईंविरुद्धको पापलाई सम्बोधन गर्दछ। योचाहिँ व्यक्तित्व टकराव वा वैचारिक मतभेदको विषयमा होइन, तर गंभीर प्रकृतिको गल्ती हुँदा चालिनुपर्ने कदमहरु हुन्।

  ..................................................................................................................

  ..................................................................................................................

- ***यस अध्यायअनुसार, के तपाईंले त्यो व्यक्ति मकहाँ आओस् भनी पर्खनुपर्दछ कि तपाईंचाहिँ त्यो व्यक्तिकहाँ जानुपर्दछ ?***

  ..................................................................................................................

  ..................................................................................................................

- ***के तपाईंले समस्या बारे अरु मानिसहरुसित कुरा गर्नुपर्दछ ? कि तपाईंले सम्बन्धित व्यक्तिलाई पहिला व्यक्तिगत रुपमा भेट्नुपर्दछ ?***

..............................................................................................................

..............................................................................................................

- ***यदि तपाईं त्यस व्यक्तिसित समझदारीमा आउन सक्नुभएन भने, मण्डलीका दुई वा तीन जना परिपक्व विश्वासहरुको सहायता लिनुहोस् ।*** तपाईंको दृष्टिकोण ठीक छ भन्ने पक्का गरेपछि उनीहरु तपाईंसित सम्बन्धित अर्को व्यक्तिकहाँ जानेछन्।

..............................................................................................................

..............................................................................................................

- ***त्यस मानिसले तपाईंहरुका सबै कुरा सुनेपछि पनि मिलापमा आउँदैन भने, त्यस विषयमा भावी कदम चाल्ने जिम्मा मण्डलीका अगुवाहरुलाई सुम्पिदिनुहोस् ।***

..............................................................................................................

..............................................................................................................

- ***यस बिन्दुमा पनि यदि त्यो व्यक्ति असहयोगी नै बनिरहन्छ भने, त्यस व्यक्तिसित गैर-विश्वासीझैं व्यहवार गर्नु भनी पद १७ मा उल्लेख गरिएको छ ।***

..............................................................................................................

..............................................................................................................

- ***रोमी १६:१७ पद पढ्नुहोस् । के तपाईंले तपाईंसित अनौठो शिक्षा सम्बन्धी निरन्तर रुपमा वहस गर्न खोज्ने वा विभाजन ल्याउने किसिमले अमिल्दो व्यहवार गर्ने व्यक्तिलाई जबाफ दिन वा विश्वस्त तुल्याउन कोसिस गर्नुपर्दछ त ?***

..............................................................................................................

..............................................................................................................

- ***यस पदअनुसार तपाईंले यस्तो परिस्थितिमा के गर्नुपर्दछ ?***

..............................................................................................................

..............................................................................................................

- ***तीतस ३:९ पढ्नुहोस् ।*** मण्डलीहरु कहिलेकाहीं धर्मशास्त्र सम्बन्धी आफ्नै सोचविचार राख्न र धर्मशास्त्रलाई टेढमेढो बनाउन रमाउने मान्छेहरुलाई आकर्षण गर्न पुग्दछन्। त्यस्ता मानिसहरु अरुहरुलाई विश्वस्त दिलाउन माहिर हुन्छन्।
- ***यस पदअनुसार, यस्ता मानिसहरुसँग छलफलमा प्रवेश गर्नुको महत्त्व के छ ?***

..............................................................................................................

..............................................................................................................

- ***तीतस ३:१० पढ्नुहोस् । विभाजनकारी (झूटो शिक्षक ) व्यक्तिलाई जनाइने उचित प्रतिक्रिया के हो ?***

तपाईंले मत्ती १८:१५-१७ मा जे सिक्नुभयो सोसित यस निर्देशनको तुलना गर्नुहोस्।

........................................................................................................................

........................................................................................................................

- ***तीतस ३:११ पढ्नुहोस् । विवाद गर्ने मान्छेको वास्तविक समस्या के हो ?***

........................................................................................................................

........................................................................................................................

यस बिन्दुसम्म मण्डलीभित्रका द्धन्द्वहरु बारेमा केन्द्रित भएका छौं। तर, तपाईंका धेरैजसो समस्याहरु मण्डली बाहिरबाट आउँदछन्। त्यसकारण, तपाईंले तिनलाई पनि बाइबलीय तरिकाले नै सम्बोधन गर्नुपर्दछ।

- ***रोमी १२:१८-२१ पढ्नुहोस् ।*** सबै कुरा तपाईंमा निर्भर नहुने भएकोले कतिपय अवस्थामा सबैसित शान्तिमा रहनु असंभव हुन्छ।
- ***यो खण्डअनुसार, तपाईंले शान्तिमा बस्न जतिसुकै प्रयास गरे पनि अरुहरु शान्तिपूर्वक बस्न चाहँदैनन भने तपाईंले चाल्नुपर्ने निर्दिष्ट कदमहरु के के हुन् ?***

........................................................................................................................

........................................................................................................................

- ***मत्ती ५:४३-४४ पढ्नुहोस् ।*** येशूले भन्नु भएका यी वचनहरु रोमी १२:१८-२१ सँग तुलना गर्नुहोस्।
- ***रोमी १३:१-१० पढ्नुहोस् ।*** सरकारी अधिकारीहरु समाजमा सुशासन कायम गर्ने परमेश्वरको शक्तिको अतिरिक्त निकाय हुन्। जब द्धन्द्वहरु व्यक्तिगत रुपमा वा मण्डलीमा समाधान गर्न सकिन्न, त्यस बेला तपाईंको सुरक्षाको निम्ति परमेश्वरले राखिदिनुभएको नागरिक कानूनको सहारा लिनु पर्दा नमीठो महसुस नगर्नुहोस्।

*(**महत्वपूर्ण** कुरा : दुर्व्यवहार गर्ने व्यक्ति विश्वासी नै भए पनि उसले बाइबलीय सत्यताअनुसार प्रत्युत्तर दिन इन्कार गर्दछ भने, त्यस अवस्थामा पनि यो कुरा लागू हुन्छ। मत्ती १८:१५-१७ मा उल्लेखित निर्देशनहरु परिपालन गरिसकेपछि पनि समस्या समाधान नभएमा प्रशासनिक निकायकहाँ जानुहोस्।)*

- ***मण्डलीभन्दा बाहिरको को मानिस (कार्यालय, विद्यालय, परिवार, चिनेजानेका) तपाईंको निम्ति ठूलो चुनौतीको रुपमा छ ?***

........................................................................................................................

........................................................................................................................

- ***माथिका खण्डहरुअनुसार, त्यो मानिससँग व्यवहार गर्दा तपाईंले अप्नाउनुपर्ने उत्तम मार्ग के हो ? उत्तर लेख्दा निर्दिष्ट हुनुहोस् ।***

........................................................................................................................

........................................................................................................................

त्यस परिस्थितिमा सहायता पुऱ्याउन वा समाधान गर्न तपाईंले जे–जे गर्नुभए पनि कतिपय व्यक्तिहरु समस्याकै पोका हुन्छन्। तपाईंले धर्मशास्त्रमा दिइएका निर्देशन पालन गरेर त्यस व्यक्तिसितको समस्यालाई सम्बोधन गर्न भरमग्दुर प्रयास गरेको छु भनी तपाईंलाई पक्का भइसकेपछि परमेश्‍वरकहाँ सिधै जानुहोस् र त्यस व्यक्तिको हृदयमा परमेश्‍वरले नै काम गर्नुभएको होस् भनी प्रार्थना गर्नुहोस्। तपाईंले आफ्ना सोच–विचारहरुलाई रक्षा गर्नु र ती विचारहरुलाई ख्रीष्टका विचारझैं तुल्याउन सुनिश्‍चित गर्नुबाहेक तपाईंले अरु केही गर्न सक्नुहुन्न।

## दिन–३ : छाड्नुपर्ने कतिपय द्वन्द्व ममा निर्भर हुन्छ

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्‍वरलाई बिन्ती गर्नुहोस्।
- परमेश्‍वरले मलाई मेरा शब्दहरुलाई अझै राम्ररी लेखाजोखा गर्न र अरुहरुलाई निर्माण गर्न साथै उत्साह दिन ती शब्दहरुलाई सकारात्मक रुपमा प्रयोग गर्न मलाई सिकाउनुभएको होस् भनी प्रार्थना गर्नुहोस्।

समस्या समाधान गर्न कोसिस गर्नुभन्दा समस्या रोकथाम गर्नु सधैं उत्तम हुन्छ। अधिकांश व्यक्तिगत द्वन्द्वहरुदेखि अलग हुन तपाईंलाई शिक्षा प्रदान गर्ने बाइबलमा थुप्रै बुद्धि र व्यावहारिक परामर्श उपलब्ध छन्।

- ***प्रेरित २४:१६ पढ्नुहोस् ।*** पावलले आफ्नो विवेकलाई शुद्ध पार्नको निम्ति परमेश्‍वर वा मानिससितको कुनै पनि समस्यालाई तुरुन्तै समाधान गरिहाल्थे। कुनै पनि द्वन्द्वलाई बाइबलीय रुपमा र छिटोभन्दा छिटो सम्बोधन गर्ने यस उदाहरण अबलम्वन गरी तपाईं तीक्तता र असमझदारीदेखि अलग हुनसक्नुहुन्छ। यदि समाधान गर्नै नसकिने द्वन्द्व छ भने, त्यो तपाईंको लापारवाही, गैरजिम्मेवारी वा असफलताको कारणले होइन भन्ने कुरामा निश्‍चित हुनुहोस्।

आफ्ना शब्दहरुमा होसियार हुन सिक्नु, बकबासमा संलग्न नहुनु र बकबास बोल्नेलाई जबाफदेही तुल्याउनु नै द्वन्द्वदेखि सफलतापूर्वक जोगिने, त्यसलाई समाधान गर्ने र समस्या चुलिनदेखि अलग हुने महत्त्वपूर्ण कुञ्जी हो।

- ***हितोपदेश ११:१३ पढ्नुहोस् ।*** अरुको कुरा काट्ने मानिस कुरौटे हो। ***तपाईंलाई चिनेजानेका व्यक्तिहरुले के तपाईंलाई कुरौटे भनी सोच्दछन् ? वा तपाईंलाई भरोसा राख्न सकिने र कुरा नफैलाउने व्यक्तिको रुपमा सोच्दछन् ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***पछिल्लो समयमा तपाईंले अरु कसैलाई बताउनुभएको गोप्य कुरा कहिले थियो ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***तपाईंले त्यस सम्बन्धी के गर्नुभयो ? तपाईंले के गर्नुपर्दथ्यो ?***

..................................................................................................................

..................................................................................................................

- ***हितोपदेश २०:१९ पढ्नुहोस् । हमेसा कुरा मात्रै काटिरहने व्यक्तिसित व्यवहार गर्ने तपाईंको निम्ति उत्तम तरिका के हो ?***

..................................................................................................................

..................................................................................................................

- ***हितोपदेश २६:२०-२२ पढ्नुहोस् ।*** कुरा काट्नु भनेको विवाद, कलह र हरेक थरिको व्यक्तिगत द्धन्द्धको कारक तत्त्व हो।
- ***हितोपदेश २२:२४-२५ पढ्नुहोस् । प्रत्यक्ष रुपमै क्रुद्ध र नमीठो स्वभावको मानिससित आमना-सामना भएमा तपाईंले के गर्नुपर्छ ?***

..................................................................................................................

..................................................................................................................

- ***एफिसी ४:२२-२४ पढ्नुहोस्।*** तपाईंको सोच्ने तरिकामा नवीकरणको खाँचो छ भन्ने कुरा पावलले प्रकाश पारेका छन्।
- ***एफिसी ४:२५ पढ्नुहोस्।*** सोचाइ सही छ भन्ने कुरा सत्य बोलाइमा देखिन्छ। यस कुराले तपाईंले बोल्नुअघि सोच्ने र अन्य मानिसहरुसितका द्धन्द्धहरुदेखि अलग हुने परामर्शको निम्ति बाइबलीय समर्थन प्रदान गर्दछ।
- ***एफिसी ४:१५ पढ्नुहोस् ।*** आफ्नो मनमा जे छ त्यसलाई ओकल्नुभन्दा पनि सत्यतापूर्वक बोल्नुचाहिँ धेरै महत्त्वपूर्ण कुरा हो।
- ***कसैले तपाईंसित चिरपरिचित मित्रको बारेमा केही समयअघि कुरा काटेको छ । के तपाईं सो कुरा चुपचाप सुनिरहनुहुन्छ ? वा तपाईं प्रेममा सत्य बोल्नुहुन्छ ?***

..................................................................................................................

..................................................................................................................

- ***कुरौटे मान्छेलाई रोक्न, उसलाई जबाफदेही तुल्याउन र तपाईंले सिकिरहनुभएको धर्मशास्त्रीय सत्यताको भावनालाई सम्मान गर्न तपाईं के भन्नुहुन्छ ?***

..................................................................................................................

..................................................................................................................

- ***हितोपदेश १०: १९, १७:२७-२८ र २१:२३ पढ्नुहोस् । यी खण्डहरुको साझा विषय-वस्तु के हो ?***

..................................................................................................................

..................................................................................................................

- ***सबैभन्दा पछिल्लो समयमा तपाईंले साह्रै कुरा काटेको र समस्या उत्पन्न गरेको समय कहिले थियो ?***

 ..............................................................................................................

 ..............................................................................................................

- ***भविष्यमा यस्ता समस्याहरुदेखि अलग हरन कस्ता कदमहरु चाल्न सक्नुहुन्छ ?***

 ..............................................................................................................

 ..............................................................................................................

- ***एफिसी ४:२९ पढ्नुहोस्।*** मानिसहरुलाई खसाल्नुको साटो उनीहरुलाई निर्माण गर्नको खातिर तपाईंका आफ्ना शब्दहरु प्रयोग गर्नलाई तपाईंले उद्देश्यपूर्ण प्रयत्न गर्नु आवश्यक छ भनी यस पदले सिकाउँदछ।
- ***तपाईंले यो हप्ता कसैलाई निर्माण गर्न तथा हौसला दिनका निम्ति आफ्ना शब्दहरुलाई प्रयोग गर्ने तरिका बारे एउटा ठोस उदाहरण के हो ?***

 ..............................................................................................................

 ..............................................................................................................

## दिन–४ : परमेश्वरले मलाई क्षमा दिने व्यक्ति बनेको चाहनुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- मेरो हृदयमा कुनै तीतोपन छ भने देखाइदिनुहोस् र त्यसलाई बाइबलीय आधारमा समाधान गर्न मलाई सिकाउनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

क्षमाको शक्ति जीवनका ठूला शक्तिहरुमध्ये एउटा ठूलो शक्ति हो। येशू ख्रीष्टका हरेक चेलाले व्यक्तिगत रुपमा परमेश्वरको क्षमाको शक्ति अनुभव गरेका छन्। परमेश्वरको स्वरुपमा आत्मिक रुपमा बढ्नको निम्ति तपाईंले आफूलाई क्षमाशील व्यक्तिको रुपमा निर्माण हुनलाई परमेश्वरमा सुम्पिदिनु आवश्यक हुन्छ।

- ***एफिसी ४:३१-३१ र कलस्सी ३:१२-१३ पढ्नुहोस्।*** स्मरण रहोस्, यी दुवै खण्डहरुमा परमेश्वरले तपाईंलाई बिनाशर्त क्षमा दिनुभएझैं तपाईंले पनि अरुहरुलाई क्षमा दिनुपर्दछ।
- ***मत्ती ६:१२ पढ्नुहोस्।*** यसभन्दा अगाडि तपाईंले यस खण्डदेखि प्रार्थनाका सिद्धान्तहरु बारेमा सिक्नुभयो। तपाईंले अरुहरुलाई जसरी क्षमा दिनुभएको छ, त्यसरी नै आफूलाई पनि क्षमा दिन परमेश्वरसित बिन्ती गर्न सिक्नुभएको छ।
- ***यदि तपाईं अरुहरुलाई क्षमा दिन तत्पर हुनुहुन्न भने परमेश्वरसितको तपाईंको हिँडाइमा कस्तो प्रभाव पर्ला भनी तपाईं सोच्नुहुन्छ ?***

 ..............................................................................................................

 ..............................................................................................................

तपाईंले परमेश्वरको क्षमादानको शक्ति मात्रै अनुभव गर्नुभएको हुँदैन, तर तपाईंले अरुहरुलाई क्षमा दिनुहुँदा क्षमाको अद्‌भूत शक्ति पनि अनुभव गर्नुहुनेछ। जब तपाईंले तीक्तता र रिसलाई आफ्नो जीवनमा स्थायी स्थान दिनुहुन्छ, तपाईं आक्रोशको केन्द्रबिन्दु बनेका व्यक्तिहरुको भावनात्मक दास बन्नुहुनेछ। ईर्ष्याजस्ता कुराबाट पनि तपाईंको रीस उत्पन्न हुने उच्च संभावना हुन्छ। यस विषयमा अरु मानिस एकदमै अनभिज्ञ हुन्छन् भने तपाईंमा आक्रोश जन्माउन उनीहरुले केही गरेका हुँदैनन्। क्षमादान भनेको अर्को व्यक्तिले क्षमा मागोस् वा नमागोस् वा क्षमा लेओस् वा नलेओस् तर तपाईंलाई क्रोध र तीक्ततादेखि छुटकारा दिने तपाईंको ऐच्छिक कार्य हो।

- ***हिब्रू १२:१४-१७ पढ्नुहोस्***। आफ्नो भाइ याकूबविरुद्धको तीक्तताले एसाबलाई नियन्त्रण गर्‍यो। याकूबले एसाबलाई आफ्नो जन्मअधिकार बेच्न मूर्ख निर्णय गरायो। यो तीक्तताले एसाबलाई आफ्नो बाँकी जीवनमा प्रभाव पारिरहयो।
- ***यस अध्यायले तपाईंको जीवनमा उम्रनको लागि तीतोपनले जरा नहालोस् र तपाईंलाई दुषित नतुल्याओस् भनी तपाईंलाई सचेत गराउँदछ । बरु, पद १४ अनुसार तपाईंले के गर्नुपर्दछ ?***

  ..........................................................................................................................

  ..........................................................................................................................
- ***याकूब ३:१०-१२ पढ्नुहोस् । के तपाईं एकै समयमा अरुहरुलाई आशिष दिन र उनीहरुप्रति नराम्रो बन्न सक्नुहुन्छ?***

  ..........................................................................................................................

  ..........................................................................................................................
- ***याकूब ३:१३-१६ पढ्नुहोस् । ईर्ष्या, तीतोपना, झगडा, डाह, घमण्ड र यस्तै अरु थोकहरु कहाँबाट आउँदछन् ?***

  ..........................................................................................................................

  ..........................................................................................................................
- ***याकूब ३:१७-१८ पढ्नुहोस्*** । जब परमेश्वरको बुद्धिले तपाईंको जीवनलाई मार्गनिर्देशन गर्दछ र धर्मी जीवन जिवाइको फल फलाउँदछ, परमेश्वरले तपाईंलाई तीतो व्यक्तिबाट असल मेलमिलाप ल्याउने व्यक्तिको रुपमा रुपान्तरण गर्न सक्नुहुन्छ।
- ***कलस्सी ३:१९ पढ्नुहोस्*** । सायद, तपाईंले आफ्नो परिवार बाहिरका मानिसहरुसित भेट हुँदा मिजासिलो वा भद्र व्यवहार तर आफ्नो श्रीमती वा श्रीमान (बाबुआमा, छोराछोरी) प्रतिचाहिँ अभद्र, टर्रो व्यवहार देखाउनहुन्छ होला। यस्तो यथार्थप्रति आँखा नचिम्लनुहोस्।
- ***के तपाईंको जीवनमा अझै पनि तपाईंलाई रीस उठिरहेको कोही व्यक्ति छ ? वा तपाईंको जीवनमा तपाईंलाई मन नपरेको वा उसको विरुद्धमा तीतोपन पालेर राख्नुभएको व्यक्ति कोही छ ? नाम***

***लेख्नुहोस् ।*** मैले के सहकर्मी, मण्डलीको कोही व्यक्ति, परिवार सदस्य, वा आमाबाबु वा श्रीमान वा श्रीमतीविरुद्ध रीस दबाएर राखिरहेको छु कि भनेर प्रार्थनासहित मनन गर्नुहोस्।

.....................................................................................................................

.....................................................................................................................

- ***यदि अरु कसैलाई तपाईंको तीतोपना र रीसको बारेमा थाहा छ भने, मैले यी कुरा क्षमा दिइसकेको छु भनी उनीहरुलाई थाहा दिनुहोस् । यदि उनीहरुमा तपाईंसित मन दुखाउको जायज कारण छ भने, उनीहरुसित क्षमा माग्नुहोस् ।*** सायद, यो कुरा तपाईंले हृदयमै लुकाएर राख्नुभएको होला वा अर्को व्यक्ति मरिसकेको होला। जे भए तापनि, उनीहरुलाई अहिले नै क्षमा दिने तपाईंको स्वेच्छा अभ्यास गर्नु र तीक्तताको भावनात्मक बन्धनदेखि छुटकारा पाउनुमा अद्‌भूत तागत मिल्दछ।

*कसैलाई क्षमा दिनु भनेको विगतमा घटेको घटनालाई बेवास्ता गर्नु भनेको होइन। यसको अर्थ तपाईंले त्यस व्यक्तिलाई स्वतः विश्वास गरिहाल्नुपर्छ वा विगतमा केही पनि भएको थिएन झैं गरी बहाना गर्नु भन्ने पनि होइन। क्षमा दिनु भनेको अर्को व्यक्ति विरुद्धको रीस र तीक्तताको बन्धनदेखि मुक्त हुनु हो र अबदेखि उसो उनीहरु विरुद्धमा केही पनि रीस—राग छैन भनी देखाउनु हो। तपाईंले जुनसुकै खालको सुधार वा मिलापलाई स्थान दिनुपर्दछ र आफ्नो आत्म-बल अभिवृद्धि गर्ने अवसर लिनुपर्दछ। तर, क्षमा दिंदाखेरि तपाईंले बुद्धिमानी साथ आफ्ना आँखाहरु खुल्ला राख्नुपर्ने हुन्छ।*

- ***मत्ती १८:२१-२२ पढ्नुहोस् ।*** आफ्नो प्रतिपक्षीलाई सात पटकसम्म क्षमा दिनमा आफू एकदमै कृपालु छु भनी पत्रुसले सोचेका थिए। "सत्तरी गुणा सात पल्ट" सम्म भन्ने अभिव्यक्ति दिंदै येशूले क्षमादानचाहिँ शर्तरहित र असीमित हुनुपर्दछ भनी जबाफ दिनुभयो। सिधा अर्थमा भन्नुपर्दा, दिनमा ४७० पटक प्रतिपक्षीलाई क्षमा दिनुपर्दछ भन्ने हुन्छ। तर, क्षमादानचाहिँ शर्तरहितको हुनुपर्दछ र अर्को व्यक्तिले सही कार्य गरोस् वा नगरोस् त्यसमा निर्भर हुनुहुँदैन भन्ने कुरा सिकाउनको निम्ति येशूले त्यस्तो अभिव्यक्ति प्रयोग गर्नुभएको हो।
- ***परमेश्वरले त्यही पापहरुको खातिर तपाईंलाई कति पटकसम्म क्षमा दिनु भएको छ ?*** उहाँ तपाईंका कमजोरीहरु एकदमै जान्नु हुन्छ र पनि उहाँले तपाईंलाई प्रेम गरिरहनुहुन्छ, क्षमा दिइरहनुहुन्छ। जे भए पनि, तपाईं आफ्ना पापहरुका व्यावहारिक परिणामहरुसित चाहिँ जुध्नै पर्दछ,भोग्नैपर्दछ।

.....................................................................................................................

.....................................................................................................................

- ***उपर्युक्त खण्डहरुका आधारमा, येशू ख्रीष्टको चेला भएका हैसियतमा यदि हामी पनि उहाँजस्तै बन्न चाहन्छौं भने, हाम्रा विरुद्धमा भूल गर्ने व्यक्तिहरुप्रति हामीले कस्तो किसिमको प्रतिक्रिया जनाउनुपर्छ ?***

.....................................................................................................................

.....................................................................................................................

## दिन-५ : परमेश्वरले मलाई प्रेमिलो व्यक्ति बनेको चाहनुहुन्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- अरुहरुलाई तपाईंकै दृष्टिकोणले हेर्न मलाई सक्षम बनाउनुहोस् र उनीहरुप्रति तपाईंको प्रेमको माध्यम बन्न मलाई प्रयोग गर्नुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

तपाईंले अघिल्लो पाठमा परमेश्वरका दुई ओटा ठूला नियमहरु बारे अध्ययन गर्नुभयो, ती थिए : "परमेश्वरलाई प्रेम गर्नु" र "अरुहरुलाई प्रेम गर्नु"। क्षमा दिने व्यक्ति हुनुमा जसरी तागत रहन्छ, प्रेम गर्ने व्यक्ति हुनुमा पनि त्यस्तै तागत हुन्छ। परमेश्वरको स्वरुपमा प्रेमिलो व्यक्ति बन्नुले धेरै थरिका मानव द्धन्द्धहरुदेखि जोगिन र तिनलाई समाधान गर्न दुवैमा सहायता गर्दछ।

- ***फिलिप्पी २:१-४ पढ्नुहोस् ।*** बाइबलीय प्रेमचाहिँ आफूमाभन्दा अरुहरुका आवश्यकतामा केन्द्रित हुन्छ।
- ***फिलिप्पी २:५-८ पढ्नुहोस्*** । येशू ख्रीष्टले आफ्नो आत्म-स्वार्थलाई पन्छाएर तपाईंको पापको निम्ति बलिदानको रुपमा आफूलाई गर्नुभएको अर्पण नै हाम्रो प्रभु ख्रीष्टले तपाईंप्रति देखाउनुभएको प्रेमको सिद्धान्तको महान् व्यावहारिक नमूना हो।
- ***१ यहून्ना ३:१७-१८ पढ्नुहोस् ।*** प्रेम भनेको तपाईंले मुखले बोल्नुभएका शब्दहरु उच्चत्तम कुरा हो। बाइबलीय प्रेमचाहिँ व्यवहारमा देखिन्छ।
- ***तपाईंले आफ्नो परिवार सदस्यबाहेक, अरु कसलाई "म तपाईंलाई माया गर्छु" भन्नुभयो ?***

  ..............................................................................................................

  ..............................................................................................................
- ***तपाईंले यस प्रेमलाई देखिने गरी कसरी प्रदर्शन गर्नुभयो, सो बारे कमसेकम एउटा ठोस उदाहरण पेश गर्नुहोस् ।***

  ..............................................................................................................

  ..............................................................................................................

ग्रीक भाषामा लेखिएको नयाँ करारमा *प्रेमको* अर्थ विभिन्न छन्। ग्रीकमा *इरोटिक* शब्दलाई काम-वासनायुक्त प्रेमको रुपमा लिइन्छ। भातृत्व प्रेमको शहर फिलाडेल्फियाबाट ***फिलियो*** प्रेमको उत्पति भएको मानिन्छ, जसको अर्थ भातृत्व प्रेम भन्ने अर्थ लाग्छ। ग्रीक भाषामा प्रेमको अर्को उत्कर्ष रुप ***अगापे*** हो। अगापेको अर्थ अरुहरुको मूल्यलाई महत्त्व दिने प्रगाढ आदरलाई बुझाउँदछ। कहिलेकाहीं ***अगापे*** शब्दलाई प्रेमको साटो *परोपकार* भनी अनुवाद गरिएको पाइन्छ। परोपकार शब्दले दिने कुरालाई इंगित गर्दछ। यस्तो किसिमको प्रेम लिनुमा भन्दा दिनुमा बेसी इच्छुक हुँदछ। अगापे प्रेम रोमाञ्चपूर्ण सम्बन्धसित सीमित प्रेम होइन। यद्यपि, यस प्रेमलाई ***कुनै*** पनि प्रेमिलो सम्बन्धमा समावेश गरिएको हुनुपर्दछ।

- ***१ कोरन्थी १३:१-३ पढ्नुहोस् ।*** यस खण्डमा प्रेमिलो व्यक्ति बन्नुको महत्त्वलाई जोड दिइएको छ। यसरी तपाईं आफ्नो आत्मिक हिँडाइमा बढ्नुपर्दछ।
- ***१ कोरन्थी १३:४-७ पढ्नुहोस् ।*** यी पदहरुमा प्रेमका १५ओटा व्यावहारिक विशेषताहरु उल्लेख गरिएका छन्।
- ***१ कोरन्थीको १३ अध्यायमा उल्लेखित १५ विशेषताहरुमध्ये ३ ओटा निकाल्नुहोस् अनि आफ्ना परिवार बाहिरका कोही व्यक्तिमा अर्को हप्ता यी तीन ओटा विशेषताहरु कसरी लागू गर्नुहुनेछ सो बारे योजना बनाउनुहोस् ।*** स्मरहोस्, अरु व्यक्तिप्रति प्रेम अभिव्यक्त गर्नु भनेको रोमाञ्चपूर्ण वा भावनात्मक अनुभूति भन्ने होइन, तर ख्रीष्टले तपाईंलाईं गर्नुभएको प्रेमको प्रतिविम्ब हो।

..........................................................................................................................

..........................................................................................................................

ख्रीष्टिय प्रेम पनि भावनात्मक प्रतिक्रिया नभएर क्षमादानझैं तपाईंको स्वेच्छिक इच्छाको कार्य हो। तपाईंले जति उद्देश्यपूर्ण भई आफू मार्फत परमेश्वरको प्रेम अरुहरुलाई प्रदर्शन गर्ने कार्य गर्नुहुन्छ, तपाईं त्यति नै धेरै प्रेमिलो व्यक्ति बन्नुहुनेछ।

## नोटहरुः अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु

..........................................................................................................................

..........................................................................................................................

# पाठ १६ सु-समाचार प्रचार : मेरो विश्वास बताउनु

***म जब्बरे वा आक्रमक नझल्की अरुहरुलाई मेरो विश्वास प्रभावकारी ढङ्मा कसरी बताउन सक्छु ?***

***कण्ठस्थ पद : प्रेरित १:८***

***यस हप्ताको प्रमुख विचार : येशू ख्रीष्टको चेलाको रुपमा मेरो हरेक बोली र कार्यमा उहाँको प्रतिनिधित्व गर्ने सौभाग्य र जिम्मेवारी प्राप्त गरेको छु ।***

परमेश्वरले मलाई अरुहरुका बीचमा उहाँको प्रतिनिधित्व गर्ने सुअवसर दिनुभएको छ भनी महान् आशिष हो ! तपाईंको व्यक्तित्व जस्तोसुकै खालको भइमा केही फरक पर्दैन। येशू ख्रीष्टको चेला भएको नाताले अब तपाईंसित सकारात्मक र अनन्त रुपमा मानिसहरुलाई प्रभाव पार्न सक्षम कथा छ। तपाईंले आफ्नो जीवन जिएर र मुखले बोलेर दुवै तरिकाले आफ्नो विश्वास बताउन सक्नुहुन्छ। तपाईंले अरुहरूलाई आफ्नो विश्वास बताउनुहुँदाखेरि असंवेदनशील वा आक्रमक भएर होइन तर सहज ढङ्गमा करकाप नगरी आफ्नो विश्वास बताउनुहोस्। यद्यपि, तपाईंको सन्देशलाई कतिपय मानिसहरुले स्वीकार गर्नेछन् भने कतिपयहरुले चाहिँ इन्कार गर्नेछन्। येशू ख्रीष्टको सन्देशले विभाजन ल्याउनेछ भनी बाइबलमा स्पष्ट रुपमा बताइएको छ। येशू ख्रीष्टको सन्देश जीवन र मृत्यु, स्वर्ग र नर्कको बीचको विभाजन बिन्दु हो। यस पाठले तपाईंलाई आफ्नो विश्वास बाँड्नको निम्ति बाइबलीय जिम्मेवारी पत्ता लगाउन र त्यस जिम्मेवारीलाई प्रेमपूर्वक साथै प्रभावकारी ढङ्गमा वहन गर्ने तरिका सिकाउनेछ।

## दिन–१ : बोली र कार्यमा ख्रीष्टको प्रतिनिधित्व गर्दछु

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- प्रभु येशू ख्रीष्टको असल र विश्वासयोग्य साक्षी बन्ने तरिका मलाई देखाइनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

ख्रीष्टको चेला भएको हैंसियतमा, तपाईं जे हुनुहुन्छ र तपाईंले जे गर्नुहुन्छ ती सबैमा ख्रीष्टको प्रतिनिधित्व गर्नुहुन्छ। चाहे तपाईं ईश्वरीय जीवन जिउनुहोस् वा स्वार्थपूर्ण जीवन जिउनुहोस्, तपाईंलाई चिन्ने व्यक्तिहरु बीचमा ख्रीष्टको चेलाको रुपमा तपाईंले उहाँको प्रतिनिधित्व गरिरहनुभएको हुन्छ। उहाँलाई राम्ररी प्रतिनिधित्व गर्न सकौं भन्ने तपाईंको लक्ष्य हुनुपर्दछ।

- ***प्रेरित १:८ पाठ पढ्नुहोस्।*** येशूले आफ्ना चेलाहरुले के गर्नुपर्छ होइन तर उनीहरु के बन्नुपर्छ भन्ने कुरा यस पदमा निर्देशन दिनुभएको कुरा उल्लेख गरिएको छ। ***येशूले आफ्ना चेलाहरुलाई के हुनेछौ भनी बताउनुभयो ?***

..............................................................................................................................

..............................................................................................................................

- ***चेलाहरु कहाँ–कहाँ साक्षीहरु बन्नुपर्दथ्यो ?***

..............................................................................................................................

..............................................................................................................................

- कानूनी प्रक्रियामा गवाही भनेको गवाहले जे सुनेको छ वा जे देखेको छ सो कुरा बताउनु हो। मानिसको व्यक्तित्व, वाकशैली वा शिक्षाको कुनै प्रवाह नगरी जोसुकैलाई पनि साक्षी बन्नको निम्ति आह्‌वान गर्न सकिन्छ।
- ***येशू ख्रीष्टले मेरा चेलाहरु मेरा साक्षी बन्नुपर्दछ भनी उल्लेख गर्नुहुँदा उहाँले भन्न खोज्नुभएको कुरा तपाईंको बुझाइमा कसरी लागू हुन्छ जस्तो लाग्छ ?***

..............................................................................................................................

..............................................................................................................................

- ***प्रेरित २:३२ पढ्नुहोस्***। येशू ख्रीष्टको पुनरुत्थान र उहाँको स्वर्गारोहण भएको केही समयपछि पत्रुसद्वारा पेन्तिकोसको दिनमा यरुशलेममा प्रचार गरिएको सन्देशबाट यो पद लिइएको हो।
- ***प्रेरित ३:१२–१५, ४:३३ र ५:२९–३२ पढ्नुहोस्***। यी खण्डहरुमा पनि चेलाहरु येशू ख्रीष्टको पुनरुत्थानको साक्षी हुनु पर्दछ भनी प्रस्तुत गरिएको छ।
- ***उहाँ मृत्युबाट बौरी उठ्नु भएको तथ्यलाई येशू ख्रीष्टको चेला भएको नाताले कसरी गवाही दिनुहुन्छ ?***

..............................................................................................................................

..............................................................................................................................

- ***येशू ख्रीष्टको साक्षीको रुपमा तपाईंमा मानिसहरुले के देख्नुपर्दछ ?***

..............................................................................................................................

..............................................................................................................................

येशू ख्रीष्टको साक्षी बन्नु भनेको तपाईं लगनशील भई लाग्ने कुनै ***क्रियाकलाप*** मात्रै होइन, तर तपाईं आफ्नो जीवनको हरेक परिस्थितिमा जे ***हुनुहुन्छ*** त्यो नै तपाईंको साक्षी हो। येशू ख्रीष्टको बारेमा मौखिक रुपले सु–समाचार बताउने निश्चित समय र स्थान त हुन्छ तर तपाईंले जीवन जियाइद्वारा साक्षी ***नबनीकन*** बोलेका शब्दहरुको औचित्यचाहिँ हुँदैन। जब तपाईंले परमेश्‍वरको शान्ति र शक्तिमा जिउनु भएको जीवनद्वारा मानिसहरुले तपाईंलाई ***जो*** भनी चिन्दछन्, त्यस बेला कतिपय मानिसहरु तपाईंभित्रको आन्तरिक सामर्थ्यको श्रोत जान्न चाहनेछन्। तपाईं तिनीहरूलाई जवाफ दिन तयार भएर बस्नु पर्दछ।

- १ पत्रूस ३:१३–१६ पढ्नुहोस्। तपाईंको विश्‍वासको विषयमा कसैले सोधखोज गर्दछ भने तपाईं जुनै पनि बेला जवाफ (गवाही वा प्रत्युत्तर) दिन तयार हुनुपर्दछ। सन्दर्भचाहिँ परमेश्‍वरले मात्रै प्रदान गर्न सक्नुहुने

आन्तरिक सामर्थ्यद्वारा तपाईंले कष्टलाई सामना गरेको जब मानिसहरुले देख्दछन्,त्यस बेला उनीहरुले तपाईंलाई सोध्नेछन्।

- ***के तपाईंले जीवनमा कष्ट भोग्नु येशू ख्रीष्टको साक्षी बन्ने एउटा अवसर हो भनी कहिल्यै विचार गर्नुभएको छ ? तपाईं हालसालै कहिले दुःख-कष्ट भएर गुज्रनुभयो, जसलाई मानिसहरुले थाहा पाए अनि तपाईंले सामाना गर्नुभएको परिस्थितिलाई नियाले ?***

.............................................................................................................................................

.............................................................................................................................................

- ***तपाईंलाई नियाल्ने मानिसहरुलाई येशू ख्रीष्टको बारेमा कस्तो किसिमको साक्षी छोड्नुभयो होला ?***

.............................................................................................................................................

.............................................................................................................................................

मानिसहरुले तपाईंले झेल्ने कष्ट र परीक्षाहरु मात्रै हेरिरहेका हुँदैनन् भनी १ पत्रूस ३ अध्यायले सिकाउँदछ। तपाईं मौखिक साक्षी बन्न अर्थात तपाईंको आफ्नो विश्वास अटल रहनु र त्यसले तपाईंलाई ढाडस दिनुको कारण बताउन पनि तपाईं तयार हुनुपर्दछ भनेर यी पदहरुले सिकाउँदछन्। तपाईं आत्मिक रुपमा जति अघि बढ्दै जानुहुन्छ, तपाईं आफूभित्रको विश्वासको विषयमा जबाफ दिन त्यति नै धेरै प्रभावकारी हुने तरिका सिक्दै जानुहुनेछ।

## दिन-२ : म आफ्नो परिवारलाई ख्रीष्ट प्रस्तुत गर्दछु

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- म आफ्नो परिवारमा येशू ख्रीष्टको विश्वासयोग्य र फलदायी साक्षी बन्न सकौं भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

तपाईंका आफ्ना परिवार सदस्यहरुले तपाईंलाई लगायत अरुलाई पनि प्रायः जान्दछन्। ख्रीष्टको चेलाको रुपमा, तपाईंको जीवनचाहिँ तपाईंको विश्वास र परमेश्वरको शक्तिको यथार्थ निरन्तर साक्षी हो। तपाईंको परिवार ख्रीष्टियन हुन् भनेता तपाईंलाई असल हुनेछ। तर परिवारमा तपाईं एक जना मात्रै पनि विश्वासी हुन सक्नुहुन्छ। खैर जेहोस्, येशू ख्रीष्टको अनुयायीको हैंसियतमा तपाईंले आफ्नो परिवारमा भिन्नता ल्याउनुहुनेछ। तपाईंले आफ्नो जीवनद्वारा प्रस्तुत गर्नुभएको साक्षीअनुसार नै तपाईंको परिवारले ख्रीष्टप्रति धेरै वा थोरै रुचि देखाउने हुन्।

परिवारका सदस्यहरूलाई तपाईंको सबै आन्द्राभुँडी थाहा हुने भएको हुनाले उनीहरुलाई ख्रीष्टमा विश्वास बाँड्नु प्रायः कठिन हुने गर्दछ। उनीहरुले तपाईंका उत्तारचढाव र कमिकमजोरीहरू नियालेका हुन्छन्। त्यसकारण, तपाईंले देखाउनुभएको व्यवहारसित तपाईंले बोल्नुभएका शब्दहरुलाई तुलना गरी तपाईंलाई चुनौती दिन

उनीहरु डराउँदैनन् । तर, तपाईंले ख्रीष्टलाई आफ्नो जीवनको प्रभु हुन र पवित्र आत्मालाई आफ्नो जीवन नियन्त्रण गर्न दिनुभएको छ भने, तपाईंको जीवनको परिवर्तनचाहिँ तपाईंलाई चिन्ने व्यक्तिहरुका निम्ति शक्तिशाली गवाही बन्न सक्छ।

- ***एफिसी ५:२१-२३ पढ्नुहोस्***। स्मरण रहोस्, पावलले वैवाहिक जीवन बारे दिएका निर्देशनहरु पति र पत्नी बीचको आपसी समर्पणको अर्थात एकले अर्कोलाई प्राथमिकता दिने जगमा स्थापित छन्। यस खण्डको आधारभूत शिक्षाले विवाहलाई येशू ख्रीष्ट र मण्डली बीचको सम्बन्धको नमूनालाई झल्काउँदछ।
- ***कलस्सी ३:१८-१९ पढ्नुहोस्***। यो अध्याय र एफिसी ५ मा विवाहित जोडीहरू (सारा मानव सम्बन्धका सबैभन्दा घनिष्ट सम्बन्ध) का लागि निर्दिष्ट निर्देशनहरु वा शिक्षाहरु छन्। यद्यपि, ख्रीष्टले झैं एकअर्कालाई व्यवहार गर्ने सिद्धान्तहरु जुनसुकै पारिवारिक सम्बन्धमा पनि लागू हुन सक्छन् । (अघिल्लो अध्ययनमा फिलिप्पी २:१–४ मा तपाईंले अध्ययन गर्नुभएको सत्यता यही हो ।)
- ***आफ्ना अति निकटका परिवार सदस्यहरूलाई सोच्दै, परमेश्वरको आत्मा तपाईंभित्र हुनुहुन्छ भनी साक्षी दिनलाई तपाईंले हालसालै गर्नुभएका ख्रीष्ट झल्काउने निर्दिष्ट व्यवहारहरु के के हुन् ?*** सायद, तपाईंले प्रेमपूर्ण प्रशंसा गर्नुभयो होला, उत्साहको शब्द बोल्नुभयो होला, व्यक्तिगत इच्छा बलिदान गर्नुभयो होला वा ख्रीष्ट झल्काउने कुनै कार्य गर्नुभयो होला।

  ........................................................................................................................

  ........................................................................................................................

- ***तपाईं आफ्नो परिवारमा ख्रीष्ट झल्काउन आगामी दुई हप्ताहरुमा के के गर्नुहुनेछ ?***

  ........................................................................................................................

  ........................................................................................................................

- ***१ पत्रुस ३:१-४ पढ्नुहोस् ।*** यस अध्यायमा सत्यता विराधी श्रीमानलाई आफ्नो विश्वास कसरी बताउने भन्ने बारेमा श्रीमतीलाई शिक्षा दिइएको छ। तर यो सिद्धान्तचाहिँ जुनसुकै घनिष्ठ पारिवारिक सम्बन्धमा पनि लागू हुँदछ।
- ***पति-पत्नीजस्ता घनिष्ठ पारिवारिक सम्बन्धमा, येशू ख्रीष्टको साक्षी बन्ने उत्तम माध्यम के होला ? के उत्तम साक्षी तपाईंको बोलीद्वारा प्रस्तुत हुन्छ ? कि तपाईंको जीवनद्वारा ?*** (यदि तपाईंको बाइबलमा *कुराकानी* वा *वार्तालाप* भनी शब्द उल्लेख गरिएको छ भने, त्यस शब्दले यस सन्दर्भमा व्यक्तिको *जीवनशैली* वा *जिउने तरिकालाई* इंगित गर्दछ।)

  ........................................................................................................................

  ........................................................................................................................

- ***के तपाईंले कहिल्यै असरदार शब्दहरूद्वारा आफ्ना नजिकका परिवार सदस्यहलाई येशू ख्रीष्टको साक्षी बन्ने प्रयास गर्नुभएको छ ? अरु व्यक्तिको स्थानमा आफैलाई राखेर हेर्नुहोस्, तपाईंको गवाही***

*सुन्ने व्यक्तिले तपाईंले तर्कद्वारा जित्ने कोसिस गरिरहनुभएको बुझ्दछ कि तपाईंभित्र येशू हुनुभएको देख्दछ ?*

.................................................................................................................

.................................................................................................................

- *तपाईंले यस खण्डमा अध्ययन गर्नुभएको आधारमा, तपाईंले बरु के गर्नुपर्दछ ?*

.................................................................................................................

.................................................................................................................

तपाईंले आफ्नो परिवारमा खीष्टको प्रतिनिधित्व गर्नुहुन्छ। परमेश्वरमा विश्वास गर्नुपर्ने तपाईंका परिवार सदस्यहरूका निम्ति तपाईं येशू खीष्टको चेला बन्नुको साक्षी हुनुहुन्छ। तपाईं विश्वासी भइसकेका अन्य परिवार सदस्यहरुका निम्ति पनि साक्षी हुनुहुन्छ। परमेश्वरसितको तपाईंको हिँडाइको यथार्थचाहिँ उनीहरुका निम्ति उत्तम नमूना र उत्साह बनोस्।

- *एफिसी ६:१–४ र कलस्सी ३: २०–२१ पढ्नुहोस्। तपाईं आमाबुबा, वा छोराछोरी वा दुवै जे हुनुहुन्छ, अझै बढी खीष्ट झल्काउने आमाबाबु वा छोराछोरी बन्नको निम्ति आउँदो हप्तामा तपाईंले चाल्न सक्नुहुने एउटा ठोस कदम के हुन्छ होला ?*

.................................................................................................................

.................................................................................................................

कतिपय व्यक्तिहरु येशू प्रभुमा विश्वास गर्न पुग्छन् र खराब पारिवारिक परिस्थितिदेखि भाग्ने हेतुले जानी–नजानी आफ्नो स्थानीय मण्डलीमा खुब लागिपरेका हुन्छन्। खीष्टमा विश्वास गरेर घरदेखि भाग्नुभन्दा बरु तपाईंको विश्वास साथसाथै मण्डलीद्वारा तालिम र उत्साह पाएर आफ्नो परिवारमा खीष्टको शक्तिशाली र प्रत्यक्ष साक्षी बन्न सुसज्जित हुनुहोस्।

## दिन–३ : म आफ्नो साथीसङ्गीहरू बीच खीष्ट प्रस्तुत गर्दछु

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- मलाई कार्यालय वा विद्यालयमा खीष्टको उत्तम साक्षी बन्ने तरिका देखाइदिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

तपाईं र तपाईंका परिवारलाई समेत चिन्ने, अझै बढी थाहा पाउने मानिहरुको समूह हुन्छन्। सायद, तपाईं उनीहरु बीचमा काम गर्नुहुन्छ वा अध्ययन गर्नुहुन्छ होला। तपाईंले आफ्ना जिम्मेवारीहरू पूरा गर्ने तरिका, अरुहरुसित तपाईंको अन्तरक्रिया शैली, तपाईंले आफूलाई प्रस्तुत गर्ने ढाँचा र तपाईंले प्रस्तुत गर्ने प्रवृति यी सबै नै खीष्टमा तपाईंको विश्वासको यथार्थता झल्काउन वा तपाईंको आत्मिक अपरिपक्वता प्रदर्शन गर्नमा

तपाईंका साथीसङ्गीहरुका निम्ति साक्षी हुन्।

नयाँ करारको युगको सन्दर्भमा, पावलले दासहरू (नोकरहरू) र मालिकहरू (हाकिमहरू) भनी उल्लेख गरेको प्रसङ्गलाई नियाल्दाखेरि उनले वर्तमान युगका कर्मचारीहरू र रोजगारदाताको बीचको सम्बन्धको भावनासित मिल्दोजुल्दो सम्बन्धलाई इंगित गर्न खोजेका हुन्। उनले सिकाएका सिद्धान्तहरु हरेक कार्यालय, विद्यालय, वा आदेश पालना गरिने जुनै पनि संस्थाहरुमा प्रत्यक्ष रुपमा लागू हुन सक्छन्।

- ***एफिसी ६:५ पढ्नुहोस्।*** आफूले पाएको जिम्मेवारी वा कार्य खुरुखुरु गर्नु नै आफूमाथिका अधिकारीहरुको आज्ञापालक बन्नु हो। र, तपाईंले आफ्नो काम कटु आलोचना वा कुप्रवृतिले होइन तर इमान्दार भई आदरपूर्वक (डर र कम्पनसहित ) पूरा गर्नुपर्दछ।
- यस पदअनुसार, तपाईंले सोझै प्रभु येशू खीष्टको निम्ति काम गरेझैं गरी आफ्ना जिम्मेवारीहरू पूरा गर्नुपर्दछ।
- ***आफूमाथिका अधिकारीहरुप्रति ख्रीष्ट झल्काउने प्रवृति प्रदर्शन गर्न आफू असफल हुनुभएको हालसालैको कम्तिमा एउटा घटना पहिचान गर्नुहोस् । अनि, भावी दिनहरुमा त्यसलाई कसरी सुधार्न वा छाड्न सक्नुहुन्छ सो बारे बताउनुहोस् ।***

  ........................................................................................................................

  ........................................................................................................................

- ***यदि तपाईं ख्रीष्टको चेला नहुनुभएको भए तपाईंले जुन व्यवहार देखाउन सक्नुहुन्न थियो त्यस्तो ख्रीष्टिय व्यवहार इमान्दारीपूर्वक देखाउन खोज्नुभएको कुनै क्षण वर्णन गर्नुहोस् ।***

  ........................................................................................................................

  ........................................................................................................................

- ***एफिसी ६: ६-७ र कलस्सी ३:२२-२५ पढ्नुहोस् । कतिपय व्यक्तिहरुले न्यूनत्तम आवश्यक जिम्मेवारीहरु पूरा गर्ने, तलब लिने अनि घर जाने भन्ने कुरालाई प्रयाप्त मान्दछन् ।***

  ........................................................................................................................

  ........................................................................................................................

- ***१ पत्रुस २: १८-२३ पढ्नुहोस्।*** तपाईंले सिक्नुभएका सिद्धान्तहरु तपाईंको हाकिम वा सुपरिवेक्षक जतिसुकै अप्ठ्यारो भए पनि यी सिद्धान्तहरु त्यस परिस्थितिमा पनि लागू हुन्छन् भनेर पत्रुसद्वारा दिइएको सन्देशले स्पष्ट पार्दछ। प्रार्थनापूर्वक फरक स्थान खोज्नु एउटा विकल्प हो। तर, तपाईंले अधिकारीको मातहतमा रहेर जिम्मेवारी पाउञ्जेलसम्म तपाईंले निर्विकल्प रुपमा बाइबलीय सत्यता अवलम्बन गरेकै हुनुपर्दछ।
- ***यस खण्डलाई विचार गर्दाखेरि, अधिकारीको विरुद्धमा विद्रोह गर्नुको सट्टामा तपाईंले के गर्नुपर्छ ?***

........................................................................................................................

........................................................................................................................

- ***माथिका खण्डहरूका आधारमा, कुनै कार्यालयले जागिरको निम्ति तोकेको समयलाई बारम्बार बाइबल पढ्ने, प्रार्थना गर्ने, वा अरुहरुलाई आफ्नो विश्वास वा आफ्नो मण्डलीको बारेमा बताउन प्रयोग गर्नुचाहिँ येशू ख्रीष्टको उत्तम साक्षी बन्नु हो भन्ने के तपाईंलाई लाग्दछ ? किन लाग्छ ? वा किन होइन ?***

........................................................................................................................

........................................................................................................................

- ***एफिसी ४ः१७-३२ र ५ः१-४ पढ्नुहोस्।*** तपाईं चाहे घरमा बस्नुहोस्, काममा वा विद्यालयमा हुनुहोस्, जहाँ भए पनि तपाईंले आफ्नो दैनिक जीवन जिउने तरिका बारे यी शब्दहरुमा बडो स्पष्ट रुपमा बताइएको छ । यदि तपाईंका आनीबानीहरु, सोचविचारहरु र कार्यहरु गैर–इसाईहरुको भन्दा फरक छैनन् भने, खासमा कार्य नीति, अनावश्यक गफगाफ, रीस, असंवेदनशीलता, रुखोपन, अधन्यवादिता र यस्तै–यस्तै क्षेत्रहरुमा फरक छैनन् भने, तपाईं नकारात्मक गवाही बन्नुहुनेछ।
- ***माथि उल्लेख गरिएको खण्डमा बानी–व्यवहारहरूको सूचीलाई मध्यनजर गर्दै, तपाईं येशू ख्रीष्टको अझै असल साक्षी हुने उद्देश्यले तपाईंले अप्नाउनु सक्नुहुने कुनै एउटा विशेष परिवर्तन के होला ?***

........................................................................................................................

........................................................................................................................

- ***एफिसी ६ः९ र कलस्सी ४ः१ पढ्नुहोस् । यदि तपाईं अधिकारको स्थानमा हुनुहुन्छ भने, आफू मातहतका व्यक्तिहरु, क्षतिपूर्ति र कार्य परिवेशमा गर्नुपर्ने व्यवहार बारे यस खण्डदेखि के सिक्न सक्नुहुन्छ ?***

........................................................................................................................

........................................................................................................................

- ***यस शिक्षाको आधारमा, ख्रीष्टको निम्ति असल गवाही बन्ने उद्देश्यले तपाईंले अप्नाउन सक्नुहुने एउटा कदम के होला ?*** स्मरण रहोस्, तपाईं कुनै पनि संस्थाको मालिक बन्नु हुँदैन, तपाईं त केवल त्यस संस्थामा आफू मातहतका व्यक्तिहरुका निम्ति व्यवस्थापन, सुपरिवेक्षण र अधिकारी पदमा हुनुहुन्छ।

........................................................................................................................

........................................................................................................................

तपाईं चाहे अरु कुनै व्यक्तिकहाँ काम गर्नुहोस् वा आफ्नै काम गर्नुहोस्, तपाईंले आफ्ना दैनिक जिम्मेवारीहरु पूरा गर्ने शैली र तपाईंले मानिसहरु, आफ्ना सहकर्मीहरु, ग्राहकहरुसित अन्तरक्रिया गर्ने तरिकाले ख्रीष्टको निम्ति सकारात्मक गवाही बन्नुपर्दछ। यदि तपाईं जागिरको खोजीमा हुनुहुन्छ वा रोजगारी क्षेत्रमा प्रवेश गर्ने

तयारीको निम्ति अध्ययन गर्दै हुनुहुन्छ भने, तपाईंले यहाँ सिक्नुभएका सिद्धान्तहरुले जागिर पाउने र जागिरमा टिक्ने तरिकामा तपाईंलाई मार्गनिर्देशन गरुन्।

## दिन–४ : म आफ्नो समुदाय बीच ख्रीष्ट प्रस्तुत गर्दछु

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- मानव समाजको मूल्य साथै मेरा सम्पर्कमा आउने व्यक्तिहरुसित व्यवहार गर्दा येशू ख्रीष्टको असल साक्षी बन्ने तरिका मलाई प्रकट गरिदनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

आफ्ना परिवार र मित्रहरु बीच ख्रीष्टको प्रतिनिधित्व गर्नु भनेको तपाईंको प्रभाव क्षेत्रको एउटा हिस्सा मात्र हो। तपाईं जहाँसुकै जानुभए पनि वा जे कार्य गर्नुभए पनि तपाईं ख्रीष्टको एक गवाही हुनुहुन्छ। तपाईंले आफ्नो समुदायमा चौतर्फि गर्नुहुने अन्तरिक्रया भनेकै येशू ख्रीष्टको साक्षी हो। र, परमेश्वरले तपाईंलाई बोली र व्यवहारद्वारा सुसमाचार फैलाउनमा प्रयोग गर्न चाहनुहुन्छ। येशू ख्रीष्टको चेलाको हैंसियतमा, तपाईंले काममा मात्रै होइन, आफ्नो समाजमा पनि आफूमाथिका अधिकारी वा ठूला मान्छेप्रति विनम्र व्यवहार कायम गर्नुपर्दछ।

- ***१ तिमोथी २:१-४ पढ्नुहोस् ।*** ख्रीष्टका अनुयायीहरुले अख्तियारमा रहेका मानिसहरुका निम्ति प्रार्थना गर्नुपर्दछ। तपाईंलाई ख्रीष्टको असल गवाही बनाउनको निम्ति तपाईंका अवसरहरुलाई सहजीकरण गर्न र अरुहरुलाई परमेश्वरको सत्यताको ज्ञानमा आउन सबल तुल्याउनलाई परमेश्वरले मानव प्रशासन र अख्तियारका संरचनाहरुलाई प्रयोग गर्नुहुन्छ।
- ***के तपाईं अधिकांशजसो अख्तियारमा रहेकाहरु विरुद्ध गनगन गर्दै समय बिताउनुहुन्छ कि उनीहरुको निम्ति प्रार्थना गरेर समय बिताउनुहुन्छ ?***

  ..........................................................................................................................

  ..........................................................................................................................
- ***तपाईंमाथि अख्तियारमा रहेका व्यक्तिहरुका निम्ति नियमित प्रार्थना गर्ने बानी कसरी विकास गर्न सक्नुहुन्छ ?*** एउटा सुझावचाहिँ दैनिक अखबार हेर्नुहोस् र त्यसअनुसार त्यस विद्यमान परिस्थितिमा जो–जो अख्यितारमा हुन्छन्, उनीहरुको निम्ति प्रार्थना गर्न शुरु गरेर नियमित प्रार्थनाको बानी विकास गर्न सक्नुहुन्छ। अर्को सुझावचाहिँ के हुनसक्ला ?

  ..........................................................................................................................

  ..........................................................................................................................
- ***रोमी १३:१-४ पद पढ्नुहोस् ।*** **परमेश्वरले हाम्रा हित र सुरक्षाको खातिर समाजमा रहेका अख्तियार निकायहरुलाई प्रयोग गर्नुहुन्छ भनी देखाउनु यस पाठको मूल मर्म हो ।**

देशको राष्ट्रपतिदेखि ट्राफिक नियम उल्लङ्घन गर्दा तपाईंलाई पुर्जी थमाउने प्रहरीसम्मलाई परमेश्वरले समाजको हितको निम्ति प्रयोग गर्नुहुन्छ। उनीहरु प्रभु येशूका अनुयायी नै हुनुपर्छ भन्ने जरुरी छैन। कहिलेकाहीं भ्रष्टचार र खराबीले सरकारको चरित्रलाई प्रदर्शन गर्दछ । तापनि, उनीहरुको उपस्थितिबिना समाजमा अस्थिरता र भद्रगोल मात्रै उत्पन्न हुनसक्छ। परमेश्वरले मानव समाजमा आफ्ना उद्देश्यहरु पूरा गर्नका निम्ति दुष्ट शासकहरुलाई प्रयोग गर्नुभएका थुप्रै उदाहरणहरु बाइबलमा पाइन्छन्।

- ***रोमी १३:५-७ पढ्नुहोस् । यस पाठको आधारमा, तपाईं आफ्नो समुदाय र देशको नागरिक भएको हैसियतमा आफ्नो ख्रीष्टिय साक्षीलाई कसरी चित्रण गर्नुहुन्छ ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

- ***संभव भएसम्म, असल साक्षी बन्न तपाईं कस्ता पाइलाहरु चाल्न सक्नुहुन्छ ?***

  ..........................................................................................................................

  ..........................................................................................................................

तपाईंले कानूनअनुसार जति कर तिर्नुपर्ने हो सो भन्दा बढी कर तिर्नुपर्दैन, तपाईं प्रभु येशू ख्रीष्टको चेला भएको हुनाले रोमी १३: ६-७ अनुसार कानूनले निर्दिष्ट गरेको करचाहिँ तिर्नुपर्दछ। येशूले पनि कर तिर्नुभयो (मत्ती २२:१५-२२)।

- ***१ पत्रूस २: १३-१७ पढ्नुहोस्।*** पत्रूसले विश्वासीहरुलाई राजालाई आदर गर्नु भनी १७ मा निर्देशन दिएका बखतमा रोममा कुख्यात राजा नेरो थिए। प्रभु येशूका जनहरुले शासकको व्यक्तिगत जीवनशैलीसित सहमत नभए पनि उसको पद वा दर्जालाई चाहिँ आदर गर्न सक्छन्।
- प्रेरित ५:२८-२९ ***पढ्नुहोस्*** । शासक यहूदी परिषदले पत्रुसलाई येशूको नाउँमा बोल्न निषेध गरे, र चेलाहरुलाई उहाँका नाउँमा बोल्न प्रतिबन्ध गरे। २९ पदमा पत्रुसको जबाफ हेर्नुहोस्, उनको जबाफअनुसार प्रभु येशूका चेलाहरुले जहिले पनि मानिसहरुको सामु परमेश्वरको आज्ञा पालन गर्नुपर्छ। पत्रुसले यहूदी शासकहरुद्वारा दिइएको हुकुम पालना नगरेजस्तो देखिए पनि उनी आफूमाथिका अधिकारीहरुप्रति विचार र कार्यमा श्रद्धालु थिए। हामी इसाईहरु अधिकारीप्रति समर्पित हुनुपर्दछ, तर परमेश्वरको विरुद्धको पापमाचाहिँ घुँडा टेक्नुहुन्न।
- यही खण्डअनुसार, पत्रुसले प्रभुका जनहरुलाई मात्रै सबै मानिसहरुलाई आदर गर्न शिक्षा दिएका छन्। सम्मान गर्नु भनेको आदरभाव र प्रतिष्ठापूर्ण व्यवहार गर्नु हो।
- ***के तपाईंका कार्य र बोलीद्वारा तपाईंले अरु मानिसलाई आदर गर्नुहुन्छ भनेर प्रमाणित हुन्छ ?*** तपाईंले पसलमा केही किन्दा पसेलसित तपाईंले गर्ने व्यवहार, रेष्टुरेष्टहरुमा सेवा गर्नेहरुसित तपाईंले गर्ने व्यवहार र बकस, र तपाईंले आफ्ना छिमेकीसित गर्ने व्यवहार बारे सोच्नुहोस्।

  ..........................................................................................................................

..............................................................................................................

- ***के ती मानिसहरुले तपाईलाई येशू ख्रीष्टको एक असल प्रतिनिधिको रुपमा हेर्ने गरेका छन् त ?***

..............................................................................................................

..............................................................................................................

## दिन–५ः मेरा शब्दहरुले मेरो जीवनको परिवर्तन झल्काउँदछन्

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- येशू ख्रीष्टको सुसमाचारको खाँचो परेकाहरुलाई आफ्ना गवाही बताउने तरिका मलाई सिकाइदिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

तपाईंको ***जीवनले*** तपाईंको परिवार, मित्रहरु, सहपाठीहरु, समाजमा ख्रीष्ट येशूको प्रतिनिधित्व गर्दछ । परमेश्वरले सुसमाचार सुनाउने अवसर दिनुभएमा येशू ख्रीष्टको बारेमा मौखिक रुपमा बताउने तरिका प्रभु येशूका चेलाहरुले बुझ्नु अति महत्त्वपूर्ण हुन्छ। तपाईंले परमेश्वरमा गर्नुभएको विश्वास बारेमा व्यक्तिगत गवाही दिएर येशू ख्रीष्टको सुसमाचार बाँड्ने तरिका बारे यस पाठले जोड दिनेछ।

- ***१ कोरिन्थी १५ः १–४ पढ्नुहोस्*** । तपाईंले ***सुसमाचार*** शब्द त पक्कै सुन्नुभएकै हो र तपाईंले यस शब्दलाई आफैले प्रयोग गर्नुभएकै होला । बाइबलमा सुसमाचारको अर्थ बुझ्नु महत्त्वपूर्ण हुन्छ । यस खण्डचाहिँ शाब्दिक अर्थमा "शुभ–खबर" अर्थ लाग्ने सुसमाचार परिभाषाको संक्षिप्त परिभाषा हो । यहाँ सुसमाचारलाई धर्मशास्त्रअनुसार मृत्यु, दफन र पुनरुत्थानको शुभखबरको रुपमा परिभाषित गरिएको छ।
- ***प्रेरित २२ः१–२१ पढ्नुहोस्***। योचाहिँ पावलले येशू ख्रीष्टमा आफ्नो व्यक्तिगत विश्वास कसरी बताए भन्ने उदाहरण हो। पावलल बोलेका शब्दहरुलाई तीन वर्गमा विभाजन गर्न सकिन्छ। यस वर्गीकरणले पावलले गवाही दिएझैं तपाईंलाई ***आफ्नो*** गवाही बाँड्न नमूना प्रदान गर्दछ :
- ***ख्रीष्टबिनाको तपाईंको जीवन*** –प्रेरित २२ः३–५
- ***ख्रीष्टसितको तपाईंको जम्काभेट***– प्रेरित २२ः६–११ । ख्रीष्टसँग तपाईंको जम्काभेटको वर्णन गर्दाखेरि सुसमाचारका निम्न तत्त्वहरुलाई समावेश गरिएको हुनुपर्दछ।
  - ○ परमेश्वरको आत्माले तपाईंलाई पाप बोध गराउनुभएको घटना।
  - ○ मेरो पापको ऋण तिर्नको निम्ति मेरो साटो क्रूसमा मर्न आउनभयो भनी तपाईंले बुझ्नु पाउनुभएको तथ्य।
  - ○ येशू ख्रीष्ट गाडिनुभयो अनि पाप र मृत्युमाथि विजय हुन पुनरुत्थान हुनुभएको यथार्थ।
  - ○ आफ्नो जीवनको प्रभुको रुपमा तपाईंले येशूमाथि गर्नुभएको विश्वास र उहाँको चेलाको रुपमा उहाँलाई पछ्याउनु गर्नुभएको आफ्नो प्रतिवद्धता

- ***येशू ख्रीष्टमा विश्वास गरेपछिको तपाईंको जीवन*** –प्रेरित २२:१२–२१ । तपाईंले पनि पावलले झैं आफ्नो जीवनमा नयाँ जीवनको आवश्यकता बुझ्न र ख्रीष्टको चेलाको रुपमा उहाँलाई पछ्याउनुका प्रथम आधारभूत खड्किलाहरु मार्फत तपाईंलाई मार्गनिर्देशन गर्न अरु मानिसहरुलाई प्रयोग गर्नुभएको कुरा उल्लेख गर्नुपर्दछ। तपाईं ख्रीष्टमा कसरी बढी रहनुभएको छ र तपाईंले बाइबलीय सत्यताअनुसार परमेश्वरको शक्तिमा समस्याहरु र चुनौतीहरुलाई कसरी सामना गर्न सिकिरहनुभएको छ सो बारे वर्णन गर्नुहोस्। तपाईंले पाउनुभएको शान्ति, जीवनको उद्देश्य र सार्थकता बारेमा चर्चा गर्नुहोस्।
- ***आफ्नो गवाही वा जीवन कहानी तयारीको निम्ति आवश्यक तीन ओटा प्रमुख तत्त्वहरु अर्थात ख्रीष्टबिनाको जीवन, ख्रीष्टसितको तपाईंको जम्काभेट र येशू ख्रीष्टमा विश्वास गरेपछिको तपाईंको जीवन बारे छोटकरीमा लेख्नुहोस् ।***

  ..............................................................................................................................

  ..............................................................................................................................

- ***यो हप्ता येशू ख्रीष्टका अर्को अनुभवी चेलालाई लेखिएको यो गवाही बताउनुहोस् अनि गवाही सुधारको निम्ति आवश्यक सुझाव तथा सल्लाह माग्नुहोस् ।*** गवाही धेरै लामो हुनुहुँदैन। दुई वा तीन मिनेट जतिको पुनःअवलोकन राम्रो हुन्छ। तपाईंलाई आफ्ना विचार प्रवाहमा सहज अनुभव भइसकेपछि विस्तृत विवरण पछि थप्दा सजिलो हुन्छ। साथै, यसो गर्नाले ख्रीष्टलाई पाउनुअघि तपाईंले आफ्नो जीवन कति खोक्रो वा खराब थियो भनी त्यसैमा अधीक केन्द्रित भइरहने आम गल्तीदेखि तपाईंलाई जोगाउँदछ। गवाही छोटा–छाटा बुँदाहरुमा हुनुपर्दछ। तपाईं कति खराब हुनुहुन्थ्यो भन्ने कुरामा मानिसहरुले चाख लिने छैनन्। मानिसहरु तपाईंले कसरी जीवन, क्षमादान,आशा र सार्थकता पाउनुभयो भन्ने बारेमा जान्न चाहन्छन्।
- ***तपाईंको जीवनमा येशू ख्रीष्टको सुसन्देश सुन्न आवश्यक दुई वा तीन जना मानिसहरु को को हुन् ?***

  ..............................................................................................................................

  ..............................................................................................................................

- ***तपाईंले उल्लेख गर्नुभएका व्यक्तिहरुलाई आफ्नो गवाही बताउन मलाई मौका दिनुहोस् भनी नाम काटेरै परमेश्वरसित बिन्ती गर्नुहोस् ।*** (वास्तवमा, तपाईंले गवाही पढेर सुनाउनु आवश्यक छैन। तपाईंलाई गवाही लेख्न र अर्को विश्वासीलाई बताउन गाह्रो भएमा, परमेश्वरले तपाईंलाई अनुग्रह र अवसर दिनुहुँदाखेरि तपाईंका ओंठहरुदेखि गवाही सरर फुत्केको पाउनुहुनेछ।)

बाइबलचाहिँ मानिसजातिसँगको परमेश्वरको सम्बन्धको कहानी हो। अरु विश्वासीलाई आफ्नो विश्वास बताउनुचाहिँ मुख्यतः तपाईंको कहानीको कसरी विकास भइरहेको छ र तपाईंले सिक्नुभएका तीन ओटा तत्त्वहरु गवाहीमा कसरी समावेश भएका छन् भन्ने विषय हो।

## नोटहरुः अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु

..............................................................................................................................

## पाठ १७ चेला निर्माण : आफूजस्तै व्यक्ति तयार पार्नु

***मैले जीवनमा साँचो सार्थकता कसरी प्राप्त गर्न सक्छु ?***

***कण्ठस्थ पदः २ तिमोथी २:२***

***यस हप्ताको प्रमुख विचार : मलाई पछ्याउने व्यक्तिहरुलाई मेरो जीवन र परिपक्वता हस्तान्तरण गर्नु मेरो मिशन हो ।***

अधिकांश मानिसहरु आफ्नो जीवनमा पैसा, प्रसिद्धी र सुख–सयलभन्दा बढी उद्देश्य र सार्थकता चाहन्छन्। सम्पूर्ण सृष्टिले परमेश्वरको क्रमवद्धता, ज्ञान र सर्वोच्च योजनाको साक्षी दिँदछ। पाप र मृत्युदेखि मुक्तिको खाँचो परेकाहरुलाई नयाँ जीवनको सन्देश प्रदान गर्ने परमेश्वरको मिशन हो। परमेश्वरले उहाँको मिशनमा हाम्रो निम्ति राखिदिनुभएको स्थान हामी कति बुझ्दछौं र कसरी सहभागी हुन्छौं भन्ने आधारमा हाम्रो जीवनले वास्तविक अभिप्राय प्राप्त गर्नेछ।

ख्रीष्टमा भएको विश्वास अरुहरुलाई बाँड्नु भनेको यस संसारका मानिसहरु बीचमा येशू ख्रीष्टको चेला निर्माण गर्ने परमेश्वरको मिशन कार्यान्वयन गर्नको निम्ति पहिलो खुड्किला मात्रै हो। येशू ख्रीष्टको चेला बनाउनुको अर्थ के हो साथै अरुहरुमा आफ्नो जीवन पुनःजन्माउने क्रममा जीवनका सार्थकता र उद्देश्य पत्ता लगाउनको निम्ति परमेश्वरले तपाईंलाई अनुपम अवसर दिनुभएको छ भन्ने कुरा यस पाठमा अध्ययन गर्नेछौं।

### दिन–१: अरूहरूमा मेरो विश्वास र परिपक्वता जन्माउनु मेरो मिशन हो

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- अरुहरुका जीवनमा मेरो जीवनले पार्ने प्रभाव बारे मलाई सतर्क बनाउनुहोस् र त्यसलाई सकारात्मक रुपमा प्रयोग गर्न मलाई सिकाउनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।

प्राचीन समयमा संगीत साधक, गुरु वा अन्य विशेषज्ञले आफ्ना भावी चेलाहरुलाई बोलाउँदथे र उनीहरुलाई आफ्नो पछि लाग्न आह्वान गरेर चेला बनाउँदथे। सिकारु (चेला) चाहिँ आफ्नो गुरुलाई पछ्याउन समर्पित हुनुपर्दथ्यो अनि जीवन–जगतप्रति गुरुको धारणा पूर्ण रुपमा अनुकरण गर्नपर्दथ्यो। येशूजस्तै यहूदी रब्बीहरुले पनि त्यही पद्दति अनुशरण गर्दथे। यदि गुरुहरुलाई कुनै व्यक्तिमा आफूजस्तै बन्न सक्ने संभावना छ भनी विश्वास लागेमा उनीहरुले भावी चेलाहरुलाई आफ्नो पछि लाग्न आह्वान गर्दथे।

- ***मत्ती ४:१९, ९:९ र यूहन्ना १:४३ पढ्नुहोस्***। रब्बी अर्थात गुरुले आफ्नो चेला हुन बोलाउनुलाई विशेष सम्मानको रुपमा लिइन्थ्यो। र, त्यस आह्वानले बोलाहट दिइएको व्यक्तिप्रति आफूजस्तै बन्ने गुण रहेछ

भनी गुरुले विश्वास गरेको कुरालाई सङ्केत गर्दथ्यो। येशूले ती मानिसहरुलाई बोलाउनुहुँदाखेरि उनीहरु उहाँको पछि लाग्न र उहाँका मार्गअनुसार चल्न आ–आफ्ना पेशाहरु र परिवारहरु छाड्न तत्पर भए।

- ***मत्ती ११:२८–३० पढ्नुहोस्।*** येशूले ***तपाईंलाई*** उहाँको पछि लाग्न र उहाँको चेला बन्न आह्वान गरिरहनुभएको छ।

येशू प्रभुले सिकाउनको निम्ति हरेक कोणमा उदाहरणीय जीवन जिएर आफ्ना चेलाहरुप्रति आफ्नो जीवन पूर्णरुपमा अर्पण गर्नुभयो। येशू प्रभुलाई यी व्यक्तिहरु मजस्तै बन्न सक्नेछन् भन्ने पूर्ण भरोसा थियो। प्रभु येशूले चेलाहरुका जीवनलाई रुपान्तरण गर्ने उद्देश्यले आफ्नो सकारात्मक प्रभावद्वारा चेलारुहरुमा आफ्नो जीवन हस्तान्तरण गर्नुभयो।

- ***लूका ६:३९–४० पढ्नुहोस्।*** चेलाको उद्देश्य भनेको आफ्नो गुरुजस्तै हुनु हो। ख्रीष्टको चेला बन्नुको अर्थ उहाँजस्तै बनिँदै जानु हो।
- ***तपाईंले येशू प्रभुलाई आफ्नो प्रभु र मुक्तिदाता भनेर विश्वास गरेदेखि तपाईं ख्रीष्टजस्तै बन्नु भएका कुनै दुई वा तीन निर्दिष्ट तरिकाहरु के के हुन् ?***

  ..............................................................................................................

  ..............................................................................................................
- ***तपाईं येशू ख्रीष्टको अझै उत्तम चेला बन्नको निम्ति एउटा निर्दिष्ट माध्यम के होला ?***

  ..............................................................................................................

  ..............................................................................................................
- ***यूहन्ना २०:२१ पढ्नुहोस्।*** येशूले आफ्ना सत्यता र आफ्ना मार्गहरुद्वारा आफ्ना चेलाहरुलाई जिउन सिकाउनुभयो। प्रभु येशूको ख्रीष्टको चेलाको रुपमा अहिले यही मिशन तपाईंलाई पनि सुम्पिएको छ। तपाईंले ख्रीष्टमा पाउनुभएको जीवन र परिपक्वता लिएर आफ्ना चेलाहरुलाई हस्तान्तरण गर्नु तपाईंको मिशन हो।
- ***प्रेरित १४:२१–२३ पढ्नुहोस्।*** पावल र वर्णावासले सुसमाचार सुन्न तयार सबैलाई सुसमाचार सुनाए। उनीहरुले सुसमाचार सुनेर ग्रहण गर्नेहरुलाई परिपक्वतातर्फ बढ्ने तरिका पनि सिकाए। चेला निर्माण गर्ने प्रक्रियामा चेलाहरु अगुवा बन्न आत्मिक रुपमा प्रयाप्त नभएसम्म उनीहरुलाई विश्वासमा बढिरहन सुनिश्चित गर्ने र हौसला प्रदान गर्ने कार्य पर्दथ्यो।

तपाईं कहिल्यै मिशनरी, पास्टर र प्रचारक नहुनुहोला तर चेला निर्माण गर्ने सिद्धान्तचाहिँ ख्रीष्टलाई पछ्याउने सबैका निम्ति उही हो। येशू ख्रीष्टका चेलाहरु निर्माण गर्नु भनेको तपाईंले आफ्नो विश्वास बाँड्नुभन्दा अझै ठूलो कार्य हो। चेला निर्माण कार्यमा तपाईंले अरु व्यक्तिहरुका जीवनमा आफ्नो जीवन लगानी गर्नुपर्दछ, उनीहरुलाई परमेश्वरको वचनमा गहिराउनु पर्दछ, उनीहरुलाई आफ्ना सोचाइ र कार्यमा ख्रीष्टको स्वरुपमा बढ्दै जान सहायता पुऱ्याउने उद्देश्यले तपाईंले आफ्नो प्रभावको प्रयोग गर्नुपर्दछ र परमेश्वरको मिशनमा

उनीहरुको स्थानलाई स्वीकार गर्नुपर्दछ। लिङ्ग, जाति, उमेर र पद–प्रतिष्ठा जेसुकै भए पनि दैनिक जीवनमा बाइबलीय सत्यतालाई लागू गर्नको निम्ति केही न केही आत्मिक परिपक्वता र क्षमता भएका व्यक्तिहरुले येशू खीष्टको चेला निर्माण गर्न सक्छन्।

- ***तपाईंले सबैभन्दा बढी प्रभाव पार्ने व्यक्तिहरु को हुन् ?*** उनीहरु तपाईंका नानीहरु हुन सक्छन्, वा तपाईंको परिवारका अन्य सदस्यहरु हुन सक्छन् वा साथीभाइहरु हुन सक्छन् वा कार्यालय वा विद्यालयका सहकर्मी हुन सक्छन्।

  ......................................................................................................................................

  ......................................................................................................................................

- ***सीमित तरिका नै भए पनि के तपाईंसित कोही चेला छ ?*** अर्को शब्दमा, येशू खीष्टको अझै उत्तम चेला बन्नमा तपाईंले सकारात्मक रुपमा प्रभाव पारिरहनुभएको कोही व्यक्ति छ ?

  ......................................................................................................................................

  ......................................................................................................................................

- यदि छैन भने, परमेश्वरले तपाईंको जीवनमा ल्याइदिनु हुने कुनै व्यक्तिलाई वा ल्याइदिई सक्नुभएको कसैलाई आगामी वर्षभित्रमा खीष्टको चेला बनाउने अवसर पाउन सकौं भनी परमेश्वरसित बिन्ती गर्नुहोस्। तपाईंले जो व्यक्तिलाई आजै, वा भोलि वा अर्को हप्ता आफ्नो विश्वास बताउनुहुनेछ सायद उहीबाट नै चेलापन कार्य शुरुआत हुनसक्छ।

## दिन–२ः सबै विश्वासीहरु मसितै यस मिशनमा सहभागी हुन्छन्

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- तपाईंलाई खीष्टमा नयाँ जीवन देखाइदिने व्यक्तिहरुका निम्ति परमेश्वरलाई धन्यवाद दिनमा केही समय बिताउनुहोस्।

तपाईं आफूभन्दा अझै ठूलो क्षेत्रको हिस्सा हुनुहुन्छ। संसारका सबै जातिका मानिसहरु बीचमा येशू खीष्टका चेलाहरु निर्माण गर्ने परमेश्वरको महान् र विश्वव्यापी योजनाको तपाईं हिस्सा हुनुहुन्छ। अरु विश्वासीहरुका माझमा परमेश्वरले कसैको जीवनमा परिवर्तन ल्याउन तपाईंलाई प्रयोग गर्न सक्नुहुन्छ। तपाईंले आफ्नो प्रभाव क्षेत्रभित्र मानिसहरुका जीवनमा राम्रो होस् वा नराम्रो होस् कुनै न कुनै तरिकाले आफ्नो जीवन पुनरुत्पादन गरिसक्नुभएको हुन्छ। बाइबलमा दिइएका परमेश्वरका मार्गनिर्देशनहरु र पवित्र आत्माको अगुवाइअनुसार जिउन सिक्नु र अरुहरुलाई पनि त्यसै गर्न सिकाउनुचाहिँ प्रमुख कुरा हो। प्राचीन कालदेखि चेला निर्माण सम्बन्धी परमेश्वरको तरिका यही हो।

- ***१ कोरिन्थी ११:१ पढ्नुहोस्***। येशू खीष्टको चेला निर्माण गर्नेहरुले अवलम्बन गर्नुपर्ने तरिका यही हो।

मैले ख्रीष्टलाई जसरी पछ्याएँ, तिमीहरुले पनि त्यसरी नै मेरो अनुकरण (शाब्दिक रुपमा *नक्कल गर्नु* भन्ने हुन्छ) गर भनी पावलले कोरिन्थका विश्वासीहरुलाई अनुरोध गरेका थिए। त्यो पावलको अहम्‌पूर्ण अनुरोध थिएन बरु उनलाई आफूले ख्रीष्टका मार्गहरु पछ्याइरहेको छु भने आत्मविश्वास भएकोले उनीहरुले आफूलाई पछ्याएमा उनीहरुले पनि ख्रीष्टकै मार्गहरु पछ्याएका हुनेछन् भन्ने अभिव्यक्ति थियो।

- ***फिलिप्पी ३:१७ र १ थेसलोनिकी १:६ पढ्नुहोस्।*** पावलले आफूलाई पछ्याउनेहरुको निम्ति उदाहरणको जीवन जिएका थिए भनी यी पदहरुले पनि औंल्याएका छन्।
- ***१ कोरिन्थी ४:१७ पढ्नुहोस् ।*** पावलको जीवनचाहिँ निरन्तरताको नमूना थियो। मानिसहरुले मेरा मार्गहरु पछ्याउन सक्नेछन् र उनीहरुले पनि हामीले ख्रीष्टका मार्गहरु पछ्याइरहेका छौं भनी थाहा पाउनेछन् भनी पावल ढुक्क थिए। उनले कोरिन्थीको मण्डलीलाई जे सिकाएका थिए, उनले त्यही कुरा अरुहरुलाई पनि सिकाए।
- ***यदि तपाईंलाई राम्ररी चिन्नेहरुलाई तपाईंको बारेमा कसैले सोधेमा, उनीहरुले दिएका जबाफमा कमसेकम मेरा ख्रीष्ट झल्काउने शैलीहरु समेटिएका छन् भने के तपाईं सन्तुष्ट बन्नुहुन्छ ? वा के उनीहरु तपाईंका अद्धितीय तौरतरिकाहरु वा व्यक्तित्वको बारेमा चर्चा गर्लान् ?***

..........................................................................................................

..........................................................................................................

- ***२ थेसलोनिकी ३:७-९ पढ्नुहोस्।*** पावलको जीवनको उदाहरणले उनको बाइबलीय ज्ञानलाई माथ गरेको कुरा यस खण्डमा छर्लङ्ग देखाइएको छ। उनले आफ्नो जीवनको हरेक पाटोमा परमेश्वरको सत्यता अटुट रुपमा प्रदर्शन गरिरहे।
- ***तपाईंलाई उदाहरणको रुपमा हेर्ने व्यक्तिहरुका निम्ति परमेश्वरको सत्यताको अझै सुन्दर उदाहरण बन्ने हेतुले तपाईंको जीवनको कुन चाहिँ क्षेत्र (क्षेत्रहरु) मा बढी ध्यान दिनु आवश्यक छ ?***

..........................................................................................................

..........................................................................................................

- ***२ तिमोथी २:२ पढ्नुहोस् । यस पदमा उल्लेखित चार पुस्ते चेलाहरुको सूची बनाउनुहोस् ।*** येशू ख्रीष्टको चेला निर्माण गर्ने विषयमा यो नै उत्तम नमूना हो : आत्मिक रुपमा परिपक्व हुने किसिमले जीवनको मार्ग एउटा व्यक्तिले अर्को व्यक्तिलाई निरन्तर श्रृङ्खलामा सिकाउने कार्य भइरहेको हुन्छ।

..........................................................................................................

..........................................................................................................

- ***२ तिमोथी १:१३, ३:१० र ३:१४ पढ्नुहोस् । यी पदहरुअनुसार, पावलले तिमोथीलाई हस्तान्तरण गरेका र तिमोथीले अरुहरुलाई हस्तान्तरण गर्नुपर्ने कम्तिमा पाँच ओटा कुराहरु के के थिए ?***

..........................................................................................................

.........................................................................................................

पावल येशू ख्रीष्टको चेला थिए। उनले आफ्नो विश्वास, ज्ञान र परिपक्वता तिमोथी र अरुहरुलाई हस्तान्तरण गरेका थिए। तिमोथीले विश्वासीहरुको अर्को पुस्तालाई तालिम दिए र ती विश्वासीहरुले पनि त्यसै गरे। यसरी शताब्दीदेखि शताब्दीसम्म चेला निर्माण कार्य चल्दै आइरहेको छ। तपाईंले प्राप्त गर्नुभएको विश्वास र सत्यता युगौंदेखि चेलादेखि चेलामा हस्तान्तरण हुँदै आइरहेको छ। यही नै तपाईंको मिशन हो। र, येशू प्रभुले अनगिन्ती पुस्ताहरुमा हस्तान्तरण गर्नुभएको मिशन यही हो।

## दिन–३ : चेलाहरू निर्माण गर्नको निम्ति म चेला बन्नुपर्दछ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- मेरो जीवन अरुहरुको निम्ति विश्वासको नमूना र ख्रीष्ट झल्काउने जीवन भएको होस् भनी परमेश्वर सित प्रार्थना गर्नुहोस्।

तपाईंले अध्ययन गरिरहनुभएको धर्मशास्त्रका खण्डहरुमा चेला निर्माण गर्नु भनेको तपाईंले बोल्ने र सिकाउने कार्यलेभन्दा पनि तपाईंले जिउने जीवनले अरुहरुलाई परिपक्वता बारे सिकाउनुलाई जोड दिइएको छ। तपाईंले बाइबलदेखि सिक्नुभएको परमेश्वरको सत्यताचाहिँ ख्रीष्टमा तपाईंको नयाँ जीवनको निम्ति जग हो, तर तपाईंले आफ्नो जीवनका उदाहरणहरुदेखि पनि चेला निर्माण गर्नुहुनेछ। तपाईं आफै ख्रीष्टको चेला ***नबनी*** अरुहरुलाई साँचो रुपमा चेला निर्माण गर्न सक्नुहुन्न।

- ***१ तिमोथी १:१६ पढ्नुहोस्।*** पावलले चेला बनाउने व्यक्तिको हैंसियतमा पछ्याउनको निम्ति अरुहरुका खातिर नमनूना प्रदान गर्ने जीवन जिउनुपर्छ भन्ने आफ्नो भूमिका बुझेका थिए।
- ***१ तिमोथी ४:१२ पढ्नुहोस्।*** पावलले आफ्नो चेला तिमोथीलाई नमूनाको जीवन जिउन भनेका छन्।
- ***१ पत्रुस ५:१-३ पढ्नुहोस्।*** पत्रुसले पनि चेलाको जीवनचाहिँ अरुहरुका निम्ति भक्तिको नमूना बन्नुपर्दछ भनी बुझेका थिए। यसकारण, उनले पास्टर र मण्डली अगुवाहरुलाई उदाहरणद्वारा अगुवाइ गर्न शिक्षा दिएका छन्।
- ***तीतस २:७-८ पढ्नुहोस् ।*** चेला निर्माण गर्ने र अरुहरुका जीवनमा आफ्नो जीवन पुनरुत्पादन गर्ने उद्देश्यले पावलका अर्का चेला तीतस क्रेट द्वीपमा छाडिए (तीतस १:५)। पावलले पनि तीतसलाई अरु चेलाहरुका खातिर सुकार्यको नमूनाको जीवन जिउन आज्ञा दिएका छन्।

तीतसको पुस्तकले सुकार्यको नमूनाको जीवन जियाइलाई महत्त्व दिएको छ। यद्यपि, तपाईंको अनन्त जीवन र क्षमादान तपाईंको सुकार्य, तपाईंले गर्नुभएका कुनै सेवामा निर्भर हुँदैन तर येशू ख्रीष्टले समापन गर्नुभएको कार्यमा निर्भर हुन्छ भन्ने कुरा नभुल्नुहोस्। तीतस ३:५ ले यस कुरालाई छर्लङ्ग तुल्याएको छ। जब तपाईं परमेश्वरसितको सम्बन्धमा बढ्नुहुनेछ र तपाईंको जीवन ख्रीष्टजस्तै हुँदै जानेछ, त्यस बेला असल र सही

कार्यचाहिँ स्वाभाविक परिणाम बन्दछ। "असल कार्य गर्नु" भनेको तपाईंले पाप पश्तताप गर्न र ख्रीष्टमा विश्वास गर्न निर्णय गर्नुभएको कुराचाहिँ साँचो रहेछ भनी देखाउने प्रमाण हो।

- ***एफिसी २:८-१० पढ्नुहोस् ।*** यस अध्यायले तपाईंले विश्वासद्वारा परमेश्वरको अनुग्रहले उद्धार पाउनु भएको हो, तर असल काम वा प्रयासले होइन भनी छर्लङ्ग रुपमा बताएको छ। यद्यपि, परमेश्वरले तपाईंलाई उहाँले पहिल्यै निर्धारित गर्नुभएका सुकार्यहरुअनुसार चल्न सृष्टि गर्नुभयो भनी पद १० ले बताउँदछ।
- ***तीतस १:१५-१६ पढ्नुहोस्।*** येशू ख्रीष्टका विश्वासीहरु पनि लापरबाही रुपमा हुर्कन र आफ्ना जीवनलाई शारीरिक इच्छाहरुद्वारा नियन्त्रण गराएका हुनसक्छन्। र, यसरी उनीहरु आफ्ना मन र विवेकलाई दुषित तुल्याउँदछन्।
- ***तपाईंले आम रुपमा आफूलाई प्रभु येशूको चेला हुँ भनी जुन स्वीकार जनाउनुभएको छ, त्यस स्वीकार सित नमिल्दो वा असुहाउँदिलो हुने तपाईंको जीवनमा कुनै कार्य, आनीबानी र सोचविचार छ ? तपाईंले पाठ १३ मा पापलाई सम्बोधन गर्ने विषयमा अध्ययन गर्नुभएअनुसार अहिले नै तपाईंको यस समस्यालाई निराकरण गरिहाल्नुहोस् ।***

  ........................................................................................................................

  ........................................................................................................................
- ***तीतस २:१४, ३:१, ३:८ र ३:१४ पढ्नुहोस्।*** पावलले तीतसलाई असल र उचित कार्य गर्दै भक्तिपूर्ण जीवनमा अटुट लागिरहनको निम्ति होसियार रहन अर्ति दिएका छन्।
- ***हिब्रू १०:२४-२५ पढ्नुहोस् ।*** चेलापन निर्माण प्रक्रियाको महत्त्वपूर्ण पाटो भनेको स्थानीय मण्डलीले प्रदान गरेको संरचनाभित्र रही अरु विश्वासीहरुसित सङ्गति गर्न एक ठाउँमा भेला हुन अभ्यास गर्दै प्रेम र सुकर्ममा निरन्तर लाग्न दिइने पारस्पारिक हौसला हो।
- तपाईं धेरै वर्षदेखि येशू ख्रीष्टलाई पछ्याइरहनुभएको विश्वासी हुनुभए पनि, तपाईंसित पथप्रदर्शक भइदिए तपाईंलाई धेरै लाभ हुन्छ। पथप्रदर्शक र तपाईंको सम्बन्ध औपचारिक र संरनापूर्ण सम्बन्ध हुन पनि सक्छ, नहुन पनि सक्छ। तर तपाईंलाई आफ्नो जीवनमा मार्गदर्शन, परामर्श र जवाफदेहिताको उदाहरण स्वरुप मानिसहरुको आवश्यकता पर्दछ।
- ***तपाईंको आफ्नो जीवनमा पथप्रदर्शकहरु को को छन् ?***

  ........................................................................................................................

  ........................................................................................................................
- यदि तपाईंलाई थाहा छैन भने, तपाईंको निम्ति पथप्रदर्शक र नमूना बन्न सक्ने अरु कोही परिपक्व, अनुभवी विश्वासीहरुसित सम्बन्ध स्थापित गर्ने अवसरहरु छन् कि भनेर आफ्नो मण्डलीको अगुवालाई सोध्नुहोस्।

- ***यदि तपाईंको मण्डलीमा चेला/ पथप्रदर्शक सम्बन्ध लागि औपचारिक ढाँचा वा संरचना छैन भने, तपाईंले उदाहरणको रुपमा लिन सक्ने आफ्नो मण्डलीका दुई वा तीन जना विश्वासीहरु को को होलान् ? तपाईंले उनीहरुका जीवनमा देख्नुभएका विविध सकारात्मक, बाइबलीय गुणहरुको सूची बनाउनुहोस् ।***

........................................................................................................................................

........................................................................................................................................

## दिन-४ः मेरो जीवनले विश्व-व्यापी र अनन्त प्रभाव पार्न सक्छ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- विश्वभरिका सारा मानिसहरुकहाँ तपाईंको मुक्तिको अनुग्रह फैलाउने योजनामा मलाई सहभागी हुन सक्ने व्यावहारिक तरिकाहरु देखाइदिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

अरु मानिसहरुका जीवनमा अनन्त रुपमा प्रभाव पार्ने अवसरमा सहभागी हुन पाउनु येशू ख्रीष्टको चेला हुनुका बृहद फाइदाहरुमध्ये एउटा फाइदा हो। अर्को त्यस्तै ठूलो फाइदा भनेको तपाईंले सारा संसारभरि परमेश्वरको परिवारभित्र दाजुभाइ वा दिदीबहिनी पाउनुभएको छ र परमेश्वरको मिशनमा तपाईंको पनि त्यतिकै महत्त्वपूर्ण भूमिका छ।

- ***मत्ती २८ः१८-२० पढ्नुहोस्।*** यस अध्यायलाई ***महान् आज्ञा*** पनि भनिन्छ। कारण, यस खण्डले बडो सुन्दर ढङ्गमा हाम्रो मिशनको सार प्रस्तुत गर्दछ। प्रमुख आज्ञाचाहिँ सिकाउनु र चेला निर्माण गर्नु नै हो।
- परमेश्वरको मिशनचाहिँ भौगोलिक परिवेश, भाषा, संस्कृति वा जातियताभित्र मात्रै हुँदैन। सबै जातिहरुलाई चेला बनाउनु यहाँ आज्ञा गरिएको छ। *सबै जाति* भनेर अनुवाद गरिएको यो शब्दचाहिँ ग्रीकबाट आएको हो। यस शब्दले जाति-जातिको समूहलाई बुझाउँदछ।
- ***उत्पति १२ः१-३ पढ्नुहोस्।*** परमेश्वरले अब्राहामलाई हिब्रू जातिहरुको संस्थापक हुन बोलाउनु भए तापनि परमेश्वरको योजनाचाहिँ हिब्रू जातिदेखि सारा संसारका जातिहरुमा उहाँको प्रेम फैलाउनु रहेको थियो। हिब्रूमा चलाइएको *जाति* शब्दले पनि जाति-जाति समूहहरुलाई नै बुझाउँदछ।
- ***उत्पति ६७ः१-७ पढ्नुहोस्।*** यो पनि परमेश्वरले आफ्नो उद्धारको अनुग्रह सारा संसारकहाँ पुऱ्याउने योजनाको अर्को उदाहरण हो। भजनसङ्ग्रह २२:२७-२८ र भजनसङ्ग्रह ६६:१-४ लगायत भजनसङ्ग्रहको पुस्तकमा यसता उदाहरणहरु धेरै छन्। पुरानो नियमभरि यस्ता अन्य उदाहरणहरु छन्।
- ***तपाईं आफ्नो शहरमा, छिमेकमा , वा जहाँ काम गर्नुहुन्छ वा जहाँ अध्ययन गर्नुहुन्छ, ती ठाउँहरुमा तपाईं कुन जाति समूह अन्तर्गत पर्नुहुन्छ ?***

परमेश्वरले तपाईंलाई सुसमाचार सुनाउने मौका दिनुहुँदाखेरि तपाईं सुसमाचार सुनाउन जहिले पनि तयार र

इच्छुक हुनुपर्छ। मिशन भनेको आफ्नो विश्वास बाँडेर सुसमाचार प्रचार गर्नु मात्रै होइन, तर येशू ख्रीष्टको चेला निर्माण गर्नु पनि हो। जब तपाईं चेला निर्माण गर्नुहुन्छ, तपाईंले ख्रीष्टको देहमा सदस्यहरु थप्ने कार्य मात्रै गरिरहनुभएको हुँदैन तर तपाईंले चेलाहरुको सङ्ख्या पनि बृद्धि गरिरहनुभएको हुन्छ। कारण, तपाईंका चेलाहरुलाई अरुहरुकहाँ पुग्नको निम्ति पनि तालिम दिइएको हुन्छ (२ तिमोथी २:२)। कल्पना गर्नुहोस्, यदि आफूभन्दा फरक जाति समूहहरुकहाँ विश्वासीहरु पुग्नु परेमा यस चेला अभिवृद्धिको समग्र प्रभाव के हुन्थ्यो होला ! यसले प्रायःश सुसमाचारको निम्ति नवीन प्रभाव क्षेत्रहरु खोलिदिन्छ। कारण, मानिसहरुले आफूसित नजिकका, आफ्ना जाति, वर्गका व्यक्तिहरुलाई आफ्नो विश्वास सजिलै बाँड्न सक्छन्।

आफूभन्दा फरक भाषा, संस्कृति र पृष्ठभूमि भएका विश्वका जातिहरुकहाँ येशू ख्रीष्टको सुसमाचार पुर्‍याउने परमेश्वरको मिशनमा सहभागी हुने अन्य तरिकाहरु पनि छन्।

- ***फिलिप्पी ४:१५-२० पढ्नुहोस्***। पावलले आफ्नो मिशनरी सेवकाइमा फिलिप्पीका मण्डलीहरुले दिएका आर्थिक सहयोगको निम्ति उनीहरुलाई धन्यवाद दिन्छन्।
- ***कलस्सी ४:२-४ र एफिसी ६:१८-२० पढ्नुहोस्***। यी अध्यायहरुमा पावलले एफिसी र कलस्सीका विश्वासीहरुलाई अरु मानिसहरुकहाँ सुसमाचार लिएर जानको निम्ति प्रार्थनामा सहकार्य गर्न अनुरोध गर्छन्।
- विश्वका विभिन्न जाति, समुदायहरुकहाँ सुसमाचार पुर्‍याउने परमेश्वरको मिशनमा तपाईं सक्रिय सहभागी हुनसक्ने धेरै तरिकाहरु छन्।
    - ***तपाईं दिएर सहभागी हुन सक्नुहुन्छ*** —आफ्नो स्थानीय मण्डलीद्वारा मिशनरीहरुलाई सहयोग गर्न र फिलिप्पीका विश्वासीहरुले पावललाई दिएजस्तै गरी आफ्नो नियमित दशांस र भेटीभन्दा बढी आफ्नो मण्डलीलाई दिन प्रतिवद्ध हुन सिक्नुहोस्।
    - ***तपाईं गएर सहभागी हुन सक्नुहुन्छ*** — तपाईंको मण्डलीले तय गरेको छोटो मिशन यात्राका अवसरहरु बुझ्नुहोस् अनि त्यसमा सहभागी हुने योजना बनाउनुहोस्।
    - ***तपाईं प्रार्थना गरेर सहभागी हुन सक्नुहुन्छ*** —कलस्सी र एफिसीका मण्डलीहरुरुले पावललाई प्रार्थना गरेझैं नाम तोकेर कतिपय मिशनरीहरु र सेवकाइहरुको निम्ति प्रार्थना गर्न प्रतिवद्ध हुनुहोस् गरे। संभवतः, तपाईंको मण्डलीले निर्दिष्ट मिशनरीहरुका निम्ति संयक्त प्रार्थनाको अवसरहरु तयार पार्न सक्छ।
- ***तपाईं आफ्नो स्थानीय मण्डली मार्फत मिशन गतिविधिमा सहभागी हुनलाई तपाईंका निम्ति के के अवसरहरु छन् ?***

  .........................................................................................................

  .........................................................................................................
- ***तपाईंको आफ्नो मण्डली परिधिबाहिरका जाति समूह, वा मानिसहरुकहाँ सुसमाचार लैजाने***

*परमेश्वरको मिशनमा पूर्ण रुपमा सहभागी हुनको लागि तपाईं एउटा कदम के चाल्नुहुन्छ ?*

.......................................................................................................

.......................................................................................................

## दिन–५ः मेरो मिशन पूरा हुँदा मेरो औचित्यले पूर्णता पाउँदछ

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- तपाईंको मिशनको साँचो उद्देश्य र सार्थकता पत्ता लगाउने तरिका स्पष्ट रुपमा बुझ्न मलाई सहायता गर्नुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

तपाईंले सिकिरहनुभएको सम्पूर्ण सत्यताअनुसार तपाईंले परमेश्वरको मिशनमा आफ्नो स्थान पत्ता लगाउनु भएको कुरा त्यस बेला अर्थपूर्ण हुन्छ, जुन बेला तपाईं आफ्नो स्थानीय मण्डलीको सक्रिय, विश्वासयोग्य सदस्य बन्नुहुन्छ, आफ्ना आत्मिक वरदानहरु पत्ता लगाएर तिनलाई प्रयोग गर्नुहुन्छ, दिने व्यक्ति बनेर पूर्ण रुपमा आफ्नो जीवन परिवर्तन हुन दिनुहुन्छ, आफ्नो विश्वास बाँड्नुहुन्छ अनि चेला निर्माण कार्यमा परमेश्वरको मिशनमा आफ्नो औचित्य थाहा पाउनुहुन्छ।

- ***प्रेरित २६ः१३–२० पढ्नुहोस् ।*** पावलले राजा अग्रिपाको सामुन्ने आफ्नो परिवर्तनको बारेमा वर्णन गर्दाखेरि, ख्रीष्टले आफूलाई अन्यजातिहरुकहाँ सुसमाचार लैजान आज्ञा दिनुभएको कुरालाई पनि उल्लेख गरेका छन्। उनले पद १९ मा परमेश्वरबाट प्राप्त दर्शनप्रति म बागी भइनँ बरु त्यस दर्शनलाई पूरा गर्न म प्रतिवद्ध छु भनी घोषणा गरेका छन्। परमेश्वरले मलाई को बनाउनुभएको रहेछ भनी पावलले थाहा पाएका हुनाले यही कुरा उनको जीवनमा अविरल प्रेरणा बनिरह्यो।
- ***गलाती १ः१०–२० पढ्नुहोस् ।*** पावलको आफ्नो सार्थकताको श्रोत बन्नको निम्ति अन्तर्दृष्टि प्रदान गर्ने यो अर्को खण्ड हो।
- ***फिलिप्पी ३ः४–७ पढ्नुहोस्।*** पावलमा यहूदी व्यवस्था बारे शिक्षा, तयारी र अनुष्ठानको सानदार पृष्ठभूमि थियो। यद्यपि, उनले आफ्ना उच्च प्राप्तिहरुमा होइन तर येशू ख्रीष्टसितको सम्बन्धमा जीवनको सार्थकता खोज्ने विवेकशील निर्णय गरे।
- ***तपाईंले आफ्नो जीवनलाई नियाल्दाखेरि के तपाईं परमेश्वरलाई खुशी तुल्याउनको निम्ति अन्तर इच्छाद्वारा अभिप्रेरित हुनुहुन्छ ? वा अरुहरुका सोचाइ वा भनाइद्वारा तपाईं अभिप्रेरित हुनुहुन्छ ?***

  .......................................................................................................

  .......................................................................................................
- ***तपाईंले अरुहरुलाई भन्दा पनि परमेश्वरलाई खुशी तुल्याउनेछु भनी गर्नुभएको निर्णयको एउटा निर्दिष्ट उदाहरण पेश गर्नुहोस् ।***

.................................................................................................................

.................................................................................................................

- ***२ तिमोथी ४:६-८ पढ्नुहोस् । ख्रीष्टको महान् उद्देश्यको खातिर रोममा पावललाई फाँसी दिएर मारिनु केही अघिमात्रै पावलद्वारा लेखिएका यी शब्दहरुका आधारमा, पावलको आफ्नो व्यक्तिगत सार्थकताको अनुभूतिलाई तपाईं कसरी उल्लेख गर्नुहुन्छ ?***

.................................................................................................................

.................................................................................................................

- ***यदि तपाईंलाई म चाँडै मर्दैछु भन्ने थाहा भएमा, तपाईंले आफ्नो व्यक्तिगत सार्थकतालाई कसरी मापन गर्नुहुन्छ ?***

.................................................................................................................

.................................................................................................................

- ***तपाईंले आफ्नो जीवनमा महान् अनन्त सार्थकता थप्नको निम्ति अहिले आफ्नो जीवनमा गर्नसक्ने एउटा सकारात्मक समायोजनको नाम लेख्नुहोस् ।*** उदाहरणको लागि, तपाईंको आफ्नो मण्डलीले सहायता गरिरहेका मिशनरीहरु र मिशन परियोजनाहरुका निम्ति नियमित र व्यवस्थित तरिकाले प्रार्थना गर्ने अभियानमा आवद्ध हुने निर्णय गर्न सक्नुहुन्छ, वा अरुहरुकहाँ प्रभु येशू ख्रीष्टको सुसमाचार पुर्‍याउनको निम्ति आफ्नो स्थानीय मण्डलीमार्फत गरिएको सेवकाइमा तपाईंका आत्मिक वरदानहरु प्रयोग गर्न उपयुक्त माध्यम पत्ता लगाउन सक्नुहुन्छ।

.................................................................................................................

.................................................................................................................

दुई ओटा कुरा अनन्तसम्म रहिरहन्छन् । ती हुन् : मानिसको आत्मा र परमेश्वरको वचन । जब तपाईं परमेश्वरको वचनद्वारा मानिसहरुको सेवा गर्नुहुन्छ, तपाईंले अनन्त प्रभाव पार्ने लगानी गरिरहनु भएको हुन्छ । प्रसिद्धि, वैभव र सम्पतिहरु सधैंभरि रहँदैनन् । जब तपाईंको जीवनको अन्त्य हुन्छ, तपाईंका अनन्त लगानीहरुले साँचो र सदाकालीन सार्थकता दिनेछन् । तपाईंको पेशा वा पृष्ठभूमि जेसुकै भए पनि येशू ख्रीष्टको सच्चा चेला निर्माण गर्नको निम्ति अरु विश्वासीहरुसँग मिलेर सहकार्य गर्नु नै तपाईं सहभागी बन्न सक्ने मिशन हो । र, तपाईंले जीवनको साँचो उद्देश्य र सार्थकता प्राप्त गर्ने उत्तम तरिका यो मात्रै हो ।

### नोटहरुः अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु

.................................................................................................................

.................................................................................................................

# पाठ १८ कुशल समापन : आफैलाई परमेश्वर सामु उभ्याउनु

***यो जीवन सकिएपछि परमेश्वरको सामु खडा हुनुलाई म कसरी आत्म-भरोसा पाउन सक्छु ?***

***कण्ठस्थ पदः १ युहन्ना २ः २८***

***यस हप्ताको प्रमुख विचार : मैले ख्रीष्टको निम्ति उहाँको शक्तिमा जीवन जिउञ्जेलसम्म म परमेश्वरको सामु आत्म-भरोसा र आनन्दसहित खडा हुन सक्छु ।***

**आत्म-भरोसाचाहिँ** जीवनका महान् प्रेरक तत्त्वहरुमध्ये एउटा तत्त्व हो, र परमेश्वरको सामु खडा हुने आत्म-भरोसा हुनुभन्दा बढी महत्त्वपूर्ण अन्य थोक हुन सक्तैन। बाइबलअनुसार हरेक व्यक्तिले एक दिन परमेश्वरको सामु आ-आफ्नो जीवनको लेखा बुझाउनुपर्दछ। येशू ख्रीष्टको चेलाको हैंसियतमा, तपाईंले बुझ्नुभएको छ—तपाईं पापको सजायको कारण परमेश्वरको सामु न्यायमा खडा हुनुपर्ने छैन किनकि तपाईंको साटोमा पापको मूल्य तिरदिनुहुने येशूले पूरा गर्नुभएको कार्यमा तपाईंले आफ्नो विश्वास अड्याउनुभएको छ। यद्यपि, जब तपाईं अन्तमा ख्रीष्ट सामु खडा हुनुहुनेछ, त्यस बेला तपाईंले ख्रीष्टद्वारा प्राप्त गर्नुभएको जीवन र अवसरहरु साथै तपाईंले गर्नुभएका निर्णयहरु सम्बन्धी लेखा दिनुपर्ने ***हुन्छ***। योचाहिँ अरुकोदेखि अलग तपाईंको व्यक्तिगत लेखा हुनेछ। तपाईं आफ्नो पति वा पत्नी वा छोराछोरी वा आमाबाबु वा मण्डलीको निम्ति होइन तर आफ्नो जीवनको निम्ति मात्रै जबाफदेही हुनुपर्नेछ।

यदि तपाईं उहाँमा निरन्तर रुपमा रहिरहनुहुन्छ भने उहाँको आगमनमा बिनासङ्कोच ख्रीष्टको सामुन्ने उभिन सक्ने तपाईंसित आत्म-भरोसा हुन्छ भनी **यूहन्नाले आफ्नो** पहिलो पत्रमा लेखेका छन्। यो अन्तिम पाठचाहिँ परमेश्वरले अभिप्राय राख्नुभएअनुसार तपाईंको जीवन हुनुपर्छ भनी सुनिश्चित गर्न सहायता पुऱ्याउने पाँच आधारभूत प्रतिवद्धताहरुको अध्ययन हो । ती प्रतिवद्धताहरु हुन् : तपाईंको आफ्नो विश्वासमा **बढनु, मण्डलीप्रति विश्वासयोग्य हुनु, पापलाई तुरुन्तै सम्बोधन गर्नु, अनन्त मूल्यका थोकहरुमा लगानी गर्नु र ख्रीष्टको सामुन्ने आनन्दसहित खडा हुनु ।**

## दिन-१ः परमेश्वरसितको मेरो सम्बन्धमा निरन्तर बढिरहनु म प्रतिवद्ध छु

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- तपाईंसितको दैनिक हिँडाइमा एकनासे भइरहने मार्ग मलाई देखाइदिनुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

ख्रीष्टियन जीवन सधैं गतिशील हुन्छ, कहिल्यै निस्क्रिय हुँदैन । परमेश्वरसितको तपाईंको सम्बन्धमा सधैं सिक्नुपर्ने कुरा, सधैं गर्न पर्ने कार्य, र सधैँ बृद्धि हुँदैजानुपर्ने ठाउँहरु अझै धेरै बाँकी हुन्छन्। अनि गर्नुपर्ने धेरै

ठाउँहरु छन्। आत्मिक बृद्धिका प्रारम्भिक चरणहरुमा तपाईं आफ्नो मार्गनिर्देशनको निम्ति अरुहरुको सहारामा निर्भर हुनुपर्ने हुन्छ। तपाईं ख्रीष्टमा जति बढ्दै जानुहुन्छ, तपाईंले आफ्नो आत्मिक बृद्धिलाई निरन्तरता दिनको निम्ति आफूलाई सहायता गर्ने साथमा कोही नभए पनि आफै जिम्मेवार हुनुपर्छ भनी सिक्नुपर्दछ।

- ***कलस्सी १: ९-११ पढनुहोस्***। कलस्सीका विश्वासीहरु निरन्तर रुपमा प्रभुमा बढिरहून् भन्ने पावलको प्रार्थना र चाहना रहेको पाइन्छ।
- ***पावलले कलस्सीका विश्वासीहरुमा देख्न चाहेका आत्मिक बृद्धिका कमसेकम पाँच ओटा निर्दिष्ट विशेषताहरुको सूची बनाउनुहोस् ।***

  ..............................................................................................................

  ..............................................................................................................
- ***यस पुस्तक अध्ययनको शुरुआतदेखि तपाईं आत्मिक रुपमा बढ्नुभएका कुनै निर्दिष्ट तरिकाहरुको सूची बनाउनुहोस् ।***

  ..............................................................................................................

  ..............................................................................................................
- ***यदि पावलले कलस्सीमा उल्लेख गरेका कुनै पनि आत्मिक बृद्धिका क्षेत्रहरु लागू हुँदैनन् भने, तपाईं आत्मिक रुपमा बृद्धि हुनुभएको अर्को कुनै क्षेत्रको सूची बनाउनुहोस् ।***

  ..............................................................................................................

  ..............................................................................................................
- ***२ थेसलोनिकी १:३ पढनुहोस् । थेसलोनिकीहरु आत्मिक रुपमा बढेका कारण पावलले परमेश्वरलाई धन्यवाद चढाए ।***
- ***थेसलोनिकीहरु कुन-कुन क्षेत्रहरुमा आत्मिक रुपमा बढेका थिए ?***

  ..............................................................................................................

  ..............................................................................................................
- ***यस पाठको अध्ययन अवधिमा तपाईं यी दुई क्षेत्रहरुमध्ये कुनचाहिँ एउटा क्षेत्रमा वा दुवै क्षेत्रहरुमा कसरी आत्मिक रुपमा बढ्नुभयो सो बारे एउटा निर्दिष्ट उदाहरण दिनुहोस् ।***

  ..............................................................................................................

  ..............................................................................................................
- ***२ पत्रुस ३: १-१० पढनुहोस्***। ख्रीष्टले फर्की आउनेछु र स्वर्ग र पृथ्वी दुवैलाई नयाँ तुल्याउनेछु भनी प्रतिज्ञा गर्नुभएको कुरा पत्रुसले हामीलाई स्मरण गराएका छन्। उहाँको आगमन ***कहिले*** हुनेछ हामी जान्दैनौं तर हामी तयार भएरचाहिँ रहन ***सक्नेछौं***।
- ***२ पत्रुस ३: ११-१३ पढनुहोस्***। येशू ख्रीष्टको आगमनको आधारमा, पत्रुसले हामीलाई कस्तो किमिसको

मानिस हुनुपर्ने हो सो बारेमा प्रश्न गरेका छन्।

- ***२ पत्रुस ३ः १४-१७ पढनुहोस्।*** योचाहिँ पत्रुस आफैले पद ११ मा सोधेका प्रश्नको जबाफ हो।
- ***२ पत्रुस ३ः १८ पढनुहोस् ।*** यो पदचाहिँ पत्रुसले आफ्ना पाठकहरुलाई हाम्रा मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा अघि बढिरहन दिइएका अन्तिम सन्देश हो।

तपाईंले चाँडै नै यो अध्ययन पूरा गर्नु हुनेछ, तर तपाईंको बाँकी जीवनभरि ख्रीष्टमा तपाईंको बृद्धि भइरहनुपर्दछ। आत्मिक बृद्धिको प्रमुख पाटो भनेको बाइबल र प्रार्थनामा दैनिक समय बिताउनु रहेछ भनी तपाईंले सिक्नुभएको छ। हरेक हप्ताका लागि पाँच ओटा पाठहरु समावेश गरिएका छन्। पाँच दिन बाहेक हप्ताको अन्य दुई दिनचाहिँ तपाईंले बाइबल र प्रार्थनामा समय बिताउने अरु नै तकिारहरु पत्ता लगाउनुभएको छ भन्ने आशा राखेको छु। यदि त्यसो गर्नुभएको छैन भने, अहिले नै त्यसो गर्ने समय हो। परमेश्वरसँग हरेक दिन हिँडिरहनका निम्ति यहाँ दुई ओटा सुझावहरु दिइएका छन् :

- दैनिक बाइबल अध्ययन र व्यक्तिगत प्रयोगको निम्ति तयार पारिएका धेरै थरिका उपसाना सम्बन्धी पुस्तकहरु पाइन्छन्। तपाईंले त्यस्ता पुस्तकहरु लगभग सबै ख्रीष्टीय पुस्तक पसलहरुमा पाउन सक्नुहुन्छ। वा, तपाईंले इन्टरनेटदेखि पनि सिधै लिन सक्नुहुन्छ। यदि अनिश्चित हुनुहुन्छ भने, आफ्नो उपासनापूर्ण जीवनको निम्ति असल योजना बारेमा मण्डलीको अगुवासित परामर्श लिनुहोस्।
- अन्य सामाग्रीहरु नभए पनि बाइबल अध्ययन गरेर मात्रै पनि आफ्नो आत्मिक बृद्धिलाई निरन्तरता दिइरहन सक्नुहुन्छ। एक वर्षभित्रमा (वा कुनै समय अवधिमा) बाइबल पढिसिध्याउने उपाय वा तरिका प्रस्तुत गर्ने धरै ओटा खाकाहरु पाइन्छन्। वा, जति समय लागे पनि बाइबल पूरै पढिसिध्याउने लक्ष्य लिएर हरेक दिन बाइबल पढ्न शुरुआत गर्न सक्नुहुन्छ। तपाईंले जुन दिन जुन धर्मशास्त्र खण्ड वा अंश पढ्नुहुन्छ, मुख्यगरी, आफैलाई तीन ओटा आधारभूत प्रश्नहरु गर्नुहोस् :

  १. यस खण्डले वास्तवमा के भन्दैछ ?

  २. यस खण्डको वास्तवमा अर्थ के हो ?

  ३. यो शिक्षा मेरो जीवनमा कसरी लागू गर्न सक्छु ?

- ***जब तपाईं यो अध्ययन पूरा गर्नुहुनेछ, त्यहाँदेखि उसो प्रत्येक दिन बाइबल र प्रार्थनालाई कसरी निरन्तरता दिनुहुन्छ ? यहाँ आफ्ना योजनाहरु लेख्नुहोस् ।***

..............................................................................................................

..............................................................................................................

## दिन-२ः ख्रीष्टको देहमा विश्वासयोग्य बन्न म प्रतिवद्ध छु

***दैनिक प्रार्थनाको लक्ष्यः***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- मेरो आफ्नो स्थानीय मडलीप्रतिको मेरो प्रतिवद्धतालाई इमान्दारीपूर्वक मूल्याङ्कन गर्न सकूँ र त्यस सम्बन्धलाई अझै मजबुत बनाउन आवश्यक कदमहरु चाल्न सकूँ भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

मण्डली, अर्थात खीष्टको देहमा अभिन्न अङ्ग हुनुचाहिँ हाम्रो शक्ति, सुरक्षा र आत्म–भरोसाको एउटा ठूलो मुहान हो। "व्यक्तिवादी चिन्तन" लाई अति महत्त्व दिने समाजदेखि आएका मानिसहरुलाई यो अवधारणा बुझ्न निकै गाह्रो हुन्छ। तर, स्थानीय मण्डलप्रतिको इमान्दारिताचाहिँ जीवनकै अति महत्त्वपूर्ण कर्तव्यहरुमध्ये एउटा कर्तव्य हो। वास्तवमा, यो बाइबलसम्मत तथ्य हो।

- ***हिब्रू १०ः १९–२५ पढनुहोस्***। हिब्रू १०:२५ मा अन्य विश्वासीहरुसँग सङ्गति गर्न एक ठाउँमा भेला हुन नछाड्ने कुरा कति महत्त्वपूर्ण रहेछ भनेर तपाईंले पाठ नौमा अध्ययन गरिसक्नुभएको छ। यस सन्दर्भमा हेर्दाखेरि, परमेश्वरको नजीक जाने दृढ भरोसा तथा निश्चयता अनि एकअर्कालाई हौसला दिनको निम्ति विश्वासीहरुको आवश्यकतालाई विचार गर्नुहोस्।
- ***तपाईंले यो अध्ययन शुरु गर्नुभएको समयदेखियता अरुहरुलाई प्रेम गर्न र असल कार्य गर्न तपाईंलाई हौसला दिने कोही व्यक्तिको उदाहरण दिनुहोस् ।***

  ..............................................................................................................

  ..............................................................................................................

- ***तपाईंले आफ्नो विश्वासी झुण्डमा कुनै अर्को विश्वासीलाई अरुहरुलाई प्रेम गर्न र असल कार्य गर्न कसरी हौसला दिनुभएको छ सो बारे उदाहरण पेश गर्नुहोस् ।***

  ..............................................................................................................

  ..............................................................................................................

- ***एफिसी २ः १९–२२ पढनुहोस् । यी पदहरुमा सिकाइएअनुसार, बृद्धिचाहिँ व्यक्तिगत रुपमा हुनुपर्छ कि अरु विश्वासीहरुसँगै सामूहिक रुपमा हुनुपर्छ सो व्याख्या गर्नुहोस् ।***

  ..............................................................................................................

  ..............................................................................................................

- ***एफिसी४ः ११–१६ पढनुहोस् । फेरि, यहाँ उल्लेख गरिएको आत्मिक बृद्धिचाहिँ व्यक्तिगत रुपमा हुनुपर्छ कि सामूहिक रुपमा हुनुपर्दछ ?***

  ..............................................................................................................

  ..............................................................................................................

वास्तवमा, अरु विश्वासीहरुसित भेला हुनुले मात्रै आत्मिक बृद्धिलाई सुनिश्चित गर्दैन। झुण्डमा भएका हरेक

व्यक्ति आ–आफ्नै विश्वास र परमेश्वरको वचनको सत्यताको पालनाप्रति जबाफदेही हुनुपर्दछ। यद्यपि, तपाईंले मण्डली अर्थात खीष्टको देहको अभिन्न अङ्गको रुपमा आफ्नो आत्मिक बृद्धिको अनुभव गर्नु खाँचो छ भनी यी खण्डहरुमा जोड दिइएको छ।

- ***१ कोरिन्थी १ः १०, फिलिप्पी १ः २७ र कलस्सी २ः२ र १९ पढ्नुहोस् ।*** यी सबै खण्डहरुमा विश्वासीहरु एकसाथ र एकतावद्ध हुनुपर्ने कुरामा जोड दिइएको देख्नुहुन्छ।
- ***तपाईंले यो अध्ययन शुरुआत गर्नुभएको समयदेखियता आफ्नो स्थानीय मण्डलीका सेवाहरुमा उपस्थित हुने तपाईंको विश्वासयोग्यता बृद्धि भएको छ कि घटेको छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***के तपाईंले मडलीका सङ्गतिहरुमा उपस्थित खुब प्राथमिकता दिनुपर्ला ? कारणसहित जबाफ दिनुहोस् ।***

  ..........................................................................................................

  ..........................................................................................................

- ***तपाईंले ख्रीष्टको देहमा आफ्नो निरन्तर बृद्धिलाई सुनिश्चित गर्न के के कदमहरु चाल्नुपर्ला ? किटान गर्नुहोस् ।***

  ..........................................................................................................

  ..........................................................................................................

- ***तपाईंले यो अध्ययन शुरु गर्नुभएको समयदेखियता आफ्नो स्थानीय मण्डलीको सेवकाइ वा सेवा कार्यमा तपाईंको सहभागिता बृद्धि भएको छ कि घटेको छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***खासमा, तपाईं आफ्नो मण्डलीद्वारा सेवा कार्य वा सेवकाइ गर्न के के गर्नुहुन्छ ?***

  ..........................................................................................................

  ..........................................................................................................

- ***के तपाईंले आफ्नो स्थानीय मण्डलीको सेवा तथा सेवकाइमा बढी जोड दिनुपर्छ ? यदि त्यसो हो भने, के तपाईं गर्नु हुन्छ त ?*** आफूलाई रुचि लागेको क्षेत्रबाट सेवकाइ शुरुआत गर्नुहोस्। मण्डलीमा सेवकाइका अवसरहरु के के छन् भनेर तपाईंलाई थाहा नभएमा, सेवा गर्ने अवसरहरु के के छन् भनेर सोधखोज गर्नुहोस्।

  ..........................................................................................................

  ..........................................................................................................

परमेश्वरले तपाईंलाई जीवनलाई बुझ्न **तीन ओटा सुन्दर श्रोतहरु** दिनुभएको छ। ती हुनः **पवित्र बाइबल,**

**पवित्र आत्मा** र **स्थानीय मण्डली**। आफ्नो स्थानीय मण्डलीप्रतिको तपाईंको प्रतिवद्धता वा वफादारिताचाहिँ परमेश्वरले तपाईंको जीवनको निम्ति राखिदिनुभएको सार्थकता पत्ता लगाउनको निम्ति अत्यन्तै महत्त्वपूर्ण हुन्छ।

## दिन-३: मेरो जीवनको पापलाई तुरुन्तै सम्बोधन गर्न म प्रतिवद्ध छु

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- सम्बोधन गरिहाल्नुपर्ने तपाईंको जीवनमा कुनै पाप छ भने देखाइमाग्न र बाइबलीय आधारमा त्यसलाई सम्बोधन गर्न सहायता गर्नुहोस् भनी परमेश्वरसित बिन्ती गर्नुहोस्।

तपाईंले आफ्नो मुक्तिको आनन्द सधैंलाई गुमाउनु पर्ने कुनै कारण हुँदैन। परमेश्वरले तपाईंको जीवनको निम्ति सबै कुरा दिनुभएको छ। जीवनका सारा चुनौतीहरुलाई सफलतापूर्वक समाधान गर्न तपाईंलाई सक्षम तुल्याउने हेतुले परमेश्वरले तपाईंलाई आवश्यक पर्ने सबै थोक दिनुभएको छ। तपाईंले आफ्नो जीवनलाई नियन्त्रण गर्न पापलाई मौका दिनुभएमा तपाईंको जीवनमा परमेश्वरका यी सबै उद्देश्यहरु पूरा हुनदेखि तपाईंले परमेश्वरलाई बञ्चित गर्नुभएको हुन्छ। पापलाई त्याग्न सकिन्छ !

- ***भजनसङ्ग्रह ५१: १-१९ पढनुहोस्***। दाउदले बेथसेवासित गरेका व्यभिचारको पाप र त्यसको फलस्वरुप गर्भधारणलाई ढाकछोप गर्न उनको श्रीमानलाई मार्न दिइएको आदेशको कारण उनी परमेश्वरको सामु तोडिएका बेला यो भजनसङ्ग्रह लेखेका थिए। दाउद जसरी व्यभिचार र हत्याको दोषी थिए, तपाईं पनि जुनसुकै पापको त्यतिकै दोषी हुनुहुन्छ।
- स्मरण रहोस्, दाउदलाई आफूले गरेका पापहरु (भजनसङ्ग्रहः ५१: १-३) र आफू पापैमा जन्मेको र त्यसले आफूलाई पाप गर्न उक्साएको कुरा बीच अन्तरसम्बन्ध छ भनी बुझेका थिए (भजनसङ्ग्रहः ५१: ५)।
- ***भजनसङ्ग्रह ५१: ६ र १६-१७ को आधारमा, हामीले पाप गरेछौं भनी हामीलाई बोध भएको बेला परमेश्वरले हामीदेखि के चाहनुहुन्छ ?.***

  ..........................................................................................................

  ..........................................................................................................

- ***गलाती ६: ६-९ पढनुहोस् ।*** येशूले तपाईंको पाप प्रकृति (अनन्त मृत्यु) को सजाय तपाईंको साटोमा भोगिसक्नुभयो। तापनि, तपाईंले जुनै समयमा व्यक्तिगत पाप गर्न सक्नुहुन्छ, र तपाईंले त्यसका परिणामहरु पनि भोग्नुपर्दछ। दाउदले परमेश्वरबाट दया र क्षमादान प्राप्त गरे, तापनि उनले बेथशेवा र उनको श्रीमानको विरुद्ध गरेका पापहरु भने भोग्नै पर्‍यो। कतिपय पापका परिणामहरु त उनले जीवनभरि नै भोग्नुपर्‍यो। तपाईंले आफ्नो वरिपरि देख्नुभएका परिणामहरु र बाइबलमा शुरुदेखि अन्तसम्म सञ्चार गरिएको कुरा हेर्दा **छर्नु र कटनी गर्नुको** सिद्धान्त बडो महत्त्वपूर्ण छ। येशू प्रभुले पापको ज्याला पूर्ण रुपमा तिरिसक्नुभए

पनि पापले गम्भीर व्यावहारिक परिणामहरु ***निम्त्याउँदछ*** ।

- ***यूहन्ना १६: ८ पढनुहोस्।*** तपाईंले पापलाई ठीकसित सम्बोधन नगर्नुभएको खण्डमा तपाईंको दोष देखाउने कार्यचाहिँ पवित्र आत्माका प्रमुख कार्यहरुमध्ये एउटा कार्य हो। प्रत्येक दिन पवित्र आत्मामा समर्पित भई हिँडन सिक्नुले पापलाई तुरुन्तै सम्बोधन गरिहाल्न र त्यसका परिणामहरुलाई थुप्रन नदिन साथै परमेश्वर तथा अरुहरुसितको सम्बन्धमा समस्या उत्पन्न गर्न नदिन तपाईंलाई संवेदनशील तुल्याउँदछ।
- ***के तपाईंले कोही व्यक्ति विरुद्द कुनै रीस, राग, तीतोपन राखिरहनुभएको छ ? अथवा, के तपाईंले कसैलाई मन दुखाउनुभए पनि त्यसलाई सल्टाउनुभएको छैन ? यदि यी दुवै प्रश्नहरुको जबाफचाहिँ "अँ" आयो भने, तपाईंले बाइबलीय आधारमा के गर्नुपर्छ सो उल्लेख गर्नुहोस् ।*** (यदि तपाईं कसरी जबाफ दिने भनेर अलमल हुनुहुन्छ भने, पाठ १३ पुनः एक पटक हेर्नुहोस्।)

..............................................................................................................................

..............................................................................................................................

मेरो नयाँ जीवनमा ख्रीष्टमा सुरक्षित छ र मेरो जीवन उहाँको मृत्यु, दफन र पुनरुत्थानमा निर्भर छ भनी तपाईंले सिक्नुभएको छ। अब तपाईं कसरी जिउनुहुन्छ, त्यसकोचाहिँ महत्त्व हुन्छ। दुःखको कुरा, कतिपय ख्रीष्टका चेलाहरुलाई पापमै रहन सहज लागिरहको हुन्छ र उनीहरुले परमेश्वरसितको घनिष्ठता गुमाएका हुन्छन्। कोही ख्रीष्टका चेलाहरु पापसगं सजिलै रहन सक्छन् अनि परमेश्वरसगंको नजदीकिपनको संगतिबाट अलग हुन्छन्। हामी सबै जना पापसँग लड्दछौं। तर, पापलाई तुरुन्तै बाइबलीय आधारमा समाधान गरिहाल्नको निम्ति प्रार्थनासहित पाइला चाल्नुहोस्, ताकि तपाईंको जीवन परमेश्वरले चाहनुभएजस्तै बनोस्।

## दिन-४: अनन्त मूल्यका थोकहरूमा लगानी गर्न प्रतिवद्ध छु

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- अनन्त मूल्यका थोकहरुमा मेरो जीवन कतिको केन्द्रित छ सो बारे इमान्दारीपूर्वक मूल्याङ्कन गर्न मलाई सहास दिनुहोस् भनी परमेश्वरसित प्रार्थना गर्नुहोस्।

परमेश्वरले हामी हरेकलाई यस पृथ्वीमा आफ्नो उद्देश्यको निम्ति उद्देश्यसहित राख्नुहुन्छ। अन्तमा, परमेश्वरको उपस्थितिमा उभिँदाखेरि तपाईंले अनन्त थोकहरुमा गर्नुभएका लगानीहरुद्वारा तपाईंको सार्थकता देखिनेछ। अनन्त थोकहरुमा लगानी गर्ने लक्ष्यको अभावले तपाईंको जीवनलाई बुद्धिमतापूर्वक लगानी गर्ने मौकाहरुलाई गुमाइदिन सक्छ। तर, अनन्तका थोकहरुमा लगानी गर्ने लक्ष्यले अनन्त सार्थकता प्रदान गर्नेछ।

- ***कलस्सी ३: १-४ पढनुहोस्।*** यो खण्डचाहिँ अनन्त मूल्यका थोकहरुमा दृष्टि लगाउन गरिएको आह्वान हो।
- ***साप्ताहिक रुपमा तपाईं क्रियाशील हुने वा लागिपर्ने महत्त्वपूर्ण तीन वा चार ओटा गतिविधिहरुको***

*सूची तयार पार्नुहोस् ।*

........................................................................................................................

........................................................................................................................

- ***०१ देखि १० सम्मको स्केलअनुसार, १० लाई सबैभन्दा उच्च अङ्क मानेर अनन्त मूल्यको सन्दर्भमा ती नियमित गतिविधिहरुलाई अङ्कद्वारा मापन गर्नुहोस् ।***

........................................................................................................................

........................................................................................................................

सम्भवतः तपाईंले अरुहरुसित अन्तरसम्बन्ध राख्ने कम्तिमा दुई ओटा गतिविधिहरुको सूची बनाउनुभयो होला। अनन्त मूल्यको स्केलमा कतिपय गतिविधिहरुलाई धेरै अङ्कद्वारा मापन नगरे पनि तपाईंले अरुहरुसित अन्तरक्रिया गर्नमा बिताउनुभएको समयले ठूलो महत्त्व राख्न सक्छ। सदासर्वदा रहिरहने दुई ओटा थोकहरु भनेका परमेश्वरको वचन र मानिसको आत्मा हुन्। जब तपाईंले जुनै क्षेत्र (काम, स्कुल, परिवार, स्वयंसेवक तथा छिमेक गतिविधिहरु) मा भए पनि मानिसहरुसँग असल मित्रता र सम्बन्ध विकास गर्न परमेश्वरमा भरोसा गर्नुहुन्छ, उनीहरुलाई परमेश्वरको वचनद्वारा कुनै न कुनै तरिकाले सेवा पुऱ्याउने मौकाको लागि परमेश्ररवरमा भरोसा राख्नुहोस्।

- ***१ कोरिन्थी ३: ५-१२ पढ्नुहोस्।*** पावलले सदासर्वदा मूल्य रहने (सुन, चाँदी, अनमोल पत्थर) सामाग्रीहरु र नाश भइहाल्ने (काठ, पराल, खर) सामाग्रीहरुको उपमा दिँदै पद १२ मा दुई किसिमका भवन निर्माण सामाग्रीहरु बीच तुलना गरेका छन्।
- ***१ कोरिन्थी ३: १३-१४ पढ्नुहोस्।*** यहाँ पावलले उल्लेख गरेका दिनचाहिँ ख्रीष्ट येशूको आगमनको दिन हो। त्यस बेला अनन्त मूल्यका थोकहरुको मात्रै महत्त्व हुनेछ। हरेक मानिसको कार्य त्यो अनन्तको हो वा नाशवान हो भनी त्यस बेला प्रकट गरिनेछ।
- ***यदि तपाईंले माथि तयार पार्नुभएको महत्त्वपूर्ण गतिविधिको सूचीमा अनन्त मूल्यका धेरै थोकहरु समावेश भएको रहनेछ भने, तपाईंले आफ्नो मण्डलीको अगुवासित मेरो जीवनमा ख्रीष्टको जग बसाल्न कसरी शुरुआत गर्न सक्छु अनि अनन्त महत्त्वका धेरैभन्दा धेरै गतिविधिहरुमा लगानी गर्न म जीवनलाई कसरी पुनःलक्षित गर्न सक्छु भनी परामर्श लिनुहोस् ।***

........................................................................................................................

........................................................................................................................

- ***१ कोरिन्थी ३: १५ पढनुहोस्।*** एक दिन तपाईंले आफ्नो जीवन कसरी लगानी गर्नुभएको छ भनी लेखा बुझाउनुपर्ने दिन आउनेछ। त्यस बेला अनन्तका मूल्यका थोकहरुले मात्रै अनन्त इनाम पाउनेछन्। तपाईं प्रभु येशू ख्रीष्टको चेला भएको कारण लेखा बुझाउनु पर्ने दिनमा तपाईंले मुक्ति र अनन्त जीवन पाउनुहुन्छ कि हुन्न भन्ने कुरासित यो विषय जोडिँदैन। यो मुद्दा त येशू प्रभुको मृत्यु, दफन र पुनरुत्थानद्वारा पूर्ण रुपमा

सल्टिसकेको छ। भईसकेको छ। त्यसकारण, यो मुद्दाचाहिँ तपाईंको जीवनले कति धेरै अनन्त सार्थकता पाउला भन्ने विषयमा मात्रै केन्द्रित छ।

एक दिन कोही–कोही विश्वासीहरु ख्रीष्टको सामु खडा हुँदाखेरि अनन्तसम्म रहने थोकहरुमा उनीहरुले आफ्नो जीवन अलिकति वा कतिपनि लगानी नगरेको दृश्य सोच्दा कति दुःख लाग्छ। नग जसले सम्पुर्ण जीवन त्यसै बिताएका छन् अनन्त सम्म हुने केही कार्यपनि गरेका हुदैंनन्। तपाईंले अनन्त मूल्यका दुई ओटा थोकहरुमा आफ्नो जीवन लगानी गर्न कहिल्यै नडराउनुहोस्। अनन्त मूल्यका दुई थोकहरु हुन् : परमेश्वरको वचन र मानिसको आत्मा।

## दिन–५ : ख्रीष्टको सामु आनन्दले खडा हुन प्रतिवद्ध छु

***दैनिक प्रार्थनाको लक्ष्य:***

- तपाईंको सत्यता बुझ्न मेरो हृदय खोलिदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस्।
- यहाँ छलफल गरिएका प्रतिवद्धताहरु बुझन् र ती प्रतिवद्धताहरुअनुसार चल्न सहास पाउन प्रार्थना गर्नुहोस्।

**असल** कार्य गर्न पाउनु र त्यसको निम्ति कदर गरिनु **जीवनका ठूला सन्तुष्टिहरुमध्ये एउटा सन्तुष्टि हो ।** आज तपाईंले धेरै हप्ताअघि शुरु गर्नुभएको अध्ययन समापन गर्दैहुनुहुन्छ। तपाईंलाई बधाई छ ! तपाईंले राम्रो गर्नुभयो ! तपाईं आफ्नो मुक्तिदाता येशू प्रभुको उपस्थितिमा उभिँदा र आफू ख्रीष्ट येशूमा विश्वासयोग्य भई अनन्त उद्देश्यको निम्ति आफ्नो जीवन लगानी गरेको थाहा पाउँदा प्राप्त हुने महान् अनुभूति त अझै बाँकी नै छ। तपाईंले सिक्नुभएका पाठहरुलाई जीवनमा लागू गरेर ख्रीष्टको सामु महान् आनन्दसाथ खडा हुनुहुनेछ !

- ***रोमी १४ः १०–१२ पढनुहोस्***। हरेक विश्वासीले परमेश्वरको सामु आ–आफ्नो जीवनको लेखा बुझाउनु पर्ने दिनको बारेमा पावलले यहाँ उल्लेख गरेका हुन्। पावलले यसलाई ***ख्रीष्टको न्याय आसन भनेका छन् ।*** यो समयचाहिँ विश्वासीहरुले आ–आफ्नो जीवनको बारेमा लेखा बुझाउनुपर्ने समय हो। तर यो न्याय आसनचाहिँ *महान् सेतो न्याय आसन* भन्दा फरक छ। यस न्याय आसनअन्तर्गत ख्रीष्टलाई विश्वास नगर्नेहरुको न्याय हुनेछ (प्रकाश २०ः ११–१५)।
- ***१ कोरिन्थी ४ः १६–१८ पढनुहोस्***। तपाईंले हिजो अध्ययन गर्नुभएको अनन्त लक्ष्यलाई यहाँ पावलले औंल्याएका छन्।
- ***२ कोरिन्थी ५ः १–१० पढनुहोस्***। अध्याय ५ मा अध्याय ४ को अनन्त दृष्किोण जारी रहेको पाइन्छ। तपाईं **ख्रीष्टको न्याय आसनअघि उभिनुहुँदा तपाईंलाई सहासिलो बन्नको निम्ति यो अर्को चुनौती हो ।**
- ***१ यूहन्ना २ः २८–२९ पढनुहोस्***। **ख्रीष्टको न्याय आसनअघि खडा हुने तपाईंको** सहास ख्रीष्टमा "रहेर" वा उहाँमा निरन्तरता रहेर प्राप्त हुँदछ।
- ***यूहन्ना १५ः १–१२ पढनुहोस् । ख्रीष्टको वचनमा "रहनु", "रहिरहनु" जस्ता शब्दहरु कति पल्ट उल्लेख***

***भएका छन्, सो पत्ता लगाउनुहोस् ।*** तपाईंले आफ्नो जीवन उहाँसितको सम्बन्धमा निर्भर भएर जिउनुहुन्छ भने, तपाईंले आफ्नो जीवन मार्ग निर्धक्कसाथ पूरा गर्नुहुनेछ र आफ्नो मुक्तिदाताको सामुन्ने उभिँदा तपाईं शर्ममा पर्नुहुने छैन।

- ***२ तिमोथी ४: ६-८ पढ्नुहोस्।*** पावललाई आफू चाँडै संसार छाड्दैछु भनी थाहा थियो, तर उनी आफ्नो जीवनको लेखा येशू प्रभुलाई बुझाउन तयार हुने क्रममा तपाईंले उनको सहास देख्न सक्नुहुन्छ। तपाईंले पनि बाइबलीय सत्यता र परमेश्वरको शक्तिमा जीवन जिएर यस्तै किसिमको सहास प्राप्त गर्न सक्नुहुन्छ।
- ***तपाईंलाई ख्रीष्टको न्याय आसनअघि आनन्द र सहाससित उभिनदेखि तपाईंलाई बञ्चित गर्ने तपाईंको जीवनमा केही कुराहरु छन् कि ? यदि छ भने, तपाईंले सिक्नुभएका सत्यतालाई प्रयोग गरी त्यस्ता समस्यालाई अहिले नै हल गरिहाल्नुहोस् ।यदि छैन भने, तपाईंले यो हप्ता अध्ययन गर्नुभएका पाँच ओटा प्रतिवद्धताहरुअनुसार जिउन सबल बनाइदिनुहोस् भनी परमेश्वरलाई बिन्ती गर्नुहोस् ।***

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

यो नै यस अध्ययनको समाप्ति हुन सक्ला, तर योचाहिँ तपाईंको जीवनको अर्को चरणको शुरुवात हो। यस बेलासम्म तपाईंले हरेक दिन **प्रार्थना र बाइबल** अध्ययनमा समय बिताउने सुन्दर बानी विकास गरिसक्नुभएको छ। तपाईं सक्रिय रुपमा असल स्थानीय मण्डलीमा क्रियाशील भइसकेको हुनुहुन्छ र अरु बिश्वासीहरुसँग पनि दिगो मित्रता विकास गरिसक्नुभएको होला। तर यदि तपाईंले सिकेका सत्यताअनुसार चल्नुभएन र जिउनुभएन भने यो अध्ययन पूरा गर्न तपाईंले गर्नुभएको प्रयत्न निरर्थक बन्नेछ। तर, यदि तपाईं येशू ख्रीष्टको अनुग्रह र उहाँको ज्ञानमा निरन्तर बढिरहन विश्वासयोग्य बन्नुहुन्छ भने, तपाईंका प्रयत्नहरुले अनन्त सार्थकता प्राप्त गर्नेछन्।

अब, तपाईं यस जगमा निरन्तर रुपमा निर्माण हुँदै जाने कि नजाने भन्ने कुराचाहिँ तपाईंमा निर्भर हुन्छ। यस अध्ययनलाई कायम राख्नुहोस्। दोहोऱ्याउनुहोस्। अरुलाई सहयोग गर्न यसको प्रयोग गर्नुहोस्। यदि तपाईंलाई बाइबल अध्ययनको दैनिक समयलाई निरन्तरता दिने ज्ञान भएन भने, सहयोग माग्नुहोस्। कहिल्यै पछि नहट्नुहोस्। अगाडि बढिरहनुहोस्, परमेश्वरको योजनाअनुसार जीवन जिउनुहोस्। परमेश्वरको मिशनमा आफ्नो स्थान पत्ता लगाउनुहोस्।

## नोटहरुः अतिरिक्त अध्ययन र छलफलका निम्ति प्रश्नहरु तथा सुझावहरु

..............................................................................................................

..............................................................................................................